# प्रेरणादायी

## महिलाहरू

प्रकाशक

**मोतीदेवी स्मृति केन्द्र**

**काठमाडौँ**

**सम्पादक मण्डल**
ममता गिरी
लक्ष्मी बस्नेत
अमिका राजथला

**भाषा सम्पादन**
रूपक अलङ्कार

**कृति** : प्रेरणादायी महिलाहरू

**अङ्क** : सातौँ

**प्रथम संस्करण** : वि.सं. २०७९ फागुन

**छापिएको प्रति** : दुई हजार

**सर्वाधिकार** © : प्रकाशकमा

**कभर डिजाइन/लेआउट** : एमएस माउस, बागबजार

**मूल्य** : रु. २५०/-

**प्रकाशक** : मोतीदेवी स्मृति केन्द्र, काठमाडौं

**इमेल** : motidevi2054@gmail.com

# सबै क्षेत्रमा महिला नेतृत्व अपरिहार्य

प्रेरणादायी महिला पुस्तक महिलाहरूका लागि मात्र नभै परिवर्तनको पक्षमा लाग्ने सबैको पठनीय पुस्तक भएको छ। प्रेरणादायी महिलाहरू पुस्तक छैठौँ अङ्कसम्म आइपुग्दा ७९ जना विविध क्षेत्रका सङ्घर्षशील महिलाहरूको जीवनी उजागर भइसकेका छन्। यसपाली अन्तराष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा सातौं अङ्क पुस्तक लोकार्पण हुँदैछ।

प्रेरणादायी महिलाहरू छैठौँ अङ्कसम्मको समीक्षात्मक अन्तरक्रिया गरिरहँदा महत्त्वपूर्ण सुझावहरू प्राप्त भएका छन्। ती सुझावहरूबाट आगामी दिनमा पुस्तकलाई अझै व्यवस्थित र सुधार गर्न सहयोग पुगेको छ। हामीले हिजो त्याग र बलिदानको राजनीति गरेर आज सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका छौँ। नेपाल र नेपालीको हितमा संविधान कोरेका छौँ। समाजवाद सबैको साझा लक्ष्य बनाएका छौँ। संयुक्त जन आन्दोलन वा शान्तिपूर्ण जनक्रन्तिमार्फत राजनैतिक व्यवस्थामा परिवर्तन भएको छ। हामी नागरिक यतिबेला यो देशका सार्वभौम र अधिकार सम्पन्न सम्मानित नागरिक भएका छौँ। विगतको बलिदानबाट आज गौरवपूर्ण इतिहास स्थापित भएको छ। यही इतिहासले हामीलाई देश निर्माणमा अगाडि बढ्न प्रेरणा दिइरहेको छ हाम्रो साझा लक्ष्य पूरा गर्न लोकतन्त्रका लागि लडेका सबै राजनैतिक दलहरू बिच विश्वास र एकता आजको आवश्यकता हो।

महिलाहरूको कुरा गर्ने हो भने बलिदानीपूर्ण विगत र गौरवपूर्ण वर्तमान कायम गर्न नेपाली महिलाहरूको भूमिका, नेतृत्व, योगदान र त्यागलाई

उच्च मुल्याङ्कन गर्नैपर्छ । राणा शासन विरुद्ध सामाजिक सुधार र न्यायका लागि जलसमाधि लिनुभएकी योगमायाको त्यागलाई भुल्न सकिँदैन र भुल्न हुँदैन । राणाशासनको अन्त्य लोकतन्त्र प्राप्तिको लागि मोतीदेवी श्रेष्ठ, साधना अधिकारी, सहाना प्रधान, मङ्गलादेवी सिंह, स्नेहलता श्रेष्ठ, कनकलता बज्राचार्य, नानीमैँया नकर्मी जस्ता दर्जनौँ अग्रज महिला योद्धाहरूले गर्नुभएको योगदानलाई हामी कसरी मुल्याङ्कन गर्छौं ? उहाँहरूको त्याग र भूमिका केही होइन भन्न सक्दैनौँ र भन्नु हुँदैन पनि ।

दोश्रो पुस्ताका रूपमा निरङ्कुश पञ्चायती व्यवस्था विरुद्ध लोकतन्त्र प्राप्तिका लागि भूमिगत राजनीति र सङ्गठन निर्माणमा सकृयतापूर्वक त्याग र बलिदानीका साथ लागेका हजारौँ महिलाहरू मात्र होइन अर्धभूमिगत रूपमा राजनीति र सङ्गठन निर्माणमा ठुलो सङ्ख्यामा महिलाहरू सकृयतापूर्वक लागेका थिए । यही कारण २०४६ सालको संयुक्त जनआन्दोलनले सफलता प्राप्त गऱ्यो । अग्रज महिलाहरूको सङ्घर्षपूर्ण जीवनीले आज धेरै महिलाहरूलाई प्रेरणा मात्र दिएको छैन, निरन्तर राजनीति, सङ्गठन र आन्दोलनमा लाग्न आँट, साहस र हौसला दिएको छ । आज महिलाहरू घरपरिवार, समाज संस्कृति परम्परालाई व्यवस्थापन गर्दै राजनीतिमा लागिरहनु कम चुनौतिपूर्ण काम होइन ।

२०६२/०६३ सालको शान्तिपूर्ण जनक्रान्तिसम्म आउँदा महिलाहरूको उत्साह र सकृयता झन् बढ्दै गएको छ र महिलाहरू जस्तोसुकै त्याग गरेर आन्दोलनको अग्रपङ्क्तिमा रहन तयार भएका थिए । महिलाहरूको पनि त्याग र बलिदानको राजनीतिले नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । जसलाई मुलुकको ठुलो उपलब्धिका रूपमा लिनुपर्छ ।

आज राजनैतिक दल र शीर्ष नेताहरूबाट महिलाहरूले गरेको योगदानलाई शब्दमा प्रशंसा मात्र होइन, उच्च मूल्याङ्कन गरी विश्वास गर्नुपर्छ । त्यही विश्वासलाई आधार मानेर पार्टी नेतृत्वले महिलालाई महत्त्वपूर्ण

जिम्मेवारी दिनुपर्छ। आज हामी समृद्ध नेपाल, सुखी र खुसी नेपाली बनाउने साझा लक्ष्य बोकेर अघि बढिरहेका छौँ। यस महान् लक्ष्यमा पुग्न महिलाहरू पनि जिम्मेवारीका साथ अगाडि बढ्नुपर्छ। महिलापुरुष समान हुन्, महिलाहरूले पनि यस मुलुकमा समृद्धि र विकासका लागि सक्षमतापूर्वक नेतृत्व गर्न सक्छन् भनेर विश्वास गरौँ। महिलाले गर्न सक्छन् भन्ने विश्वासको सुरुवात हरेक घरबाट पनि सुरु हुनुपर्छ।

प्रेरणादायी महिलाहरू पुस्तक सातौँ अङ्क तयार पार्न अथक रूपमा मिहिनेत गर्ने प्रकाशन विभागका कमरेड ममता गिरी तथा लक्ष्मी बस्नेत र अमिका राजथलालाई धेरै धेरै धन्यवाद। साथै कलम चलाएर महिलाहरूको जीवनको विविध पक्षलाई उजागर गर्न मेहनत गर्नुभएका सबै लेखकहरूलाई पनि धेरै धेरै बधाई तथा धन्यवाद। पुस्तक प्रकाशनका सन्दर्भमा भाषा सम्पादन गरी सहयोग पुऱ्याउने कवि रूपक अलङ्कारलाई विशेष धन्यवाद छ। यो पुस्तक प्रकाशनमा सहयोग गर्ने संस्थाका सचिव केशव प्रसाद पोखरेल, उपसचिव शङ्कर महर्जन, कोषाध्यक्ष दीपक महर्जन कार्यसमितिका सदस्यहरू देवकी श्रेष्ठ, दिव्यतारा तुलाधर, शुष्मा राजभण्डारी, सदस्य विश्वास बोहरा र ठुलोबाबु तामाङलाई पनि धन्यवाद। पुस्तक डिजाइन लगायत अन्य कामहरूमा सहयोग गर्ने एम हाउसका महेन्द्र श्रेष्ठ र किरण मालीलाई पनि विशेष धन्यवाद।

अन्तमा, ११३औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर यस दिवसको गौरवपूर्ण इतिहासबाट प्रेरित बनौँ, सबै श्रमिक महिलाहरूलाई सम्मान गरौँ। सबैलाई शुभकामना !

१९ फागुन २०७९

**अष्टलक्ष्मी शाक्य**
अध्यक्ष
मोतिदेवी स्मृति केन्द्र
काठमाडौं

# विषयसूची


सबै क्षेत्रमा महिला नेतृत्व अपरिहार्य iii

'प्रेरणादायी महिलाहरू' छ अङ्कको समीक्षा १
*– बिन्दा पाण्डे (पीएचडी)*

- किसान आन्दोलनकी योद्धा लहनी चौधरी ११
  *– डा. जानुका न्यौपाने*
- ऐतिहासिक व्यक्तित्व मेलवादेवी (सुलभा) को बारेमा अध्ययन जरुरी १९
  *– शान्ता कुमारी बस्याल*
- भद्रकुमारीको बहुआयामिक व्यक्तित्व २७
  *– प्रमिला विडारी सापकोटा*
- सबैकी आदरणीय गुरुमां, धम्मावति गुरुमां ३३
  *– अमिका राजथला*
- कलाकारितामा अविराम यात्री उर्मिला ४७
  *– अमिका राजथला*
- दमदार आवाजकी अथक रेडियोकर्मी: कृष्णा ताम्राकार ५५
  *– योगमाया सापकोटा*
- समाजसेवामा समर्पित साबित्री थापा ६३
  *– समीक्षा गाहा*
- चुमकला हेक्साब्लेड बोकेर कारागार ७७
  *– सविता शर्मा*
- लैङ्गिकमैत्री समाजकी परिकल्पनाकार: प्रा.डा. चन्द्रा भद्रा ८५
  *– जमुना वर्षा शर्मा*
- शिक्षामा समर्पित नीरकेशरी ९५
  *– देवकी श्रेष्ठ बान्तवा*
- सुडेनीदेखि सांसदसम्मको यात्रामा पलटीदेवी महरा १०७
  *– लक्ष्मी चौधरी*

- कम्युनिस्ट राजनीति गर्दा टाउकोको मोल तोकिएकी सुशीला ११७
  *– अमृता घिमिरे*
- झापा आन्दोलनकी क्रान्तिकारी योद्धाः निलम केसी १३३
  *– ममता गिरी*
- प्रत्येक युगले आफ्नो हिसाबकिताब गर्छ : गौरा प्रसाईं १४५
  *– उषाकिरण तिम्सेना*
- सीप र कलाले धनी मानिस कहिल्यै गरिब हुँदैन १५७
  *– दीपा नेपाली*
- कलाकार तथा उद्यमशिलताको पर्याय निलम १७३
  *– गीता चिमोरिया*
- पर्वतारोही ल्हाक्पा फुटी शेर्पा १८३
  *– माया भण्डारी*
- गुमनाम तर सङ्घर्षशील मसली अर्थात् मीरा थामी १९३
  *– रञ्जना श्रेष्ठ*
- चुनौती चिर्दै, अघि बढ्दै : डा. राधा वाग्ले २०७
  *– शोभा मानन्धर*
- जीवन फूल र काँडा दुबै हो– हिम्मत हार्नुहुँदैनः रेविका २२३
  *– पूजा ढकाल*
- आँखाले हैन, चेतनाले संसार देख्ने नीरा २३१
  *– निर्मला धिताल*
- उर्मिला प्रजा : भोकमरीमा हुर्केर समुदायको अगुवा २४३
  *– शुभलक्ष्मी विक*
- आदिम अल्ट्रा धावकको बाटोमा सुनमाया २५३
  *– भक्तकुमारी लामा*

# ‘प्रेरणादायी महिलाहरू’ छ अङ्कको समीक्षा



- बिन्दा पाण्डे (पीएचडी)

मोतीदेवी स्मृति केन्द्र आफैँमा एउटा प्रेरणादायी संस्था हो । नेपालको राजनीतिक परिवर्तनमा महिलाहरूले शुरूदेखि भूमिका निर्वाह गर्दै आएका छन्, तर इतिहासमा गर्वका साथ सहज रूपमा त्यसलाई स्वीकार गर्न सकेको देखिँदैन । यसको एउटा प्रमाणका रूपमा मोतीदेवी श्रेष्ठलाई लिन सकिन्छ । जो नेपाल कम्युनिस्ट पार्टीको पाँचजना संस्थापक सदस्यमध्ये एक हुनुहुन्छ । तर विभाजित वामपन्थी दलहरू मध्ये कतिपयले अझै पनि मोतीदेवीलाई सहजताका साथ संस्थापकको रूपमा स्वीकार गरेको पाईंदैन । यो सङ्कीर्णतालाई चुनौती दिँदै मोतीदेवीको नाममा स्थापित स्मृति केन्द्रले नेपाली समाजको विविध क्षेत्रमा महिलाहरूले अग्रणी भूमिका निर्वाह गरेर पनि अदृश्य अवस्थामा रहेका योगदान र व्यक्तित्वलाई ‘प्रेरणादायी महिलाहरू’ मार्फत दस्तावेजीकरण गर्ने काम गर्दै आएको छ ।

यो काम आम महिलाका लागि मात्र हैन, नेपाली समाज र त्यो समाजमा सीमान्तकृत गरिएका व्यक्ति तथा समुदायका लागि अनुकरणीय छ । यसको लागि मोतीदेवी स्मृति केन्द्र बधाईको पात्र छ । यद्यपि दुनियाँमा कुनै पनि कुरा पूर्ण हुँदैन भने झैँ यसमा पनि सुधारका प्रसस्त ठाउँहरू

छन् भन्ने कुरालाई सहर्ष स्वीकार गरेर अगाडि बढ्न जरुरी छ। मोतीदेवी स्मृति केन्द्रले २०६२ सालदेखि 'प्रेरणादायी महिलाहरू' को प्रकाशन शुरू गऱ्यो। अहिलेसम्म छ वटा अङ्कहरू प्रकाशित भएका छन्। पहिलो अङ्क अलि भिन्न रह्यो। दोस्रोदेखि छैठौँ अङ्कसम्म आउँदा राजनीति मात्र हैन, विविध क्षेत्रबाट समाज परिवर्तनको पक्षमा अग्रणी भूमिकामा रहेका महिलाहरूको परिचयात्मक जीवनी समेट्ने प्रयत्न गर्दै आएको छ।

राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनापछि समाजका चुनौतीपूर्ण भनिएका हरेक क्षेत्रमा प्रवेश गर्दै मौका पाउँदा भुमिका निर्वाह गर्न महिलाहरू सक्षम छन् भन्ने प्रमाणित गर्दै आएका छन्। तिनै कुराहरूलाई यी पुस्तकहरूमा लिपिबद्ध गरिएका छन्। यसर्थ पनि यो महिला आन्दोलनको इतिहासको दस्तावेजीकरणमा पूरक योगदानका रूपमा रहने छ। इतिहासलाई जान्न र इतिहासबाट सिक्न चाहने भावी पुस्ताका लागि यो अमूल्य उपहार हुनेछ। विविध क्षेत्रमा महिलाको योगदानको बारेमा खोजकर्ता र सोधकर्ताका लागि यी पुस्तकहरूले पर्याप्त सुचना दिन नसके पनि आधार स्तम्भका रूपमा काम गर्नेछ।

२०६२ सालमा पहिलो अङ्क प्रकाशित भएपछि लामो समय यसले निरन्तरता पाउन सकेन। २०६९ सालमा मात्र दोस्रो अङ्क निस्किन सक्यो। त्यसपछि भने पाँचौ अङ्कसम्म द्विवार्षिक रूपमा प्रकाशित हुँदै गयो। त्यसको लगत्तै २०७६ मा छैठौँ अङ्क प्रकाशित भयो। त्यसपछि भने यसले फेरि थकाइ मारेको पाइन्छ। सातौँ अङ्क २०७९ सालमा प्रकाशन हुँदैछ। अपेक्षा गरौँ आगामी दिनमा व्यवस्थित रूपमा आवधिक र नियमित प्रकाशनको रूपमा आउनेछ।

**पुस्तकमा समेटिएका ७३ जना**

अहिलेसम्म निस्किएका दोस्रोदेखि छैठौँसम्मका पाँचवटा अङ्कमा प्रकाशित ७६ वटा सामग्रीमा ७३ जना महिलाको परिचयात्मक जीवनी समेटिएका छन्। दोस्रो र तेस्रो अङ्कमा तीनजनाको सामग्री दोहोरिएका छन्। यसरी

हेर्दा राणा शासनको अन्त्य र बहुदलीय व्यवस्था प्राप्तिपछि विभेदरहित समाज र लैङ्गिक समानताको अभियान संचालनको सात दशकको इतिहासको हरेक एक वर्षको प्रतीकका रूपमा एकजना महिलाको जीवनी समेटिएको छ भन्दा पनि फरक नपर्ने रहेछ । यति सामग्री तयार गर्ने सन्दर्भमा ४९ जना लेखकले कलम चलाएका छन् । जसमध्ये नौ जना मात्र कलमको खेती गर्ने अर्थात् सञ्चार क्षेत्रमा रहेका पत्रकारहरू रहेका छन् । बाँकी अधिकांश लेखकको कुनै न कुनै रूपमा राजनीति दलमा संलग्नता देखिन्छ ।

नेपाली लेखन क्षेत्रको इतिहासमा यसलाई अर्को सुखद पक्षका यसकारण पनि मान्न सकिन्छ कि यी लेखन कार्यमा लाग्ने सबैको जीवन आफैँमा एउटा सिङ्गो पुस्तक बन्न सक्छ । भोलिका दिनमा उहाँहरू विभिन्न क्षेत्रमा स्थापित व्यक्तित्वका रूपमा आफ्ना काम र अनुभवलाई आफैँले दस्तावेजीकरण गर्न सक्नुभयो भने पनि समाज रूपान्तरणको क्षेत्रमा राजनीतिक रूपमा जग बसालिएको सामाजिक जीवनबाट समाजको अन्य क्षेत्रसम्म फैलिएर महिलाहरूले कसरी योगदान गरे भन्ने इतिहासको लिपिवद्ध दस्तावेज हुनेछ । त्यसले राजनीतिप्रतिको मानिसको सोच र चेतलाई थप सकारात्मक र फराकिलो बनाउन सहयोग पुग्नेछ ।।

पाँचवटा अङ्कहरूमा समावेश परिचयात्मक आलेखलाई विषयगत रूपमा हेर्दा एकतिहाई व्यक्तित्व राजनीतिक आन्दोलनसँग सम्बद्ध रहेका छन् भने झण्डै अर्को एकतिहाइ नागरिक अभियन्ता छन् । समाजमा विद्यमान अरू विधाहरू जस्तो खेल, उद्यम, न्याय, सुरक्षा, सञ्चार, प्राध्यापन, प्रशासन लगायत क्षेत्रबाट बाँकी व्यक्तित्वहरू समेटिएका छन् । भौगोलिक आधारमा हेर्दा भने अलि असन्तुलित देखिन्छ । ७३ जनामध्ये ३३ जना पात्र शहर अर्थात् काठमाडौँ उपत्यकाको सेरोफेरोबाट चयन गरिएका छन् । बाँकी पात्रहरू मध्ये क्रमशः पहाडबाट २५, तराइबाट १३ र हिमाली क्षेत्रबाट २ जना समेटिएका छन् । केन्द्रीकृत राज्य प्रणालीका समयमा दुर ठानिएका सुदूरपश्चिम प्रदेशबाट पाँच जनाको जीवनी समावेश भएका छन् ।

भौगोलिक आधारमा पात्र चयनको यो अवस्था सुरुको अवधिमा स्वभाविक मान्न सकिएला । तर नेपाल जस्तो मुलुकमा समाज रूपान्तरणकर्ता अर्थात् चेन्ज एजेन्टहरू ग्रामीण क्षेत्रमा पनि त्यत्तिकै साहसिक रूपमा क्रियाशिल रहेका थिए र छन् । त्यसको उदाहरणका रूपमा पुस्तकमै समेटिएका रामरती राम, गंगु खडायत, पेमा शेर्पा अर्थात् पेमा सिस्टर जस्ता पात्रको सङ्घर्ष र कामलाई लिन सकिन्छ । उहाँहरू जस्ता व्यक्तिहरूको योगदान र कामको प्रभावलाई मूलधारमा स्थापित गर्ने कुरामा थप ध्यान दिन सक्दा पुस्तकको सान्दर्भिकता थपिनेछ । पछाडि परेको/पारिएको कर्णाली क्षेत्रबाट कुनै पनि पात्र पुस्तकमा समेटिन सकेको छैन । गमता विक, विशु नेपाली, सुनमाया बुढा जस्ता अनगिन्ती पात्रहरू कर्णालीको रूपान्तरणको अभियन्ता र साहसको प्रतीकका रूपमा रहँदै आएका छन् । ती तमाम पात्रहरूको साहस र आँटले भन्ने छ, इच्छा शक्तिका सामू सबै किसिमका बाधा र अवरोधहरू फुच्चे साबित हुनेछन् । यस्ता पात्रहरूको खोजीले पुस्तकको सान्दर्भिकता र महत्त्व पनि अवश्य बढ्नेछ ।

समाज परिवर्तनमा राजनीतिक र सामाजिक पक्षमा महिला सहभागिताको ऐतिहासिक डोब खन्नेहरू योगमाया न्यौपाने, चन्द्रकान्ता मल्ल, रेवन्त कुमारी आचार्य, मङ्गलादेवी सिंह, स्नेहलता गुरूवाचार्य ओन श्रेष्ठ, कनकलता बज्राचार्य, कामाक्षादेवी बस्नेत (राणा), सहाना प्रधान, साधना प्रधान, मोतीदेवी श्रेष्ठ, डाँटी शेर्पा, नानीमैयाँ नकर्मी, शान्ता श्रेष्ठ जस्ता राणाशासन विरूद्ध विभिन्न मोर्चामा रहेर भूमिका निर्वाह गरेका महिलाहरूको जीवनीले नयाँ पुस्तालाई यहाँसम्म कसरी आइपुगिएको रहेछ भन्ने छनक दिनसक्छ ।

बहुदल कालमा द्वारिकादेवी ठकुरानीको कुरा गरौं वा पञ्चायत विरूद्ध शैलेजा आचार्य लगायतले गरेको आन्दोलन कम जोखिमपूर्ण थिएन । पञ्चायतकालमा राजनीतिक दलको निर्माण, विकास र विस्तारको क्रममा विभिन्न पेशामा रहेर पनि राजनीतिक कर्ता, आश्रयदाता, सम्पर्क सुत्र जस्ता भूमिका निर्वाह गर्ने लीला कोइराला, कविता पौडेल, गोमा देवकोटा,

कमला अमात्य, पद्मा मानन्धर, लीला श्रेष्ठ सुब्बा, मीना पाण्डे लगायतको जीवनीले फरक पेशा र क्षेत्रमा रहेर पनि महिलाहरू राजनीतिक जोखिमको प्रवाह नगरी राजनीतिक प्रणाली परिवर्तनमा कसरी लागे भन्ने झलक पाइन्छ । जुन इतिहासको लागि असाध्यै महत्त्वपूर्ण छ ।

तिनै महिलाका दृढताका कारण पछिल्लो चरणमा उषा नेपालदेखि विमला थापा र पेमा सिस्टरहरूले अवसर पाए । महिलाले सक्छन् भन्ने उदाहरण पेश गर्न सक्नुभयो । महिलाहरू आफ्नै पहलमा उद्यमी बन्न सक्छन् भन्ने उदाहरणका रूपमा दिव्यतारा तुलाधर, कल्पना लिम्बु, शोभा गुरूङ, पद्मासना शाक्य, प्रमिला यादव, लक्ष्मी शर्माहरूको जीवनभोगाइ, सङ्घर्ष र सफलताका कुरा नयाँ उद्यमीहरूका लागि प्रेरणा बन्नेछन् । कुनै पनि क्षेत्रमा अगाडि बढ्न धेरै शिक्षा, सीप वा पुँजी चाहिँदैन, अठोट, लगनशिलता इमान्दारिता भए पुग्छ भन्ने उदाहरण कस्मिरा (कालीमियाँ) खातुनलाई लिन सकिन्छ, जसले पेटीकोट सिलाउने सीपबाटै आफुलाई समाजमा स्थापित गर्न मात्र हैन, सफल उद्यमीको पहिचान बनाउनु भयो । आज यी तमाम उद्यमीहरूको पाइलामा पाइला मिलाउने असङ्ख्य महिला मैदानमा देखा परिसकेका छन् ।

मुलुकमा बहुदलीय व्यवस्था हुँदासमेत महिलाले राजनीतिक कारणले भोगेका जीवनको प्रतिनिधित्व नमादेवीको जीवनीले गर्छ भने यो मुलुकमा गणतन्त्र ल्याउन युवा पुस्ताका कैयौँ महिलाको बलिदान भएको घटनाको प्रतिनिधित्व भगवती चौधरीको जीवनीले देखाउँछ । तर आजका दिनसम्म आउँदा पनि नेपाली समाजमा अझै पनि महिलाको योगदानको उचित मूल्याङ्कन र कदर गर्दै उनीहरूलाई सम्बन्धित क्षेत्रको अग्रणी व्यक्ति (नेता) को रूपमा स्वीकार गर्नुको बदला महिलाहरू उपलब्धिका उपभोक्ता मात्र हुन् कि भन्ने भाव र आभास कायम रहनु विडम्बना नै लाग्छ । तर राजनीति, राज्यसत्ता र समाजले जे सोचोस् वा व्यवहार गरोस्, यसमा समेटिएका पात्रहरूको जीवनले भावी पुस्ताका लागि उज्यालोतर्फ चियाउने आँखीझ्याल भने अवश्य हुनेछ ।

सञ्चार क्षेत्रमा लक्ष्मी भुसालदेखि प्रेमकुमारी पन्त, कल्याणी रिमाल हुँदै निर्मला आचार्यसम्मको संलग्नताको शृङ्खला हेरौं वा कलाकारितामा बेटी बज्राचार्यदेखि निशा शर्मासम्मको जीवन र सङ्घर्षका कथाहरू आश लाग्दा थुङ्गा भएर फक्रिएका छन्। जसले आजको अलि सहज परिवेश सिर्जना गर्न खनेका डोबहरू गोरेटो हुँदै अगाडि बढेका छन्। पेशागत रूपमा नयाँ क्षेत्रमा प्रवेश सहज थिएन र अझै पनि छैन। तर साहस, दृढता, इमान्दारी पहल र लगनशील भएमा असम्भव छैन भन्ने कुरा चैतमाया डंगोल, चन्द्रकला किरण, मीना आचार्य, सुशीला कार्की, गौरी ढकाल, चाँदनी जोशी लगायतको जीवनीले दिएका सन्देशहरू हुन्। आफ्नो कर्ममा असल नियतले लाग्दा स्वार्थ समुहहरूमाथि धक्का लाग्न पुग्यो भने समाज मात्र हैन, राज्य नै व्यक्तिको विरूद्धमा आउन सक्छ। आफ्नो नियत सफा छ भने जीवन यात्रामा आइलाग्ने कुनै पनि अनपेक्षित हावाहुरीका सामू सतिसाल भएर उभिन सम्भव छ भन्ने उदाहरण सुशीला कार्कीमाथि महाभियोग लगाउन गरेको प्रयत्नलाई लिन सकिन्छ।

यी पुस्तकहरूमा समेटिएका पात्रहरूको जीवनलाई अलि गहिराइमा नियाल्ने हो भने परिवार र अभिभावक सचेत भए भने कस्तै अप्ठ्यारोमा पनि परिवर्तनउन्मुख यात्रा रोकिँदैन भन्ने झलक दिन्छ। राणाकाल भनौं वा पञ्चायतकाल, परिवार र समाजमा हुनसक्ने कुनै पनि किसिमको विभेद, दुरूत्साहन र लाञ्छना मात्र हैन, बहिष्करणसम्मको जोखिम मोल्न तयार हुने महिलाहरूको परिवर्तनको पक्षमा रहेको संलग्नता, सहभागिता, नेतृत्व र योगदानको उचित मूल्याङ्कन हुनसक्यो भन्ने लाग्दैन। त्यसैले पनि यी महत्त्वपूर्ण पात्रहरूको बारेमा उपलब्ध सामग्रीहरूलाई पुनर्लिखित गरी अझै विस्तृत दस्तावेजका रूपमा विद्युतीय (डिजिटल) माध्यममा समेत पुऱ्याउन सक्दा इतिहासबाट सिक्न र थप अध्ययन गर्न चाहने अध्यताहरूका लागि सहज हुनसक्छ। यसो हुँदा यस्ता पात्रहरूको बारेमा अझै व्यापक मात्र हैन, विद्यालय र विश्वविद्यालयका लागि पनि अध्ययन/अध्यापनको सामग्री बन्न सक्छ। मोतीदेवी केन्द्रले यस बारेमा सोच्न आवश्यक छ।

पुरुषप्रधान समाजमा घरभित्र गरिने कामदेखि सार्वजनिक क्षेत्रको पेसा र उद्यमशिलतासम्म लैङ्गिक रूपमा विभाजन देखिन्छ । नेपाली समाज पनि यसमा अछुतो थिएन र छैन । त्यो परिवेशमा परम्परागत रूपमा स्थापित मूल्य र मान्यता विपरित पुरूषको एकाधिकार रहँदै आएका खेल, सुरक्षा, न्याय, प्रशासन क्षेत्रको नेतृत्व लिने हैन प्रवेश गर्नु नै चुनौतीपूर्ण थियो । तर महिलाहरू त्यहाँ प्रवेश गरे र आफुलाई अब्बल साबित गरेका पात्रहरूको जीवनको दस्तावेजीकरणले ती क्षेत्रमा थप अध्ययनका लागि यसले जग बसालिदिएको छ ।

यी पुस्तकहरूमा उजागर गरिएका उद्यमशिलताका पक्षहरूले स्थानीय रूपमा उपलब्ध मात्र हैन, खेर गइरहेका सामान्य साधन र स्रोतलाई सदुपयोग गरेर रोजगारी सिर्जना र आर्थिक उपार्जन गर्न सकिन्छ भन्ने सन्देश पनि प्रवाह गरेको छ । यी सबै पक्षको विश्लेषण गर्दा मोतीदेवी स्मृति केन्द्र र यस काममा संलग्न सबै पात्रहरू धन्यवादको हकदार हुनुहुन्छ । आगामी दिनमा अझै उत्कृष्ट काम हुन सकोस् भन्ने हार्दिक शुभकामना छ ।

यी प्रकाशनहरूमा समेटिएका पात्र मात्र हैन, लेखकहरू पनि भौगोलिक रूपमा पश्चिम नेपालदेखि, पुर्वी तराइसम्मका हुनुहुन्छ । जहाँ अझै पनि पुरुष सत्ताको बलियो जग कायमै छ । शारदा भट्टको बारेमा पढ्दै जाँदा छोरी विद्यालय पठाएको कारण उहाँका बुबाले ३० रूपैयाँ जरिवाना तिर्नुपरेको जमानामा रहेको हाम्रो मुलुक छ दशकपछि आइपुग्दा छोरीहरू विद्यालय नपठाउँदा जरिवाना तिर्नपर्ने अवस्थामा आइपुगेको छ । छोरी जन्मिए सौता ल्याउँछु भनेर श्रीमान्ले देखाएको त्रासका कारण आफैँले जन्माएको छोरी (मैयादेवी श्रेष्ठ) लाई सिस्नुघारीमा फालेको घटनादेखि आज कैयौँ युवाहरू एउटा छोरी सन्तानमा खुसी हुन थालेको अवस्था छ ।

यी घटनाहरूले विगतमा भएको विद्यमान पितृसत्ताको गहिराइ र त्यसमा आएको परिवर्तनको तुलना गर्ने आधारका रूपमा सकिन्छ । जुन परिवर्तनको

लागि अग्रपङ्क्तिमा महिलाहरू आफैँ थिए । त्यस्तो अवस्थाबाट यहाँसम्म आउन कति चुनौती व्यवहोर्नुपऱ्यो भन्ने कुरा आजको पुस्ताले अनुभूत गर्न सक्दैनन् । ती दिनहरूको अनुमान मात्र गर्न सके भने पनि समाज रूपान्तरणका लागि विगतमा महिलाहरूले निर्वाह गरेको भूमिकाप्रति वर्तमान र भावी पुस्ताले नतमस्तक भएर सम्मानको शिर झुकाउन सक्नेछ । यद्यपि अझै पनि समाजमा जुन तहमा पितृसत्ताको प्रभाव र असर छ, त्यसको अन्त्यका लागि अरू धेरै काम गर्ने साहस र विश्वास सङ्गालेर अगाडि बढ्न आवश्यक छ ।

जहाँ विभेद छ, अन्याय छ, समानता र न्यायको आन्दोलन त्यहीँ भित्रबाटै जाग्नुपर्छ । त्यसो भएमा भरोसाका हात र आत्मबलका लागि साथ दिने पङ्क्तिहरू आफैँ तयार हुँदै जानेछ भन्ने सन्देश मिठाइदेबी विश्वकर्मा, टेकु नेपाली, रामरती रामहरूको जीवनकथामा अन्तरनिहित छ । समाजमा गडेका समस्या निकाल्न त्यही समाजभित्र भिज्नुपर्छ भन्ने कुराको उजागर राधा पौडेल, चरिमाया तामाङको अभियानमा भेटिन्छ । आँट र साहसका बिच कस्तै अप्ठ्यारा र कठिनाइमाथि सफलताको पाइला राख्न सकिन्छ भन्ने उदाहरण अन्नपूर्ण कुँवर, संगीना वैद्य, सुस्मिता मास्के र रोजिना अमात्यको जीवनीमा भेटिन्छ ।

## केही सुझाव

पुस्तकको उत्कृष्टतासँगै थुप्रै पक्षमा परिमार्जन र थप मेहनत गर्न आवश्यक देखिन्छ । आगामी दिनमा पात्र छनौटमा भौगोलिक रूपमा सातै प्रदेश, गाउँ र शहर अनि हिमाल, पहाड र तराइ समेट्नु जरूरी छ । समुदायको आधारमा पनि सबैभन्दा पिँधमा परेका/पारिएका जाति र वर्गको प्रतिनिधित्व नगण्य रहेकोप्रति ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

यी जीवनीहरू लेख्दै गर्दा समकालीन अवस्थामा अरू महिलाको संलग्नता र साथ कस्तो थियो ? सहकर्मी सहयोद्धा पुषको राजनीतिक व्यवहार कस्तो थियो ? भन्ने कुरा पनि समेट्न सकेको भए इतिहासको दस्ताबेजीकरणको

क्रममा भावी पुस्ताले कर्ताहरूको चिनारीको ईंटा थप्दै जान सहज हुने थियो भन्ने मलाई अनुभूति भयो ।

वर्तमानमा धेरै युवाहरू प्रतिस्पर्धामा अब्बल देखिन थालेका छन् । उदाहरणका लागि खेलकुदमा हेरौँ वा विश्वविद्यालयमा दर्जनौँ गोल्डमेडल विजेता छोरीहरू देखिएका छन् । उद्यमशिलताका विविध पक्षहरू जस्तै सामुहिक खेती, होमस्टे, पर्यटन, कपडा उत्पादन लगायतमा महिलाहरूको सामुहिक संलग्नताको विकास हुँदै आएको छ । राजनीतिकै कुरा गरौँ, जहाँ अवसर र जिम्मेवारी पाएका छन्, अब्बल रूपमा पुरा गरेका छन् ।

समुदायमा सानो देखिने कामले पनि ठुलो सन्देश दिइरहेको हुन्छ । त्यस्ता कामलाई बाहिरी सतहमा ल्याएर राष्ट्रियकरण गर्न सक्दा रूपान्तरणको पक्षमा ठुलो प्रभाव पर्छ । उदाहरणको लागि चरिमायाहरूको पहललाई लिन सकिन्छ । समुदाय तहमा भएका प्रयास र प्रयत्नहरूलाई उजागर गर्ने काम आज पालिका तहबाट पनि हुन थालेका छन् । रूपन्देही जिल्लाका पालिकाहरूले विविध क्षेत्रमा उद्यम गरिरहेका महिलाहरूको जीवन कथाहरूको सङ्गालोका रूपमा निस्किएको प्रकाशन 'पौरखी पात्रहरू' आज शिक्षा क्षेत्रको पाठ्यक्रममा समावेस हुन थालेको छ ।

**विश्वविद्यालय पाठ्यक्रम बन्न सक्ने**

यी तमाम कुरा गरिसकेपछि मोतीदेवी स्मृति केन्द्रलाई दुई चरणको काम गरौँ भन्ने सुझाव राख्न चाहन्छु । अहिलेसम्मको प्रकाशनमा उल्लेख भएका महिलाहरू खास गरेर विभिन्न क्षेत्रका शुरुवातकर्ताहरू हुनुहुन्छ, उहाँहरूको जीवनमा आधारित भएर अगाडि बढ्दा आज समाज कहाँ पुगेको छ भन्ने कुरालाई जोडेर पुनलिखित सग्लो दस्ताबेज बनाउन सक्ने हो भने यी विश्वविद्यालयको पाठ्यक्रमको अंश बन्न सक्छ । मानवशास्त्र, समाजशास्त्र, लैङ्गिक अध्ययन, श्रम अध्ययन लगायतमा विभाग/कार्यक्रमसँग यी विषयहरूलाई जोड्न सम्भव देखिन्छ । त्यसका लागि एकपटक सम्बन्धित विभाग/कार्यक्रमका प्रमुख तथा

प्राध्यापकहरूसँग अन्तरक्रिया गरेर अगाडि बढ्न सकिन्छ । यसो गरिएमा अहिलेसम्मको मेहनतको प्रभाव बृहत् र दीर्घकालीन हुनसक्छ, यो मेरा पहिलो आग्रह हो ।

दोस्रो, अहिले जसरी काम गर्दै आइएको छ, यसलाई समय सान्दर्भिक बनाएर दस्तावेजीकरण गर्ने कामलाई निरन्तरता दिऔं । यसको लेखन, प्रस्तुती, क्षेत्र लगायतको मोडालिटीमा विविधता अपनाउन पनि सकिन्छ । जे गर्छौं त्यसलाई डिजिटल रूपमा पनि पहुँचयोग्य बनाउने कुरालाई प्राथमिकतामा राखौं । अन्तमा, प्रेरणा विगतबाट लिने हो, पौरख वर्तमानमा गर्ने हो र सन्देश भविस्यका लागि दिने हो । यसर्थ अबको नेपाली महिलाको बारेमा तयार हुने दस्तावेजहरूले प्रेरणादायी मात्र हैन, पौरखी महिलाहरूलाई समेत समेट्दै जान सकोस् ।

फेरि पनि शुभकामना !

●

गरिब थारु समुदायमा जन्मिनु भएकी लहनी चौधरी २०१७ सालमा दाङमा भएको किसान आन्दोलनकी अगुवामध्ये एक हुनुहुन्छ ।

थारू भनेका जमिनदारको सित्तैमा काम गर्ने मानिस हुन् भनेर चिनिने अवस्थामा पनि लहनी निडर र हक्की भएर निस्किनुभयो ।

जमिनदारहरूका व्यवहारका कारणले कोही परिवार अन्यत्र बसाइ सर्नुपर्ने अवस्था आउँदा पनि आफ्नो जन्मस्थान थाकथलो छोड्नु हुँदैन भनेर आफ्नो अधिकारको कुरा बुझाउँदै हिँड्नुहुन्थ्यो ।

# किसान आन्दोलनकी योद्धा लहनी चौधरी



● डा. जानुका न्यौपाने

नेपालको किसान आन्दोलनका अगुवामध्ये एक नाम हो, लहनी चौधरी । उहाँको जन्म १९५७ साल माघ १ गते हालको घोराही उपमहानगरपालिका वडा नम्बर ३ बेलुवामा भएको हो । लहनीको आमाको नाम कोकन्ने चौधरी र बुबाको नाम धनपति चौधरी हो । लहनीका तीन दाजुभाइ हुन् । बुबा धनपति बेलुवामै जमिनदारको घरमा काम गर्थे । शिक्षा हासिल गर्ने वा लेखपढ गर्ने भन्ने त सोच्ने अवस्था पनि थिएन । त्यो भएर उहाँले औपचारिक शिक्षा हासिल गर्न पाउनुभएन ।

लहनी विवाह पनि सोही गाउँका कुलमान चौधरीसँग भएको थियो । उहाँहरूका चार छोरा जन्मिए । जेठो छोराबुहारी करू र भागी चौधरी, माइलो छोराबुहारी कनुवा र टुहुरी चौधरी, साईंलो छोराबुहारी गुरूप्रसाद चौधरी र कैलाश्नी चौधरी, कान्छो छोरा बुहारी बाधुराम र जुगनी चौधरी हुन् ।

जमिनदारको खेतबारीमा काम गर्ने परिवारकी छोरी लहनीको जीवनको अन्तिम अवस्थासम्म पनि कृषि पेशामै संलग्न हुनुभयो । त्यो बेलाको समयमा अन्य विकल्प पनि थिएनन् । जिन्दगीभरि आफूले कृषि पेसा अपनाएको, किसान आन्दोलनमा लागेको उहाँले छोराहरूलाई पनि कृषि पेसा नै अपनाउन लगाएको उहाँकै परिवारका सदस्यहरूले बताउँथे । हाल लहनीका सबै छोराहरूको निधन भैसकेको छ । अहिले  साईंली बुहारी कैलाश्नी मात्रै जीवित हुनुहुन्छ ।

## प्रगतिशील विचार, क्रान्तिकारी स्वभाव

लहनी सानैदैखि प्रगतिशील विचार र क्रान्तिकारी स्वभाव भएको व्यक्तिका रूपमा चिनिनुहुन्थ्यो । त्यही भएर ‘बेलुवा बन्जारी किसान आन्दोलन’ को नेतृत्वकर्तामध्ये एक हुनुभयो । यो किसान आन्दोलन वि.सं. २०१७ साल

अर्थात् आजभन्दा झण्डै सातदशक अघि भएको हो। त्यसैले नेपालको किसान आन्दोलनको चर्चा गर्दा छुटाउनै नहुने आन्दोलन बेलुवा किसान आन्दोलन हो भने छुटाउनै नहुने नाम योद्धाको नाम हो लहनी चौधरी।

उहाँ दाङको भूमि तथा कृषक आन्दोलनमा एक निडर र क्रान्तिकारी व्यक्तित्व हुनुहुन्थ्यो। उहाँले सानैदेखि कृषि पेसामै रूची राख्नुभयो। आमाबुबाले गरेको काम देखेर पनि होला उहाँ यो पेसालाई माया र सम्मान  गर्नुहुन्थ्यो। अरूको घरमा काम गर्नुपर्ने परिवारमा जन्मिएको भएर सानैदेखि उहाँले पनि जमिनदारको घरखेतमा काम गर्नुभयो। तर त्यो कामको मूल्य हुँदैनथ्यो। जसले गर्दा उहाँको मनमा जमिनदारहरूले वास्तविक किसान चौधरीहरूमाथि गरेको ज्यादती र अन्याय गरेको महसुस गर्नुभयो र यसखालका अन्याय विरूद्ध लड्नुपर्छ भन्ने चेतना सुरू भएको थियो। विस्तारै त्यही चेतना आन्दोलनमा बदलियो।

एकातिर कमजोर आर्थिक अवस्थाका कारण प्रत्येक दिन अर्काकै जमिनमा खेतीपाती गरेर छाक टार्नुपर्ने बाध्यता थियो। अर्कोतिर धनी र गरीब, जमिनदार र किसानबिचको त्यो फरक अवस्था लहनीलाई मन पर्दैनथ्यो। बोलिहाल्न पनि सजिलो थिएन। जमिनदारको जमिनमै कमाएर खानुपर्ने छ।

यस्ता विविध खाले चुनौतीका बाबजूद पनि लहनी, उहाँको परिवार र केही थारू समुदाय व्यक्तिहरू किसान आन्दोलन गर्नुपर्छ भन्ने निर्क्यौलमा पुगे। आन्दोलन सुरू भयो, आन्दोलनको अग्रसरता लिनेमध्येमा पर्नुभयो लहनी। औपचारिक शिक्षा समेत नपाएको व्यक्ति, गरिब थारू समुदायकी छोरी र बुहारी भएर आफूलाई घरपरिवारमा मात्र सिमित नराखी आन्दोलनमै होमिनु चानचुने कुरा होइन। दाङको बेलुवा किसान आन्दोलनमा सहभागी एवं नेतृत्वकर्ता मध्ये एक भए पनि उहाँ परिवर्तन चाहने आमनेपालीको लागि सँधैका लागि प्रेरणादायी र उदाहरणीय व्यक्तित्व हुनुहुन्छ। यो आन्दोलन दाङमा भए पनि बाँके, बर्दियाको समेत प्रतिनिधिको रूपमा उहाँ

नै हुनुहुन्थ्यो । किनकी यो आन्दोलनले धेरै जिल्लाका किसानको अधिकार सुनिश्चित गर्न सहयोग पुगेको थियो ।

## घरायसी काम र अधिकारको आन्दोलन

बिहे गरेर बुहारी भएपछि घरायसी कामधन्दा लहनीकै जिम्मा पर्ने नै भयो । सन्तान पनि जन्मिन थाले, चार छोरा जन्मिए । त्यसपछि त अझ धेरै समय घरधन्दा र साना बच्चाहरूको लालनपालनमा समय बित्न थाल्यो । तर जुझारू उहाँ आफ्नो परिवार र अरू धेरैलाई स्वतन्त्र किसान कसरी बनाउने भन्ने सोच्नुहुन्थ्यो । आफ्नो स्वाभिमानीमा बाँच्नुपर्छ भन्ने स्वभावकी लहनीले कहिल्यै पनि अर्काको वशमा नपरेको रे भन्नुहुन्छ, लहनीकी पनातिनी सीता चौधरी । सीता अहिले नेकपा एमालेको तर्फबाट लुम्बिनी प्रदेश सभा सदस्य (सांसद) हुनुहुन्छ । उहाँ लहनीको माहिलो छोराको नातिनी हुनुहुन्छ ।

थारू भनेका जमिनदारको सित्तैमा काम गर्ने मानिस हुन् भनेर चिनिने अवस्थामा पनि उहाँ भने निडर र हक्की भएर निस्किनुभयो । जमिनदारहरूका व्यवहारका कारणले कोही परिवार अन्यत्र बसाइ सर्नुपर्ने अवस्था आउँदा पनि आफ्नो जन्मस्थान थाकथलो छोड्नु हुँदैन भनेर बुझाउँदै हिँड्नुहुन्थ्यो । कुनै अवस्थामा हाकपर्ना (हाँक हाल्ने) पनि गर्नुहुन्थ्यो । जमिनदारको डर, त्रास, धम्की, कुटपीट लगायतका अभद्र व्यवहार सहन नसकी जिल्ला नै छाडेर बाँके, बर्दिया बसाई सर्ने तयारीमा रहेका बेलुवा बन्जारीका सम्पूर्ण चौधरी परिवारलाई जन्मथलोमै बसेर आफ्नो अधिकारका लागि आफैँ बोल्नुपर्छ, जमिन्दारसँग संघर्ष गरेर आफ्नो अधिकार प्राप्त गर्नुपर्छ भनेर त्यहीँ बस्ने अवस्था बनाउने काम पनि लहनीले गर्नुभयो । लहनीले गर्ने हरेक काममा उहाँको श्रीमान् कुलमान, सानीमा, देवरले निरन्तर सहयोग गर्थे । परिवार तथा आफन्तको सहयोगकै कारण आफ्नो घरपरिवार व्यवस्थापन गर्दै अधिकारका लागि आन्दोलनको मोर्चामा समेत जान सफल हुनुभयो ।

## जमिनदारहरू तोरी लुट्न आए

दाङ जिल्ला विगतदेखि नै थारू बाहुल्य भएको क्षेत्र हो । २०६८ सालको जनगणना अनुसार दाङमा थारू जनसंख्या २९.५१ प्रतिशत रहेको छ । जनसंख्यामा बाहुल्यता र शक्तिमा हुनु फरक रहेछ । त्यही भएर वि.सं.२०१६ साल पुसमा धनिवर्गका जमिन्दारहरू आफ्ना परिवारका सदस्य र छिमेकीहरू सहित करिब एकसय ५० जना जति राती १२ बजेतिर तोरी लुट्न आए । त्यही बेला बेलुवा बन्जारीका किसान चौधरीहरू जमिन्दारको विरूद्धमा जाइलागे र भगाउन सफल भए । सोही क्रममा पनि लहनीले नै हाकपर्ना (ठुलो स्वरमा सूचना गर्ने) को काम पनि गर्नुभएको थियो । उहाँसँगै यस लडाईंमा महिलाहरू पनि थुप्रै सहभागी थिए । महिलाहरूको नेतृत्व लहनीले नै गर्नुभएको थियो भने समग्र आन्दोलनको नेतृत्वकर्ता मध्ये एक हुनुभयो ।

यस आन्दोलनका क्रममा परिवार र छरछिमेकसँगै मुखिया जमिनदारहरूले लहनीलाई दुई दिन थुने । थुनामा हुँदा यातना पनि दिए । त्यसरी यातना पाए पनि उहाँ आन्दोलनबाट विचलित हुनुभएन । २०१७ साल साउनमा पुनः जमिन्दारले खेत जोत्न नदिने भने, त्यसविरूद्ध पनि आन्दोलन भयो । त्यतिखेर पनि त्यहाँका किसानहरू अत्याचारी जमिन्दार भगाउन सफल भए । पुलिस प्रशासनले व्यापक दमन गऱ्यो । यस आन्दोलनमा पनि लहनीको हाकपर्नादेखि नै नेतृत्वदायी भूमिका रह्यो । जहाँ पनि अगुवा हुने कारणले गर्दा लहनी सामन्तहरूको आँखाको तारो बन्न पुग्नुभयो । एकदिन लहनीका छोरा कसैलाई जानकारी नदिई भागेर भारत गएछन् । जमिन्दारहरूले ज्यानै लिनसक्ने व्यवहार गरिरहेका बेला छोरा घरमा नआउँदा कतै आफ्नो छोरा पनि मारिएको हो कि भन्ने शंका लहनीको मनमा लाग्यो । त्यसपछि उहाँ छोरा खोज्न हिँड्नुभयो, । तर उहाँलाई नजिकैको भैसाही भन्ने स्थानबाट गिरफ्तार गरियो । गिरफ्तारपछि ७ दिनसम्म निर्मम यातना दिएर छोडियो ।

त्यो समयमा महिला हिरासतमा पुग्नु भनेको अहिले जस्तो सामान्य सवाल थिएन ।  तर त्यो हिरासत र यातनाले लहनीलाई भने झनै कठोर, आक्रोशित र बलियो बनायो । त्यसकारण झन् उत्साहका साथ लहनीले किसानहरूको अगुवाइ गर्नुभयो । त्यति मात्र होइन जमिनदारले प्रहरी प्रशासन लगाएर हिरासत चलान भएका किसान आन्दोलनकारी तथा आफन्तहरूको लागि लुकीलुकी खानेकुरा लगेर खुवाउने गरेको  पनातिनी सीता चौधरीले बताउनुभयो । निरक्षर महिला हुँदाहुँदै पनि निमुखा, असहाय किसानहरूका निमित्त आफ्नो अधिकार प्राप्ति गर्न आन्दोलन गर्नुपर्छ, संघर्ष नगरी अधिकार प्राप्त गर्न सकिँदैन भन्ने चेतनाका साथ अधिकार प्राप्तिका लागि सदैव अग्रसर रहन उहाँलाई जमिनदारको डर, त्रास, धम्कीले समेत रोक्न सकेन ।

आन्दोलन संयुक्त भए पनि महिलाको तर्फबाट लहनीले गर्नुभएको थियो भने पुरूषको अगुवाइ लहनीकै देवर मानबहादुर चौधरीले गरेका थिए । श्रीमान्, देवर, सानीमासँगै शुरु गरेको किसान आन्दोलनले लहनीको क्रान्तिकारिता, निडरताको व्याख्या गर्छ । त्यसैले उहाँले चौधरीहरू र जमिनदार बीच भएको हेपाह प्रवृत्ति र किसान आन्दोलनको क्षेत्रमा पुर्याएको योगदानको कदर गर्नु जरूरी छ ।

लहनीको जन्म र कर्मथलो दाङ भएपनि उहाँलाई आमकिसानको अगुवा मान्न सकिन्छ । त्यो बेलाकै रूपमा नभए पनि अझै पश्चिम नेपाललगायत विभिन्न ठाउँमा रहेको जमिन्दारी प्रथाको अन्त्य भइसकेको छैन । लहनीको त्यो प्रेरणाबाट अहिले भएका त्यस खालका कुप्रथाहरू हटाउन सबै एकजुट हुनुपर्छ ।

सानै उमेरदेखि नै जमिनदारहरूको डर, त्रास, धम्कीका बिच पनि साहसिक भएर बाँच्नुभएकी लहनीको करिब ७७ वर्षको उमेरमा २०३३ साल असार ११ गते  निधन भयो । लहनी चौधरी र लहनी जस्तै त्यतिबेलाका महिलाहरूको सचेतता र योगदानले नै अहिले हरेक ठाउँमा महिला

पुग्न सफल भएका छन् । यसरी सामाजिक र राजनीतिक परिवर्तनका लागि योगदान दिएको भनेर प्राय: पुरूषहरूको इतिहास लेखिन्छ, प्रतिमूर्ति बनाइन्छ । महिलाहरूको इतिहास बिरलै लेखिइन्छ । त्यही नलेखिएको लहनीको इतिहास यहाँ लेख्ने प्रयास गरिएको हो । लहनी आज भौतिक रूपमा हामी माझ नभए पनि उहाँको साहसिक काम निडर स्वभाव र परिवर्तनकामी सोच र अधिकार खोसेर लिनुपर्छ भन्ने उहाँको व्यक्तित्व नयाँ पुस्ताले सिक्नुपर्छ ।

**थारू बाहुल्य जिल्ला दाङ**

दाङ जिल्लामा चौधरी जातीका मानिसहरू प्रथम बासिन्दा मानिन्छन् । यिनीहरू यस जिल्लामा पश्चिम-दक्षिणबाट यहाँ आएर बसेको मानिन्छ । चौधरीहरू पछि यस ठाउँमा आएर बसोबास गर्नेहरूमा दोस्रो स्थानमा ब्राम्हाणहरू थिए । त्यसपछि मात्र अन्य जातजातिका मानिसहरू पहाडबाट यहाँ आएर बसोबास गर्न थालेको मानिएको छ । वि.सं. २०१४ साल तिरसम्म पनि यस जिल्लामा थारूहरूको बाहुल्यता थियो भने दोस्रो स्थानमा मात्र ब्राम्हाण अन्य जात-जातीका मानिसहरूको उपस्थिति रहेको थियो ।

नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) मा जमिन आवाद गर्न पाइने व्यवस्थाले गर्दा यहाँका प्रथम बासिन्दाका रूपमा परिचित तथा व्यापक बाहुल्यतामा रहेका थारूजातिका मानिसहरू नयाँ मुलुकतर्फ बसाइसराइ गर्न लागे । त्यसलगत्तै बिर्ता उन्मुलन हुनुका साथै छोटो समयको अन्तराल भित्रै भूमिसुधार कार्यक्रम पनि सुरू हुन थाल्यो । जसले गर्दा चौधरीहरू आन्दोलित हुन थाले र आफ्नो स्वामित्वमा रहेको जमिन धमाधम बेच्न लागे । साथसाथै दाङमा औलो उन्मूलन कार्यक्रमका कारण औलोको प्रकोपमा कमी आई औलोबाट हुन सक्ने मृत्युको डर पनि कम हुँदै जान थाल्यो । त्यसपछि चौधरीहरूको जमिनमा पहाडबाट

बसाइसराइ गरी आउने अन्य जातजातिका मानिसहरूको ओइरो लाग्न थाल्यो । चौधरीहरू भने अन्यत्र बसाइ सर्ने क्रम बढेको मानिन्छ ।

स्रोत व्यक्तिहरू : .मेनका पोखरेल, प्रतिनिधि सभा सदस्य

सीता चौधरी : लहनी चौधरीकी पनातिनी

सन्दर्भ सामग्री : दाङ जिल्ला समन्वय समितिको वेबसाइट

●



१० वर्षको उमेरदेखि चन्द्रशमशेरको दरबारमा गीत गाउनु भएकी मेलवादेवीलाई दरबारबाटै र दरबारमा बाहिरबाट जानेहरूबाट भएको अत्याचार, दुःख र पीडाका बारेमा खोजी हुनुपर्ने देखिन्छ ।

# ऐतिहासिक व्यक्तित्व मेलवादेवी (सुलभा) को बारेमा अध्ययन जरुरी



● शान्ता कुमारी बस्याल

नेपाली गीतसङ्गीत आकाशको चम्किलो ताराको नाम हो ‘मेलवा देवी’। उहाँको जन्म १९५९ सालमा ओखलढुङ्गा जिल्लाको काफलबोटमा भएको थियो। मेलवादेवीको आमाको नाम सप्तदेवी र बुबाको नाम ज्ञानबहादुर गुरूङ (जामुने सुवेदार) हो। उहाँहरूको पहिलो सन्तानको रूपमा जन्मिनुभएकी मेलवादेवीको बाल्यकालको नाम सुनमाया हो।

उहाँको जन्म ओखलढुङ्गा जिल्लामा भए पनि उहाँको बुबाको पुर्ख्यौली घर गोरखा भएको बताइन्छ। गोरखा जिल्लाको तत्कालीन सौरपानी गाउँपञ्चायत वडा नम्बर १ हाल बारपाक सुलिकोट गाउँपालिका वडा नम्बरमा ४ पर्छ। मेलवादेवीको बारेमा २०७८ साल बैशाख १९ गते ‘गोरखाकी चेली मेलवादेवी’ शीर्षकमा एक सामग्री प्रकाशित भएको छ। जसमा मेलवादेवीकी माहिली बहिनीका छोरा (पूर्व डिआइजी) चन्द्रध्वज गुरूङले मेलवादेवीको बुबा ओखलढुङ्गाको रूम्जाटार भन्सारमा कार्यरत रहँदा त्यहीँकै सप्तदेवीसँग विवाह भयो र त्यहीँ मेलवादेवीको जन्म भएको हो, त्यसैले ओखलढुङ्गा मेलवादेवीको मावली घर भएको बताउनु भएको छ।

गायिकाका रूपमा दरबारमा काम गर्ने सुनमाया आफ्नो सुरिलो स्वरका कारण श्री ३ चन्द्र शमशेरबाट ‘मेलवादेवी’ नाम प्राप्त गर्नुभएको हो। त्यसपछि उहाँ सोही नामबाट परिचित हुँदै जानुभयो र अहिलेसम्म त्यही नामले चिनिनुहुन्छ। सुनमाया अर्थात् मेलवादेवी चारपाँच वर्षको हुँदादेखि नै सबैले मनपराउने खालको गीत गाउनुहुन्थ्यो। उहाँ जन्मसिद्ध नै स्वरकी धनी हुनुहुन्थ्यो। त्यही भएर सानैमा आफ्ना समकालीन साथीहरूसँग घाँसदाउरा गर्न, गाईबाख्रा चराउन जाँदा सुरिलो स्वरमा गीत गाएर सुनाउनुहुन्थ्यो।

## चन्द्र शमशेरसँग भेट

राणाहरू निकै सौखिन जीवन बाँच्थे । मनोरञ्जनका लागि दरबारमा विभिन्न कलाकारहरूलाई राखेर गीत सङ्गीत र भजनकीर्तन गाउन लगाउँथे । त्यही देखेर हजुरबुबा कृष्णबहादुर गुरूङले पनि आफ्नी नातिनीलाई पनि दरबारको गायिका बनाउने उद्देश्य राखे र ओखलढुङ्गाबाट काठमाडौं ल्याउन लगाए । हजुरबुवाको चाहनाअनुसार मेलवादेवीकी आमाले छोरीलाई १० वर्षको उमेरमा बोक्दै ल्याउनु थियो । यात्राका क्रममा साँझ बिहान खाना खाने समय र सँगै रात काट्ने बटुवाहरू उहाँलाई गीत गाउन लगाएर यात्राको थकाई मेट्थे । उहाँ सुरिलो स्वरको धनी र गीत गाउने विलक्षण प्रतिभा देखेर परिवारले काठमाडौंमा लैजाने निधो गरे । मेलवादेवीका हजुरबुबा कृष्णबहादुर गुरूङ दरबारमा जागिर (डिट्ठा) खानुहुन्थ्यो । त्यही भएर मेलवादेवीकी आमाले १० वर्षको उमेरमा छोरीलाई डोकोमा बोकेर काठमाडौँ ल्याउनु भएको थियो ।

मेलवादेवी दरबार ल्याइँदा चन्द्र शमशेरकै शासनकाल थियो । राणा शासकहरूले आफ्नो खुसीका लागि दरबारभित्रै नर्तक-नर्तकी, गायक-गायिका, वाद्यवादक तथा उस्तादहरूलाई राखेर गानबजान गराएर मनोरञ्जन लिने चलन थियो । काठमाडौं आइपुगेकी मेलवादेवीलाई दरबारभित्र बोलाइयो । उहाँको स्वरमा रहेको जादु देखेपछि चन्द्रशमशेरले मेलवादेवीलाई दरबारमै ठुलाठुला उस्तादहरूबाट सङ्गीत पनि सिकाएका थिए । उहाँलाई प्रसिद्ध उस्ताद पण्डित माधवप्रसाद, बालाप्रसाद शर्मा आदिबाट शास्त्रीय सङ्गीत सिकाइएको थियो ।

सिकाइपछि उहाँको गायकीबाट दरबार प्रभावित नहुने कुरै भएन । चन्द्रशमशेर र चन्द्रशमशेरकी श्रीमती (महारानी) बालकुमारीदेवी असाध्यै प्रभावित थिए । चन्द्रशमशेर शिकार खेल्न जाँदा समेत मेलवादेवीलाई सँगै लैजान्थे । बालकुमारीदेवीले पनि 'बक्सिस' स्वरूप पुरस्कार दिने गरेको बताइन्छ । चन्द्रशमशेरको 'बेलायती बैठक' मा पाहुनाहरूलाई उनीहरूको

रुचि अनुसारको आधुनिक गीत, शास्त्रीय, लोक, नेपाल भाषाका गीत र भजन समेत सुनाउन लगाइन्थ्यो। सोही समयमा सुनमायालाई चन्द्रशमशेरले मेलवादेवी नाम राखेका थिए।

मेलवादेवी स्वरसँगै 'रूपमती' पनि हुनु हुन्थ्यो। त्यही भएर दरबारभित्र वहाँको स्वर र रूपको प्रशंसासँगै इर्ष्या गर्नेहरू पनि थिए, जसबाट उहाँलाई खतरा पनि उत्पन्न भयो। सबैले प्रशंसा गर्ने उहाँको स्वर बिगार्न केही मान्छे योजनाबद्ध रूपमै लागे। मुख्य योजनाकार चन्द्रशमशेरकी रानी बालकुमारीदेवी नै भएको इतिहासहरूमा पाइन्छ। बालकुमारीदेवीकै योजना र इसारामा मेलवादेवीलाई पानमा सिन्दुर राखेर खुवाइयो। त्यसले गर्दा उहाँको स्वर बिग्रियो, सुरिलो स्वर धोद्रे भयो। यो घटनाले मेलवादेवी विक्षिप्त हुन पुग्नुभयो।

मेलवादेवीको स्वरमा समस्या आएपछि चन्द्रशमशेरले बेलायत र भारतबाट डाक्टर बोलाएर उपचार गर्न लगाए। तर उहाँको स्वर पहिलेको अवस्थामा फर्किन सकेन। त्यसबाट मेलवादेवी निकै दुःखी हुनुभयो। उहाँले यही घटनाकै कारण दरबारमा नबस्ने निधो गर्नुभयो। उहाँ दरबारबाट निस्किने भएपछि चन्द्रशमशेरले काठमाडौंको विजेश्वरीमा घर किनिदिए र त्यही घरमा बस्न थाल्नुभयो।

## दरबार छाडेपछिका दुःख

दरबारमा रहँदादेखि नै मेलवादेवीमाथि धेरैले नराम्रो दृष्टिकोणले पनि आँखा लगाउन थालेका थिए। तिनीहरूले दरबार छोडेपछि पनि पछि लाग्न छोडेनन्। दरबारमा गीत गाउँदाको बेलामा तबला बादक रहेका भक्तकृष्ण मानन्धरले उहाँलाई मन पराउन थाले, एक हिसाबले मेलवादेवीलाई नछोड्ने जस्तै गरेर पछि लागे। अन्ततः उहाँले भक्तकृष्णको कुरा स्वीकारेर बिहे गर्ने निर्णय गर्नुभयो। त्यसरी बिहे गर्दा उहाँ भक्तकृष्णकी दोस्रो श्रीमती बन्ने अवस्थामा पुग्नुभयो। उहाँहरूका दुई छोरा र दुई छोरी जन्मिए। तर दुई छोराको चार पाँच वर्षको उमेरमै केही समयको

फरकमा मृत्यु भयो । र, दुई जना छोरी शान्ता र विमला उहाँहरूसँग बाँकी भए । त्यही समयतिर श्रीमान् श्रीमतीबीचको सम्बन्ध बिग्रियो । अन्ततः वैवाहिक सम्बन्ध टुट्यो । दुई छोराको मृत्युको पीडा, वैवाहिक सम्बन्ध बिग्रिएको अवस्थासँगै दुई छोरी हुर्काउने जिम्मा मेलवादेवीमा आयो । यसरी उहाँलाई बिस्तारै आर्थिक समस्या पनि पर्न थाल्यो । उहाँ एक्लो अवस्थामा देखेर राणा बबर शमशेरले पनि कुदृष्टि लगाउन थाले । यो अवस्थामा नेपाल बस्नुभन्दा मुग्लान पस्नु उत्तम मानेर मेलवादेवीले भारत जाने निधो गर्नुभयो ।

### शुक्रराजको सहयोग

मेलवादेवी सहिद शुक्रराज शास्त्रीसँग नजिक हुनुहुन्थ्यो । उहाँका दुःखहरू शुक्रराजले पनि थाहा पाउनुभयो । नेपालमा बस्दा अनेक खालका समस्या आइरहने भएर भारत जाने सोच बनाउनु भएकी मेलवादेवी शुक्रराजकै सहयोगमा भारतको कलकत्तामा पुग्नुभयो । शुक्रराजकै सङ्गतले गर्दा समस्या समाधानका उपाय खोज्न पनि उहाँ सक्षम हुनुहुन्थ्यो । एक महिनाकी सुत्केरी अवस्थामा उहाँ दुई नाबालक छोरी बोकेर उहाँ भारतको कलकत्ता पुग्नुभयो । त्यहाँ पुगेपछि पनि गीतसङ्गीतलाई निरन्तरता दिइरहनुभयो । निरन्तरतासँगै गीत रेकर्ड गर्न पनि थाल्नुभयो । उहाँका ‘आउ न बसौँ पियारी मिर्मिरे’ ‘सवारी मेरो रेलैमा’ ‘यो जिन्दगीको के भरोसा’ लगायत शुक्रराज शास्त्रीकै रचनामा ‘न घरलाई घर कहिन्छ’ भन्ने बोलको गीत पनि मेलवादेवीले रेकर्ड गराउनुभयो । उहाँ हारमोनियम, तबला, गितार लगायतका बाद्यवादन पनि कुशलताका साथ बजाउनुहुन्थ्यो । त्यसका साथै आफैँ गीत रचना गर्ने र गीतमा धुन पनि भर्नुहुन्थ्यो ।

१९८५ सालमा उहाँको पहिलो गीत रेकर्ड भयो । त्यसले उहाँलाई गीत रेकर्ड गराउने पहिलो नेपाली महिलाको रूपमा चिनिरहेका छौँ । मुग्लान बसाइमा पनि सङ्गीत साधना छोड्नुभएन । आफ्नो जीवन चलाउने बाटो गीतसङ्गीतलाई नै बनाउनुभयो । एकपटक इलाहवादमा सङ्गीत सम्मेलन भएको थियो । त्यो सम्मेलनले मेलवादेवीलाई ‘टुमरीकी रानी’ उपमा

दिएको थियो । त्यतिमात्र होइन उहाँले आफ्नो जीवनको उत्तरार्धमा आफ्नो नाम 'सुलभा' राख्नुभयो ।

मेलवादेवी त्यहाँका विभिन्न स्थानमा गीत सङ्गीत बजाउन तथा सिकाउन जानुहुन्थ्यो । शास्त्रीय सङ्गीत पनि सिकाउनु हुन्थ्यो । आफ्नो जीवन निर्वाह र छोरीहरूको लालनपालनका लागि कलकत्ताको मारवाडी बालिका विद्यालयमा सङ्गीत शिक्षकका रूपमा पनि काम गर्न थाल्नुभयो । छोरीहरूलाई पनि सोही स्कूलमा भर्ना गरेर पढाउन थाल्नुभयो । छोरीहरूले त्यही विद्यालयबाटै शिक्षा हासिल गरे र छोरीहरूको बिहेवारी भयो ।

कलकत्ता पुगेपछि उहाँले आफूलाई स्वतन्त्र भएको महसुस गर्नुभयो, त्यही भएर गीतसङ्गीतको यात्रालाई झन् छोड्नुभएन । तर छोरीहरूको बिहेपछि उहाँ एक्लो बन्नुभयो । कलकत्तामा एक्लो अवस्थामा पुगेपछि एक जना (रामचन्द्र गुप्ता) लाई धर्मपुत्र बनाउनु भएको थियो ।

२०१२ साल मंसिरमा मेलवाको निधन भयो । खाना पकाउने स्टोभ पड्किएर दुर्घटनामा परेर एकजना ऐतिहासिक व्यक्तित्वको निधन भयो । एक्लो भएका कारण छिमेकीहरूले भोलिपल्ट मात्रै जानकारी पाए । थाहा पाए लगत्तै अस्पताल पनि पुऱ्याए तर उहाँ जीवित नरहेको पुष्टि भयो । गाउँमा जन्मेर बाल्यकालमै काठमाडौँ आउनुभयो । राणाको दरबारमा बसेर सुखदुःखको जिन्दगी बिताउँदै कलकत्ता पुगेर स्टोभ पड्केर भएको दुर्घटना ज्यान गुमाउनुपऱ्यो ।

## अमर व्यक्तित्व

गीतसङ्गीतकै कारण मेलवादेवी अहिले पनि हामीमाझ अमर हुनुहुन्छ । मेलवादेवीले नेपालीसँगै नेपाल भाषा, हिन्दी, बंगालीलगायत भाषामा पनि गीत गाउनुहुन्थ्यो । उहाँ नेपाली गीतसङ्गीत क्षेत्रको एक ऐतिहासिक व्यक्तित्व भए पनि उहाँको बारेमा जति खोज अनुसन्धान हुनुपर्ने हो, त्यो भएको छैन । त्यसैले राज्य र अबको पुस्ताले खोज गर्नुपर्ने विषय

अझै धेरै छन् । जस्तैः उहाँको स्वर बिगार्न दरबारबाटै भएको अत्याचार, दरबारमै दरबारियाले दिएका दुःख र पीडा, दरबारमा आउने अरूले दिएको दुःखपीडाका कुरा ।

यस्ता खोजी कम्तीमा अध्ययन अनुसन्धानमा लाग्ने तथा विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू भए पनि लाग्नैपर्ने देखिन्छ । नेपालको महिला आन्दोलन र नेपालकै गीतसङ्गीत क्षेत्रले त झन् उहाँका बारेमा मतलब नै गरेको छैन भन्दा पनि फरक नपर्ला । तर उहाँको परिवारकै सदस्य छोरी विमला मानन्धर (दिक्षित), उहाँका धर्मपुत्र रामचन्द्र गुप्ता, मेलवादेवीलाई नजिकबाट चिन्नेहरू डा. प्रपन्नाचार्य, अनुसन्धानदाता सुवि शाह, रामशरण दर्नाल, मास्टर रत्नदास प्रकाश, नरेन्द्रराज प्रसाईं, रमेश चिन्तन लगायतले उहाँका बारेमा लेखेर इतिहास जोगाउने काम गरिरहनु भएको छ ।

## सन्दर्भ सामग्री

इतिहास (नारी जागरण अवस्था), लेखकः पुष्प प्रसाद लुईंटेल प्रकाशन शान्तादेवी प्रतिष्ठान ।

रेडियो नेपालको सामाजिक इतिहास, प्रकाशकः मार्टिन चौतारी काठमाडौं, पहिलो संस्करण २०६१ ।

नारी चुली, लेखक, नरेन्द्रराज प्रसाई. प्रकाशकः नई प्रकाशन मिति २०६३

प्रथम तथा अग्रज नेपाली महिला प्रकाशकः राष्ट्रिय महिला आयोग, प्रकाशन मिति २०६९ ।

रेडियो नेपालको 'अतितका गीत' कार्यक्रमको सामग्री ।

श्रोत व्यक्तिहरू. १) शान्ता श्रेष्ठ, नेपाली प्रजातान्त्रिक आन्दोलनकी अगुवा तथा रेडियो नेपालकी पूर्व कर्मचारी ।

२) स्नेहलता गुरूवाचार्य ओन श्रेष्ठ, नेपाली प्रजातान्त्रिक आन्दोलनको अगुवा तथा नेपाल महिला संघ, २००४ की संस्थापक महासचिव ।

●



साहित्य, राजनीति, स्वास्थ्य, सामाजिक सेवा हरेक जीवनमा सक्रिय बहुआयामिक व्यक्तित्व भद्रकुमारी घले प्रेरणाको श्रोत हुनुहुन्छ । जीवनको अधिकतम समय साहित्य सृजनाको बहुविधामा कलम चलाई नेपाली भाषा र साहित्यमा योगदान दिनुभएकी भद्रकुमारी घले भावी पुस्ताको निम्ति प्रेरणा र उदाहरणीय व्यक्तित्व हुनुहुन्छ ।

# भद्रकुमारीको बहुआयामिक व्यक्तित्व



● *प्रमिला विडारी सापकोटा*

बहुआयामिक व्यक्तित्वकी धनी भद्रकुमारी घलेले बाल्यकालमा नै रामायण, महाभारत तथा दुर्गा कवचजस्ता धार्मिक ग्रन्थहरू लय हालेर पढ्नुका साथै गाउँलेहरूलाई समेत भेला पारेर सुनाउने गर्नुहुन्थ्यो । यिनै धार्मिक ग्रन्थहरू वाचन गर्दागर्दै उहाँमा साहित्यप्रति झुकाव बढ्न गयो । साहित्यका विविध विधा तथा गीत लेखन, स्वास्थ्य सेवा, समाजसेवा तथा राजनीतिमा समेत सक्रिय घले ९१ वर्षको उमेरमा पनि विभिन्न सामाजिक कृयाकलापमा सक्रिय हुनुहुन्छ । उहाँ दैनिक भजन, कविता, निवन्ध लेख्ने तथा साहित्यिक पुस्तकको अध्ययन गर्दै साहित्यिक सृजनामा सक्रिय हुनुहुन्छ ।

## बाल्यकाल र शिक्षा

१९८८ साल फागुन १९ गते मङ्गलबार डिल्लीबजार,काठमाडौंमा जन्मनुभएकी भद्रकुमारी घलेका माता दिवङ्गत भक्तकुमारी घले र पिता दिवङ्गत कृष्ण बहादुर घले हुनुहुन्छ। उहाँका मातापिताका चार छोराछोरी मध्ये उहाँ माइली छोरी हुनुहुन्छ । काठमाडौंको डिल्लीबजारमा जन्मेको भए पनि उहाँको बाल्यकाल ओखलढुङ्गा जिल्लाको जरायोटार, अम्बोटेस्थित घले गाउँमा बितेको थियो। उहाँको आफ्नो बाल्यकाल हजुरआमाहजुरबाको विशेष हेरचाहमा बितेको पाइन्छ। उहाँका पिता तत्कालीन प्रधानमन्त्री पद्मशम्शेरको बैठके र माता भक्तकुमारी घरेलु उद्योगमा संलग्न भएकाले उहाँलाई रेखदेख गर्ने समय अभावका कारण उहाँलाई हजुरआमा हजुरबाको साथ ओखलढुङ्गामा राखिएको थियो। हजुरआमा हजुरबाको विशेष माया, ममतामा हुर्किएकी भद्रकुमारी घले बाल्यकालदेखि नै अत्यन्त मिलनसार तीक्ष्ण बुद्धिकी, तार्किक, सरल र जिज्ञासु स्वभावकी हुनुहुन्थ्यो। बाल्यकालमा सामान्य रोगी र पातलो शरीरकी भएकाले उहाँलाई कतिपयले 'लुरी' भनेर पनि बोलाउने गर्थे। जिज्ञासु र सरल स्वभावकी घले हठी र जिद्दी पनि हुनुहुन्थ्यो ।

तत्कालीन समयमा छोरीलाई पढाउन हुँदैन भन्ने प्रचलन रहेको भए पनि पिता कृष्ण बहादुर तथा मावली खलकका केही सदस्यहरू साक्षर भएकोले घलेको परिवार शिक्षाप्रति सचेत थियो । उहाँले मामाघरमा बसेर नेपाली वर्णमालाका साथै केही धार्मिक पुस्तकहरूको अक्षरारम्भ गर्नुभएको थियो । घलेका मामाहरू, उही उमेरका भएकाले पनि उहाँलाई पढ्न लेख्न सजिलो भएको थियो । उहाँ मामाहरूसँगै पढ्ने लेख्ने गर्नुहुन्थ्यो ।

त्यस समय उहाँको मामाघरमा रामायण, कृष्णचरित्र, महाभारत एवं दुर्गाकवच जस्ता धार्मिक ग्रन्थ पढ्ने चलन थियो । मामाघरको दुई बर्षे बसाईमा घले ती ग्रन्थहरू सर्रर पढ्न सक्ने हुनुभयो । ती ग्रन्थहरू पढेर प्रशंसा बटुलेकी घलेको शिक्षाप्रतिको मोह बढ्दै गयो ।

भद्रकुमारी घलेको औपचारिक शिक्षाको प्रारम्भ भारतको गोरखपुरस्थित गान्धी विद्यापीठबाट भए पनि केही वर्षको पढाइपछि नेपालमा नै आएर पद्मकन्या विद्याआश्रमबाट कक्षा ३ मा भर्ना भई आफ्नो अध्ययनलाई निरन्तरता दिनुभयो । तत्कालीन श्री ५ को सरकारले जेहेन्दार विद्यार्थीहरूका लागि भारतका विभिन्न विद्यालयहरूमा छात्रवृत्तिमा पढ्न पठाउने कार्यक्रम अन्तर्गत तुलसी मेहरको सिफारिसमा घलेले पनि अवसर पाउनुभयो । पद्मकन्या स्कुलको केही वर्षको अध्ययनपश्चात् थप अध्ययनका लागि छात्रवृत्ति कोटामा भारतको गान्धी आश्रम पुग्नुभयो । गान्धी आश्रम बर्धाबाट विनिता, काशी विद्यापीठ बनारसबाट प्रमाणपत्र तह (आइ.ए.) र यसै कलेजबाट शास्त्री तथा गान्धी स्मारक ट्रष्ट कस्तुरवाबाट प्रसुती सेविकासम्मको उच्च शिक्षा हासिल गर्नुभयो ।

## साहित्यिक रुझान

भारतमा अध्ययनका क्रममा वसन्त पञ्चमीको अवसरमा साङ्गीतिक कार्यक्रमको आयोजना गर्दा उहाँले गीत रचना गरेको र त्यहाँ अध्ययन गर्ने उहाँका साथीको समूहले सोही गीत प्रस्तुत गरेको थियो । यसैगरी उहाँले अखिल भारतीय सम्मेलन, कस्तुरी ट्रष्ट तथा गान्धी आश्रमजस्ता विभिन्न

ठाउँमा भएका कार्यक्रमहरूमा दर्जनौं गीतहरूको रचनाका साथै प्रस्तुत गरेर चर्चा, परिचर्चा बटुल्नु भएको थियो। साहित्य सृजनाको क्रममा उहाँका कविता, कथा र नाटक 'ज्योति' नामक हिन्दी भाषाको त्रैमासिक पत्रिकामा प्रकाशित भएको थियो। भारतमा अध्ययन गर्दा नै साहित्य यात्रामा लाग्नुभएकी भद्रकुमारी घले महाकवि लक्ष्मी प्रसाद देवकोटा, डायमण्ड शमशेर राणा, हरिभक्त कटुवाल, शरद्चन्द्र शाह, हेनरी, स्वेट मार्डेनजस्ता स्वदेशी तथा विदेशी श्रष्टाहरूका रचनाहरू अध्ययन गरेर प्रभावित हुनुभएको थियो।

उहाँले २०४५ सालमा 'भावना' शीर्षकको कविता सङ्ग्रह सर्वप्रथम प्रकाशन गराउनुभएको थियो भने पछि 'कल्पना', 'उपहार', 'मेरा जीवन्त कविता', 'अस्तित्व'जस्ता दर्जनौं कविता सङ्ग्रह प्रकाशन गर्नुभयो। यस्तै, 'समय दृष्टी', 'राजसंस्थाप्रति नेपालीको आस्था', 'सृष्टीको धरोहर नारी', 'आइमाई हिजो आज भोलि', 'आजको मेरो मन', 'अहिलेको परिस्थिति', 'बुढ्यौलीको सम्झौटो', 'बुढ्यौलीको गन्थन'जस्ता दर्जनौं निवन्ध सङ्ग्रह प्रकाशन गर्नुभएको छ। यस्तै,'नारीको ब्यथाको कथा', 'शक्तिरूपा नारी' र 'मेरा सहयात्री' गरेर तीन कथा सङ्ग्रह तथा केही गिती नृत्य नाटिका शीर्षकको गितीनाटक सङ्ग्रह, २०७ शीर्षकको गजल सङ्ग्रह, 'देशको नशा' शीर्षकको मुक्तक सङ्ग्रह, साथै महाकाव्य पनि प्रकाशित गराएर उहाँले साहित्यको बहुविधामा कलम चलाउनुभएको देखिन्छ।

चित्रकलामा पनि राम्रो दख्खल राख्ने भद्रकुमारी घलेले थुप्रै उत्कृष्ट चित्रहरू सृजना गर्नुभएको छ। पटक पटक गरी विभिन्न समयमा देश र विदेशमा पनि उहाँको एकल तथा सामूहिक चित्रकला प्रदर्शनी भएका छन्। तत्कालीन राजा महेन्द्र शाह, वीरेन्द्र शाह, तत्कालीन रानी ऐश्वर्य शाहलगायतबाट उहाँको चित्रकला प्रदर्शनीको उद्घाटन भएको थियो।

## राजनीतिमा भद्रकुमारी

जनकपुर अस्पतालमा नर्सको भूमिका मार्फत बिरामीको सेवा गर्दा गर्दै भद्रकुमारीले २०१८ सालमा पञ्चायती राजनीतिमा प्रवेश गर्नुभयो। यसै

क्रममा २०२० सालमा जनकपुर अञ्चलबाट नेपाल महिला सङ्गठनको प्रतिनिधिको हैसियतले राष्ट्रिय पञ्चायतको सदस्यमा निर्वाचित हुनुभयो । यसपछि क्रमशः २०२३, २०३१ र २०३६ सालमा सिन्धुली जिल्लाबाट जिल्ला प्रतिनिधिका रूपमा निर्वाचित हुनुभएको थियो । यसरी राजनीतिमा सक्रिय रहेकै समयमा उहाँ करिब २ वर्ष श्रम तथा समाज कल्याण राज्यमन्त्रीसमेत हुनुभएको थियो । उहाँ मन्त्री हुँदा महिला, श्रमिक, निम्न वर्ग तथा कृषकको हकहित र क्षमता अभिवृद्धिका लागि सिप विकासका विभिन्न तालिमहरू चलाउनुभएको थियो । उहाँले श्रमिकहरूको सिप विकास तथा उच्च शिक्षाका निम्ति सिप विकास विश्वविद्यालय सञ्चालनका लागि मन्त्रीमण्डलबाट पास गराउनुभएको थियो तर त्यो लागू भएन ।

२०४६ सालपछि नेपाल जनजाति पार्टी नामक राजनीतिक पार्टीको स्थापना गरेर राजनीतिमा सक्रिय हुनुभयो । यसै क्रममा २०५६ सालमा तत्कालीन राजसभाको सदस्यमा नियुक्त भएकी घले झण्डै ३ दशक समय राजनीतिमा सक्रिय हुनुभएको देखिन्छ ।

**समाजसेवी भद्रकुमारी**

गान्धी आश्रममा पढ्दाको विद्यार्थी जीवनमा नै समाजसेवाप्रति आकर्षित घले गरिब, असहाय, बालबालिका, महिला, विधवा, बृद्धबृद्धा, दलित, जनजाति अपाङ्ग तथा समाजले उपेक्षा गरेको वर्गहरूको सहयोगीको भूमिकामा रहेर समाज सेवामा सक्रिय रहेको देखिन्छ । सामाजिक सेवाको सुरुवाती क्रममा उहाँले देशभरबाट पिछडिएको क्षेत्र आर्थिक रूपमा विपन्न छोराछोरीलाई एस.एल.सी.पछिको थप शिक्षाका लागि हरेक वर्ष २५ परिवारबाट २५ जना विद्यार्थीको शैक्षिक शुल्क, खान, लाउन, बस्न, स्वास्थ्यलगायत खर्च आफैंले व्यहोरेर सामाजिक काममा हात हाल्नुभएको थियो ।  यही समाजसेवामा सक्रिय रहने क्रममा उहाँले भद्रकुमारी घले सेवा सदन नामक संस्थाको स्थापना गरी अध्यक्षको रूपमा अनगिन्ती सेवामुखी कार्य गर्दै आउनुभएको छ । यही कार्यलाई अगाडि बढाउने

क्रममा अरूले स्थापना गरेको कयौँ संघसंस्थाहरूमा अक्षयकोष पनि स्थापना गराउनुभएको छ ।

## पुरस्कार तथा सम्मान

भद्रकुमारी घलेले नेपाली भाषा एवं साहित्यमा अतुलनीय योगदान दिनुभएको छ । जीवनको महत्त्वपूर्ण समय नेपाली साहित्यको बहुविधामा कलम चलाउनुभएकी  घलेले राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा सम्मान तथा पुरस्कार प्राप्त गर्नुभएको छ । उहाँले गोर्खा दक्षिणबाहु दोश्रो, दैवी प्रकोप पदक, वीरेन्द्र ऐश्वर्य पदक, रत्नश्री हिरक पदक, गद्दी आरोहण पदक, स्वर्ण जयन्ती पदक, सेवा पदक प्राप्त गर्नुभएको छ । काठमाडौँ महानगर विकास क्षेत्रबाट भएको कविता प्रतियोगितामा स्वर्ण पदक र रजत पदक समेत प्राप्त गर्नुभयो । उहाँले जापानको माथिल्लो र दोश्रो सदनको मानार्थ सम्मान प्राप्त गर्नुभएको छ। यस्तै, उहाँको ७५ औँ जन्मदिनको अवसरमा ७५वटै सङ्घसंस्थाहरूले प्रमाणपत्रसहित सामूहिक अभिनन्दन गरेका थिए । यीलगायत विभिन्न सङ्घसंस्थाबाट घले सम्मानित हुनुभएको छ ।

## भ्रमण

भ्रमण गर्न अधिक रुचाउने घलेले नेपालका प्रायः सबै ठाउँ घुमिसक्नुभएको छ भने भारत, जर्मनी, स्विजरल्याण्ड, बेल्जियम, फ्रान्स, बेलायत, जापान, मङ्गोलिया, रसिया आदि राष्ट्रहरूको भ्रमण पनि गरिसक्नुभएको छ ।

यसरी साहित्य, राजनीति, स्वास्थ्य, सामाजिक सेवा हरेक जीवनमा सक्रिय बहुआयामिक व्यक्तित्व भद्रकुमारी घले प्रेरणाको श्रोत हुनुहुन्छ । जीवनको अधिकतम समय साहित्य सृजनाको बहुविधामा कलम चलाई नेपाली भाषा र साहित्यमा योगदान दिनुभएकी भद्रकुमारी घले भावी पुस्ताको निम्ति प्रेरणा र उदाहरणीय व्यक्तित्व हुनुहुन्छ ।

●



म्यानमारकी प्रजातन्त्रवादी नेतृ आङ्साङ् सुकीसँग सानै हुँदादेखि उहाँको सम्बन्ध थियो । धम्मावति नेपाल आएपछि पनि पटक पटक सुकी नेपाल आइरहनुहुन्थ्यो, भेट भइरहन्थ्यो । उहाँ पनि सुकी २२ वर्ष नजरबन्द पर्दा पटक पटक भेट्न जानुहुन्थ्यो । उहाँलाई म्यानमार सरकारको तर्फबाट कुनै छेकबार थिएन ।

# सबैकी आदरणीय गुरुमां, धम्मावति गुरुमां



● *अमिका राजथला*

दुःख छ, दुःखको कारण छ, दुःखको अन्त्य हुन सक्छ र अष्टाङ्गिक मार्गको अवलम्बनले दुःखको अन्त्य गर्न सकिन्छ, बौद्ध जगत्मा चार आर्यसत्य भनिने कुरा धर्म-दर्शनको आधारभूत पक्ष हो। अर्थात् दुःख सत्यमा नै बौद्ध-दर्शनले चिन्तन र साधना गर्दछ। दार्शनिक अर्थमा दुःखको अर्थ बेग्लै भएको पाटन निवासी एक किशोरी उपासिका गणेशकुमारी शाक्यलाई थाहा भए पनि व्यावहारिक जीवनमा उनको दुःख चाहेर पनि लेखपढ गर्न नपाउनु भइरहेको थियो।

तत्कालीन अवस्थामा छोरी मान्छेले चाहेर पनि पढ्न नपाउने, छोरीलाई हरेक कुरामा विभेद गरिने अवस्थाबाट मुक्ति पाउने एउटै उपाय शिक्षाको खोजीमा रहेकी गणेशकुमारी शिक्षाका लागि आर्थिक रूपमा सम्पन्न आफ्नो परिवार त्यागेर बर्मा जानुभयो। बर्माका भिक्षु धम्मावुद्धसँग पाटनको एक विहारमा भएको छलफलका क्रममा किशोरी गणेशकुमारीले "चाहेर पनि शिक्षा पाउन नसक्नु दुःख हो" भन्नुभएको थियो। गणेशकुमारीको यही 'दुःख' निराकरण गर्न सहयोगी बन्नुभएको थियो बर्माबाट आउनु भएका भिक्षु, धम्मावुद्ध। शिक्षा तथा समाजको सम्बन्धमा भिक्षु धम्मावुद्धसँग एक विहारमा भएको छलफलमा दुःखको अर्थ पहिल्याउने क्रममा उहाँको एउटै उत्तरले उहाँलाई बर्मातिर डोऱ्याएको थियो। शिक्षा नपाउनलाई नै दुःखका रूपमा बुझ्ने गणेशकुमारी अरू कोही नभएर सयौँ गुरुमांहरू( अनगारिका-गृहस्थ जीवन त्यागेर विहारमा गई बौद्ध धर्मको अभ्यास गर्ने महिलाहरू)की गुरुमां भिक्षुणी धम्मावति हुनुहुन्छ। उहाँको त्याग र अध्ययनको फल हो- 'शासनधजधम्मचरिय' उपाधि।

आमा हेराथकुं तथा बुबा हर्षमान शाक्यका एक्ली छोरी गणेशकुमारी शाक्यको १९९१ साल असार पूर्णिमाका दिन उकुबहाल (रुद्रवर्णमहाविहार), पाटनमा जन्म भएको थियो। बुबा भाँडाकुँडाका व्यापारी हुनुहुन्थ्यो भने

आमा हेराथकुं गृहिणी। विहार परिसरमै हुर्किनुभएकोले गर्दा उहाँमा बौद्धसंस्कार थियो। महायान बुद्धधर्म मान्ने परिवारमा हुर्कनुभएकी गणेशकुमारी शाक्यलाई पढ्ने हुट्हुटी बाल्यकालदेखि नै थियो। तर देश र समाज यस्तो थियो कि महिलाहरूले पढ्ने त टाढाको कुरा थियो। तत्कालीन अवस्थामा सर्वसाधारण पुरुषहरू पनि पढ्न पाउँदैन थिए।

उहाँले तीन जना राणा प्रधानमन्त्री पद्म शमशेर, जुद्ध शमशेर र मोहन शमशेरलाई देख्नुभयो, भोग्नुभयो। मोहन शमशेरका पालामा २००७ सालमा प्रजातन्त्र आयो। तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत भ्रमण गरेर फर्केपछि नेपालमा औपचारिक शिक्षाको महसुस गरेर आफ्नो परिवारका लागिदरबार हाइस्कुल १९१० सालमा स्थापना भएको थियो। १९५८ सालदेखि सर्वसाधारणका छोराहरूलाई पढ्न दिइए पनि छोरीहरूका लागि देशभित्र पढ्ने विद्यालय, वातावरण दुबै थिएन। तत्कालीन समाज तथा राणाहरूले नै महिलाहरूले सात अक्षर (नमो बागिस्वराय, यसलाई तत्कालीन अवस्थामा अक्षरारम्भको प्रारम्भिक चरण मानिन्थ्यो।) सिक्यो भने छोरीहरू बिग्रन्छ भन्थे। छोरीले पढ्न नपाउने मात्र होइन, पढ्नै हुँदैन भन्थे। त्यसबेला नेपालको मान्छे कहीँ जानुहुँदैन, बाहिरको मान्छे पनि यहाँ आउँनुहुँदैन भन्ने मान्यता थियो। काठमाडौँ उपत्यकामा अरू विदेशी त टाढाको कुरा, छिमेकी देशका भारतीयहरू पनि थिएनन्। नेवारहरू मात्र स्थानीय बासिन्दा थिए। घरघरमा अहिलेजस्तो ताल्चा लगाउनु पर्दैनथ्यो। चोर पनि थिएन, चोरी भनेकै हुँदैनथ्यो। कुकुर पस्ला भनेर मात्रै ढोका बन्द गरिन्थ्यो, 'खगो' (चुकुल)मात्र लगाइन्थ्यो। धर्म पनि हिन्दु धर्ममात्र मान्नुपर्छ, अरू धर्म मान्नु हुँदैन भनिन्थ्यो। बौद्ध धर्म दर्शनबाट प्रभावित भएर बौद्ध भिक्षु बनेका महाप्रज्ञा तथा अन्य भिक्षुहरूलाई पहिलो पल्ट तत्कालीन सरकारले देश निकाला गऱ्यो। फेरि दोस्रो पल्ट भिक्षुहरू प्रज्ञानन्द, कुमार कश्यपलगायत सात जनालाई देश निकाला गरिएको थियो। अन्य उपासक उपासिकाहरूलाई पनि अनेकौँ खालका दण्ड सजाया दिइएको थियो। बुद्ध धर्म तथा बौद्धजनलाई तत्कालीन राणा शासकले राम्रो नजरले हेर्दैनथे। तत्कालीन नेवार बौद्ध समाजमा

महायान बौद्धधर्मअन्तर्गत बज्रयान प्रचलित थियो तर यो धर्मदर्शनको अध्ययन तथा अभ्यासमा भन्दा कर्मकाण्ड र पूजाआजामा सीमित हुन पुगेको थियो । एक हिसाबले भन्ने हो भने बौद्धधर्मसम्बन्धी ज्ञान लिने तथा दिने प्रकृया सुसुप्त अवस्थामा थियो । तर उहाँ विस्तृत ज्ञान प्राप्त गर्न चाहनुहुन्थ्यो । तर कसरी ??

## धम्मावुद्धसँगको भेट

तत्कालीन अवस्थामा शिवरात्रीका बेला भारतीयहरूलाई एक हप्ताका लागि नेपाल आउँने स्वीकृति दिइन्थ्यो । शङ्खमूल, पशुपतिका धर्मशालामा ती विदेशीलाई बस्न खान दिइन्थ्यो । सात दिनपछि सबैलाई फर्काइन्थ्यो । त्यही शिवरात्रीको मौका पारेर बर्माका ठुलो भन्ते धम्मावुद्ध आउनुभएको थियो । धम्मावुद्धसँग गणेशकुमारीको भेट पाटनको एक विहारमा भयो । भेटका क्रममा भिक्षुले 'बर्मामा बौद्ध धर्म निःशुल्क पढ्न पाइने, महिला पुरुषमा विभेद नहुने' कुरा बताएपछि उहाँलाई पनि बर्मा नै जाऊँ जाऊँ लाग्यो । बौद्ध धर्मको अध्ययनपछि धम्मावति गुरुमांलाई प्रव्रज्या पनि धम्मावुद्धले नै दिनुभएको हो ।

गणेशकुमारीले नेपालमा हुँदै लुकीलुकी पालि भाषा सिक्नुभएको थियो । कोबहालका बुद्धघोष भन्ते बर्मा गएर बुद्ध धर्म सिकेर आउनुभएकाले उहाँलाई पालि भाषा आउँथ्यो, उहाँबाटै धम्मावतिले अलिअलि सिक्नु भएको थियो । बुद्धघोष भन्ते जापान–बर्मा युद्ध सकिएपछि नेपाल फर्किनुभएको थियो । धम्मावुद्ध भन्ते पनि पालि भाषा जान्ने हुँदा उहाँसँग धम्मावतिलाई बुद्ध धर्म सिक्न सजिलो भयो । उहाँ भन्नुहुन्छ, 'म पनि बर्मी भाषा नबुझ्ने, भन्ते पनि नेवार भाषा नबुझ्ने हुँदा पालि भाषा हाम्रो सम्पर्क भाषा बन्यो ।'

## यात्राः शैक्षिक ओजको

शिक्षा प्राप्तिका लागि छोरीलाई स्वतन्त्रता दिइनुपर्छ र मानिस आफैँ सभ्य पनि हुनुपर्छ भन्ने मान्यता राख्नुहुने गणेशकुमारी बौद्ध शिक्षा प्राप्तिका

लागि धम्मावुद्धसँग बर्मा जाने योजना बन्यो । नेपालको नियमअनुसार भिक्षु फर्किसक्नुभएको थियो, कुशीनगर (भारत)का लागि । भिक्षु फर्किनुभएको एक महिना पछि भिक्षु अश्वघोषकी आमा, अरू दुई जना महिला साथी र गणेशकुमारीका दाजु पनि जाने हुनुभयो बर्मा । अघिल्लो दिन नै आफूलाई चाहिने सबै गुन्टा कसियो । कुशीनगर तथा बर्मा जाने बारेमा आमालाई थाहा थियो, बुबा बेखबर हुनुहुन्थ्यो । आमा छोरीको बौद्ध शिक्षा प्राप्त गर्ने उत्कट चाहनामा रोकावट बन्न चाहनुभएन । छोरी निस्कन राति खस्याकखुसुक गरेको थाहा पाएर पनि आमा हेराथकुं थाहा नपाएजस्तो गरेर बसिदिनुभयो । राति नै एकजना भरिया लगाएर उहाँहरू घर छोडेर हिँड्नुभयो, पाटनबाट चन्द्रागिरीको उकालोतिर । त्यतिबेला काठमाडौंबाट बाहिर जान र बाहिरबाट काठमाडौँ आउँन पासपोर्ट चाहिन्थ्यो तर उहाँसँग पासपोर्ट थिएन । तथापि उहाँ चन्द्रागिरीको उकालो र पासपोर्ट नहुँदाको समस्यामा रोकिनुभएन । चन्द्रागिरीको उकालो पुग्दा उज्यालो भइसकेको थियो । चारजना महिलाहरूले खुरुखुरु गौँडा पार गरे तर उहाँको दाजु भने पछि परेको भरियासँग भएकाले पछि नै पर्नुभयो ।

यता घरमा छोराछोरी निस्केको खबरले खैलाबैला भयो । उहाँका बुबा हर्षमानको ठुला व्यापारीहरूसँग सम्पर्क रहेको र तत्कालीन अवस्थामा पनि व्यापारीहरूसँग फोन भएकाले गर्दा बुबाले चन्द्रागिरी डाँडाको गौँडामा फोन गरेर छोरालाई रोक्नुभयो । तर गणेशकुमारीहरू गौँडा पार गरेर गईसकेकाले रोकिनु परेन, फर्कनुपरेन-जानुभयो ।

चन्द्रागिरी चढेर भिमफेदीसम्म पैदल नै जानुभयो । भिमफेदीका द्वारिका प्रसाद साहुले भिमफेदीबाट कुशीनगरसम्म नै पुऱ्याइदिनुभयो । भिमफेदीदेखि रक्सौलसम्म गाडीबाट र रक्सौलबाट रेलमा जानुभयो । कुशीनगरमा उहाँहरूको भेट भिक्षु धम्मावुद्धसँग भयो । कुशीनगरमा बस्दाबस्दै नै उहाँले दीक्षा ग्रहण गरेर अनगारिका बन्नुभयो । कुशीनगर हुँदै भारतका विभिन्न ठाउँमा आठ महिनासम्म बसेर पनि उहाँले नेपालको पासपोर्ट पाउँन सक्नुभएन, बर्माका लागि भिसा पाउन सक्नुभएन । थुप्रैदिन

कुर्दा पनि भिसा पाउन नसकेपछि अरू नेपालतिरै फर्किए तर उहाँ धैर्य गरेर बस्नुभयो । भिक्षु धम्मावुद्धले उहाँलाई भारतका विभिन्न बौद्ध धाम घुमाएर कलकत्ता हुँदै आसामको एक विहारमा लैजानुभयो । चन्द्रागिरीबाट नै फर्किएका दाजु पछि उहाँलाई खोज्दै कलकत्ता पुग्दा गणेशकुमारी आसाम पुगिसक्नु भएको थियो । बुद्धका चार संवेजनीय स्थलमध्येका प्रमुख स्थलहरू बोधगया, सारनाथ, कुशीनगर, वैशालीलगायतका ठाउँमा जाँदा पनि त्यहाँ बुद्धधर्म सिकाउने कोही नहुँदा उहाँको बर्मातिरै जाने उद्देश्यमा कुनै परिवर्तन आएन । भारतकै यी ठाउँहरूमा बसूँ जस्तो पनि लागेन ।

वर्तमानमा उल्लेखित ठाउँहरू गुलजार भए पनि तत्कालीन अवस्थामा उजाड भएकाले पनि उहाँले भारत बस्ने सोच गर्नुभएन । जङ्गल जङ्गलै बर्माका लागि हिँड्ने क्रममा जङ्गली जनावर, सर्पजस्ता डरलाग्दा जनावर देखिए पनि उहाँ डराएर घरै फर्कने कोसिस गर्नुभएन, अगाडि बढ्नुभयो । जाने क्रममा धेरै दुःख भयो तर दुःखको रूपमा लिनुभएन । उहाँका लागि दुःख भनेकै छोरी मान्छेले समान रूपमा शिक्षा पाउन नसक्नु थियो । जङ्गलबाट जाने क्रममा पनि खानबस्न समस्या थिएन । बर्माबाट हात्तीको व्यापार गर्न भारत आएकाहरूको समूहमा लागेर गएकाले पनि खासै समस्या भएन ।

उहाँहरू बर्माको मिचिना भन्ने ठाउँमा पुग्नुभयो । नेपालबाट गएको एक वर्षमा मात्र उहाँ बर्मा पुग्नुभयो । नेपालीहरूको पनि बसोबास भएको उक्त ठाउँमा पुग्दा कतिपय नेपालीहरूले नेपाली महिला आइन् भनेर हेर्न आए भने त्यहीँ कतिपयले भिक्षुलाई नेपाली महिला बेच्न ल्याएको भनेर आरोप लगाए । भिक्षुले आफ्नो आधिकारिकतासहितको कागजपत्र देखाउनुभएपछि झमेलाबाट मुक्त हुनुभयो । तर, धम्मावति गुरुमां अनधिकृत रूपमा बर्मा प्रवेश गरेको भन्दै पक्राउ पर्नुभयो । दुई महिनासम्म मुद्दा झेल्दै त्यहीँ बस्नुभयो । पछि फैसलाका लागि हवाईजहाज चढाएर रङ्गुन लगियो ।

रङ्गुनमा धार्मिक शिक्षा प्राप्तिका लागि बस्न पाउने भएपछि उहाँ दत्तचित्त भएर अध्ययनमै लाग्नुभयो, बस्नुभयो ।

पालि भाषामा रहेको बौद्धशिक्षा बर्मेली भाषाका माध्यमबाट बुझाइन्थ्यो । स्थानीय परिवेशमा उहाँ यति घुलमिल हुनुभयो कि मातृभाषा नेपाल भाषासमेत बोल्न नसक्ने हुनुभयो । एकपल्ट नेपालबाट भिक्षु अमृतानन्द बर्मा जानुभएको थियो, त्यति बेला उहाँले नेपाल भाषामा बोल्नै सक्नुभएन । उहाँमा नेपाल भाषाको व्यवहारिकता तथा अभ्यासको कमीले गर्दा भिक्षुले नेपाल भाषामा बोलेको कुरा बभ्मनुहुन्थ्यो तर नेपाल भाषाबाट विरत भएको जिब्रोले आवाज निकाल्न साथ दिएन ।

**धम्मावतिका रहर लाग्दा मानपदवी**

१४ वर्षसम्म बौद्धशास्त्र अध्ययन गरेर'शासनधजधम्मचरिय' उपाधि पाउने पहिलो विदेशी हुनुभयो । पुरुषले पनि सहज रूपमा पाउन नसक्ने उक्त उपाधि महिलाले पाएको भन्दै धेरैबाट प्रशंसा भयो । १४ वर्षको उमेरमा शिक्षाको प्यास मेटाउन बर्मा जानुभएकी किशोरी गणेशकुमारी धम्मावति गुरुमां बनेर १४ वर्षपछि नेपाल फर्कनुभयो । उहाँलाई धम्मावुद्ध भन्तेले नै प्रव्रज्या (दीक्षित) गर्नुभएको थियो । यो १४ वर्षमा उहाँले बर्माका थुप्रै ठाउँ घुम्नुभयो तर मलमिन भन्ने ठाउँमा धेरै बस्नुभयो । कारण-त्यहाँको वातावरण । एकातिर पहाड र अर्कोतिर समुन्द्र भएको उक्त ठाउँमा पहाड हेर्दा नेपालजस्तै लाग्थ्यो भने समुद्र देख्दा बर्मामा छु भन्ने महसुस हुन्थ्यो उहाँलाई ।

म्यानमारमा रहँदा धम्मावति गुरुमांलाई म्यानमारका राष्ट्रपति उ ताँ स्वेले सन् १९९२ जनवरी ४ मा 'अग्गमहागन्थवाचक पण्डित'(अग्रमहाग्रन्थवाचक पण्डित) उपाधि प्रदान गर्नुभएको थियो । बर्मामा जाँदा उहाँलाई बर्मा सरकारका तर्फबाट एयरपोर्टमा रातो कार्पेटसहितको स्वागत गरिन्छ । उहाँलाई नेपाल सरकारको तर्फबाट पनि २०५६ साल कार्तिक ६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट सम्मान गरिएको

थियो । उहाँ बर्मा बसेर नेपाल नै फर्किनुभयो, आफूले प्राप्त गरेको ज्ञान बाँड्नुपर्छ भनेर । नेपाल आउँदा बर्माको गुरुमां दो गुणवती पनि सँगै आउनुभएको थियो ।

**धम्मावतिको नेपाल आगमन**

बर्माबाट फर्किएपछि धम्मावति गुरुमां आमाबुबालाई भेट्न जानुभयो तर केही समय त चिन्नै सक्नुभएन । नेपाल फर्किएपछि पनि घरमा नभई कहिले कुन विहार कहिले कुन विहारमा बस्न थाल्नुभयो । पछि बुबाले श्रीघःमा आठ आना जग्गा किनेर विहार बनाइदिनुभयो । विहारमा सुरुमा बच्चाहरूलाई आकर्षित गरी तिनै बच्चाहरूमार्फत् आमाहरूलाई विहारमा ल्याई बुद्धपूजालगायतका काममा सरिक गराउनुभयो । तर युवा वर्ग न पूजामा सरिक हुन्थे न बच्चाहरूको कक्षामा । युवावर्गलाई आकर्षित गर्न 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' गठन गर्नुभयो । गृहस्थ युवाहरूलाई आकर्षित गर्न तथा बुद्धधर्म प्रचारप्रसार गर्न अध्ययन गोष्ठी सफल भयो ।

**गुरुमाँसँग आङ् साङ् सुकीको सम्बन्ध**

म्यानमारकी प्रजातन्त्रवादी नेतृ आङ्साङ् सुकीसँग सानै हुँदादेखि उहाँको सम्बन्ध थियो । धम्मावति नेपाल आएपछि पनि पटक पटक सुकी नेपाल आइरहनुहुन्थ्यो, भेट भइरहन्थ्यो । उहाँ पनि सुकी २२ वर्ष नजरबन्द पर्दा पटक पटक भेट्न जानुहुन्थ्यो । उहाँलाई म्यानमार सरकारको तर्फबाट कुनै छेकबार थिएन, भेट्न दिइन्थ्यो ।

२०७१ सालमा तत्कालीन प्रधानमन्त्री सुशिल कोइरालाको निमन्त्रणामा सुकी नेपालको भ्रमणमा आउनुभयो । सुकी अर्कै कार्यक्रममा आए पनि धम्मावति गुरुमांलाई भेट्न धर्मकीर्ति विहारमै जानुभयो । सुकीले सँगै जाने हो ? भनेर पनि सोध्नुभयो तर उहाँले भन्नुभयो, 'जान्न भनैं, अब धेरै घुमफिर गर्न सकिन्न ।'

राजनीतिक कारणले म्यानमारको सैन्य सत्ताबाट लामो समय आफ्नै घरमा नजरबन्दमा राखिनु भएकी उहाँ विश्वका चर्चित व्यक्तित्व मध्ये एक हुनुहुन्छ। बाह्य संसारमा दिनहुँ बढिरहेको लोकप्रियता र नजरबन्दबाट मुक्त गर्नका लागि चारैतिरबाट परेको दबाबको फलस्वरूप नजरबन्द हटाइएपछि उहाँले विभिन्न देशको भ्रमण गर्नुभयो। नेपाल भ्रमण पनि त्यहिबेला भयो। उतै बसेर पनि विभिन्न प्रसङ्गमा विभिन्न व्यक्तिसँग उहाँले नेपालसँगको आफ्नो साइनो बरोबर उल्लेख गर्नुहुन्थ्यो। नेपाल बसाइका क्रममा भएको धर्मकीर्ति विहार र भिक्षुणी धम्मावतिसँगको सानिध्य त बिर्सिनसक्नुको क्षण नै रहेछ। नेपाल भ्रमणका क्रममा विहारमा पनि आउने र गुरुमांसँग भलाकुसारी गर्ने उहाँको धोको रहेछ। उहाँको विहारमा भ्रमण गर्ने जानकारीले विहारसम्बद्ध उपासक उपासिकालगायत अन्यबौद्धहरूलाई पनि उत्साहित बनाएको थियो।



तत्कालीन प्रधानमन्त्री सुशिल कोइराला भुटान जानुहुँदा नेतृ सुकीलाई नेपाल भ्रमणको निम्तो दिनु भएको थियो। आङ् साङ् सुकी नेपाल पुग्नुभएकै दिन प्रधानमन्त्रीले उहाँको सम्मानमा दिनुभएको रात्रीभोजमा धर्मकीर्ति विहारका उपासक उपासिकालाई पनि निम्त्याइएको थियो। रात्रीभोजमा नेपालका प्रायः शीर्ष नेताहरूको उपस्थिति थियो। सुकी हलभित्र पसिसक्नुभएको थिएन। सबै उहाँकै पर्खाइमा थिए। वातावरण अति औपचारिक थियो। सुकी हलभित्र पस्नुभएपछि त्यहाँ एक प्रकारको रौनक सिर्जना हुनु स्वाभाविक नै थियो। उत्तिनै खेर फोटोग्राफरहरू सुकीतर्फ झुम्मिन गए। कुरा गर्न चाहनेहरू पनि त्यसरी नै झुम्मिए। झुम्मिनेहरू धेरै भएपछि सबैले कुरा गर्न पाऊन् भन्ने हेतुले सबैलाई पङ्क्तिबद्ध गरिदिए। धर्मकीर्ति विहारका उपासक उपासिकाले पालो आएपछिसबैले एकै चोटी परिचय दिए,"हामी धर्मकीर्ति विहारबाट आएका, धम्मावति गुरुमांका शिष्य-शिष्या।" कुरा सुन्ने बित्तिकै उहाँको अनुहारमा अर्कै खालको उमङ्ग छाएको थियो। तत्कालै उहाँले आफूसँग उभिएका सोसियलिष्ट डेमोक्रेटिक इन्टरनेसनलका महासचिव लुइस लायलालाई भन्नुभयो, "म नेपालमा बस्दा धर्मकीर्ति विहारमा जान्थैँ भिक्षुणीहरूसँग ... ।" र फेरि उपासक उपासिकासगँ फर्केर सौम्य मुस्कान दिँदै भन्नुभयो, "म तपाईंहरू कहाँ आउँदैछु।" धर्मकीर्ति विहारको स्थापना २०२२ सालमा भएको थियो।

एक पल्ट कसैले सुकीसगँ सोधेका थिए, "तिमी यत्रो वर्षसम्म घरमा नजरबन्द भएर पनि विचलित भएनौ, यो कसरी सम्भव भयो ?" त्यो जिज्ञासाको सहज जवाफ थियो, "नेपाल बसाइका बेला भिक्षुणी धम्मावतिको सानिध्यमा बस्न पाएको थिएँ। गुरुमांले उतिबेला सिकाउनुभएको बौद्धशिक्षा नै मेरो जीवन दर्शन भयो र यही जीवन दर्शनबाट यी सबै कुरा सम्भव भयो।"

नेपाल बस्ने गुरुमांको स्वास्थ्य स्थिति बिग्रेको समाचारले शिष्या सुकीलाई विचलित बनाउँथ्यो। नेपालतर्फ आउन लागेका कोही म्यानमारवासी

भेट्दा 'धम्मावति गुरुमांको स्वास्थ्यबारे सोधेर पठाएको छु' भनी खबर पठाउन उहाँ भुल्नुहुन्नथ्यो । भूगोलको दुई बेग्लै भागमा रहने यी दुईलाई जोड्ने कडी तथागत सम्यक् सम्बुद्धको सद्धर्म हो ।

बुद्धको लोक कल्याणकारी 'बहुजन हिताय बहुजान सुखाय' यी दुबैको जीवन दशर्न, मार्गनिर्देशन । ज-जसले बुद्धशिक्षालाई अपनाए तिनले लोककै हितका लागि आफूलाई समर्पण गर्दा रहेछन् । चाहे त्यो धार्मिक क्षेत्रमा होस् अथवा राजनीतिक । सफलताको प्रमाण हो, भिक्षुणी धम्मावति 'धम्माचारिय' ले पाएको उपाधि 'अग्गमहागन्थवाचक पण्डित' र शिष्या सुकीले पाएको 'विश्व नोबेल शान्ति पुरस्कार' ।

'कतञ्ञुता एतं मंगल मुत्तम' बुद्ध वचन शिरोपण गर्नुभएकी आङ् साङ् सुकी नेपाल बस्दा प्रायः काठमाडौँको श्रीघःस्थित धर्मकीर्ति विहारमा पुग्नुहुन्थ्यो । विहारमा उहाँ बुद्ध धर्मको कुरा मात्रै सिक्नुहुन्थेन, नेपालभाषा (नेवार) पनि सिक्ने र केटाकेटीहरुलाई अङ्ग्रेजीभाषा सिकाउने गर्नुहुन्थ्यो । पछिल्लो पल्टको नेपाल भ्रमणका क्रममा उहाँले धर्मकीर्ति विहारमा पनि पुग्ने कार्यक्रम म्यानमारबाट नै तय गरेर आउनुभएको थियो । एउटा राजनीतिक कार्यक्रममा प्रमुख अतिथिका रूपमा नेपाल निम्त्याइनु भएकी उहाँ भ्रमणका क्रममा बुद्धको जन्मस्थल लुम्बिनी पनि पुग्नुभयो । काठमाडौँमा आयोजित नागरिक अभिनन्दन समारोह पनि सरिक हुनुभयो ।

विहारमा आफूले नेवार भाषा सिकेको र केटाकेटीहरूलाई आफूले अङ्ग्रेजी पढाएको कुरा सम्झेर उहाँ मुस्कुराउनु पनि भयो । 'ती बच्चाहरू अब त ठुला भइसके होलान्' पुराना कुरा सम्झदै उहाँले स्वागत समारोहमा के भन्नुभयो, त्यति नै खेर उहाँबाट अङ्ग्रेजी पढेका मध्ये दुईजना विद्यार्थीले दर्शक दीर्घाबाट उभिएर आ-आफ्नो परिचय दिए । हुर्किएका आफ्ना विद्यार्थीहरू देखेर उहाँ दङ्ग पर्नुभयो ।

### धम्मावतिको स्वास्थ्य

२०६८ सालमा ठुलो आमाशयको क्यान्सरबाट गुज्रनुभएकी धम्मावति गुरुमांमा उच्च रक्तचाप, मधुमेहजस्ता रोग भए पनि उहाँको आँखा, कान, स्मरणशक्तिमा कुनै कमी छैन। नेपाल सरकारको तर्फबाट उहाँलाई अहिले स्वास्थ्य सेवा निःशुल्क गरिएको छ।

### धम्मावतिको समभाव

सानैदेखि छोराछोरीलाई हरेक क्षेत्रमा समान गरिनुपर्छ भन्ने मान्यता राख्नुहुने धम्मावति गुरुमां भिक्षु र भिक्षुणीलाई बराबर मान्यता दिनुपर्छ भन्ने मान्यतामा अडिग हुनुहुन्छ, उहाँले यस विषयलाई उठाउँदै आउँनुभएको छ। उहाँको ठम्याइ छ, 'भिक्षुणीलाई भिक्षु बराबरको दर्जा नदिइनुमा महिला भएकै कारण गरिएको विभेद हो। बर्मा, श्रीलङ्का, अमेरिका सबैतिर समान रूपमा व्यवहार गरिन्छ, एउटै तहमा बसिन्छ तर नेपाल र भारतमा मात्र हो- भिक्षुणी भनेर भिन्न व्यवहार गरिने।' बुद्धबाट नभएको विभेद बौद्ध भिक्षुहरूबाट भएकामा उहाँ दुःख व्यक्त गर्नुहुन्छ। कोशल राजा प्रसेनजितकी छोरी जन्म हुँदा बुद्धले दिनुभएको उपदेश स्मरण गर्दै बुद्धधर्म समानतामा आधारित धर्म रहेको उहाँ उल्लेख गर्नुहुन्छ। कोशल राजाकी रानीबाट छोरीको जन्म हुँदा राजा निराश भएकामा बुद्धले 'छोरीलाई शिक्षा दिने हो भने छोरी पनि छोरा जत्तिकै सक्षम हुन सक्छ' भनी बुद्धबाट भएको उपदेश स्मरण गर्दै समानताको सबालमा कोही कमबेसी नहुँने उहाँको तर्क छ।

बुद्धका सानीआमा प्रजापति गौतमीबाट भिक्षुणी परम्परा सुरु भएको पाइन्छ। हुन त भिक्षुणी सङ्घ बनाउन बुद्धबाट सुरुमा आनाकानी भए पनि भिक्षु आनन्दको प्रश्न प्रतिप्रश्नको दबाबपछि भिक्षुणी सङ्घ बनाइएको थियो। कतिपय बौद्ध विद्वान्का मतमा बौद्ध धर्ममा भिक्षु सङ्घभन्दा पछि मात्र भिक्षुणी सङ्घको स्थापना भएको र काल नै फरक परेको कारणले भिक्षु बराबर भिक्षुणीहरू हुन सक्दैनन्। भिक्षु र भिक्षुणी भन्नुभन्दा पनि

सङ्घलाई सम्मान गर्ने भएको कारण पछिमात्र बनेको भिक्षुणी सङ्घले भिक्षु सङ्घको बराबर खोज्नु हुँदैन । भिक्षु र भिक्षुणीले पालना गर्ने विनय (नियम) नै पनि फरक रहेको पाइन्छ । बौद्ध विद्वान् वसन्त महर्जन (बुद्ध र महिलाः २०१४, पृ.१३)का अनुसार बुद्धकै बेलामा बनेका नियम तथा विनयपिटकमा सङ्ग्रहित नियमहरूमा भिक्षुले २२७ वटा नियम पालना गर्नुपर्दछ भने भिक्षुणीहरूले ३११ वटा नियम पालना गर्नु पर्नेहुन्छ । जुन लैङ्गिक रूपमा नभई शारीरिक संरचना (महिला रजस्वला हुँदा अपनाउनुपर्ने नियम तथा अन्य)का कारण भिक्षुणीले पालना गर्नुपर्ने विनय बढी भएका हुन् ।

## शील पालना गर्नेको कमी

अनगारिका बनेर चीवर (भिक्षु भिक्षुणीले लगाउने लुगा) लगाउनु, विभिन्न अवसरहरू पाउन केहीले यसलाई उपयोग गर्दै आएका छन् । धम्मावति गुरुमांकै अनुभवमा पनि अनगारिकाहरू 'अहिले दीगो रूपमा विहारमा बस्दैनन्, गृहस्थ हुन जान्छन्, विभिन्न सेवा सुविधाले गर्दा । धर्मभावले भन्दा पनि अनगारिका बन्दा विभिन्न देशमा पाइने अवसरले गर्दा यतातिर लाग्ने गरे पनि अहिले आउँने पनि कम नै छ ।'

तत्कालीन समाजका महिला र अहिलेका महिलामा तुलनात्मक रूपमा भन्नुपर्दा शिक्षादीक्षामा महिलाहरू अगाडि बढे पनि शील पालनामा कमजोर भएको धम्मावतिको ठम्याइ छ । उहाँ भन्नुहुन्छ- आजकालका केटाकेटी शीलमा बस्दैनन्, चैत्यमा आएर जथाभावी व्यवहार गर्छन् । स्वतन्त्रता चाहिन्छ तर स्वच्छन्दता हैन, सभ्य भएर व्यवहार गरिनुपर्छ भन्नुहुन्छ ।

## साङ्गठनिक क्षमता

धम्मावतिको खुबी बौद्धधर्म दर्शनका अतिरिक्त साङ्गठनिक व्यवस्थापन पनि हो । उहाँले देशका विभिन्न ठाउँमा गई धर्म प्रचार प्रसार गर्नुभयो र विहार निर्माणमा पनि त्यत्तिकै सक्रिय हुनुभयो । अहिले उहाँको अन्तर्गत

एक सयभन्दा बढी अनगारिकाहरू छन् भने नौओटा बुद्ध विहारहरू छन् । भारतको सारनाथस्थित बर्मेली विहारको हाताभित्र अर्को विहार बनाउनुभयो भने, गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा नेपाली शैलीमा अन्तर्राष्ट्रिय गौतमी विहार बनाउनुभयो । यस्तै काठमाडौँको बसुन्धरा, किम्डोल, चोभार, कमलपोखरी, श्रीघः धर्मकीर्ति विहार तथा ललितपुरको हरिसिद्धि र सुन्धारामा पनि विहार रहेका छन् । यी विहारहरूमा अनगारिका तथा भिक्षुणीहरू बसेर अध्ययन गर्ने आदि गर्छन् भने बौद्ध धर्मावलम्बीहरू धर्मचर्याका लागि जाँदा बास बतस्ने गर्दछन् ।

●



एकपटक राजा महेन्द्रको पेरिस भ्रमण हुँदा लन्डनमा रहेको नेपाली दूतावासले फोन गरेर दोभाषेको काम गर्न अनुरोध गरेकोले उहाँले त्यहाँ भाग लिनुभयो ।

# कलाकारितामा अविराम यात्री उर्मिला



● अम्बिका राजथला

कलाकारिता क्षेत्रमा महिला त के पुरुषहरू नै ज्यादै कम भएको समयमा कलालाई नै आफनो पेशा बनाउने ध्येय लिई यस क्षेत्रमा लाग्नुभयो, उर्मिला गर्ग उपाध्याय। कलाप्रतिको गहिरो प्रेमले आज उहाँ अग्रणी महिला कलाकार बन्न सफल हुनुभएको छ। उहाँ कलाकारिताको यात्रामा अविराम यात्रा गर्ने यात्री हुनुहुन्छ।

आफ्नो कामको सुरुवातका दिनहरू सम्झँदा उहाँलाई सपना झैँ लाग्छ। फ्रान्समा बितेको विद्यार्थी जीवन उहाँका लागि अहिले रोचक स्मृति बनेको छ। विदेशी साथीहरूसँग बिताएका समय र रमाइला दिन अहिलेका लागि प्रेरणाको स्रोत भएको छ। अनि, विदेशी विद्वानहरूसँग नयाँनयाँ ठाउँहरूमा घुम्ने र अवलोकन गर्न पाएका ती अवसरहरू अझै पनि सम्झँदा आनन्द लाग्छ। उहाँ यसलाई आफ्नो गन्तव्यको ठुलो र अविस्मरणीय अवसर मान्नुहुन्छ। फ्रान्सको बसाइमा उहाँले पाश्चात्य कला र संस्कृति एवं जनजीवनलाई नजिकैबाट नियालेर हेर्ने र बुझ्ने मौका पाउनुभयो अनि त्य अनुभव र ज्ञानलाई आफ्नो कलामा उतारेर जीवन्त बनाउने प्रयास गर्नुभयो। उहाँ आफ्नो औपचारिक कलायात्रा सन् १९५४ अप्रिलमा सुरु भएको मान्नुहुन्छ।

सन् १९३९ मा वनचौरी, जनकपुरमा आमा मीनकुमारी उपाध्याय र बुबा रत्नमणि उपाध्यायबाट जन्मनुभएकी उर्मिलाको प्रारम्भिक शिक्षा काठमाडौँमा भएको थियो। नेपाली मध्यम वर्गीय परिवारमा जन्मनुभएकी उर्मिलाको विवाह डा.कृष्णमुरारी गर्गसँग भएको थियो।

## शिक्षा र कलाकारिता

उर्मिलाका बुबा रत्नमणि उपाध्याय पहिले जयपुरका राणाको सचिवको रूपमा काम गर्नु हुन्थ्यो। केही समयपछि आफ्नो पुरानो घर काठमाडौँ

ढोकाटोलमा आउनुभयो । त्यसपछि ८/९ वर्षकी उर्मिलाको प्रारम्भिक शिक्षा हनुमानढोकामा रहेको स्कुलबाट सुरु भयो । ३ कक्षासम्म त्यहाँ पढेपछि ४ कक्षामा दरबार हाइस्कूल जानुभयो । उहाँ ४ कक्षामा अध्ययन गर्दा बुबाले गान्धीवादी स्व.तुलसी मेहरको अनुरोधमा भारतको मध्यप्रदेश वर्धामा रहेको गान्धी आश्रममा शिक्षाका लागि पठाउनुभयो ।

वर्धाको करिव पाँच वर्षको अध्ययनपछि उहाँले म्याट्रिक पास गर्नुभयो । त्यसबेला उहाँलाई कलाप्रति इच्छा जागेको थियो । त्यसपछि मुम्बई गई सर जे.जे. स्कूल अफ आर्टमा भर्ना हुनुभयो । त्यहाँ चित्रकलासँगै फ्रान्सेली भाषा पनि सिक्नुभयो । यस क्रममा उहाँ कलामा पूर्ण समर्पित भएर लाग्नुभयो, धेरै पुरस्कारहरू जित्न सफल पनि हुनुभयो । यति मात्र होइन, दुई वर्षका लागि सोही कलेजमा छात्रवृत्ति पाएर उहाँले त्यहाँ इटालियन फ्रेस्को (सिमेन्टको भित्तामा पेन्टिङ्ग गर्ने) चित्रकला सिक्नुभयो । त्यहीँ उहाँले आफ्नो चित्रकलाको प्रदर्शनी पनि गर्नुभयो । जर्मनीका प्रख्यात कला समीक्षक आर.भी. लादेनले उहाँसहित चार जना साथीहरूले बनाएको प्रदर्शनीको समीक्षा गर्नुभएको थियो । आर.भी. लादेनले 'तिमी नेपाल गएर यही पेन्टिङको अरू थप बनाएर प्रदर्शनी गर' भनि सुझाव दिनुभएको अझै उहाँ सम्झनुहुन्छ ।

**दोभाषेको काम**

सन् १९५९ को वर्ष उर्मिलाको लागि स्मरणीय वर्ष रह्यो । त्यतिखेर उहाँ मुम्बइमा अध्ययन गर्नुहुन्थ्यो । त्यसै बेला लुब्रेक नामका फ्रान्सेली पर्यटन विभागका निर्देशक नेपालको कला र संस्कृति जगेर्ना गर्ने योजना बनाएर फ्रान्स सरकारले दिएको वित्तिय कोष लिएर नेपाल आउनु भएको थियो । फ्रान्सेली भाषा जान्ने र कलाकार भएकाले तत्कालीन प्रधानमन्त्री वि.पी. कोइरालाले उहाँहरूको मद्दत गर्न उर्मिलालाई बोलाउनुभयो । भर्खर १९ वर्षकी उर्मिलाले काम गर्ने मेसो नपाइसकेको र भाषा पनि राम्ररी नजान्ने हुँदा अक्क न बक्क हुनुभयो । फ्रान्सेली भाषा काम चलाउ मात्र आउने

हुँदा उहाँ आफैँलाई पनि 'काम गर्न सकिएला' भन्ने कुरामा शङ्कै थियो। लुब्रेकलाई आफ्नो टुटेफुटेको फ्रेन्च भाषा बोलेर र नेपालीमा उल्था गरी कवि चित्तधर हृदयलाई सहयोग गर्नुभयो।

उता, मुम्बई पुग्नासाथ परीक्षाका लागि कक्षा प्रवेश गर्दा कलेजको पेन्टिङ विभागले हाजिर पुगेन भनेर गुनासो गऱ्यो। यो समस्या डिनले थाहा पाए, सबै समस्या सुनाएपछि विश्वस्त हुनुभयो र उहाँलाई परीक्षामा बस्न दिइयो।

## राजा महेन्द्रबाट सबै चित्र खरिद

मुम्बइको जे.जे. स्कूल अफ आर्टबाट डिप्लोमा पास गरी सकेपछि उहाँ नयाँ जिम्मेवारी वहन गर्न स्वदेश फर्किनुभयो र काठमाडौँ आएर थप पेन्टिङहरू बनाएर प्रदर्शन गर्नुभयो। 'द रिफ्लेक्सन' शीर्षकको प्रदर्शनीको उद्घाटन तत्कालीन प्रधानमन्त्री वि.पी.कोइरालाले २०१६ सालमा गर्नुभएको थियो। तत्कालीन राजा महेन्द्रबाट पनि प्रदर्शनीको अवलोकन भएको कारण उक्त प्रदर्शनी उहाँका लागि अविस्मरणीय छ। उहाँको कामबाट प्रभावित भई राजा महेन्द्रबाट प्रदर्शनीमा राखिएका सबै चित्रहरू खरिद भयो। त्यही पैसा लिएर उहाँ पेरिस पढ्न जानुभयो। आफनो कला विकासमा राजा महेन्द्रबाट भएको हौसला एवं आर्थिक सहयोगलाई उहाँ बिर्सन सक्नुहुन्न।

त्यस्तै, केशर शमशेरबाट पनि दुई वटा पेन्टिङ खरिद भयो। पछि उहाँ पेरिस जाने थाहा पाएर केशर शमशेरले चिया पार्टी दिनुका साथै पेरिसका एकदुई जना साथीको सम्पर्क ठेगाना दिनुभयो। पेरिस पुगेको एक वर्षपछि उहाँले अलि राम्रोसँग फ्रेन्च बोल्न जान्ने भएपछि केशरले दिएको एउटा फोन नम्बरमा फोन गर्नुभयो। पेरिस जस्तो महङ्गो सहरमा जर्ज स्यांक होटलमा फ्ल्याट लिएर बसेकी ती महिलाको सान शौकत देखेर गरीब देशकी एउटी साधारण महिलालाई आश्चर्य लाग्यो। त्यसमाथि उनले छैटौँ विवाह गरेर विश्व भ्रमण गर्ने कुरा सुनाएपछि त हिन्दु संस्कारमा हुर्केकी गर्गको आश्चर्यको सीमा नै रहेन।

## विदेशीहरूसँगको सम्पर्क

उर्मिलाको आत्मीयता र लगनशीलताले गर्दा थुप्रै विदेशी मित्रहरूबाट सहयोग पाउनुभयो। जहाँ गए पनि उहाँले साथी र आफ्नो गुरुहरूबाट धेरै माया पाएका कारण विदेशमा बसेपनि उहाँलाई घर जस्तै लाग्थ्यो। यसलाई उहाँ आफूले पाएको सुखद क्षण ठान्नुहुन्छ।

एक जना स्वीस महिलाले उहाँलाई पेरिसको ठुलो लाइब्रेरियन म्याडम द्रवेसँग परिचय गराइन्। त्यतिमात्र नभई नोबेल पुरस्कार विजेता ओरियन्टल म्यूजियमका निर्देशककी श्रीमती म्याडम मोनुसँग निकट सम्बन्ध बढाउने मौका पाउनुभयो। कलाकार गर्गलाई ठुला-ठुला ग्यालरीको चित्रकला प्रदर्शनीहरू र सङ्ग्रहालय जाने निमन्त्रणा मिल्थ्यो। उर्मिलाले युरोपका प्रख्यात चित्रकार पिकासोका चित्रहरू हेर्न पाउनुभयो।

## विदेशका म्युजियमहरूको अध्ययन भ्रमण

उहाँ सात वर्ष फ्रान्स बस्नुभयो। त्यस क्रममा एकपटक राजा महेन्द्रको पेरिस भ्रमण हुँदा लन्डनमा रहेको नेपाली दूतावासले फोन गरेर दोभाषेको काम गर्न अनुरोध गरेकोले उहाँले त्यहाँ भाग लिनुभयो। सन् १९६५ मा रोम गई इटालियन फ्रेसको सिक्नुभयो। त्यही वर्ष उहाँले एक वर्षको निम्ति युनेस्कोको छात्रवृत्ति पनि पाउनु भयो। ६ महिना इटालियन फ्रेसको सिक्नुभयो र ६ महिना युरोपियन देश ग्रीस, रुमानिया, युगोस्लाभिया, टर्की, बेल्जियम, जर्मनी, हल्याण्ड, स्पेन, पोर्चुगल, इरान र इराक जस्ता एसियाली देशहरूका म्युजियमहरूको अध्ययन गर्नुभयो।

नयाँ अनुभव र खोजीको सिलसिलामा विभिन्न देशहरूमा घुम्दा आफूसँग रहेको पैसा सकिएको जर्मनी आएपछि मात्र थाहा पाउनुभयो। साथीभाइहरूको चिनजानबाट पैसा सापटी लिएर उहाँ फेरि पेरिस पुग्नुभयो।

## गणितज्ञ डा.कृष्णमुरारी गर्गसँगको भेट

अनुसन्धानको क्रममा पेरिस आएका एक जना लखनउ, भारत निवासी गणितज्ञ डा.कृष्णमुरारी गर्गसँग उहाँको भेट भयो। उहाँ क्यानडामा रहेको युनिभर्सिटी अफ अल्वर्टाका विज्ञ प्राध्यापक हुनुहुन्थ्यो। उहाँको व्यक्तित्वबाट प्रभावित उर्मिलाले केही समयपछि गर्गसँग विवाह गर्नुभयो। यो विवाह नेपालमा गएर आफूलाई काम गर्न दिने सर्तमा भएको थियो। बिहेको सम्बन्धमा राजा महेन्द्रबाट पाएको सुझाव उहाँ अझै झल्झली सम्झनुहुन्छ। उहाँलाई सुझाव थियो- 'पेरिसमा बिहे नगर्नू, नेपाललाई ठुलो नोक्सान हुन्छ।' त्यस बेला युरोपमा रहेका सबै नेपाली राजदूतहरूले 'गर्गको स्वभाव ऋषिको जस्तो भएकाले नोक्सान हुँदैन' भन्ने सल्लाह दिए।

## सीपमूलक तालिम तथा उत्पादन

सन् १९८० देखि १९८६ सम्म उहाँले क्यानडाको युनिभर्सिटी अफ अल्बर्टामा 'प्रिन्ट मेकिङ' सिकाउनुभयो। क्यानडाबाट नेपाल फर्किएपछि आफ्नै पिताले दिएको जग्गामा उहाँले सिर्जनात्मक कलागुठी खोल्नुभयो। मौका नपाएका धेरै महिलाहरूलाई त्यहाँ सेरामिक बनाउने, टेक्सटाइलमा नयाँ डिजाइन बनाउने, बुनाई, रङ्गाई, छपाईसम्बन्धी सिर्जनात्मक तालिम दिनुभयो। अहिलेसम्म उहाँको संस्थाबाट हजारौं व्यक्तिले तालिम प्राप्त गरिसकेका छन्। त्यसमध्ये उत्कृष्ट विद्यार्थीहरूले आफूले बनाएको सामानहरू फ्रान्स, जर्मनी, अमेरिका, जापान, क्यानडा जस्ता देशहरूमा निर्यातगर्न सफल भएका छन्। त्यसैगरीसन् १९६९ देखि नै तुलसी मेहर महिला आश्रममा पनि महिला दिदीबहिनीहरूलाई 'क्रियटिभ क्राफ्ट'को तालिम दिँदै आइरहनु भएको छ।


अझै पनि आफ्नो संस्थामा निकै सक्रियताका साथ लागेकी उर्मिलालाई श्रीमान् र मातापिताले यो काममा पूरा सहयोग र आफूले कमाएको पूरै सम्पत्ति दिई हौसला बढाएको बताउनुहुन्छ। कला क्षेत्रमा उल्लेखनीय

योगदानको कदर स्वरूप उर्मिलाले अमेरिकाको अशोका फेलोसिप प्राप्त गर्नुभयो भने जे.जे. स्कुल अफ आर्टबाट दुईवटा पुरस्कार, समाज कल्याण परिषदबाट तुल्सीमेहर सेवा पुरस्कार र फ्रान्सको द सिटी इन्टरनेसनल डि पेरिसबाट स्वर्ण पदक पाउनु भएको छ ।

नेपाल सिर्जनात्मक कला गुठी, (२०४३) की कार्यकारी निर्देशक, नेपाल चर्खा प्रचारक गान्धी-तुलसी स्मारक महागुठीको गुठियार तथा पूर्व अध्यक्ष उर्मिला ६० वर्ष नपुग्दै कामबाट रिटायर्ड भएँ, थाकेँ भन्नेहरूका लागि दरिलो उदाहरण हुनुहुन्छ ।

गान्धीवादमा पूर्ण विश्वास राख्ने उर्मिला नेपालमा सिर्जनात्मक कलाद्वारा सामाजिक सेवा गर्नमा संलग्न हुनुहुन्छ । उहाँले नेपाल, भारत, बेलायत, फ्रान्स, अमेरिका र क्यानडामा करिब तिसपटक आफ्नो पेन्टिङको एकल प्रदर्शनी गरिसक्नुभएको छ । घुम्ने शोख भएकी उर्मिलाले विदेशमा मात्र नभई सानै उमेरमा नै पेन्टिङ गर्ने क्रममा नेपालका पनि धेरै ठाउँमा घुमिसक्नुभएको छ । घुम्ने क्रममा फोटोग्राफीको रुची पूरा गर्न पछि पर्नुहुन्न । मेहनत एवं लगनशीलताका साथ कुनै पनि काममा लागि परे अवश्य सफल हुन सकिन्छ भन्नेमा विश्वास राख्ने उर्मिला स्वयं ज्वलन्त उदाहरण हुनुहुन्छ ।

●



महिलाहरूले पढ्न नपाउने सामाजिक सोचप्रति जसरी कृष्णा ताम्राकारले टक्कर गर्दै पढ्न र जीवनअगाडि बढाउन सक्नुभयो, त्यो आँट आजका बालिका र महिलाहरूका लागि प्रेरणादायी छ ।

# दमदार आवाजकी अथक रेडियोकर्मीः कृष्णा ताम्राकार



● योगमाया सापकोटा

***'तमसोमा ज्योतिर्गमयः अँध्यारोबाट उज्यालोतर्फ'*** मिठासपूर्ण भाव र दमदार स्वरमा जब कृष्णा ताम्राकारले उज्यालो कार्यक्रम रेडियोमा प्रस्तुत गर्नुहुन्छ, स्वाभाविक रूपमा आम नेपालीको कान उहाँको आवाजको रेडियो कार्यक्रमले तान्दछ । यस्ता दर्जनौं कार्यक्रम छन् जहाँ कृष्णाको चुम्बकीय हक्की स्वरमा सामाजिक जागरण रेडियोद्वारा सञ्चार हुँदै आइरहेका छन् ।

रेडियोमा काम गर्न महिलाहरू पाउन कठिन समयमा कृष्णा ताम्राकार रेडियोकर्मी हुने आकाङ्क्षाका साथ यस क्षेत्रमा प्रवेश गर्नुभयो । पञ्चायती एकल केन्द्रीय शासन व्यवस्थादेखि संवैधानिक राजतन्त्र हुँदै सङ्घीय लोकतान्त्रिक व्यवस्थासम्म रेडियोमा अनवरत रूपमा कार्यक्रम उत्पादन र प्रस्तुतिमा उहाँको यात्रा चलिनै रह्यो । हरेक व्यक्तिको जीवनमा विभिन्न आरोह र अवरोह आउँछन् नै । हो, कृष्णा ताम्राकारको जीवनमा पनि यस्ता समयहरू आएका छन् यद्यपि बाधा अड्चन पार गर्दै नदी बगेसरह उहाँको जीवनयात्रा रेडियोसँगै अघि बढी नै रह्यो । हक्की आबाजकी धनी कृष्णा ताम्रकार रेडियो जगत्मा काम गर्नेका लागि त 'कोसेढुङ्गा'जस्तै व्यक्तित्व हुनुहुन्छ भने अरूका लागि पनि प्रेरणाको स्रोत हुनुहुन्छ त्यसैले उहाँका जीवनका महत्त्वपूर्ण घटनाहरूबारे अभिलेखित गर्दा ताम्राकारप्रति सम्मान र समाजका लागि प्रेरणादायी हुनसक्छ ।

**बाल्यकालका उत्प्रेरित सम्भनाहरू**

काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा १९९७ साल मङ्सिर महिनामा आमा सानुनानी श्रेष्ठ र बुबा ठाकुरदास श्रेष्ठका माइली सन्तानका रूपमा कृष्णा ताम्राकार जन्मनुभएको थियो । जन्मेको गते र तिथि हाल सम्भना नभए पनि बाल्यकालमा जन्मदिनको दिन जति वर्ष भयो त्यतिओटा यमरीको माला लगाएको उहाँलाई सम्भना छ । हाल उहाँ सिद्धार्थ कोलोनी, बुढानिलकण्ठ, काठमाडौमा बस्नुहुन्छ ।

कृष्णा आफ्नो बाल्यकाल सम्झँदै नेपाल कम्युनिष्ट पार्टी एमालेकी संस्थापक सदस्य मोतीदेवी श्रेष्ठ उहाँको घरमा आउनेजाने गरेको कुरा बताउनुहुन्छ। मोतीदेवीको सङ्घर्षका दिन सम्झनुहुन्छ र पछिल्लो समय मोतीदेवी पाटनको फल्चामा बसेको थाहा भएको तर भेट गर्न सकिनँ भन्ने कुराले उहाँलाई मनमा थकथकी लागिरहेछ। उहाँको साथी सिर्जना शाही र शाहीको परिवारले तत्कालीन कम्युनिष्टहरूलाई गरेको पालनपोषणको बारेमा उहाँको ठुलो सम्मान रहेको बताउनुहुन्छ। धनसँगै मन पनि भएका उक्त परिवारले फोसी (विशेषतः नेवार समाजमा प्रयोग हुने एक खाले ठुलो भाँडा)मा भात र खसीको मासु पकाएर कम्युनिष्टहरूलाई खानाको व्यवस्था गरेका थिए। यस कुरालाई बिर्सनै नहुने र सिर्जनालाई सम्मान गर्नुपर्ने बताउनुहुन्छ। गङ्गालालका बहिनीहरू पुष्पलता, स्नेहलता सबैसँग उहाँको राम्रो चिनजान थियो। यस्तै नेता शम्भुराम श्रेष्ठको त काखमै हुर्केको र पूर्वप्रधानमन्त्री मनमोहन अधिकारी पनि आफ्नो मनपर्ने नेता रहेको बताउनुहुन्छ। मनमोहन अधिकारी सिक्ने कुरामा चाख लिएर आफूभन्दा सानाबाट पनि सिक्न चाहने व्यक्ति भएकोले कृष्णा ताम्राकारले अङ्ग्रेजीका केही शब्दहरूको उच्चारण गर्न समेत मनमोहनलाई सिकाएको बताउनुहुन्छ। अङ्ग्रेजी उच्चारण सिकाउँदा मनमोहन उहाँप्रति खुसी हुने गरेको कुरा आज पनि सम्झनुहुन्छ। यस्तै अष्टलक्ष्मी शाक्यले भूमिगत हुँदा धेरै दुःख पाएको कुरा उहाँलाई थाहा छ र अहिले पनि उहाँको साहस र ईमान्दारपूर्ण व्यवहारप्रति अतिश्रद्धा लाग्ने बताउनु हुन्छ। कृष्णा निरपेक्ष रेडियोकर्मी मात्र नभएर राजनीतिक सहभागिता पनि थोरबहुत भएकको व्यक्ति हुनुहुन्छ। उहाँ शम्भुराम, मनमोहन, मोतीदेवीहरूको सभाहरूमा चन्दा उठाउन सिक्का खसाल्न मिल्ने ट्वाक लिएर जाने गर्नुहुन्थ्यो। सङ्कलन भएको पैसा बेलुका पार्टीमा बुझाउने गरेको सम्झना उहाँमा अझैताजै छ।

बाल्यकालमा मोतीदेवी, सिर्जना शाही, मनमोहन अधिकारी र शम्भुराम श्रेष्ठसँग उहाँको सामिप्य रहेकाले एक खालको राजनीतिक चेतना थियो तर रेडियोमा काम गर्न थालेपश्चात् आफ्नो पेशागत उन्नतिमा नै उहाँको ध्यान केन्द्रित भएको देखिन्छ।

कृष्णा ताम्राकार आमासँग पढ्न जान झगडा गर्नसक्ने छोरी भएकाले चार दिदी बहिनी मध्ये आफूले मात्र पढ्न सफल हुनुभएको थियो। यसमा अभिभावकको दोषभन्दा पनि छोरी पढाउन हुन्न भन्ने सामाजिक मानसिकता महिला शिक्षाको अवरोधका रूपमा रहेको देखिन्छ। राणाकालमा जन्मिनुभएर दश वर्षको हुँदा २००७ सालमा प्रजातन्त्र घोषणा भएको देख्नुभयो। उहाँ १२ वर्षको हुँदा समाजसेवी तुलसी मेहर श्रेष्ठसँग भारतमा गएर गान्धी आश्रममा पाँच कक्षासम्म पढ्नुभएको थियो। कन्या स्कुलमा अध्ययन गर्दा साधना प्रधान र साहना प्रधानले उहाँलाई पढाउनुभएको थियो। स्नातक तहसम्मको अध्ययन नेशनल कलेज(दरबार स्कुलमा पठनपाठन हुने)बाट पूरा गर्नुभयो।

**रेडियोकर्मीको रूपमा यात्रा**

२०१८ सालमा रेडियो नेपालमा स्थायी कर्मचारीका रूपमा प्रवेश गर्दाको उहाँको अनुभूति रोमाञ्चक छ। ७७ जनाको स्वर परीक्षण हुँदा उहाँ छनोट हुनुभएको थियो। तत्कालीन समयमा जागिर खान नागरिकता पनि नचाहिने भएकोले नागरिकता २०४५ सालमा मात्र बनाउनुभयो। प्रविधि विकास भए पनि सर्वसुलभ हुन नसक्दा करिव २१ वर्षसम्म पनि उहाँको एउटै फोटो थिएन। उहाँले रेडियो नेपालमा प्रवेशपछि मात्र एक दुई फोटोहरू खिच्नुभयो।

उहाँले सुरुमा हिन्दी समाचार उपसम्पादक तथा प्रसारकको जिम्मेवारी पाउनु भएको थियो। र, पञ्चायतकालमा हिन्दी भाषामा समाचार बन्द गर्ने निर्णय भएपश्चात् २०२२ सालमा उहाँलाई नेपाली समाचारको उपसम्पादक तथा प्रसारकको जिम्मा प्रदान गरियो। कुनै एक भाषामा राम्रो गर्न सकियो भने सबै भाषामा समेत राम्रो गर्न सकिने विश्वास उहाँको रहेको छ। उहाँको अङ्ग्रेजी भाषा पनि अब्बल छ।



## जीवनका उकाली ओराली

कृष्णा ताम्राकारको केही यस्ता दिनहरू थिए, जुन कृष्णा ताम्राकारलाई सम्झन समेत मन नपर्ने पात्रहरू उहाँका जीवनसँग जोडिन पुगे र कालान्तरमा आफैँ छुटे । त्यो तितो अनुभवका आधारमा उहाँ भन्नुहुन्छ, “खराब मान्छेसँगको सम्बन्धमा बाँधिएर जीवनलाई पिँजरामा थुन्नुभन्दा सम्बन्ध तोडेर खुला आकाशमा विचरण गर्नुमा जीवन भेटिन्छ ।” उहाँले एक्लै आफ्नो रेडियो कर्मलाई निरन्तरता दिँदै तीन छोरीहरू हिमा, व्योमा र गृष्मालाई लालनपालन र शिक्षा दीक्षा दिएर आत्मनिर्भर बनाउन सफल हुनुभयो । यो एकल आमाका लागि जीवनपर्यन्त गौरवान्वित तुल्याउने उपलब्धि हो ।

पेशागत उन्नति हुने क्रममा २०२४ सालमा उहाँ राजपत्राङ्कित अधिकृत तहमा पुग्न सफल हुनुभयो र नेपाली भाषाको समाचार सम्पादक तथा

प्रसारकका रूपमा कार्य गर्दै २०४९ सालमा रेडियो नेपालको सेवाबाट अवकाश हुनुभयो । तर रेडियोको काम भने निरन्तर गरी नै रहनुभएको छ । इमेज एफ.एम.मा हरेक शनिबार बिहान प्रसारण हुने कार्यक्रम सञ्चालन गर्दै आएकोमा हाल स्वास्थ्यले साथ नदिएकोले उहाँ र आफ्नी छोरी गृष्मा राजभण्डारी दुबै मिलेर उक्त कार्यक्रम सञ्चालन गरिरहनुभएको छ ।

कर्मलाई ईमान्दारीको कसीमा अब्बल बनाउँदै जाने क्रममा उहाँले रेडियो कार्यक्रम उत्पादन तालिम तथा अध्ययनका लागि बेलायतमा २०२७ सालमा एक वर्ष र जर्मनीमा २ वर्षका लागि अवसर पाउनुभयो । उहाँको पेशागत दक्षताले श्रेष्ठता प्राप्त गर्दै गयो । उहाँलाई वातावरणसम्बन्धि कार्यक्रम उत्पादन र प्रसारणका क्षेत्रमा सन् १९८९ मा बेल्जियमका राजाबाट 'ग्लोवल फाइभ हन्ड्रेडः द रोल अफ अनर'को उपाधि प्राप्त भयो । यसरी नै नेपालमा 'अवार्ड अफ टुरिज्म जर्नालिष्ट अफ द इयर,२०१७' बाट सम्मानित हुनुभयो ।

शब्द, भाषिक शुद्धता, हक्की तथा मिठासपूर्ण स्वरको सन्तुलनका साथ समाज रूपान्तरणका विषयवस्तुहरू पस्कन सक्ने ताम्राकार नाम प्रचार गर्नेमा हैन आफ्नो काम, क्षमता र इमान्दारितामा विश्वास गर्नुहुन्छ। त्यसैले त रेडियो आवाज कर्म मात्र हैन जीवनशैली बन्यो र देश विदेशका लाखौं श्रोताहरू बिच श्रुतिप्रिय हुनुहुन्छ। श्रोताको माया र आफ्नो लगन जागेकै छ। सन् २०१६ मा क्यान्सरबाट आक्रान्त भएर पनि रोगलाई जित्न सफल कृष्णा बयासी वर्षको उमेरमा पुनः रेडियो कार्यक्रम उत्पादन र प्रसारण यात्रामा निरन्तर लागिरहनुभएको छ ।

## साझा जेष्ठ नागरिक सङ्घमा आबद्धता

आफ्नो छ दशक लामो पेसामा कहिल्यै पनि आफ्नो राजनीतिक प्रतिबद्धताका बारेमा नबोलेको तर पछिल्लो समयउहाँलाई साझा पार्टीको आदर्श र राजनीतिक परिकल्पना धेरै हदसम्म आफ्नो विचारसितै मिलेजस्तो

लागेकोले साझा ज्येष्ठ नागरिक सङ्गठनमा संलग्न भएको कुरा उहाँले आफ्नो फेसवुक स्टाटसमा उल्लेख गर्नुभएको छ ।

उहाँको मान्यता भनेको देशलाई हाँक्ने ठाउँमा राम्रो स्वास्थ्य, पर्याप्त शैक्षिक योग्यता र प्रतिबद्धता भएका उमेरदार व्यक्तिहरू नै रहनुपर्छ भन्ने छ । यस पार्टीमा भएको विचार मनपरेकाले जीवनको उत्तरार्द्धमा सकेको गरौँ भन्ने भावना रहेको बताउनुहुन्छ ।

**प्रेरणाका पक्ष**

महिलाहरूले पढ्न नपाउने सामाजिक सोचप्रति जसरी कृष्णा ताम्राकारले टक्कर गर्दै पढ्न र जीवनअगाडि बढाउन सक्नुभयो, त्यो आँट आजका बालिका र महिलाहरूका लागि प्रेरणादायी छ । कर्ममा विश्वास गर्ने, पेशागत इमान्दारिता र निरन्तरताबाट सफलता प्राप्त गर्न शासन व्यवस्थाको सबै स्वरूपमा समेत सकिने कुराको पुष्टि उहाँको जीवनकालमा देखिएको छ ।

एक रेडियोकर्मीले सामाजिक जागरणमा महत्त्वपूर्ण योगदान गर्न कामप्रतिको अहोभाव, निष्ठा र दृढता आवश्यकता रहेको उहाँको जीवनको अध्ययन गर्दा देखिन्छ । हाम्रो समाजमा पेसागत दक्षताकासाथ काम गर्न प्रायः सबै क्षेत्र महिलाका लागि चुनौतीपूर्ण नै छ । उहाँले जीवनको अधिक कालखण्ड बिताउनुभएको सञ्चारको क्षेत्रमा अझै बढी चुनौतीहरू रहेकाछन् यद्यपि उहाँले यस क्षेत्रमा पाएको प्रसिद्धि आफैँमा उदाहरणीय र हामी सबैका लागि प्रेरणाको रूपमा रहेको छ ।

●



मदर टेरेसाले नेपालमा 'मिसन अफ च्यारिटी' खोल्नुभएको रहेछ त्यसैको भिजिटमा आउँदा नेपालमा वृद्धाश्रम छ भनेर सोध्नुभएछ । पशुपति वृद्धाश्रमको बारेमा थाहा पाएपछि त्यहाँ जान खोज्दा मलाई खोज्नु भएको रहेछ । म त छक्क परेँ, उहाँसँग भेट्दा सपना हो कि विपना जस्तो लाग्यो ।

# समाजसेवामा समर्पित साबित्री थापा



● समीक्षा गाहा

२००१ साल जेठ ११ गते भक्तपुर नगरपालिका वडा नम्बर ७ टौमढी टोलमा सावित्री जङ्गम थापाको जन्म भयो। उहाँको आमाको नाम जमुनादेवी र बुबाको नाम गोविन्दहरि जङ्गम हो। बुबा समाजसेवी हुनुहुन्थ्यो।

त्यो बेला सजिलै छोरीलाई पढाउने चलन नभए पनि उहाँले पढ्न पाउनुभयो। २००४ सालमा भक्तपुरकै कन्या पाठशालाबाट उहाँको औपचारिक शिक्षा सुरु भयो। २०१३ सालमा भक्तपुरको श्री पद्म हाइस्कुलबाट एसएलसी पास गर्नुभयो। त्यसपछि प्रमाणपत्र तथा स्नातक तह पद्मकन्या कलेज डिल्ली बजारबाट पास गर्नुभयो। २० वर्षको उमेरमा २०२० सालमा राजनीति शास्त्रमा स्नातकोत्तर तह पुरा गर्नुभयो भने २०३६ सालमा कानुनमा स्नातक पनि गर्नुभयो।

छोरीलाई पढाउन हुँदैन भन्ने जमानामै पनि सावित्रीले एसएलसी पास गरिसक्नुभएको थियो। जतिबेला उहाँ १४ वर्षको मात्रै हुनुहुन्थ्यो। यति भएपछि घरमा बिहे कुरा चल्यो। उहाँ अलि कम बोल्ने लजालु स्वभाव भएकी उहाँलाई बिहेको कुरा चलेको थाहा पाए पनि आफूलाई बिहे गर्न मन नभएको कसैलाई भन्ने आँट गर्नुभएन। उ बेला 'ठुला मानिससँग मुख लाग्नु हुँदैन' भन्ने मान्यता थियो। तर विवाह गर्ने कुराले उहाँ धेरै रुनुभयो। पछि फुपुले उहाँको कुरा बुझ्नुभयो र घरपरिवारमा बिहे नगर्ने उहाँको इच्छा भनिदिनुभयो। त्यो बेला घरको मुली जो हुन्छ, उहाँहरुले नै निर्णय गर्ने चलन भएकाले हजुरबुबा र हजुरआमाले बिहेको निर्णय गर्नुभएको रहेछ। पछि साबित्रीको पढ्ने इच्छा थाहा पाएपछि बुबाले पढाइतिरै साथ दिनुभयो र तत्कालका लागि बिहे रोकियो।

बरु छोराछोरी पढाउनकै लागि भनेर उहाँको बुबाले काठमाडौँको बानेश्वरमा घर किन्नुभयो । साबित्री अब बानेश्वर घरमा बसेर डिल्लीबजार पद्मकन्या क्याम्पसमा पढ्न थाल्नुभयो। उहाँले होम साइन्स विषय लिनुभयो। स्नातक तह पहिलो वर्ष पढ्ने क्रममा सरकारले भारतमा महिला शिक्षाको अवस्था बारे बुझ्न उहाँसहितको कलेजको एक समूहलाई 'अल इन्डिया टुर' पठायो ।

भ्रमणको क्रममा त्यहाँका महिलाहरुले गरेका उन्नतिदेखि त्यहाँका प्रोफेसरहरु सामान्य पोसाकमा भएका जस्ता कुराहरुमा ध्यान दिनुभयो । पढेपछि व्यक्तित्व विकास हुँदोरहेछ भन्ने लाग्यो र त्यसपछि अलि खुल्न र बोल्न थाल्नुभयो । त्यसपछि आफू र आफ्नो जीवनमा परिर्वतन आएको महसुस उहाँलाई लाग्छ । यो २०१६ सालतिरको कुरा हो ।

**प्रेरणाको स्रोत बुबा**

सावित्रीको बुबा गोविन्दहरि जङ्गम सबैलाई सहयोग गर्नुपर्छ भन्ने स्वभाव र समाजसेवी भावनाको हुनुहुन्थ्यो । बुबाले गरिबलाई सहयोग गर्ने, खान नपाएकालाई खाना खुवाउने, औषधी उपचार नपाएकालाई उपचार गर्न सहयोग गर्नेदेखि गाउँटोलमा धारा बनाउने तथा विद्यालय खोल्नेसम्मको कामको नेतृत्व गरेको देखेर साबित्रीमा पनि समाजसेवाको भावना विकास हुँदै गयो । एकातिर घरको वातावरण र अर्कोतिर भारत भ्रमणले उहाँमा केही गर्नुपर्छ भन्ने मनमा लागिरहेको थियो ।

२०२० सालमा स्नातकोत्तर तह (एमए) को अध्ययन पुरा गर्नुभयो । एमए पास भइसकेपछि विस्तारै अन्य कुरामा पनि सक्रिय हुन थाल्नुभयो। पद्मकन्या क्याम्पसले पहिलो पटक 'पद्मकन्या कलेज' भनेर मुखपत्र पत्रिका सुरु गऱ्यो। त्यो पत्रिकामा उहाँले 'मरणको अभिलाषा' भन्ने शीर्षकको लेख लेख्नुभयो । जसमा एकजना केटीलाई बाबुआमाले पढाइ रोकेर बिहे गरिदिन लागेको तर केटीले विद्रोह गरेर बिहे नगरी पढाइ अगाडि बढाएको विषय थियो ।

स्नातकोत्तर तहमा राजनीति शास्त्र विषय पढ्नुभएको थियो । राजनीति शास्त्र पढ्ने साथीहरु मिलेर 'राजनीति शास्त्र एसोसियसन' सुरु गर्नुभयो । संस्थापक अध्यक्ष उहाँ नै हुनुहुन्थ्यो । यो एसोसियसनको उद्देश्य राजनीति शास्त्र अध्ययन गरेका विद्यार्थीलाई कसरी अघि बढाउने, केही समस्या आए कसरी हल गर्ने भन्ने थियो । अर्को पटक पनि उहाँ नै अध्यक्ष चुनिनुभयो ।

## सहकारी क्षेत्रमा योगदान

साबित्रीले एमए पास गर्नु अगाडि नै नेपालमा सहकारी अभियान सुरु हुन लागेको थियो । २०१६ सालको अन्तिमतिर तत्कालीन प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइराला र विश्वबन्धु थापा इजरायल भ्रमणमा जानुभएको थियो । इजरायलले सहकारीको माध्यमबाट गरेको प्रगति बारे बुझ्न र नेपालको आर्थिक विकासका लागि के सिक्न सकिन्छ भनेर उहाँहरु जानुभएको थियो । उहाँहरु फर्किएपछि नेपालमा पनि सहकारीको काम गर्दै लैजाने कुरा भयो । यो कुरा विश्वबन्धु थापाले साबित्रीलाई भन्नुभएको थियो । यो कामका बारेमा विश्वबन्धुले तत्कालीन राजा (महेन्द्र) सँग पनि भेटेर बताउँदा महेन्द्रले सहमति जनाएपछि सहकारी सुरु हुने भयो । त्यही भएर महेन्द्रकै संरक्षकत्वमा 'साझा केन्द्र बोर्ड' गठन भयो । र, गैरसरकारी क्षेत्रमा जनताले नै समावेश भएर सहकारी कार्यक्रम चलाउने तयारी भयो । नेपालमा सबैभन्दा बढी आवश्यक परेको त्यो बेला यातायात थियो । राजमार्ग, मोटरबाटो थिएन । त्यही भएर साझा यातायात सञ्चालन गर्ने कुरा भयो र सुरु भयो । विश्वबन्धु थापाको अध्यक्षतामा महेन्द्रको संरक्षकत्वमा साझा केन्द्रीय बोर्ड गठन भयो ।

यो कार्यक्रम अरु ठाउँमा पनि विस्तार गर्न विश्वबन्धुले पढेलेखेका मानिस खोज्नुभएछ । त्यसका लागि विश्वविद्यालय पुग्नुभयो । त्यो बेला त्रिभुवन विश्वविद्यालय त्रिपुरेश्वरमा थियो । उ बेला सबैभन्दा धेरै विद्यार्थी राजनीति शास्त्र र अर्थशास्त्रमा हुन्थे । उहाँले दुईचार जनालाई बोलाउनु

भयो, त्यसमा म पनि छानिएँ। हामी एमएको अन्तिम वर्षमा थियौँ। सहकारी संस्थाको विषयमा काम सुरु गर्दा हरेकले दश रुपैयाँ दिएर सेयर होल्डर बन्ने र हरेक नेपालीले 'यो मेरो यातायात हो' भनेर चढ्ने भनेर बुझाउनुभयो ।

बोर्ड अन्तर्गत साझा भण्डार, साझा स्वास्थ्य, साझा प्रकाशन, साझा यातायात गरी चार क्षेत्रमा काम हुने भयो । त्यसैका लागि साबित्री केन्द्रीय बोर्डमा कल्याणकारी अधिकृत भएर काम गर्नुभयो । कल्याणकारी कार्यक्रम अन्तर्गत सबैभन्दा पहिला साझाकै कर्मचारी र कर्मचारी परिवारका लागि संचयकोष, स्वास्थ्य बिमा, शिक्षा विमा, स्वास्थ्य उपचार केन्द्र, केटाकेटीको लागि शिक्षा र महिलाहरुको लागि साक्षरता, सचेतना तथा सिप विकास जस्ता कार्यक्रम सञ्चालन भए। यसको मुख्य जिम्मेवारीमा साबित्री नै हुनुहुन्थ्यो ।

साझा भण्डारबाट उपभोक्ताले सरल र गुणस्तरीय खाद्यान्न तथा दैनिक उपभोग्य सामान खरिद गर्न पाउने व्यवस्था थियो भने आवतजावतमा सहज होस् भनेर २०१९ सालमा साझा यातायात सुरु भयो । त्यति मात्र होइन, नेपालमा बचत तथा ऋण सहकारी संघ गठन गर्नमा थापाको महत्वपूर्ण भुमिका छ। उहाँ राष्ट्रिय बचत तथा ऋण सहकारी संस्थाको संस्थापक उपाध्यक्ष पनि हुनुहुन्छ।

देशका विभिन्न स्थानमा सञ्चालनमा आएका साझा औषधी पसल चौबिसै घण्टा खुला हुन्थ्यो। सर्वसाधारण जनताको स्वास्थ्य सेवाको महत्वलाई ध्यानमा राखेर औषधी पसल दिनरात खुल्ला गर्ने नियम सुरु हुनुमा पनि साबित्रीको महत्वपूर्ण योगदान रहेको छ। साझा स्वास्थ्य सेवाले आमजनतालाई औषधि बिक्री सुपथ मूल्य र सुविधायुक्त गर्ने तथा नीजि क्षेत्रको नाफामूलक धन्दालाई धक्का दियो। साझा प्रकाशन र साझा भण्डार २०२१ सालमा सुरु भएको हो। साझा परिषदमा दुई वर्ष २०२२ सम्म काम गर्नुभयो। त्यसपछि विविध कारणले साझा छोड्नुभयो।

**महिला प्रमुखलाई नपत्याउने**

साबित्री २०३७ देखि ०४२ सालसम्म 'साझा स्वास्थ्य सेवा सहकारी संस्था' को महाप्रबन्धक हुनुभयो। महाप्रबन्धक भएर कार्यालय जाँदाको अनुभव अलि अर्कै खालको छ। पहिलो पटक आफू महाप्रबन्धक भएर कार्यालय जाँदा पनि पुरुषलाई गर्ने तहको स्वागत नगरिएको उहाँको अनुभव छ। महिलाहरू माथिल्लो तहमा कोही पनि थिएनन्। पुरुष साथीहरूको व्यवहार यो त महिला त हो नि भन्ने किसिमको थियो। जुन क्षण अहिले पनि नमिठो लाग्छ।

कर्मचारीहरुले महिलाले के काम गर्न सक्छन् र ? भन्ने खालको व्यवहार देखाए। महिलाले जिम्मेवारी पाएपछि इमान्दार भएर काम गर्छन् भन्ने सोच्नै सकेनन्। तर आफूले गरेका धेरै नयाँ नयाँ कामहरुको रेकर्ड अहिले पनि हेर्न सकिने उहाँ गर्वका साथ भन्नुहुन्छ। साबित्री भन्नुहुन्छ, "नेपालभर अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुका लागि वार्षिकरुपमा आवश्यक पर्ने सबै औषधी तथा आवश्यक उपकरण तथा औजारहरु उपलब्ध हुने व्यवस्था गरेँ। देशका सबै अस्पताल हाताभित्र चौबिसै घण्टा औषधी पसल सञ्चालन गर्ने नियम पनि सुरु गरेँ।" सुपथ मुल्य र चौबिसै घण्टा सेवा पाउँदा नागरिकलाई धेरै सहज भयो तर व्यापारीहरुबाट ठुलो चुनौती उहाँलाई आयो। साझालाई हराउन कालोधन्दा गर्ने व्यापारीहरु कति पछि लागेलागे। उ बेलामा एउटा हर्लिक्स साझाले सात रुपैयाँमा बेच्दा अरु व्यापारीले २० रुपैयाँमा बेच्थे। त्यति मात्र होइन सुरुसुरुमा कार्यालयकै कर्मचारीबाट असहज र अनौठो किसिमको व्यवहारबाट पनि केही चुनौती आइलाग्यो।

कतिपयले साबित्रीको परिचय उहाँको श्रीमान्‌को नामबाट गराउँथे, जसले उहाँलाई अचम्मित तुल्याउँथ्यो। यस्ता विविध खालका चुनौतीहरूका बाबजुद् पनि २०४२ सालमा उहाँ साझा केन्द्रिय बोर्डको सदस्य सचिवमा

मनोनित हुनुभयो । यो पदमा पुग्ने पहिलो महिला आफू भएको साबित्री बताउनुहुन्छ ।

## रेडक्रस गठन

नेपालमा २०२० सालतिर सामाजिक काम गर्ने संस्थाहरू खासै थिएनन् । स्काउट, मारवाडी सेवा समिति जस्ता एकदुई वटा स-साना संस्थाहरु मात्र थिए । सामाजिक काम गर्दै आएका अन्तराष्ट्रिय संस्थाहरुले रेडक्रस सुरु गर्नुपर्ने सल्लाह दिएपछि सरकारकै अनुमतिमा त्यही बेला राजपरिवारकी सदस्य प्रिन्सेस शाहको अध्यक्षतामा रेडक्रस सोसाइटी गठन भयो । प्रिन्सेस त्यो बेला राजपरिवारको सबैभन्दा शक्तिशाली महिला हुनुहुन्थ्यो । रेडक्रसमा सरकारका तर्फबाट स्वास्थ्यमन्त्री उपाध्यक्ष हुने व्यवस्था थियो । तत्कालीन राजा महेन्द्रसँग उहाँको पहिलेदेखि नै चिनजान थियो । त्यही भएर महेन्द्रले साबित्रीलाई परराष्ट्र मन्त्रालयमा काम गर्न पनि अफर गरे तर आफुलाई समाज सेवामा रुचि भएको भन्दै साबित्री मान्नुभएन ।

## प्रिन्सेस शाहको परीक्षामा गार्ड

प्रिन्सेस शाहले स्नातक तहको जाँच दिने बेलामा प्रिन्सेस सहित तीनजना अधिराजकुमारीहरु थिए । त्यतिबेला राजकुमारीहरुलाई जनतासँग राखेर परीक्षा लिन पाईंदैनथ्यो । दरबारको लागि दरबार हाइस्कुलमा एउटा कोठा छुट्टै हुन्थ्यो । प्रिन्सेस र अधिराजकुमारीहरुका लागि परीक्षामा महिला गार्ड राख्ने कुरा भएछ र मलाई पठाइयो । त्यसले पनि दरबारसँग थप निकटता भयो । प्रिन्सेस शाहसँग बोलचाल हुन थाल्यो ।

साबित्रीले स्नातकोत्तर तह पुरा गरिसकेको प्रिन्सेसले थाहा पाएपछि मलाई खोजेर ल्याउन भनेर अरुलाई अह्राएको कुरा साबित्रीले थाहा पाउनुभयो । त्यो बेला टेलिफोनको सुविधा हुँदैनथ्यो, मलाई पत्ता लगाउन एक, दुई महिना लाग्यो रे । पछि रेडक्रसमा लैजानको लागि खोजेको भन्ने थाहा पाएँ । त्यतिखेर राजपरिवारबाट कुरा आएपछि भनेको काम गर्दिन भन्न

पनि अलि डर लागे जस्तो हुन्थ्यो । बुबासँग पनि सल्लाह गरेँ । बुबाले ‘दरबार कि तरबार’ भन्छन्, तिमी आफैँ विचार गर भन्नुभयो । यी कुराहरू मनन गर्दै साबित्री जाने निर्णयमा पुग्नुभयो । उहाँ भन्नुहुन्छ, “प्रिन्सेसले तिमीले मलाई मद्दत गर्नुपर्‍यो, शरणार्थीको काम तिमीले जिम्मा लिनुपर्‍यो भन्नुभयो । मैले पनि काम सिक्न हुन्छ भनेर काम गर्छु भनेँ ।” त्यसरी रेडक्रसमा थापा शरणार्थी इन्चार्जका रुपमा रेडक्रसमा प्रवेश गर्नुभयो । नेपाल आएका करिब छ हजारको संख्याका तिब्बति शरणार्थीहरुको लागि देशका पाँच ठाउँमा क्याम्पको व्यवस्था गराएर बसोबासको व्यवस्थापनको काम सुरु भयो । जसमा पोखरामा दुई वटा, ढोरपाटन, सोलुखुम्बु र काठमाडौँमा एकएक वटा क्याम्प बनाएर राखियो । क्याम्पमा राखेपछि उनीहरुका लागि सिपमूलक तालिम हरेक ठाउँमा कार्पेट फ्याक्ट्रीहरु सञ्चालन गरियो भने स्वास्थ्य र बच्चाको शिक्षाको व्यवस्था पनि गरेको उहाँ स्मरण गर्नुहुन्छ ।

अन्तर्राष्ट्रिय दातृ निकायहरुको सहयोग र सहकार्यमा त्यो काम गरिएको थियो । तिब्बती शरणार्थीको बसोबास र व्यवस्थापन कार्य सफलतापूर्वक समापन गरेको भन्दै नेपाल रेडक्रस सोसाइटीलाई अन्तराष्ट्रिय ‘नानसेन पुरस्कार’ पनि प्राप्त भएको थियो । करिब सात वर्षपछि सबै शरणार्थी स्वावलम्बी हुने अवस्था भएपछि त्यो कार्यक्रम बन्द गरियो ।

नेपाल रेडक्रस सोसाइटीको तर्फबाट उहाँ विभिन्न जिल्लामा पनि पुग्नुभयो । २०२२ सालमा नेपालमा ठुलो भुकम्प गयो र भौतिक तथा मानविय क्षति भयो । सुदुरपश्चिममा उहाँहरु आवश्यक सामान लिएर उद्धार र राहतका लागि जानुभयो । रेडक्रसमा काम गर्दागर्दै २०२५ सालमा उहाँको भोलामान सिंह थापासँग साबित्रीको बिहे भयो । श्रीमान् घर ओखलढुङ्गा थियो । साबित्री भन्नुहुन्छ, “भोलामान मन्त्रीसम्म हुनुभयो तर उहाँ राजीतिज्ञ होइन । उहाँ पनि सामाजिक अभियन्ता भएर गाउँघर र जिल्लामा सानो भनिने कामहरु पनि गर्नुहुन्थ्यो ।” रेडक्रसलगायत

संघसंस्थामा पनि आबद्ध भएर पनि श्रीमानले काम गरेको सावित्री स्मरण गर्नुहुन्छ ।

**समाजकल्याण परिषदको स्थापना**

नेपालमा सामाजिक क्षेत्रमा रेडक्रस सोसाइटी खुलेपछि प्रिन्सेस शाहको पहलमा आमा मिलन केन्द्र, कुष्ठरोग निवारण संघ, 'अन्धा अपाङ्ग' संघ परिवार नियोजन संघ जस्ता संस्थाहरु खुले । संस्थाहरु बढिरहेका थिए तर सरकारले व्यवस्थापन तथा नियमन गर्न सकेको थिएन । त्यही भएर समन्वय गर्न केही संरचना आवश्यक परेको महसुस गरेर मैले नै समन्वय परिषदको परिकल्पना गरेर तत्कालीन रानी ऐश्वर्यलाई भनेँ, उहाँलाई मन पऱ्यो, चित्त बुझ्यो । त्यही भएर आफैँ अध्यक्ष हुने चाहना गरेको भएर तत्कालीन रानीकै अध्यक्षतामा समाज कल्याण (हालको समाज कल्याण परिषद) को गठन भयो । त्यसको केही समयपछि समाज कल्याण महाशाखा भयो । समाज कल्याणबाट 'महिला समाज कल्याण' भयो तर फेरि केही समयमा समाज कल्याण पनि हट्यो परिषद छ भनेर । दरबार भित्रै २०३३ सालमा सामाजिक सेवा अन्तराष्ट्रिय समन्वय परिषद् गठन भएको थियो । त्यही संरचना २०४६ सालमा समाज कल्याण परिषद्मा परिवर्तन भयो । जुन अहिले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मातहतमा छ ।

**पाकशालादेखि वृद्धाश्रमसम्म**

२०३३ सालमा साबित्री समाज कल्याण शाखामा काम गर्नुहुन्थ्यो । यो शाखा त्यो बेला गृह पञ्चायत मन्त्रालयमा थियो । अहिलेको गृह मन्त्रालयलाई त्यतिबेला 'गृह पञ्चायत मन्त्रालय' भनिन्थ्यो । यस मन्त्रालयले ' अन्धाअपाङ्ग लुला लङ्गडा', गरिब खान नपाउने, माग्नेहरुलाई ठाउँठाउँमा धर्मशाला जस्तो बनाएर राख्ने र भात पकाएर खुवाउने र वर्षमा दुईजोर कपडा दिने गर्थ्यो । यस्तो धर्मशाला विराटनगर, विरगञ्ज, राजविराज र धनुषामा एकएक तथा काठमाडौँमा दुईवटा गरी छ वटा थिए । त्यसको

उहाँले अनुगमन गर्नुभएको थियो । पछि त्यो समाज कल्याण शाखाको नाम समाज कल्याण केन्द्र राखियो । त्यसपछि त्यही केन्द्रलाई साबित्रीले वृद्धाश्रम नाम राख्नुभयो । किन वृद्धाश्रम नाम राखेको भनेर प्रश्न पनि आए । अब आठ, दश वर्षपछि टोलटोलमा वृद्धवृद्धाहरुका लागि यस्तो वृद्धाश्रम चाहिन्छ भनेर उहाँ अरुलाई बुझाउनुहुन्थ्यो । पहिला सबैलाई एकै ठाउँमा राखिन्थ्यो, पछि वृद्धवृद्धा पशुपति वृद्धाश्रममा राखियो । उहाँहरुको पालापोषणका लागि सरकारको बजेटले मात्र पुग्दैनथ्यो, दाताहरुसँग सहयोग मागेर खानपान र लत्ताकपडाको व्यवस्था गर्ने काम पनि आफूले गरेको साबित्री सम्झिनुहुन्छ ।

२०३७ सालमा नेपालमा मदरटेरेसा आएको साबित्री स्मरण गर्नुहुन्छ, मदर टेरेसाले साबित्रीसँग पनि भेट्नुभयो । मदर टेरेसाले नेपालमा 'मिसन अफ च्यारिटी' खोल्नुभएको रहेछ त्यसैको भिजिटमा आउँदा नेपालमा वृद्धाश्रम छ भनेर सोध्नुभएछ । पशुपति वृद्धाश्रमको बारेमा थाहा पाएपछि त्यहाँ जान खोज्दा मलाई खोज्नु भएको रहेछ । मत छक्क परेँ, उहाँसँग भेट्दा सपना हो कि विपना जस्तो लाग्यो, सावित्रीको भनाइ छ । पछि मदरटेरेसा वृद्धाश्रम जानुभयो र सहयोग पनि गर्नुभयो ।

## शान्ति आश्रम

पाकशाला, वृद्धआश्रममा असहाय, महिला, बालबालिका, वृद्धवृद्धाका लागि काम गरे पनि उहाँलाई वृद्धवृद्धाहरुको स्याहार गर्ने, उनीहरुको रेखरेख गर्ने संस्था छुट्टै नै खोल्नुपर्छ भन्ने लागि नै रहन्थ्यो । त्यसैअनुरुप २०४७ सालमा आफैँ संस्थापक अध्यक्ष भएर 'शान्ति आश्रम' नामक संस्था खोल्नुभयो । आश्रमको भवन निर्माण गरिदिनुभयो । ललितपुरको बुङ्मतीमा रहेको शान्ति आश्रममा अहिले दिवासेवा सञ्चालनमा छ । दिउँसोमा बुढ्वाआमाहरु जम्मा भएर बस्ने, भजनकिर्तन गर्ने, रमाइलो गर्ने गर्छन् । २०७३ सालमा वृद्धसेवा कोष पनि स्थापना गर्नुभएको छ ।

## महिलाहरूलाई पत्रकारिता तालिम

साबित्रीले २०३८ सालमा साझा केन्द्र छोड्नुभयो । र, महिला तथा विकास केन्द्रको स्थापना गर्नुभयो । यस संस्थाले महिलाहरूको लागि करिब दुई दशकभन्दा धेरै काम गऱ्यो । महिला सम्बन्धी मात्रै पुस्तकालय थियो । त्यहाँबाट 'नेटवर्कर' भनेर पाक्षिक पत्रिका पनि निकाल्नुभयो । जसमा महिलाका बारेमा राष्ट्रिय, अन्तराष्ट्रिय समाचार तथा लेखहरू प्रकाशन गरिन्थ्यो । महिलाका बारेमा खोज अनुसन्धानहरू हुन्थे । महिलाहरूलाई पत्रकारिता सम्बन्धी तालिम पनि संचालन गरिएको थियो । महिलालाई पत्रकारिता सम्बन्धी तालिम दिने पहिलो संस्था महिला विकास केन्द्र भएको साबित्रीको भनाइ छ । पत्रकारिताको कोर्स नौ महिनाको थियो । पत्रकारिता पढाउनका लागि नेपाल बाहिरबाट शिक्षक/प्रशिक्षकहरू बोलाउने गरेको र अनुभवको आधारमा आफैँले पनि पढाएको उहाँ सम्झिनुहुन्छ । यस्तै महिलाहरूको हक, अधिकारका साथै सिपमुलक तालिम, सचेतना तथा व्यक्तित्व विकासका लागि तालिम संचालन गर्नुभयो । केही वर्षपछि त्यो संस्था अरुलाई नै हस्तातरण गर्नुभयो ।

## महिला सुरक्षा दबाब समुह

२०४६ सालमा देशमा बहुदलीय प्रजातन्त्र आयो । प्रजातन्त्र आएपछि विभिन्न ठाउँ आपराधिक क्रियाकलाप, महिला, बालबालिकाको बेचबिखन र बलात्कारका घटनाहरु बढ्न थालेको देखियो । बोक्सीका आरोपमा महिलामथि कुटपिट भए । यस्ता घटना पहिला पनि हुने गरेको र विस्तारै बाहिर आएको पनि हुनसक्छ, जुन अनुसन्धान गर्नुपर्ने विषय हो । यस्ता घटना काठमाडौँ मात्र होइन देशभरि नै उस्तै रह्यो । काठमाडौँकै ठमेलको अर्थ लज र डिल्लीबजार पिपलबोटमा बालिका बलात्कारका घटना भए । राजधानी लगायत देशको विभिन्न ठाउँमा महिला बालिकामाथि बलात्कारका घटना हुन थालेपछि अखिल नेपाल महिला संघले भण्डाफोर अभियान सुरु गर्यो । संघले नै महिला सुरक्षा दबाब समुह गठन गर्न पनि पहल गर्यो । सहाना प्रधान, अष्टलक्ष्मी शाक्य, सुशीला श्रेष्ठ, विन्दा

पाण्डे, थममाया थापा, शशी श्रेष्ठ लगायत व्यक्ति तथा विभिन्न १८ वटा संस्थाका प्रतिनिधि गरी २७ जनाको उपस्थितिमा बैठक बस्यो । सोही भेलाले २०४९ सालमा महिला सुरक्षा दबाब समुह गठन गऱ्यो । जसको संयोजक सहाना प्रधानलाई बनाइएको थियो ।

त्यसपछि दबाब समूहकै अगुवाइमा महिलामाथि हुने हिंसा, अपराध विरुद्ध सशक्त र संगठित रूपमा आवाज उठ्न थाल्यो । ऱ्याली, धर्नाहरु त कति भए कति । समूहको अगुवाइमा पैतृक सम्पत्तिमा छोरीको समान अधिकार हुनुपर्छ भनेर आन्दोलन भयो । सिंहदरबार र संसद घेराउ गरिए । आमाको नाममा नागरिकता, राज्यको हरेक तहमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता कायम गरी ५० प्रतिशत पुऱ्याउने अभियान पनि महिला आन्दोलनको विषय बन्यो ।

महिला सुरक्षा दबाबमा साबित्री महासचिव हुँदा आफ्नै घरमा अफिस राख्न सहयोग गर्नुभयो । संस्थाले भाडा तिर्न सक्ने अवस्था नहुँदा समुहलाई घरको एक फ्ल्याटका कोठाहरु सहयोग गर्नुभयो । अहिले पनि समुहका लागि करिब तीन लाख रुपैयाँ राखेर कोष स्थापना गर्नुभएको छ । त्यो कोषबाट ‘अग्रणी महिला सम्मान कोष’ भनेर हरेक वर्ष दुई जना महिलालाई सम्मान गर्ने गरिएको छ । भोलि सुरक्षा दबाब समुह पैसा नभएर काम गर्न नसके पनि यो संस्था चलिरहोस् भन्ने इच्छाले संस्थालाई सहयोग गर्दै आएको साबित्रीको भनाइ छ ।

महिला सुरक्षा दबाब समुहमा साबित्री संस्थापक सदस्यदेखि नै काम गर्नुभयो । पछि कमिटीमा बसेर महासचिव भएर १२ वर्ष काम गर्नुभयो, त्यसपछि उपाध्यक्ष हुनुभयो । छ वर्ष अध्यक्ष (२०७२-७७ सालसम्म) अध्यक्ष भएर काम गर्नुभयो ।

**लेखनमा सक्रिय**

विभिन्न क्षेत्रमा काम गर्नुभएका उहाँका रुचिहरू पनि विविध थिए । २०१७ सालमै उहाँले क्याम्पसमा पत्रिकामा लेख लेख्नुभएको थियो । आफ्नो रुचिमध्ये लेखन पनि एक भएको उहाँको भनाइ छ । थापाले नेपालमा समाज सेवा, सहकारी परिचय, जीवन धारा (काव्य), चेलीको व्यथा, सयथोपा गीतामृत, त्रिवेणी श्रीमद्भागवतगीता, अनुभुतिका लहर- (कविता सङ्ग्रह), जमुना-स्मृति (काव्य), आत्मबोध उपन्यास, श्रीकृष्णार्जुन सम्वाद, अर्चना (आध्यात्मिक उपन्यास), संस्मरण-समसामयिक लेख सङ्ग्रह लेखेर प्रकाशन गर्नुभएको छ । ८० वर्ष पुग्न लाग्नुभएका उहाँ अहिले पनि लेखन लगायत विविध सामाजिक सेवाका क्षेत्रमा सक्रिय हुनुहुन्छ । सकारात्मक सोच र नयाँ काम गर्नुपर्छ भन्ने भावना भएकी साबित्री आम नेपालीकै लागि उदाहरणीय व्यक्तित्व हुनुहुन्छ ।

●



मदर टेरेसाले नेपालमा 'मिसन अफ च्यारिटी' खोल्नुभएको रहेछ त्यसैको भिजिटमा आउँदा नेपालमा वृद्धाश्रम छ भनेर सोध्नुभएछ । पशुपति वृद्धाश्रमको बारेमा थाहा पाएपछि त्यहाँ जान खोज्दा मलाई खोज्नु भएको रहेछ । म त छक्क परेँ, उहाँसँग भेट्दा सपना हो कि विपना जस्तो लाग्यो ।

# चुमकला हेक्साब्लेड बोकेर कारागार



● सविता शर्मा

चुमकला बन्जाडेलाई २०३७ साल भदौ २७ गते भैरहवा कारागारबाट बन्दी नेताहरूको पत्र आयो । 'हामी कारागारबाट निस्किन कोशिस गरेका छौँ । जिल्लामा हामीलाई सहयोग गर्ने कोही भएन । हामीलाई यहाँबाट निक्लन तपाइले सहयोग गर्न सक्नुहुन्छ कि सक्नुहुन्न ?' भन्ने व्यहोराको पत्र उहाँले प्राप्त गर्नुभयो । नेताहरू मोदनाथ प्रश्रित, विष्णु पौडेल, चन्द्रमन नाउ, विक्रम लोहारलगायतले सामुहिक रूपमा पत्र पठाउनुभएको थियो ।

समय सहज थिएन । त्यसैले कारागारमा भएका नेतालाई बाहिर निकाल्ने हिम्मत कसैले गर्न सकेनन् । प्रहरी प्रशासनले त्यो कुराको सुईंकोसम्म पाए आफ्नो जीवन नै सकिन्थ्यो । चुमकलाको कलिला छोराछोरी थिए, पाँच जना । उहाँ विना ती बालबच्चाहरूको लालनपालन हुनसक्ने अवस्था थिएन । त्यो कुरा प्रहरी प्रशासनले थाहा मात्र पाएको भए सायद चुमकला बन्जाडेको परिवारलाई नै फाँसी दिइन्थ्यो । यो कुरा थाहा पाउनेले 'नजा नजा तेरा बालबच्चा मर्छन्' भनिरहेका थिए । निकै साहस गरेर चुमकला कारागार जानुभयो ।

परिस्थिति जति नै कठिन किन नहोस्, चुमकलाले हिम्मत गर्नुभयो । नेताहरूलाई कारागारबाट बाहिर निस्कनका लागि सहयोग गर्ने अठोट गर्नुभयो । उहाँले पहाडबाट भर्खरै झरेको महिलाको जस्तो भेष गरेर कारागार जाने निर्णय गर्नुभयो ।

गेडा माला र अन्य पहिरन सबै पहाडी महिलाको जस्तो गर्नुभयो । तामाको तमाउरो(भाँडो) को पिँधमा हेक्सा ब्लेड राख्नुभयो । त्यसको माथि प्लाष्टिक राखेर ओक्ती पीठो (जिउ दुखेका बेला र सुत्केरीलाई ख्वाइने परिकार) राख्नुभयो । मोदनाथ प्रश्रितकी बहिनी बनेर उहाँ कारागार पुग्नुभयो ।

'दाजु मोदनाथ प्रश्रितले कुटाई खाएर उहाँको जिउ साह्रै दुःखेको छ, त्यसैले ओक्ती पीठो लिएर आएको' भन्ने पारेर उहाँ कारागार पुग्नुभयो ।

उहाँले लगेको हेक्सा ब्लेडले कारागारको झ्यालको छड काटेर मोदनाथ प्रश्रित, विष्णु पौडेल, चन्द्रमान नाउ र विक्रम लोहार त्यहाँबाट भाग्न सफल हुनुभयो ।

## बाल्यकाल तथा परिवार

अर्घाखाँची जिल्लाको शिखर गाउँमा २००२ साल कात्तिक मसान्तमा चुमकला बञ्जाडेको जन्म भएको हो । उहाँकी आमा शोभा भुसाल र बुबा इन्द्रमणि भुसाल हुनुहुन्छ । चुमकलालाई आफूले जान्ने भएदेखि नै काम गरेको मात्रै याद छ । उहाँको बेलामा पढ्नका लागि विद्यालय थिएनन् । उहाँले अक्षर चिन्नेसम्म अवसर पाउनुभएन । उहाँ भन्नुहुन्छ, "उठेर गाई, भैँसी र बाख्रा चराउन जानुपर्थ्यो । हाम्रा पालामा गाउँमा स्कूल थिएनन् । घरको काम गर्नुपर्थ्यो । अलिकति ठूलो भए निमोठेर बिहे गर्दिन्थे ।" बाल्यकालमा खेलेर रमाएर खाएको अनुभव उहाँसँग छैन । त्यतिबेला बालबालिकामै बिहे गर्ने प्रचलन थियो ।

उहाँको विवाह ११ वर्षमा भयो । बिहे गर्दा उहाँका श्रीमान् रविलाल बञ्जाडे १६ वर्षको हुनुहुन्थ्यो । विवाह भएको एक वर्ष पुग्न नपाउँदै चुमकलाकी सासू बित्नुभयो । उहाँलाई घर व्यवहारको जिम्मेवारी आइलाग्यो । उहाँको परिवार २०२१ सालमा मधेश(रूपन्देही जिल्ला) झर्नुभयो । रूपन्देहीको मैनहिया गाउँ पञ्चायत-२ को सुकुम्बासी बस्तीमा बस्नुभयो ।

उहाँहरूका पाँच सन्तान हुनुहुन्छ । मातृकाप्रसाद बञ्जाडे, मायादेवी बञ्जाडे, तीर्थराज बञ्जाडे, घनश्याम बञ्जाडे र शान्तिदेवी बञ्जाडे । चुमकलाले १४ वर्षको उमेरमा पहिलो सन्तानको जन्म दिनुभयो । जेठो सन्तान(छोरा) १८ वर्ष पुगेपछि मृत्यु भयो । नौ सन्तानलाई जन्म दिएकी

चुमकलाका पाँच जना सन्तानमात्र जिवित हुनुहुन्छ। एक जना छोरा (जेठो)को १८ वर्षको उमेरमा निधन भयो। कति जन्मने वित्तिकै मरे, कति केही समयपछि मरे। चार जना सन्तानलाई उहाँले गुमाउनुपऱ्यो।

## दिनमा ज्यामी, रातमा पार्टी

चुमकलाको श्रीमान् रविलाल बञ्जाडे नौ वर्षसम्म भूमिगत हुनुभयो। पाँच जना सन्तान र नेताहरूलाई चुमकला बन्जाडेले मजदुरी गरेर ल्याएको अन्न ख्वाएर पाल्नुभयो। दिनभरी ज्यामी काम गरेर चामल ल्याएर भात पकाउने र नुनसँग मात्रै पनि खाने र ख्वाउने गर्नुहुन्थ्यो। खान नपाएर नेताका ओठ मुख सुकेका हुन्थे, त्यो देखेर चुमकलाई धेरै माया लाग्थ्यो। जसरी भए पनि ख्वाउन पाए हुन्थ्यो भन्ने भइरहन्थ्यो। भोकाएर आउनुहुन्छ होला भन्ने लाग्थ्यो। त्यतिबेलाको समय र अवस्थालाई सम्झने हो भने चुमकलाको हृदय रुन्छ। उहाँ छोराछोरी सुताएर राति पार्टीको काममा जाने गर्नुहुन्थ्यो। उठेको बेलामा छोराछोरीले बुबाआमाले हामीलाई छोडेर कहाँ जानुभयो भन्थे।

चुमकलाको घरमा मोदनाथ प्रश्रित, विष्णु पौडेल, शान्ता मानवी, चन्द्रप्रकाश मैनाली लामो समय बस्नुभयो। अरु नेताहरू पनि आउने जाने क्रम चलिरहन्थ्यो। चुमकलाले नेताहरूलाई जोगाउन बाहिरबाट ढोका लगाइदिएर (थुनेर) मजदुरी गर्न जानुहुन्थ्यो। दिसापिसाबका लागि लौकाको गुदी फालेर सुकाएको ढ्वाङ राखिदिने गर्नुहुन्थ्यो। अहिलेजस्तो सहजै भाँडा किन्न पाइँदैनथ्यो र कोपरा किन्नलाई पैसा पनि हुँदैनथ्यो।

कोही मान्छे र पुलिस आएको कुरा नेताहरूलाई सङ्केत दिन केटाकेटीले घण्टी बजाउने गर्थे। यसका लागि घरबाहिर घण्टी राख्ने गरिएको थियो। चुमकला भन्नुहुन्छ,"पञ्चायती काल सम्झिदा पनि गाह्रो छ। राजनीति कष्ट थियो। जता गए पनि पैदल जानुपर्थ्यो।"

सुकुम्बासी बस्तीमा बस्ने उहाँहरूले दिनभरी मजदुरी गरेर जीवन गुजारा गर्नुपर्थ्यो । त्यस्तो अवस्थामा पनि उहाँहरूले नेताहरूलाई घरमा राखेर पाल्नुहुन्थ्यो । आफ्नै जीवन धान्न धौ धौ भइरहेको अवस्थामा पनि देश, जनता र राजनीतिक परिवर्तनका लागि उहाँहरू राजनीतिमा क्रियाशील बन्नुभयो । दिनभरी मजदुरी गर्नुपर्ने अवस्थामा पनि चुमकलाले राति पार्टीका काममा क्रियाशील हुनुभयो ।

## सुत्केरी ब्यथा लाग्दा एक्लै

अहिले समय बदलिएको छ। अहिले बच्चा योजनाअनुसार जन्माउने गरिन्छ। बच्चाको योजना बनाएर गर्भाधान गर्नुभन्दा केही महिना पहिलादेखि नै विभिन्न तयारी गरिन्छ। अस्पतालमा पटकपटक जाँच गरिन्छ । चिकित्सकको सहयोगमै बच्चा अस्पतालमै जन्माइन्छ ।

यो देख्दा चुमकलालाई आफूले बच्चा जन्माउँदा पाएको दुःख याद आउँछ। बच्चा जन्माउँदा उहाँ सधैँ एक्लै हुनुभयो। ब्यथा लागेको पनि सहनुको विकल्प थिएन। श्रीमान् कहिले कता त कहिले भूमिगत भएको बेला पर्थ्यो। बच्चा जन्माएर आफैँले छुरा तथा हसियाँले नाभी काट्नुहुन्थ्यो । पानी तताएर आफैँले बच्चा नुहाइदिएर स्याहारेको चुमकला सम्झनुहुन्छ ।

श्रीमान् राजनीतिमा ब्यस्त, खानापिनको अभाव, कामको बोझ, एक्लै परिवार धान्नुपर्ने बाध्यता । यस्तो अवस्थामा पनि उहाँलाई देश र जनताका लागि काम गर्ने जोश आउँथ्यो। उहाँले भन्नुभयो,"अहिलेका मान्छेलाई काम गर्न जाँगर लाग्दैन। पढिम् भन्छन्। हामी त सङ्घर्ष गरेर आएका हुम्। सुत्केरीमा पनि पेटभरी खान पाइएन ।"

## समय र सङ्घर्ष

चुमकलाले मजदुरी गरेर पालेका नेताहरू धेरै स्थापित भए । धेरै जना पार्टीको माथिल्लो कमिटीमा गए । सरकार र शासन सञ्चालनमा पुगे । चुमकलालाई यो देख्दा राम्रो लाग्छ तर आफू र आफ्नो श्रीमान्ले पढ्न नपाएका कारण पछाडि पर्नुपरेकोमा भने दुःख लाग्छ । आफूले मात्रै होइन राजनीतिमा लाग्दा आफ्ना सन्तानलाई समेत पढाउन नपाएको ठूलो पीर छ उहाँलाई । पछिका सन्तानले पढ्न पाए पनि जेठा छोरा छोरीलाई पढाउन नपाएकोमा उहाँलाई दुःख लाग्छ । छोराछोरीलाई विद्यालय जाने लुगा र चप्पल किन्न नसकेर पढाउन नपाएको दुःख उहाँको मनमा गडेको छ । 'कमाउन पर्‍यो, ख्वाउन पर्‍यो, नेता पाल्नुपर्‍यो, दिनभर काम गरेको कि चार रुपियाँ कि एक किलो चामल ल्याएर चुमकलाले त्यतिबेला गुजारा गर्नुभयो । श्रीमान् भूमिगत, बेस्सरी दुःख पाउनुभयो ।

देश र जनताका लागि आफूले त्याग गरेको भए पनि अहिलेको लुछाचुडी देख्दा उहाँको मन खिन्न हुन्छ। ज्यानको बाजी राखेर योगदान गरेकी चुमकलालाई अहिलेको भागबण्डाको राजनीतिप्रति वितृष्णा छ । पार्टीलाई विभिन्न समयमा टुक्रा टुक्रा पारेको कुराले चुमकलालाई भत्भती पोल्छ ।

त्यसरी पालेका नेताहरूले अहिले कुनै वास्ता गर्दैनन् । कोही पनि एकपटक फर्केर आएनन् । चुमकलाले भन्नुभयो,"अब त चिन्नुहुन्न, माथि जानुभो । " शान्ता मानवीले भने बेलाबेला फोन गर्ने गरेको उहाँले सुनाउनुभयो । समय बदलियो । राजनीति बदलियो । समाज अनि परिवेश बदलियो । राजनीतिक र सामाजिक क्रान्ति भए । डरलाग्दो समय परिवर्तन भएर सहज भयो । आन्दोलनका मोर्चामा होमिएकाहरू देशको शासन सत्ता सम्हाल्ने भए ।

चुमकलालाई पढेको भए पहिलेका कुरा लेखेर राख्थें भन्ने लागिरहन्छ । उहाँ भन्नुहुन्छ, 'अहिले बुढेसकाल हुँदै गयो, पुरानो कुरा बिर्सिएँ ।' उहाँले घर व्यवहारले गर्दा प्रौढ शिक्षासम्म पनि पढ्न पाउनुभएन ।

टाठा बाठा अगाडि आए कति बीचमै हराए । पर्दापछाडि रहेकाहरूको भूमिका भने ओझेलमा पऱ्यो । कहिँकतै चर्चा भएन । पर्दापछाडिका पात्रको कतै खोजी भएन । ज्यानको बाजी दिएरै आन्दोलनमा लागेकाहरूलाई पनि कसैले चिनेन । अगाडि आउनेहरूले भने 'हामीले पञ्चायती व्यवस्थाविरुद्ध ठुलो सङ्घर्ष गऱ्यौँ ।' त्यही सङ्घर्षमा होमिने कतिपय गुमनाम छन् ।

चुमकला बञ्जाडे पनि पर्दापछाडिको सशक्त पात्र हुनुहुन्छ । जसले पञ्चायती व्यवस्थाविरुद्धको सङ्घर्षमा निकै कठिन परिस्थितिको सामना गर्नुभयो । राजनीतिक परिवर्तनका खातिर उहाँ सङ्घर्षमा होमिनुभयो ।

**मोर्चामा सँगसँगै**

राजनीतिक आन्दोलनमा लाग्न सधैँ उहाँलाई श्रीमान्ले साथ दिनुभयो । श्रीमान् श्रीमतीको सल्लाहमा नै निरन्तर उहाँहरू अगाडि बढ्नुभयो । उहाँका श्रीमान् रविलाल बञ्जाडे पनि पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनमा सहभागी हुनुहुन्थ्यो । दुई जना नै संगठितरूपमा आन्दोलन होमिनुभएको थियो । २०३१ सालदेखि कम्युनिष्ट पार्टी रूपन्देही मुक्ति मोर्चामा उहाँहरू संगठित हुनुभएको थियो । चुमकला महिला मुक्ति मोर्चामा आवद्ध हुनुभयो ।

चुमकलाले रातको समयमा पर्चा पम्पलेटहरू विभिन्न ठाउँमा छर्दै जागरण फैलाउनुभयो । उहाँ भन्नुहुन्छ, "राति खुकुरी भिरेर बाहिर निस्कन्थें । कोही आए काट्छु भन्ने हिम्मत आउँथ्यो । राति राजनीतिमा हिंड्दा डर हरायो । हिम्मत र साहस आउँथ्यो । ती दिन सम्झँदा सपनाजस्तै लाग्छ ।"

रविलालले नौ वर्षसम्म भूमिगत भएर पार्टीको आन्दोनका विभिन्न मोर्चाहरूमा क्रियाशील हुनुभयो । रविलालले विभिन्न कार्यक्रम हुँदा नेताहरूलाई बचाउन हतियार बोकेर रक्षकको काम गर्नुभयो । उहाँहरू निरन्तर नेपाल कम्युनिष्ट पार्टी एमालेप्रति प्रतिवद्ध भएको बताउनुहुन्छ । उहाँहरूको सम्बन्ध अहिले पनि निकै कसिलो छ । बुढेसकालमा एक

अर्काको सहारा बनेर बस्नुभएको छ। उहाँहरू अहिले रुपन्देही जिल्लाको मायादेवी गाउँपालिका-८ मा बस्नुहुन्छ।

रोगले भने चुमकलालाई निकै गलाएको छ। शरीर सबै दुख्छ। हड्डीहरू बाङ्गिएको र मक्किएको छ। भान्सा र शौचालय जाँदा पनि भित्ताको सहारा लिनुपर्छ। उपचार गरेर पनि ठिक भएको छैन।

●



प्रा.डा. चन्द्रा भद्रा दार्जिलिङमा जन्मिएर नेपालमा आई लामो समयदेखि लैङ्गिक अध्ययन विषयको औपचारिक अध्ययनको पहल गर्नेमध्ये एक हुनुहुन्छ । उहाँहरूकै पहलमा अहिले नेपालमा लैङ्गिक अध्ययन विषयमा विद्यावारिधि पनि सुरू भएको छ ।

# लैङ्गिकमैत्री समाजकी परिकल्पनाकार : प्रा.डा. चन्द्रा भद्रा



● *जमुना वर्षा शर्मा*

सामाजिक रूपान्तरणमा एक क्रान्तिकारी सोचको बिजारोपण गरेर यो समाजलाई लैङ्गिकमैत्री बनाउनुपर्छ भन्ने अभियानकी सशक्त अभियन्ता हुनुहन्छ प्रा.डा. चन्द्रा भद्रा। दार्जिलिङको कालिम्पोङमा २००५ सालमा जन्मनु भएकी उहाँ प्राज्ञिक क्षेत्रमा झण्डै पाँच दशकदेखि उस्तै उर्जाशील र क्रियाशील हुनुहुन्छ। आफ्नो जन्मको सन्दर्भमा उहाँलाई सुनाइको घटनाको स्मरण गर्दै भन्नुहुन्छ, "म आमाबुबाकी आठौँ सन्तान, धेरै सन्तान भएकाले तुरुन्तै बच्चा जन्मदैन भनेर ठूली मुमाले मेरो सालनाल केराघारीको फेदमा गाड्नु भएको थियो रे, तर त्यसको दुई वर्षपछि नै भाइ जन्म्यो।" उहाँको आमाबुबाको १२ जना सन्तान हो। उहाँकी मुमाले बाह्रजना सन्तानको लालनपालन र पढाइलेखाइमा समय दिनुभयो। पेसाको रुपमा भन्ने हो भने परिवार पूर्णरुपमा कृषिमा संलग्न थियो। त्यही भएर उहाँ आफूलाई किसानकी छोरी भन्न चाहने र त्यसैमा गर्व लाग्ने बताउनुहुन्छ।

## शिक्षा र बाल्यकाल

चन्द्राले दार्जिलिङको कालिम्पोङको लामा डाँडामा रहेको खरको छानाले छाएको सानो स्कुलमा पढ्नुभयो। पढाइ लेखाइ ढुङ्गा क्लास र मकै क्लास अर्थात ढुङ्गा र मकैका गेडाको सहारामा लेख्ने पढ्ने गर्नुभयो। त्यहीँ नै विद्यालय तहको औपचारिक अध्ययन पुरा गरी कालिम्पोङमै स्नातक तह पुरा गर्नुभयो। पछि नेपाल आएर सन् १९६८ मा नेपाली विषयमा स्नातकोत्तर तह पढ्नुभयो।

उहाँको बुबा सीता 'महारानी' (भिमसमशेरकी श्री ३ महारानी) को भदा हुनुहुन्थ्यो। त्यही पारिवारिक नाता सम्बन्धका कारण पनि नेपालमै बसेर आफ्नी फुपूको नीजि सहयोगीको रूपमा कार्यरत हुनुहुन्थ्यो। बुबा त्यहाँ भएकाले चन्द्रा भद्रा सानो हुँदादेखि नै बेलाबखत नेपाल आइरहनु हुन्थ्यो रे,

उहाँको पास्नी पनि सीताभवन दरबार, काठमाडौँमै गरिएको आमाबुबाले भनेको उहाँ सम्झिनुहुन्छ। सीता महारानीले आफ्नो बुबालाई बङ्गला दिएको चन्द्रा स्मरण गर्नुहुन्छ तर त्यो बङ्गला तत्कालीन राजा महेन्द्रले सीताभवन अधिग्रहण गर्दा अधिग्रहणमै परेको उहाँ स्मरण गर्नुहुन्छ।

## बच्चाप्रति निकट

साना बच्चा चन्द्रालाई एकदमै मनपर्थ्यो। बच्चाहरुलाई सानैदेखि माया गर्ने आफ्नो बानी भएको उहाँ बताउनुहुन्छ। उहाँहरुको खेतीकिसानीमा सघाउने (दार्जिलिङ्गे भाषामा, पाखुरे भनिन्छ।) दाइको छोराछोरी थिए। उनीहरुलाई खेलाउने, टोपी मोजा बुनिदिने गर्दाताकाको क्षण पनि उहाँ बडो प्रेमपूर्वक स्मरण गर्नुहुन्छ। ती सहयोगी दाइका एकजना अपाङ्गता भएका छोरा पनि थिए, उनको पनि विशेष ख्याल गर्नुहुन्थ्यो उहाँ।

## विशेष शिक्षाको तालिम

भारतमा एउटा फेमिना भन्ने म्यागाजिन प्रकाशित हुन्थ्यो। एकदिन त्यसमा एउटा विज्ञापन देख्नुभयो। स्नातक तह उत्तिर्ण भएकालाई बेलायतमा विशेष अर्थात अपांगता भएका बालबालिकालाई दिइने शिक्षा सम्बन्धी तालिम दिइने रहेछ। त्यो तालिम लिएपछि विशेष अवस्था अर्थात अपांगता भएका बालबालिकाहरुलाई पढाउने शिक्षक हुन पाइने रहेछ। बालबालिकाप्रति नजिक हुने उहाँलाई त्यो तालिमले उत्साहित बनायो, तालिममा सहभागी हुने निर्णय गर्नुभयो। त्यो तालिमका लागि छात्रवृत्ति पनि पाउनुभयो। पछि त्यो तालिम इन्स्टिच्यूटको शाखा मुम्बइमा खोलिएछ। मासिक दुई सय रूपैयाँ दिने तर आफैँले खाने बस्ने बन्दोबस्त गर्नुपर्ने भएपछि उहाँको मातापितालाई छोरीलाई अन्जान शहर बम्बैमा पठाउने मन भएन। त्यही समयमा सीता 'महारानी' ले उहाँको बुबालाई नेपाल बोलाएकाले उहाँ पनि बुबासँगै नेपाल आउनुभयो। सिकाइ र अध्ययनमा रुचि राख्ने उहाँ नेपालमा आएपछि नेपाली भाषा पढ्न रूचि देखाउनुभयो। उहाँलाई त्रिभुवन विश्वविद्यालयका तत्कालीन प्रिन्सिपल सुर्यबहादुर शाक्यसँग भेट

गराइयो । उहाँले भारतमा पढेकाले त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तह अध्ययन गर्न पाउने व्यवस्था गरिदिनुभयो । सन् १९६८ मा भारतको नर्थ बंगाल विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरी नेपाल आउनु भएकी उहाँको नेपालमा नेपाली विषयको अध्ययन सुरु भयो । सन् १९७१ मा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तह पास गर्नुभयो ।

चन्द्राको बिहे सन् १९७४ सालमा विनायक भद्रासँग भयो । बिहेपछि श्रीमान् विद्यावारिधि गर्नका लागि अमेरिकाको ओरिगन स्टेट युनिभर्सिटी जाने हुनुभयो । त्यसक्रममा चन्द्रा पनि सँगै जानुभयो । साथमा दुई वर्षकी छोरी थिइन् । बच्चा सानो भए पनि अमेरिका बसाइका क्रममा उहाँ पनि पढ्न थाल्नुभयो । ओरिगन स्टेट युनिभर्सिटीबाटै 'फेमिली रिसोर्स म्यानेजमेन्ट' मा स्नातकोत्तर तहको अध्ययन सक्नुभयो । यो सन् १९८१ को कुरा हो । 'फेमिली रिसोर्स म्यानेजमेन्ट' प्रमुख विषय पढ्दा सहायक विषयको रुपमा उहाँले अर्थशास्त्र विषय पनि अध्ययन गर्नुभयो र त्यसमा पनि स्नातकोत्तर तह पूरा गर्नुभयो । सन् १९९८ मा भने समाजशास्त्र विषय पनि अर्को सहायक विषय लिएर त्यही विश्वविद्यालयबाट 'फेमिली रिसोर्स म्यानेजमेन्ट' मुख्य विषय र अर्थशास्त्र र समाजशास्त्र सहायक विषयहरु लिई विद्यावारिधि (पिएचडी) सक्नुभयो ।

उहाँले विद्यावारिधि गर्दाको समयसम्म 'लैङ्गिकता तथा विकास' को अवधारणा आइसकेको थियो । त्यही भएर उहाँले पनि यस्तै अवधारणामा आधारित भएर "Intra-Household Gender Analysis of Work Roles and Distribution of Resources: A Pilot Study in a Nepalese Village" नामक शोध गर्नुभयो र नेपाली घरगृहस्थीमा रहेको लैङ्गिक सम्बन्धको सैद्धान्तिक नमुना तयार पार्नुभयो ।

**नेपालीदेखि लैङ्गिक अध्ययनसम्मको प्राध्यापन**

आफ्ना जीवनका महत्वपूर्ण र उर्वर समय प्राज्ञिक क्षेत्रमै लगानी गर्नुभएको छ चन्द्रा भद्राले । झण्डै पाँच दशकअगाडि सन् १९७४ मा त्रिभुवन

विश्वविद्यालयमा नेपाली विषयको अध्यापन सुरु गर्नुभएकी उहाँले छ वर्ष नेपाली अध्यापन गर्नुभयो । त्यसपछि त्रिविकै गृह विज्ञान विभागमा 'गृह व्यवस्थापन' विषय पढाउन थाल्नुभयो । आज पर्यन्त उहाँ प्राज्ञिक यात्रामै हुनुहुन्छ । हाल उहाँले पोखरा विश्वविद्यालयमा विद्यावारिधि (पीएचडी) का विद्यार्थीलाई पढाउनुहुन्छ । विद्यार्थीसँगको आत्मियता र उनीहरूका जिज्ञासामा भिज्दा आफू सक्रिय हुने अनुभव उहाँको छ । त्यही सक्रियताले गर्दा उहाँले आफ्नो उमेरको सात दशक कटेको मेसो पाउनु भएको छैन । अझ भन्नुहुन्छ, "मान्छे बुढो उमेरले नभइ सोचले हुने हो ।" शिक्षणदेखि अध्ययन, अनुसन्धान, लेखन तथा महिला अधिकारका पक्षमा वकालत एवं अभियानमा लागिरहनु भएकी उहाँको सक्रियता र आत्मविश्वासपूर्ण अनुहारमा नियाल्दा जो कोहीलाई ऊर्जा मिल्छ ।

## नारीवादी दृष्टिकोण

चन्द्रा लैङ्गिकताको सवालमा खरो रूपमा आफ्नो बौद्धिक र तार्किक विचार राख्ने गर्नुहुन्छ । लैङ्गिकताको सवालमा उहाँले विशेषत दुई वटा घटना उहाँले बिर्सिन सक्नु भएको छैन । सन् १९६९ तिरको कुरा हो । उहाँ त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत हुँदा होस्टल बसेकी आफ्नो साथीलाई एक पुरूषले जबरजस्ती सिन्दुर र पोते लगाइदिने कुचेष्टा गरे । साथीको इच्छा विपरित भएको यस घटनाले उहाँ र उहाँका साथीहरूलाई अब केही गर्नुपर्छ भन्ने लाग्यो । एकोहोरो केटाले मन पराएर जबर्जस्ती केटीमाथि सार्वजनिक ठाउँमै सिन्दुर हाल्ने जस्तो अमानवीय कामले उहाँलाई सोचमग्न तथा केही गर्नुपर्छ भन्ने भावना आयो ।

तत्कालै त्यो विषयमा एक साहित्यिक पत्रिकामा एक पुरूष लेखकले 'सिन्दुरे जात्रा' भनेर व्यंग्यात्मक लेख लेखे । त्यो देखेर झन उहाँ आक्रोशित हुनुभयो र पछि त्यही अखबारको अर्को अंकमा 'धिक्कार छ' शीर्षकमा त्यसको प्रतिकारमूलक लेख लेखेर पठाउनुभयो, जुन छाप्न पत्रिकाका पदाधिकारीहरूलाई बाध्य गराइएपछि छापिएको थियो ।

त्यस समयको पितृसत्तात्मक सोच र त्यही सोचबाट बनाइएको कानुनले महिला विरूद्धको हिंसालाई चिन्दैनथ्यो । त्यही जबर्जस्ती सिन्दुर हाल्न खोजेको घटना सुरक्षा निकायको आँखामा पनि परेन । त्यसैले उहाँ त्यो घटनालाई नारीवादी सचेतनाको रूपमा लिखितम विद्रोह शुरूवातको रूपमा लिनुहुन्छ ।

नारीवाद बारे नबुझेको नजानेको त्यो समयलाई अहिले समिक्षा गर्दा आफू भित्र नारीवादी विद्रोह त्यही बेलादेखि जागृत भएको रहेछ भन्ने ठान्नुहुन्छ । प्रेमभन्दा पनि सिन्दुर पोतेमा अल्झिएको परम्परागत पितृसत्तात्मक सोच र संस्कारले महिलालाई इच्छा विपरितका सम्बन्धको बन्धनमा पारेर निरीह बनाउन गरेको गलत परम्पराको उदाहरणको रूपमा उहाँ त्यो घटनालाई लिनुहुन्छ ।

नारीवादी सोचकै सन्दर्भको उहाँसँग अर्को घटना पनि छ । यो १९८० को दशक तिर हुनुपर्छ । कक्षा १ को नेपाली किताबमा ‘बुबा अफिस जानुहुन्छ’, ‘आमाले भात पकाउनु हुन्छ’ भनेर लेखिएको थियो । विद्यार्थीलाई शिक्षकहरुले पनि त्यही पढाउँथे । यस पाठ्यक्रमको भाष्यले महिलालाई घरभित्रै बस्ने  गृहिणीको रूपमा मात्र चित्रित गरिएको थियो । अझै कतिपय पाठ्यपुस्तक तथा पाठ्यवस्तुहरु पितृसत्तात्मक सोचबाटै लेखिएको हुन्छ र त्यही पढाइन्छ । उहाँ भन्नुहुन्छ, “हामी जस्ता थुप्रै महिलाहरू त्यतिबेलै जागिर खाने ‘पेड वर्क’ मा थियौँ तर आमा (महिला) हरू पनि अफिस जान्छन् भन्ने दृष्टिकोणबाट पुस्तक लेखिएन ।”

यही विषयलाई लिएर उहाँको एउटा लेख त्यसबेला गोरखापत्रमा छापिएको थियो । त्यसपछि पित्तृसत्ता भनेको पुरूषमुखी पनि छैन भनेर १९९० को शुरूको समयमा ‘ऋचा’ भन्ने पत्रिकामा पनि लेख लेखेको थिएँ । त्यस लेखमा नारीवाद पुरूष विरोधी होइन । नारीवादी भन्ने वित्तिकै पुरूष विरोधी भनेर सोच्ने र बुझ्ने प्रवृत्ति घातक हुने उहाँको बुझाइ छ ।

समय क्रमसँगै नारीवादी दृष्टिकोणलाई उहाँले गहिरो गरेर अध्ययन गर्दै जानुभयो। जसलाई विश्वविद्यालय भित्र अध्ययनको विषय बनाउन पनि पहल गर्नुभयो। त्रिविमा गृह विज्ञान विभाग थियो। शुरुमा त्यही विभाग अन्तर्गत 'होम म्यानेजमेण्ट' पढाउने क्रममा 'जेण्डर' विषयले प्रवेश पाउन थाल्यो। आफूलाई नेपालमा पहिलो पुस्ताको फेमिनिस्ट भन्न रुचाउने उहाँ प्राज्ञिक रुपमा लैङ्गिक अध्ययन अर्थात् जेण्डर स्टडिज विषय विश्वविद्यालयमा प्रवेश गराउने प्रमुख पात्र मध्ये एक हुनुहुन्छ, प्रा.डा. चन्द्रा भद्रा।

नेपालमा सन् १९९६ देखि वुमन्स स्टडिजको अध्ययन अध्यापन सुरु भएको हो। त्यतिबेला पद्मकन्या क्याम्पसमा पढाइ भएको थियो। अहिले नेपालमा विश्वविद्यालयहरुमा लैङ्गिक अध्ययन विषयमा पीएचडी पनि सुरु भइसकेको छ। बल्लबल्ल पठनपाठन सुरु गरेको पनि नेपालमा यो विषय पढाउने व्यक्ति नभेटिने गरेको उहाँ बताउनुहुन्छ। त्यसका लागि भारत, बंगलादेशलगायत देशहरुबाट प्राज्ञिक व्यक्तिहरु बोलाएर सेमिनार, तालिम आयोजना गरिन्थ्यो। त्यतिमात्र होइन विषयको नाम 'वुमन स्टडिज' राख्ने कि 'जेण्डर स्टडिज' भन्ने पनि बहसको विषय बनेको थियो।

पद्मकन्या क्याम्पस भएकाले वुमन स्टडिज (महिला अध्ययन) विषय भनेर पढाइ हुन थाल्यो। पद्मकन्या क्याम्पस महिलाहरुका लागि मात्रै पठनपाठन हुन्थ्यो। विस्तारै यो विषयप्रति पुरुषहरुको पनि चासो बढ्दै गएकाले पद्मकन्या क्याम्पसबाहिर डिल्लीबजारको एक घर भाडामा लिएर जेण्डर स्टडिज विषय पढाइ हुन थाल्यो। सन् २००९ तिर उहाँ यो विषयको संयोजकको रूपमा रही आफैँ पनि पढाउनुहुन्थ्यो।

तत्कालीन समयमा कतिपय विकास साझेदारी संस्थाहरू अनुसन्धानको लागि उहाँलाई आग्रह गर्थे। उहाँ त्यसका लागि ग्रामीण भेगका दूरदराजसम्म पुग्ने गर्नुहुन्थ्यो र नेपाली ग्रामीण महिलाहरुको अवस्थालाई मिहीन ढंगले

अध्ययन गर्नुहुन्थ्यो । त्यस्ता महिलाहरुको जीवनभोगाइ विश्वविद्यालयमा पढिनु⁄पढाइनुपर्छ भन्ने उहाँलाई लाग्थ्यो ।

सन् १९९६ बाट 'डिप्लोमा इन वुमन स्टडिज' शुरू हुन थाल्यो । यस विषयको अध्ययनप्रति पुरूषको पनि रूचि देखिन थालेपछि सन् २००९ मा 'मास्टर इन जेण्डर स्टडिज' शुरू भयो । नेपालमा यो विषयको अध्ययन विश्वविद्यालयमा सुरु गर्ने बारेको परिकल्पनाकार तथा योजनाकारको नेतृत्वकर्ता डा. चन्द्राले नै गर्नुभएको थियो । १९९० को दशकमा त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकूलपति केदारभक्त माथेमाले लैङ्गिक अध्ययनको विषयलाई पाठ्यक्रममा समावेश गर्ने पहललाई निकै सहयोग र प्रशंसा गर्नुभएको थियो ।

पाठ्यक्रमसँगै जेण्डरका विषयमा अध्ययन अध्यापनसँगै बहसहरू भइरहे पनि घर, परिवार र समाज र सामाजिक संरचनामा महिलाको अवस्थामा अझै सुधार हुन नसकेको उहाँको विश्लेषण छ । महिलामाथि हुने विविध हिंसा र विभेदको अवस्थालाई नजिकबाट केलाइ राख्नु भएकी उहाँले समाजमा महिलाको विषयमा गहन अध्ययन र अनुसन्धान अझै हुनुपर्ने आवश्यकता महसुस गर्नुहुन्छ ।

तमाम चुनौतीका बीच पनि राजनीतिक व्यवस्था बदलिएसँगै पछिल्लो समय महिलामा पनि लैङ्गिक सचेतना बढेको र आफ्नो भुमिकाको खोजीमा महिलाहरु अग्रसर हुन थालेका छन्, जुन सकारात्मक कुरा हो । संसदमा महिला सहभागिता ३३ प्रतिशत हुनुलाई अहिलेसम्मको उपलब्धिको परिणामलाई उपलब्धिको रूपमा लिएर थप अधिकारका लागि संघर्ष जारी राख्नुपर्ने उहाँको देख्नुहुन्छ । त्यसका लागि राजनीति दलहरुमा रहेका महिलाहरू एकअर्कामा सहकार्य गर्नुपर्ने उहाँको सुझाव दिँदै उहाँ भन्नुहुन्छ, "नारीवादी जोस् र नारीवादी होस्" को लागि हौसला दिनुहुन्छ ।

**कार्यगत अनुभव**

लामो समय प्राज्ञिक क्षेत्रमा रहनुभएकी चन्द्राले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पनि आफ्नो विज्ञता प्रदान गर्दै आउनु भएको छ। जस्तै सार्कको प्राविधिक विज्ञको रुपमा आठ वटै देशमा पुगेर 'सार्क जेण्डर इन्फो बेस बनाएर' लैङ्गिक तथ्यांक स्थापना गर्न २००६ देखि २०११ सम्म प्राज्ञिक तथा प्राविधिक सल्लाह दिनुभएको छ। त्यस्तै सन् १९९६ अर्थात महिला मन्त्रालयको स्थापनाकालमा सल्लाहकार हुनुभयो भने सन् २००५ मा अर्थ मन्त्रालयमा लैङ्गिक उत्तरदायी बजेट विज्ञको रूपमा पनि रहनुभएको थियो । त्यसका साथै अन्य विभिन्न मन्त्रालयहरू, स्टाफ कलेज, संयुक्त राष्ट्र संघका निकायहरू, विकास साझेदारहरु, विभिन्न गैरसरकारी संगठनमा पनि सल्लाहकार एवम् परामर्शदाताको रूपमा पनि कार्यरत भएको अनुभव उहाँसँग छ ।

त्रिभुवन विश्वविद्यालयमा सन् १९८१ देखि २०११ सम्म गृह विज्ञान, महिला अध्ययन र लैंगिक अध्ययनको प्रोफेसर भएर सेवा निवृत्त हुनुभयो । त्यसपछि पनि अहिले भिजिटिङ प्रोफेसरको रूपमा पोखरा विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालयमा कार्यरत रहनुको साथै गण्डकी विकास परिषदको मनोनित सदस्य तथा गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालयका मनोनित सिनेटर समेत हुनुहुन्छ ।

उहाँले समसामयिक विषय खासगरी महिलाका मुद्दामा पत्रपत्रिका र जर्नलमा लेखेर आफ्नो विज्ञतालाई प्रस्तुत गर्दै आउनु भएको छ । महिलाको प्रतीकात्मक प्रतिनिधित्व मात्र होइन जनसंख्याको आधारमा समावेशी प्रतिनिधित्व तथा संविधानमा भएको प्रावधानको आधारमा सहभागिता गर्नुपर्ने उहाँ बताउनुहुन्छ। राजनीतिमा महिलालाई प्रेरणादायी प्रशिक्षण गर्नुपर्ने तथा आफ्नो कुरा व्यक्त गर्ने सुरक्षित वातावरण महिलाले पाउने व्यवस्था राज्यले गर्नुपर्ने उहाँको भनाइ छ। यस्तो परिस्थितिमा

महिलाहरूलाई उत्प्रेरणा, क्षमता अभिवृद्धि तथा संगठित गर्ने कार्यमा सहयोग र उत्साह आदानप्रदान गर्न ‘अन्तरपुस्ता नारीवादी मञ्च’ को गठन भएको जानकारी पनि उहाँले दिनुभयो ।

नारीवादी जीवन दर्शनमा आधारित नेतृत्वको विकास गर्नुपर्ने र राज्य संचालन, आर्थिक व्यवस्थापन, सूचना र संचारको पहुँचको अवस्थामा महिलालाई पुऱ्याउन महिला राजनीतिज्ञहरू पार्टीको संकुचित दायराबाट माथि उठ्नुपर्ने उहाँको सुझाव छ । नारीवादी विचारधारामा आधारित भएर पार्टीभन्दा माथि उठेर जीवन्त अनुभवका आधारमा राजनीतिक दर्शन हुन सके महिलाको आर्दश सहअस्तित्व र शान्ति स्थापना हुने उहाँको भनाइ छ ।

**कालिङपोङदेखि पोखरासम्म**

अहिले चन्द्रा भद्रा पोखराको स्थायी बासिन्दा हुनुहुन्छ । उहाँ सन् २०११ देखि पोखरा महानगरापालिका वडा नं. ११ रानीपौवामा श्रीमान् डा. विनायक भद्राका साथ बस्दै आउनु भएको छ । उहाँ अहिले पनि भन्नुहुन्छ, “महिला भएपछि श्रीमानको घर नै आफ्नो घर सम्झनु पऱ्यो मेरो रोजाइले हुने भए त म माइतै बस्थेँ ।” लामो हाँस्दै थप्नुभयो, “म आफूलाई एकदमै शक्तिशाली मान्छु, किनकि मैले आफ्नो प्राज्ञिक पहलहरूबाट युवा पुस्ताको मानसिकतामा परिवर्तन ल्याउन सक्छु ।” अध्ययन, अध्यापनमा विशेष रुचि राख्ने उहाँ पढाएर मात्र मेरो दायित्व पुरा भएको नठानी प्राज्ञिक ज्ञान दिँदै समाज परिवर्तन गर्ने ‘चेन्ज एजेण्ट’ को रूपमा युवालाई तयार बनाउनुपर्छ भन्ने ठान्नुहुन्छ । नेपाली समाजलाई लैङ्गिकमैत्री बनाउनुपर्ने परिकल्पना गर्ने उहाँ त्यसका लागि हरेक व्यक्ति घरैदेखि लाग्नुपर्ने बताउनुहुन्छ ।

●



पार्टी कै सदस्य भएको र लामो समयदेखि यही अभियानमा परोक्ष रूपमा संलग्न व्यक्ति भएको हुनाले लिखित निवेदनका आधारमा उहाँहरूलाई पार्टीले विवाह गर्ने स्वीकृति दिएको थियो । त्यसैले पार्टी कार्यको निरन्तरतामा उहाँलाई कहिल्यै कुनै बाधा भएन ।

# शिक्षामा समर्पित नीरकेशरी



● *देवकी श्रेष्ठ बान्तवा*

देशकै महिलाहरूले ऊर्जा र प्रेरणा प्राप्त गर्न सक्ने व्यक्तित्व हुनुहुन्छ, नीरकेशरी श्रेष्ठ । वामराजनीति तथा शिक्षा आन्दोलनको पृष्ठभूमिमा रहेर उहाँले दिनुभएको योगदान दुबै क्षेत्रका लागि महत्त्वपूर्ण छ ।

ललितपुर महानगरपालिका-१७, सुन्धारा, इलाछेँमा २००८ सालमा नीरकेशरी जन्मनु भएको थियो । आमा रुद्रमाया श्रेष्ठ र पिता गोपाललाल श्रेष्ठका दोस्रो सन्तानको रूपमा उहाँको जन्मभयो। स्थायी ठेगाना ललितपुर महानगरपालिका-७, त्यागल टोल भए तापनि हाल उहाँ महालक्ष्मी नगरपालिका, इमाडोल-२ मा बस्नुहुन्छ। उहाँका श्रीमान् सिनियर इन्जिनियर शम्भुबहादुर श्रेष्ठ हुनुहुन्छ। उहाँका एक छोरी र २ छोराहरू छन् ।

उहाँको परिवारमा एक जना दिदी र चार भाइहरू हुनुहुन्छ । उहाँको संयुक्त परिवारमा १८ जना सदस्य थिए। नीरको बाल्यकालको धेरै जसो समय धादिङ जिल्ला, धुनिबेसी नगरपालिका-५ धार्केमा रहेको मामाघरमा बितेको थियो । उहाँले कलामा स्नातक र शिक्षा शास्त्रमा पनि स्नातकसम्मको शिक्षा हासिल गर्नुभएको छ ।

२०१५ सालको पहिलो संसदीय निर्वाचनताका भने उहाँ घरमा नै हुनुहुन्थ्यो । नेपाल कम्युनिस्ट पार्टीको तर्फबाट पहिलो पटक क.तुल्सीलाल अमात्यले उम्मेदवारी दिनुभएको थियो । उहाँको पूरै परिवार क.तुल्सीलाल अमात्यको पक्षमा उभिएको थियो। परिवारमा पनि खास गरी उहाँकी ठुली आमा उम्मेदवार घोषणा भएको दिनदेखि नै चुनाव प्रचारप्रसारमा बिहानदेखि बेलुकासम्मै जानुहुन्थ्यो । साथमा जहिले पनि उहाँलाई सँगसँगै लग्नुहुन्थ्यो । ठुली आमा कुनै घरबाट मत मागेर हाँसी हाँसी निस्कनुहुन्थ्यो

भने कुनै घरमा चर्काचर्की नै पर्थ्यो । उहाँलाई सम्झना छ, मत माग्ने सिलसिलामा एउटा घर प्रजा परिषद पार्टीको पक्षधरको परेछ र त्यहाँ धेरै नै भनाभन भएको थियो ।

उहाँ पनि आफ्नो टोलका बाटोमा अर्थ नै नबुझी खुब रहर र रमाइलो मान्दै निर्वाचनमा गीत गाउँदै हिँड्नुहुन्थ्यो-

ग्यायेमते भाइ ख्वयेमते मैं
झीगु आशा पूरा जुइ
अत्याचार मात्तुमाला
हुरुहुरु छ्वयेका छ्वये ।

अर्थात,

नडराउ भाई, नरोउ बहिनी
हाम्रो आशा पूरा हुनेछ
अत्याचारलाई खोजी खोजी
हुरु हुरु बाल्नेछौं

त्यसपछि उहाँहरू गाउनुहुन्थ्यो-

'धर्मभक्त, शुक्रराज, दशरथ चन्द, गङ्गालाल !
जिन्दावाद, जिन्दावाद, जिन्दावाद...!'

नारा घन्काएअनुसार उक्त निर्वाचनमा क.तुल्सीलाल अमात्य अत्यधिक मतले विजयी हुनुभयो ।

**शैक्षिक/राजनीतिक यात्रा**

शिक्षाको जागरणसँगै ११ वर्षको उमेरमा ललितपुरको मङ्गलबजारस्थित आदर्श कन्या हाइस्कुलमा एकै पटक पाँच कक्षामा अभिभावकले नीरकेशरीलाई भर्ना गरिदिएका थिए । उहाँ अङ्ग्रेजी अक्षर र नेपाली अक्षर घरमै सिकेर पढ्न सक्ने भएपछि विद्यालय जानुभएको थियो ।

राजनीतिक रूपमा तात्दै आएको देशको माहोल र त्यसमा पनि उहाँको पारिवारिक पृष्ठभूमिको कारणले थाहा पाई नपाई उहाँ राजनीतिप्रति आकृष्ट हुनुभएको थियो । उहाँ १० कक्षामा पढ्दै हुनुहुन्थ्यो । घरमा सबै कम्युनिस्ट समर्थक भएका नाताले पनि उहाँलाई कम्युनिस्ट क्रियाकलापमा संलग्न हुन कतैबाट कुनै रोकटोक थिएन । त्यतिबेला उहाँलाई पहिलो पटक पार्टीको कुरियरको काममा लगाइयो । क.मनमोहन अधिकारी, क.सिद्धिलाल सिं, क.देवेन्द्रलाल अमात्य (काहिँला बा)हरूको बिचमा बैठक बारेको पत्र, सेल्टर परिवर्तन बारेको खबरहरू निर्देशन बमोजिमको स्थान र व्यक्तिहरूमा गोप्य तरिकाले पुऱ्याउने गरिन्थ्यो ।

घरमा उहाँको माहिलो दाई (ठुल्बुबाको छोरा) पार्टीमा संलग्न हुनुहुन्थ्यो । उहाँकै पहलमा घरमा राति राति भूमिगत कमरेडहरूको बैठकका लागि चिया, भोजनको व्यवस्था गर्ने जिम्मा उहाँ र उहाँकी दिदीको हुन्थ्यो । उहाँको संयुक्त परिवारमा १८ जना सदस्य थिए । गोप्यताको विशेष ख्याल गर्नुपर्ने आवश्यकता थियो । त्यसैले सबै सुत्न गई सकेपछि उहाँ र दिदी मिलेर कमरेडहरूलाई खाना खुवाएर मात्र सुत्न जानुहुन्थ्यो । भोलि बिहान परिवारका सदस्यहरू उठेर आउँदा राति के भयो, केही सुइँको पाउँदैन थिए वा नपाए झैँ गर्थे ।

२०२५सालतिर उहाँहरूमाथि विश्वास लागेछ क्यारे-उहाँ, दिदी र अन्य तीनजनासहित पाँचजनाको एउटा कमिटी बनाइयो । मैनबत्ती छुवाई कमरेड सिद्धिलाल सिंले सपथ खुवाई पार्टीको सदस्यता दिनुभयो । त्यसपछि उहाँहरूलाई सदस्यता वृद्धि गर्ने कामको जिम्मा दिइयो तर दुईजना मात्र बढाउन सक्नुभयो । ती दुवैजना अहिले निस्कृय तर पार्टीको समर्थक भई बसेका छन् । पाँच जना मध्ये उहाँ र अर्की एकजना नेकपा एमालेमै हुनुहुन्छ भने एकजना नेपाल मजदूर किसान पार्टी (नेमकिपा)मा र दुई जना चाहिँ स्वतन्त्र छन् ।

२०२६ सालमा एस.एल.सी उत्तीर्ण गरे लगत्तै पाटन कलेजमा भर्ना हुनुभयो र दिउँसो आफू पढ्ने गर्नुभयो भने प्रभात विद्यालयमा बिहान पढाउने गर्नुहुन्थ्यो । उक्त विद्यालयको अघोषित लक्ष्य वामपन्थी विचार र सङ्गठन विस्तार गर्ने थियो । प्रगतिशील विचारधारा बोकेका व्यक्तिहरूको समूहद्वारा सञ्चालित उक्त विद्यालयमा पढाउन अधिकांश व्यक्तिहरू अघि सर्दैनथे । त्यहाँ कार्यरत शिक्षकहरूको मिहेनत, लगनशीलता र इमान्दारिताले गर्दा कक्षा ६ देखि कक्षा १० सम्म विद्यार्थीहरूको सङ्ख्या सन्तोषजनक नै थियो । पछि उहाँलाई अघोषित रूपमा बिहानी कक्षाको इन्चार्जको जिम्मेवारी दिइयो । कक्षा ६ र ७ मा पढाउने जिम्मेवारी पाए तापनि शिक्षकहरूको अनुपस्थितिमा कक्षा १० सम्म 'कभर क्लास' लिनुपर्थ्यो । राजनीतिज्ञमा नेकपा एमालेका सांसद क.कृष्णलाल महर्जन प्रभात विद्यालयका नै छात्र हुनुहुन्थ्यो । प्रभात स्कुलको जिम्मेवारीबाट पन्छिने अवस्था नरहेको परिप्रेक्ष्यमा २०२९ सालसम्म बिहान पढाउने र दिउँसो आफू पढने गर्नुहुन्थ्यो ।

पाटन कलेजमा अध्ययन गर्दै अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)को तेस्रो राष्ट्रिय सम्मेलन पाटनको लुखुसी टोलमा सम्पन्न भयो । उहाँ लगायतकालाई ब्याच बनाउनेदेखि लिएर प्रतिनिधिहरू बसोबास र खानपानको व्यवस्थापनमा लगाइयो । सो सम्मेलनले ७५ वटै जिल्लाहरूमा स्ववियुको चुनाव गर्ने घोषणा गऱ्यो । यसै क्रममा पाटन कलेजको स्ववियुको निर्वाचनमा विपक्षीहरूको गुण्डागर्दीको सामना गर्दै उहाँलाई कोषाध्यक्ष निर्वाचित गऱ्यो । वास्तवमा उहाँको समूहबाट उहाँ एकजना मात्र महिला उम्मेदवार हुनुहुन्थ्यो । कुनै किसिमबाट उहाँलाई उम्मेदवारी फिर्ता लिन लगाउने विपक्षीहरूको कोसिस थियो । त्यसैले उहाँमाथि हातपात गरेर वा अरू कुनै उपायबाट उहाँलाई निरुत्साहित गर्न भरमग्दुर कोसिस गरे । चुनाव बिथोल्ने प्रतिद्वन्दीहरूको योजनाप्रति उहाँहरू अत्यन्त सतर्क र चनाखो हुनुहुन्थ्यो । अन्त्यमा उहाँको प्रतिद्वन्दीले हार मानी चुनावको एकदिन अघि, समय भित्रै, उम्मेदवारी फिर्ता लिएपछि उहाँ निर्विरोध निर्वाचित हुनुभयो ।

अमेरिकाको उपराष्ट्रपति स्पीरो टी. एग्न्यू नेपाल भ्रमणमा आउने खबर आयो । त्यसको विरोधमा एग्न्यू आउने दिन २०२६ साल पौष महिनाको ५ गतेका दिन अनेरास्ववियूले पाटनमा विशाल जुलुसको आयोजना गऱ्यो । पाटन सुन्धाराको कनिबहालबाट जुलुस अघि बढने कोसिस मात्र के गरेको थियो, प्रहरीले हस्तक्षेप गरिहाल्यो । सबै भागाभाग, घरघरमा पसे । त्यस ताका पाटन सुन्धारामा पनि प्रहरी चौकी थियो । चौकीको आसपासबाट उहाँको माइती घरको निगरानी गर्न गाह्रो थिएन । जुलुसबाट भागेर आएका उहाँ र केही साथीहरू कोठामा नै हुनुहुन्थ्यो । पौष महिना भएकोले पाँचै बजे झिसमिस अँध्यारो भइसकेको थियो । हस्याङ फस्याङ गर्दै नीरकी आमा उहाँहरू बसीरहेको कोठाभित्र पस्नुभयो र भन्नुभयो- "घरलाई प्रहरीले घेरा हालेको छ । अब क-कसलाई पक्रने हो ?" नीरलाई सिकाइएअनुसार उहाँ कालो ओढ्ने जिउभरि बेरेर केही थाहा नपाए झैँ गरी बरण्डामा उभिनुभयो । त्यसपछि खै के सोँचेर हो कुन्नी उहाँले नै सुन्ने गरी "ए...., केटी मान्छे पो रहेछ ।" भनी प्रहरीहरू एकएक जना गरी फर्केर गए ।

२०२६ सालकै एउटा चर्चित काण्ड हो, "सुस्ता काण्ड" । नेपालको सुस्ता भारतले मिचेको विरोधमा ललितपुर अनेरास्ववियुको आयोजनामा काठमाडौँ, भक्तपुरको संयुक्त जुलुस निकालिएको थियो । त्यस जुलुसमा भागलिनेलाई पक्राउ सूचीमा उहाँको पनि नाम परेकोले उहाँ काठमाडौँका सानीआमाको घरमा बस्नुभएको थियो । पछि पक्राउ परेकाहरूलाई छाड्न थालेपछि उहाँ घर फर्किनुभयो ।

### प्रधानाध्यापक हुँदाको सङ्घर्ष

प्रभात स्कुलको प्रधानाध्यापकका रूपमा उहाँको सेवा जारी थियो । २०२९ सालमा आएर पञ्चायत सरकारले यस विद्यालयले भित्री रूपमा वाम पार्टीको गुरिल्ला तालिम दिने केन्द्रको आरोप लगाई ६ देखि १० सम्म पढाई हुने विद्यालयलाई निम्न माध्यमिक विद्यालयस्तर (कक्षा १

देखि ७ सम्म पढाई हुने विद्यालय)मा झारी दिए । स्नातक तह उत्तीर्ण गरेका सबै शिक्षककहरूलाई सजायँ स्वरूप नटिकून् भन्ने उद्देश्यले फरक विचारधारा बोकेका व्यक्तिहरूले सञ्चालन गरेको विद्यालयहरूमा सरुवा गरे । पञ्चायत प्रशासककहरूलाई लागेको थियो कि सबै शिक्षककहरूलाई बाहिर पठाई सकेपछि बाँकीरहेका उहाँलगायत अर्को एक जना शिक्षिकाले विद्यालय उुँभो लगाउन सक्तैनन् ।

कम्युनिस्टहरूको विद्यालय त्यत्तिकै समाप्त भएर जान्छ भन्ने सोचेर विद्यालय सञ्चालक समितिको सिफारिसमा २०२९माघ २ गतेदेखि लागु हुने गरी उहाँलाई निम्न माध्यमिक विद्यालय स्तरको प्रधानाध्यापक पदमा जिल्ला शिक्षा समितिले नियुक्ति दियो । यो उहाँको लागि अत्यन्त जटिल तथा चुनौतीपूर्ण काम थियो । किनकि विद्यालय शून्यबाट अगाडि बढाउनुपर्ने भयो । अब भने यो विद्यालय चल्दैन भन्ने मानसिकताले ६ र ७कक्षामा भएका विद्यार्थीहरू पनि अन्त भर्ना हुन गए । विद्यालय छ तर विद्यार्थी छैन भन्ने स्थितिमा पुग्यो । विद्यालयलाई पुनः सुरुदेखि नै स्थापित गर्दै लग्नुपर्ने अवस्थामा पुऱ्याइयो ।

पार्टीको सञ्जाल र ललितपुरबासीहरूको पार्टीप्रतिको आस्थाले गर्दा घरघरबाट आफ्ना बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्न ल्याए । फलस्वरूप केही महिना भित्रैमा कक्षा १ देखि कक्षा ७ सम्म गरी तीन सय जना विद्यार्थीहरू बटुल्न सफल हुनुभयो । यो सरकारका लागि ठुलो चुनौती बन्न पुग्यो । विद्यार्थी सङ्ख्या बढे तापनि जिल्ला शिक्षा समितिले शिक्षक दरबन्दी भने दिएन ।

एकातिर प्रभावकारी पढाई सञ्चालन गर्नुथियो भने अर्कातिर शिक्षकको अभावले गर्दा उहाँहरू दुईजना शिक्षिकाले एउटै समयमा सबै कक्षाहरूमा एकैचोटि पठन पाठन गर्नुपर्थ्यो । उहाँहरूको मिहेनतले गर्दा विद्यार्थीहरू बढने क्रम जारी भएकोले जिल्ला शिक्षाले बाध्य भएर शिक्षक दरबन्दी थपिदियो र पछि बिस्तारै कक्षागत शिक्षक ७ जना पाइयो । यसरी

विद्यालयलाई विघटन गर्ने प्रयास असफल भएपछि अनेक निहूँमा पटक पटक तलब रोक्का गरी शिक्षकहरूलाई तलबको व्यवस्था गर्न नसक्ने असफल प्रधानाध्यापकका रूपमा घोषित गर्ने प्रयास समेत गरियो । यस्तो स्थितिमा उहाँको विवाहको अवसरमा उहाँलाई दिईएको सुनको चुरा बैंकमा धितो राखी समेत तलबको व्यवस्था गर्नुपरेको थियो ।

पञ्चायती प्रशासकहरूको यो योजना पनि असफल भएपछि उहाँलाई दुःख दिने हिसाबले दिनभर स्कुलमा काम गर्ने अनि चारबजेपछि जिल्ला शिक्षाको पाले पठाएर जिल्ला शिक्षामा उपस्थित गर्न लगाउनेसमेत गरियो । एक हप्तासम्म बिना कारण पाँच बजेसम्म उहाँलाई जिल्ला शिक्षामा हाजिर गराउने गरियो । त्यही बेला उहाँका श्रीमान्सँग नजिकको व्यक्ति जिल्ला शिक्षा अधिकारी पाटनमा सरुवा भई आउनुभयो । उहाँले नीरलाई जिल्ला शिक्षा कार्यालयमा पाँच बजेसम्म राख्नुको कारण कम्युनिस्ट पार्टीमा उहाँको संलग्नताको शङ्का भएको बताउनुभयो र अर्को दिनदेखि जानुनपर्ने गरिदिनुभयो ।

## पार्टीगत विवाह

२०२९ साल आषाढ महिनामा पार्टीकै अनुमतिमा क.शम्भुबहादुर श्रेष्ठसँग नीरकेशरीको विवाह भएको थियो । पार्टी कै सदस्य भएको र लामो समयदेखि यही अभियानमा परोक्ष रूपमा संलग्न व्यक्ति भएको हुनाले लिखित निवेदनका आधारमा उहाँहरूलाई पार्टीले विवाह गर्ने स्वीकृति दिएको थियो । त्यसैले पार्टी कार्यको निरन्तरतामा उहाँलाई कहिल्यै कुनै बाधा भएन । उहाँको घर धेरै पहिलेदेखि पार्टी सेल्टरको रूपमा थियो । २०३१ सालमा महाअधिवेशनको विषयलाई लिएर नेकपा विभाजन भए तापनि नेकपा मार्क्सवादी पार्टीमा उहाँले आफ्नो वामपन्थी कार्यलाई भूमिगत रूपमा निरन्तरता दिइरहनुभयो ।

२०४६ सालको आन्दोलनमा ललितपुर पाटनवासीको महत्त्वपूर्ण भूमिका छ । त्यसमा विभिन्न घरेलु हतियार लिएर प्रहरीको दमनविरुद्धमा सहभागी

जनतासँग 'पिकेटिङ' कार्यमा क. नीरकेशरी श्रेष्ठको पनि योगदान रहेको पाइन्छ । यद्यपि २०४७ साल पौष २२ गते नेकपा मार्क्सवादी र नेकपा (माले) एकिकरण भई नेकपा एमाले हुँदा नेकपा मार्क्सवादीका नेताले कुनै विवरण पेस नगरिदिँदा पुनः सदस्यता लिनु पर्ने अवस्था उहाँलाई आयो ।

**शैक्षिक आन्दोलनमा नीर**

पवित्र शिक्षण पेसामा लागेका शिक्षकहरूको दयनीय अवस्थाबाट छुटकारा पाउन शिक्षकहरूको हकहित प्राप्तिका लागि २०३६ सालमा शिक्षक सङ्गठनको स्थापना भयो । निरङ्कुश पञ्चायती व्यवस्थाबाट सङ्गठनले निर्माण गरेको विधानलाई मान्यता पाउन शिक्षकहरूको एकताबद्ध आन्दोलन निरन्तर गर्दै जाने क्रममा २०३६ चैत्र २९ गते बल्ल वैधानिक मान्यता प्राप्त त गर्‍यो तर सङ्गठनका क्रियाकलाप भने भूमिगत रूपमा नै सञ्चालन गर्नुपर्ने थियो । शिक्षक सङ्गठनको विधानले मान्यता पाएको यही दिनलाई "शिक्षक दिवस" का रूपमा मनाइने गरिएको छ ।

नीरले २०४७ सालमा अनेमसङ्घको जिल्ला सदस्य रही कार्य गर्नु भएको थियो भने प्रभात माध्यमिक विद्यालयमा नेराशिसं, ललितपुर जिल्ला कमिटिको कार्यालय राख्न दिने पहल गर्नुभयो । शिक्षक सङ्गठन तथा शिक्षक सङ्घबीच विश्व शिक्षक सङ्घ (इ.आइ)को सहयोगमा महिला शिक्षकहरूका लागि चेतनामूलक तालिम कार्यक्रम सञ्चालन भइरहेको थियो । २०५० साल मङ्सिर ७ गते सङ्घ र सङ्गठनबाट गरी एक सय २० जना शिक्षिकाहरूलाई तालिम जावलाखेलस्थित स्टाफ कलेजमा सञ्चालन भएको थियो । उक्त तालिम इ.आइ.का संयोजक अल्युसस मेथ्युको संयोजकत्वमा भएको थियो । नीरकेशरी श्रेष्ठ सङ्गठनको प्रशिक्षक हुनुहुन्थ्यो । उक्त समयमा ८६ वर्षकी सासुआमा सिकिस्त बिरामीको अवस्थामा पनि सङ्गठनको प्रशिक्षणलाई महत्त्व दिएर श्रीमान् शम्भुबहादुर श्रेष्ठले दोस्रो दिन पनि प्रशिक्षणमा जान आज्ञा दिनुभयो तर

तालिममा पुगेको आधा घण्टा बित्दा नबित्दै सासु आमाको निधनको खबर आयो ।

उहाँले २०४० सालदेखि २०४४ सम्म दुई पटक नेपाल राष्ट्रिय शिक्षक सङ्गठन (नेराशिसं) तदर्थ समितिको सहसचिव भएर काम गर्नुभयो । २०४६ सालदेखि २०५०सालसम्म र २०५० देखि२०५३ सालसम्म गरी दुई अवधिका लागि कोषाध्यक्षमा रही नेराशिसं, ललितपुर जिल्ला कमिटीमा काम गर्नुभयो । २०५० सालमा नेराशिसंले अष्ट्रेलियाको क्यानबेरामा एक महिनाका लागि महिला नेतृत्व विकासको तालिम लिन उहाँलाई पठाएको थियो । २०५० सालमा नै सार्क टिचर्स फेडरेशनको सदस्य भई भारतको नयाँ दिल्लीमा एक हप्ताका लागि सञ्चालित सार्क सम्मेलनमा भाग लिन जाने अवसर पाउनुभयो ।

नीरकेशरी २०५३ भाद्र २१ र २२ गते सम्पन्न नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको पाचौं जिल्ला अधिवेशनबाट केन्द्रीय प्रतिनिधिमा निर्विरोध निर्वाचित हुनुभयो । २०५४ भाद्र १३ को जिल्ला समितिको बैठकको निर्णयअनुसार संयुक्त महिला सञ्जालको सम्पर्क व्यक्तिका रूपमा रही शिक्षक सङ्घ र शिक्षक सङ्गठन बिच सहकार्य तथा तालिमहरू सञ्चालन गर्नुभयो । त्यस्तै गरी, २०५४ सालको शिक्षा आयोगमा सुझाव कार्य दलमा नेराशिसंका तर्फबाट सुझावहरू पेस गर्नुभयो । २०५५ सालको शिक्षक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्दै ललितपुर जिल्लाको २०५५ सालको छैठौं जिल्ला सम्मेलबाट पुनः दोस्रो पटक केन्द्रीय प्रतिनिधिमा निर्वाचित भाई सातौं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । पुनः आठौं केन्द्रीय महाधिवेशनमा केन्द्रीय सदस्य निर्वाचित भई २०६३ सालमा उच्च माध्यमिक शिक्षा परिषद्को सदस्य भई नीति निर्माण तहको अनुभव पनि सँगाल्नुभयो ।

## नीजि विद्यालय स्थापना

बहुदल प्राप्तिपछि नेपालमा शिक्षा विकासको लहरसँगै नीजि विद्यालयहरू च्याउ उम्रे झैं स्थापना भए । नीरलाई पनि आफ्नो अनिवार्य अवकासपछि पनि शिक्षण पेसामा अल्झिरहने एउटा नीजि विद्यालय सञ्चालन गर्ने इच्छा लाग्यो । यस सम्बन्धमा पार्टीसँग पनि अनुमति, सल्लाह लिने विचार गरी हाल पोलिटव्यूरो सदस्य तथा ललितपुरका इन्चार्ज क.सुशीला नेपालसँग सल्लाह गर्नुभयो र उहाँलाई पनि उक्त विद्यालयमा सहभागिताका लागि प्रस्ताव राख्नुभयो तर पार्टीको स्वीकृति चाहिने भएकाले उहाँले पनि हाल नेकपा एमाले केन्द्रीय उपाध्यक्ष क.अष्टलक्ष्मी शाक्यसँग सल्लाह माग्नुभयो । उहाँले पनि नेपाली वीराङ्गना पासाङ्ग ल्हामु शेर्पाको नाममा विद्यालय सञ्चालन गर्ने र अखिल नेपाल महिला सङ्घ (अनेमसं)लाई पनि सहभागी गराउने सुझाव दिनुभयो । साथै, अन्तिम निर्णयका लागि अनेमसंका तत्कालीन अध्यक्ष क.साहना प्रधान, क.अष्टलक्ष्मी शाक्य, क.सुशीला नेपाल र नीरगरी चारजनाले बागबजारस्थित केन्द्रीय कार्यालयमा बसेर विद्यालय स्थापना गर्ने निर्णय गर्नुभयो ।

२०५४ साल पौष १७ गते ललितपुरको ग्वार्कोमा पासाङ्ग ल्हामु विद्यालयस्थापना गरी प्रत्येक दिन दिउँसो १२ बजेपछि यस विद्यालयमा पूर्णकालीन शिक्षकसरह काम गरेर २०६२ सम्ममा सरकारबाट अनुमति पाई माध्यमिक तहसम्म सञ्चालन गर्न सफल हुनुभयो ।  २०६२ पछि प्रभात माध्यमिक विद्यालयमा उच्च माध्यमिक तह (११-१२) सञ्चालन गर्नुपरेकाले उहाँले प्रभात विद्यालयमा बिहानदेखि साँझ ४.०० बजेसम्मै अर्थात पूरा सेवा समय त्यतै दिनुपर्‍यो जसका कारण पासाङ्ग ल्हामु विद्यालयमा समय दिन सक्नुभएन ।

२०६८ सालमा उहाँले प्रभात माध्यमिक विद्यालयको प्रधानाध्यापक पदबाट उमेरको हदले अनिवार्य अवकाश पाए लगत्तै नेकपा एमालेको जिल्ला कमिटी सदस्य भई प्रत्यक्ष रूपमा पार्टीको काम गर्ने अवसर पाउनुभयो ।

यस्तै, नीरले शिक्षक हित बचत तथा ऋण सहकारी कोष सञ्चालनमा उपाध्यक्ष भएर काम गर्नुका साथै पेसागत महासङ्घको सदस्यमा समेत रहेर काम गर्ने अवसर प्राप्त गर्नुभएको छ ।

२०७४ सालको निर्वाचनमा ल.पु. क्षेत्र नं २ ख को निर्वाचन परिचालन कमिटीको इन्चार्जको जिम्मा निर्वाह गर्दै हाल नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्यको हैसियतले क्रियाशील हुनुहुन्छ । २०७९ मङ्सिर ४ गतेको सङ्घीय तथा प्रदेश निर्वाचनमा समानुपातिक तर्फ प्रदेश उम्मेदवारका रूपमा पार्टीले अवसर दिएको थियो । पार्टीमा योगदान र उमेरका कारणले पार्टीले उचित मुल्याङ्कन गर्नेछ र आफू पार्टीमा इमान्दारीपूर्वक आफ्नो सकृय निरन्तरता दिने प्रतिबद्धता उहाँ व्यक्त गर्नुहुन्छ । हालसम्म शिक्षा सेवा पदक पुरस्कार एवम् नेकपा एमालेबाट र विभिन्न संघसंस्थाबाट गरेर २५ वटाभन्दा बढी सम्मान तथा प्रमाण पत्रहरू उहाँले प्राप्त गर्नु भएको छ ।

●



दलित महिलाहरूलाई घरघरबाट बाहिर ल्याएर सङ्गठित गर्दा कति अप्ठ्याराहरू ब्यहोर्नुभयो ? कतिको नमिठा भनाइ खानुभयो होला ? तर उहाँ हडबडाउनु भएन, निरन्तर ती काममा लागिरहनुभयो । नेपालको कम्युनिस्ट आन्दोलनमा पलटीदेवी महराको भुमिका अत्यन्तै महत्त्वपूर्ण रहेको छ ।

# सुडेनीदेखि सांसदसम्मको यात्रामा पलटीदेवी महरा



● *लक्ष्मी चौधरी*

पलटी देवी महराको जन्म धनुषाजिल्लाको हाल लक्ष्मीनियाँ गाउँपालिका वडा नं. ७ मा भएको थियो। आमा चम्पादेवी चमार र पिता गखुल चमारको कोखबाट २०१० सालमा उहाँको जन्म भएको हो। पलटीदेवीले बाल्यकालमा विद्यालयको अनुहार समेत देख्न पाउनुभएन। उतिबेला छोरीहरूलाई विद्यालय पठाइँदैनथ्यो। त्यसमा पनि दलित समुदायकी छोरी झन् कसरी विद्यालय जानू ?

स्कूल नपठाए पनि आमाबुबाकी कान्छी छोरी सबैकी प्यारी भएर हुर्किनुभयो। दुई दाजु र एक दिदी जन्मेको १० वर्षपछि उहाँ जन्मेको भएर पनि सबैले असाध्यै माया गर्ने गरेको स्मरण उहाँलाई छ। आफू रूपले सुन्दर भएका कारण घर बाहिर नजानु अरूको 'आँखा लाग्छ' भनेर आमाबाबुले भन्ने गरेको उहाँ सम्झिनुहुन्छ। हुन पनि पढ्न नजाने भएपछि बाहिर धेरै हिँड्नु पर्ने काम पनि हुँदैनथ्यो तर घरमै बसे पनि पलटी देवी अन्याय अत्याचार र दुर्व्यवहार नसहने, प्रतिकार गरिहाल्ने कडा स्वभावको हुनुहुन्थ्यो। त्यसैले उहाँलाई कतिपयले 'घमण्डी र छुच्ची' भन्थे।

दलित समुदायमा जन्मिए पनि त्यस्तो धेरै समस्या पलटीदेवी महराले देख्नुभोग्नु परेन। किनकि उहाँको माइती आर्थिक रूपले अलि सम्पन्न र राजनीतिक बुझाइ भएको परिवार थियो। बुबाले ७ कक्षासम्म पढ्नुभएको थियो। ठुलो दाजु आफ्नै इच्छाले धेरै पढ्नु भएन तर माइलो दाजुले एसएलसी उत्तीर्ण गर्नुभएको थियो। पढाउन सक्ने क्षमता परिवारको भए पनि छोरी भएकै कारण पलटीले पढ्न जानपाउनु भएन।

पलटीदेवीलाई सानो छँदा समाजले जातीय रूपमा गर्ने छुवाछुत बारे पनि त्यति ज्ञान थिएन। अलि ठुलो हुँदै जाँदा थाहा पाउनुभयो। त्यतिबेला

दलित समुदायका व्यक्तिलाई गोडामा चप्पल लगाउन पनि नदिइनेरहेछ तर उहाँका घरका सदस्यले भने चप्पल लगाउने गर्नुहुन्थ्यो किनकि उहाँका परिवारमा बुबा र दाजु पढेलेखेका थिए। यस्ता चलनहरू मान्नुहुँदैन भन्नुहुन्थ्यो ।

पलटी देवीका आमाबुबा खेतीकिसानी गर्नुहुन्थ्यो । माइलो दाजु एसएलसी उत्तीर्ण गरेको भएर व्यापारमा रूचि राख्नुहुन्थ्यो। जेठो दाजु जनकपुर चुरोट कारखानामा मिस्त्रीको काम गर्नुहुन्थ्यो। खेतीकिसानीको काम आफूले मात्र गरेर नसक्ने भएपछि काम गर्ने कामदार पनि उहाँको आमाबुबाले राख्नुभएको थियो ।

## १३ वर्षमा बिहे

पलटीदेवीको बिहे १३ वर्षको उमेरमा जनकपुर निवासी जानकी चमार मोजे चमारका छोरा विक्रमसँग भयो। उहाँका श्रीमान् नेपाल सरकारको जागिरे हुनुहुन्थ्यो। जेटिए पदमा सबैले 'जेटिए साब' भन्थे। उहाँको बाल्यकाल जसरी सुखसयलमा बित्यो। त्यसरी नै बिहेपछि ससुरालीघर जनकपुरमा पनि सबैको प्यारी नै हुनुभयो। माइतीमा जस्तै सबै कामकाजमा ससुरालीमा पनि सहयोग पाउनुभयो। परिवारकी एक्ली बुहारी भएकाले साथ सहयोग र मायासँगै जिम्मेवारी भने अलि बढी थियो।

१४ वर्षमा पहिलो सन्तान जन्माउनु भयो। उहाँका दुई छोरी र दुई छोरा छन्। छोराछोरी जन्मिएपछि अझ जिम्मेवारी थपिने नै भयो। तर यी विविध जिम्मेवारीलाई सकारात्मक रूपमा लिँदै भन्नुहुन्छ, "सानै उमेरमा बिहे, १४ वर्षमा पहिलो सन्तान, घरको एक्लो बुहारी जस्ता विभिन्न जिम्मेवारीले गर्दा मलाई नेतृत्व गर्ने बानी बस्दै आयो। जसले अहिले पनि फाइदा पुगेको छ।"

**सुडेनीकाम, १० पैसा पारिश्रमिक**

पलटीदेवी महराले २०३० सालदेखि सुडेनी काम गर्न थाल्नुभएको हो । जतिबेला उहाँ उमेरले २० वर्षको हुनुहुन्थ्यो । पहिलो पटक सुडेनी काम गरेबापत १० पैसा (चार आना) पारिश्रमिक पाएको उहाँले बिर्सिनु भएको छैन । सुडेनीको काम आफ्नो सासुबाट सिक्नु भएको हो । सुडेनी भएर उहाँले सयौँ बच्चा जन्माउन सहयोग गरिसक्नु भएको छ । सुडेनी कामलाई समाज सेवाको रूपमा लिने पलटीदेवी भन्नुहुन्छ, “आफूप्रतिको विश्वासले होला, अस्पताल पुगेका गर्भवतीले पनि सुरक्षित बच्चा जन्माइदिनु भनेर मकहाँ आएर भनेका छन् ।”

समाजमा जातीय रूपमा हुने छुवाछुत अझै हटिसकेको छैन तर आफू दलित समुदायको भए पनि सुडेनी काम गर्दा भने जातीय भेदभाव वा छुवाछुत भएको महसुस गर्नुपरेको छैन । उहाँले सबै जातजातिका मानिसको घरमा सुत्केरी बसेको कोठा भित्रै पुगेर सालनाल काट्नुपर्छ तर कसैले छुवाछुत र भेदभाव गर्दैनन् । यद्यपि कतिपयले पछाडि कुरा काट्थे । दलित भएर घरमा पसेर खान्छे भन्नेहरू पनि नभएका होइनन् । उहाँ भन्नुहुन्छ, “म आफैँ कसैको घरमा जाने होइन, उहाँहरू आफैँ मलाई लिन आउनुहुन्थ्यो । म पनि जानेको काम गरिदिनुपर्छ भनेर जान्थेँ ।”

यो कामलाई समाजसेवा मानेकै कारण उहाँ कहिल्यै पनि पारिश्रमिक तोकेर माग्नुहुन्न । दिनेले आफैँ दिन्छन् । सुरूका दिनहरूमा चारआना लिनुभएकी उहाँले पछिल्लो समय १० हजार रूपैयाँसम्म पनि पाउनुभएको छ । “जसलाई जति मन लाग्छ, खुसीले दिनुहुन्छ । म पुगेन भन्दिनँ । कोरानाका बेला अस्पताल जान जोखिम हुँदा भने तीन लाख रूपैयाँसम्म आम्दानी गरेँ ।” सुडेनी कामप्रति गर्व गर्दै उहाँ भन्नुहुन्छ, “मैले जन्माइ दिएका बच्चाहरू डाक्टर, इन्जिनियर, बैंकको म्यानेजरसम्म बनेका छन् ।”

## परिवार धान्ने स्रोत

पलटीदेवीका श्रीमान् घरको एक्लो छोरा । जागिर खान थालेको चौध वर्षमै पक्षघातबाट पीडित हुनुभयो । त्यसपछि जागिर छोड्नुपऱ्यो । जागिर छोडेपछि घरखर्च धान्ने जिम्मेवारी पलटीदेवीमा आयो । श्रीमान्लाई सरकारले दिएको उपदान उहाँको उपचारमा सकिएपछि घरखर्च सुडेनी काम गरेर आएकै आम्दानीले चलाउनुभयो । सुडेनीको काम गर्दा उहाँले विभिन्न तालिममा जाने अवसर पनि पाउनुभयो । त्यसले उहाँलाई धेरै ज्ञान र आत्मविश्वास प्राप्तभयो । सासुबाट सिकेको कामलाई तालिमले झन् निखार ल्यायो ।

पहिले पहिले त अस्पताल, स्वास्थ्य चौकी थिएनन् तर पछिल्लो केही वर्ष यता अस्पताल स्वास्थ्य चौकी जतातत‍ै भए पनि उहाँलाई बोलाउनेहरू कम भएनन् । अब यो काम गर्दिन भन्दा पनि गाउँटोलका गर्भवती/सुत्केरीका परिवारले बोलाउँछन्, घरमै लिनै आउँछन् । धनुषाको विभिन्न ठाउँसँगै जनकपुर धाम उपमहानगरपालिकाको बजार क्षेत्रमै पनि उहाँले सुडेनीको काम गर्नुभएको छ । अलि पहिले जनकपुरधाममै उहाँलाई भ्याइनभ्याइ हुन्थ्यो रे । हिजोआज सुडेनीकाम छोडेको छु तर कतिपयखोज्दै आउनुहुन्छ ।

## २०३६ सालदेखि भूमिगत कम्युनिस्ट

राजनीतिक बुझाइ भएको परिवारमा हुर्किएका कारण उहाँमा पनि राजनीतिक चेत सानैदेखि आइसकेको थियो । बाल्यकालदेखि नै आफूलाई राजनीतिमा रूचि भएको पलटी देवी बताउनुहुन्छ । बिहे गरेपछि ससुरालीमा पनि राजनीति गर्न उहाँलाई बाधाअवरोध भएन बरू राम्रो सहयोग भयो । यसले गर्दा राजनीति गर्नुपर्छ भन्ने हौसला झन् बढ्यो ।

सुडेनी काममार्फत समाजमा भिज्नुभएकी उहाँलाई राजनीति गर्न त्यत्ति अप्ठ्यारो पनि भएन । उहाँका बुबा, दाजु र भतिजाहरू भूमिगत कालमै अहिलेको एमालेमा हुनुहुन्थ्यो । त्यही भएर २०३६ सालमा कम्युनिस्ट पार्टी

भूमिगत हुँदा पलटीदेवी पनि राजनीतिमा लाग्नुभएको हो । त्यतिबेला आफू दलित समुदायको नेतृत्व गर्दै कम्युनिस्ट बनेको उहाँ सम्झिनुहुन्छ । भुमिगत कालमा माधवकुमार नेपाल, रामचन्द्र झा, ईश्वर पोखरेल, राधा ज्ञवालीका साथमा पलटीदेवी पनि विभिन्न कार्यक्रममा हिँड्नुहुन्थ्यो । साथै कम्युनिस्ट नेताहरूलाई घरमा लुकाएर राख्ने, लुकाएर खाना खुवाउने गर्नुहुन्थ्यो । कार्यक्रमका लागि गएका कतिपय पहाडी समुदायका महिला नेतालाई तराई मधेसमा लगाउने जस्तै कपडाहरू लगाइदिएर पनि समुदायमा पुग्न सजिलो बनाइदिनुहुन्थ्यो । त्यसैले २०३६ सालपछि अधिकार र परिवर्तनका लागि भएका प्रत्येक आन्दोलनहरूमा आफ्नो सक्रिय सहभागिता रहँदै आएको उहाँ बताउनुहुन्छ। आन्दोलनहरूमा कहिलेकाहीँ श्रीमान्ले नहिँड्नू भन्दा सासुलाई भनेर जानुहुन्थ्यो । सासुको सहयोगको उहाँ खुलेर प्रशंसा गर्नुहुन्छ ।

## २०५४ सालमा वडा सदस्य

पलटीदेवी २०५४ सालको निर्वाचनमा तत्कालीन जनकपुर नगरपालिकाको वडा नं. ११ को महिला सदस्यमा निर्वाचित हुनुभयो । त्यतिबेला तराइ मधेसमा दलित समुदायबाट वडा सदस्य निर्वाचित हुने आफू एक्लो महिला भएको उहाँको भनाइ छ । वडामा अध्यक्षसहित चार जना पुरूष हुन्थे, उहाँ एक्ली महिला तर उहाँले आफू एक्लो भएको नसम्झी निर्वाचित जनप्रतिनिधि हो भन्ने साहस मनमा राखेर काम गर्नुभयो । वडा सदस्य निर्वाचित भएपछि उहाँले गरेको पहिलो काम पोखरीको छठघाट निर्माण हो । घाट व्यवस्थित नहुँदा दलित समुदायलाई छठ पूजाका बेला समस्या पर्दै आएको थियो । त्यसैले पोखरीमा छठघाट निर्माण गर्नतर्फ लागेँ, उहाँ भन्नुहुन्छ, “वडामा सडक ग्राभेल, सडक बनाउने जस्ता भौतिक विकास निर्माणका काम पनि थुप्रै भयो ।”

## दलित महिलाको नेतृत्व

वडा सदस्य रहँदै गर्दा उहाँले दलित महिला अधिकारका लागि पनि थुप्रै काम गर्नुहुन्थ्यो । दलित महिलाहरूलाई सङ्गठित गर्दै काठमाडौंमा भएको दलित महिला संघ (फेडो)को शाखा कार्यालय धनुषा स्थापना गर्नुभयो । दलित महिलाहरूको समूहहरू बनाउन थाल्नुभयो । घरमा महिलाहरूलाई बोलाउन जाँदा धेरैका गालीगलौज सुन्नुभएको छ । कसैले आफ्नो घरको छोरी बुहारीलाई किन पठाउनू ? भनेर सोध्थे, पठाउन मान्दैनथे । तर पनि पलटीदेवीले कोसिस छोड्नुभएन । त्यही दुःख र सङ्घर्षकै परिणाम अहिले उहाँले एक कलफोन गर्दा सयौं महिला एकैछिनमा एकजुट हुन्छन् । आफू पढ्न नपाएकोमा चिन्ता गर्ने उहाँ नपढे आफूसँग बुद्धि र विवेकदुवै भएको गर्वका साथ भन्नुहुन्छ ।

## काठमाडौंसम्म पैदल यात्रा

दुईसय ३७वर्ष पुरानो राजतन्त्र ढाल्नका लागि २०६२/२०६३ सालमा जनआन्दोलन भयो । त्यस जनआन्दोलनका लागि २७ जनामहिला र अरू एमालेका पुरुष नेताहरू सहित उहाँ पनि जनकपुरदेखि पैदल काठमाडौं आउनुभयो । उक्त जुलुसको अगुवाई पूर्व प्रधानमन्त्री माधव नेपालले गर्नुभएको थियो । पैदल यात्रामा नेताहरू रामचन्द्र झा, रामसेवक यादव, रामचन्द्र पण्डित, उर्मिला साह, कमला महतो, दुलारी महरा, कल्याणी यादव, प्रेममायाश्रेष्ठ सहितआफू भएको उहाँ स्मरण गर्नुहुन्छ ।

चारदिनको पैदल यात्रापछि काठमाडौं पुगिएको थियो । ८ दिनको काठमाडौं बसाइ र आन्दोलनपछि राजतन्त्र ढल्यो । तराई मधेसकी छोरीबुहारी पहाडको डाँडाकाँडा पार गर्दै काठमाडौं पुग्नु कठिन भएपनि त्यो कठिन यात्रालाई परिवर्तनका लागि योगदानको रूपमा उहाँले लिनुभएको छ । पछि काठमाडौंबाट पनि पैदल नै जनकपुर पुग्नुभयो । आन्दोलका बेला उहाँलाई शरीरका विभिन्न भागमा चोटपटक पनि लागेको थियो । अहिले उमेर पाको हुँदै जाँदा ती चोटले बेलाबेलामा दुःख दिन थालेको छ ।

**'माननीय' हुने इच्छा**

पलटीदेवी राजनीतिक जीवनको लामो सङ्घर्षपछि २०७९ सालको चुनावबाट मधेस प्रदेशको प्रदेश सभा सदस्य हुनुभएको छ। उहाँ नेकपा एमालेबाट समानुपातिक सांसद हुनुभएको हो। २०३६ सालदेखिको राजनीतिक अनुभव र सामाजिक क्षेत्रमा न्याय र समानताका लागि उठाउँदै आएको आवाज अब संसद्मार्फत सुनाउने धोको छ। लामो अनुभवले उहाँलाई एकपटक संसदबाट पनि आबाज उठाउन मन थियो। जुनअहिले पूरा भएको छ  तर कतिपयले विगतमा गरेको कामको मूल्याङ्कन नै नगरी, थाहै नपाई होच्याउँछन्। केहीले त ठेला हाक्नेवाली माननीय भई भनेको दुःखद अनुभव पनि उहाँसँग छ। उहाँ भन्नुहुन्छ,"सांसद त बनियो तर काम गर्न कतिको सजिलो हुन्छ थाहा छैन, किनकि अहिले पनि मान्छेहरू,'चिप्री पात्नेवाली, ठेलाहाक्नेवाली माननीय बन्तै त हम सब कथि करबै?अर्थात्(गोबरको गुइँठा बनाउने, ठेलाचलाउने माननीय भएपछि हामीले के गर्ने ?) पनि भन्छन।" संविधानले अधिकार र आरक्षण दिए पनि समाजमा भएका व्यक्तिहरूको सोच नबदलिएकामा उहाँलाई चिन्ता छ।

काम सानो र ठुलो हुँदैन, मिहिनेत र परिश्रम गर्नुपर्छ, आफू र आफ्नो समुदायका लागि अधिकारको कुरा उठाउनुपर्छ भन्ने पलटीदेवी धेरैका लागि भने उदाहरणीय पात्र हुनुहुन्छ। सुडेनीको काम गर्दै दलित महिलाहरूलाई सङ्गठित बनाउँदै, आजभन्दा करिब २६ वर्ष अघि निर्वाचित वडा सदस्य भएर आज संसद्मा पुग्नु उहाँको पार्टी र कामप्रतिको निरन्तरता र मिहिनेतको फल हो। उहाँको यो लामो यात्रामा परिवारको साथ सहयोग सधैँ रहिरह्यो। पलटी भन्नुहुन्छ, "बाटो बिराउनु हुँदैन, निरन्तर प्रयासपछि अवश्य लक्ष्यमा पुगिन्छ।" अहिले उहाँ नेकपा एमाले जनवर्गीय सङ्गठन दलितमुक्ति समाजको केन्द्रीय सदस्य तथा धनुषा जिल्लाको इन्चार्ज हुनुहुन्छ। साथै दलित महिला समूह तथा सञ्जालहरू पनि बनाउनु भएको छ।

अबको करिब पाँचवर्ष महिला, दलित तथा दलित महिला, गरिब विपन्नका लागि आवास निर्माणका लागि सदनबाट पहल गर्ने योजनामा उहाँ हुनुहुन्छ। दलित समुदाय अझै पनि शिक्षा र स्वास्थ्यको क्षेत्रमा निकै पिछडिएकाले उनीहरूका लागि विशेष व्यवस्थाको लागि पहल गर्ने, समाजमा पछि परेका क्षेत्र तथा वर्गको हितलाई मध्यनजर गर्दै कानुन बनाउने तथा समुदायका दैनिक समस्याहरू पनि संसद्मा उठाउने उहाँको प्रतिबद्धता छ।

२०३/३६ सालतिर दलित समुदायका लागि आरक्षण अर्थात् विशेष अधिकार, हरेक क्षेत्रमा समान हक अधिकार, हरवा, चरवा, मालिकाना प्रथा हटाउनुपर्ने, जातीय छुवाछुतको अन्त्य हुनुपर्ने माग थियो। ती मुद्दा नीतिगत रूपमा पूरा भए पनि भएका नीति कार्यान्वयन गर्न र समाज परिवर्तन हुन बाँकी रहेको उहाँको टिप्पणी छ। साथै छुवाछुत गर्ने र दलित भनेर समाजमा हेप्ने समाज र समाजमा रहेका व्यक्तिको सोच र दृष्टिकोण बदल्ने चाहना पलटीको छ।

**प्रेरणाकी स्रोत**

पलटीदेवी एक साहसी महिला हुनुहुन्छ। उहाँले आफ्नो जीवन र आफ्नो समुदायमा केही गर्नुपर्छ भनेर बुझेदेखि आजसम्मका झन्डै पाँच दशकमा के कस्ता कठिनाइहरूको सामना गर्नुपऱ्योहोला ? दलित महिलाहरूलाई घरघरबाट बाहिर ल्याएर सङ्गठित गर्दा कति अप्ठ्याराहरू ब्यहोर्नुभयो ? कतिको नमिठा भनाइ खानुभयो होला ? तर उहाँ हडबडाउनु भएन, निरन्तर ती काममा लागिरहनुभयो। नेपालको कम्युनिस्ट आन्दोलनमा पलटीदेवी महराको भुमिका अत्यन्तै महत्त्वपूर्ण रहेको छ। जुन कम्युनिस्ट पार्टीले दस्तावेजीकरण गर्न सक्नुपर्ने हो। वास्तवमा उहाँको जीवन भोगाइ र सङ्घर्षबाट नयाँ पुस्ताले सिक्नुपर्छ। उहाँको कामप्रतिको लगाब, त्याग, समर्पण र साहसले प्रेरणा दिइरहेको छ।

नेपालको कम्युनिस्ट आन्दोलनका साथै महिला आन्दोलन, दलित आन्दोलन र दलितभित्र पनि दलित महिला आन्दोलनकै लागि उहाँ एक साहसिक योद्धाका रूपमा चिनिनुहुन्छ । अहिले पनि त्यत्तिकै क्रियाशील उहाँ अबको पाँच वर्ष संसद्बाट यी आबाज उठाउने तयारीमा हुनुहुन्छ । त्यसैले ७० वर्षिया पलटीदेवी हामी सबैका लागि गौरव गर्ने व्यक्तित्व हुनुहुन्छ । उहाँ र उहाँ जस्तै योद्धाहरूका कारण आज कम्युनिस्ट पार्टी यो ठाउँमा छ ।

●



झण्डै पाँच दशकदेखि सामाजिक र राजनीतिक व्यवस्था परिवर्तनका लागि आवाज उठाउँदै आउनु भएकी सुशीला श्रेष्ठलाई लाग्छ, सोचे जति परिवर्तन राजनीति र सामाजिक दुवै क्षेत्रमा भएको छैन ।

# राजनीतिमा लामो संघर्ष गरेकी महिला योद्धा सुशीला श्रेष्ठ



● अमृता घिमिरे

आफू गर्भमा हुँदा बुबा चन्द्रबहादुर श्रेष्ठलाई क्षयरोग लाग्यो। जुन रोग त्यो बेला डरलाग्दो सरूवा रोगको रूपमा हेरिन्थ्यो। जसले गर्दा समाजमा आमालाई पँधेरामा पानी भर्न गाउँलेहरूले वञ्चित गरेका थिए। बुबाको रोग बारे धामीझाँक्रीलाई देखाउँदा छोरा जन्मियो भने औषधी गर्नुपर्दैन। छोरी जन्मिए छोरीको अनुहार नहेरी उपचार गर्न लैजानु भनेका थिए। यो २०१३ साल मंसिर महिनाको कुरा हो। सुशीलाकी आमा (बालकुमारी श्रेष्ठ) लाई सुत्केरी व्यथा लाग्यो। उहाँ घर पछाडि बारीमा जानुभयो र बारीमै शिशु जन्माउनुभयो। त्यही बारीमा जन्मिएकी शिशु हुन्, सुशीला श्रेष्ठ। उहाँ जन्मिएको ठाउँ हो, ताप्लेजुङको तत्कालीन फुङ्लिङ गाविस।

छोरी जन्मेको थाहा पाएपछि आमाले छोरीलाई बारीमै एकजना दिदीसँग छोडेर बुबाको उपचारको बन्दोबस्ती गर्न थाल्नुभयो। छोरीको अनुहार नदेखाइ बुबालाई सुशीलाका कान्छा काका रबिन्द्र श्रेष्ठको साथमा सिक्किम पठाउनुभयो। सिक्किममा औषधी उपचारपछि बुबालाई केहि सञ्चो भयो। सञ्चो भएपछि बुबाले आमालाई चिठी पठाउनु भएछ। चिठीमा लेख्नुभएको थियो, “छोरी जन्मेकाले उपचार गर्न पाएर म बाँचे, त्यसैले छोरीलाई हेला नगर, राम्ररी स्याहार गर।” बुबाको त्यो चिठीपछि आफूले आमाको माया पाउन थालेको बाल्यकालका स्मरण गर्नुहुन्छ सुशीला।

यद्यपि छोरीहरूलाई स्कुल पठाउने कमै अभिभावक मध्ये सुशीलाका आमाबुबा पर्नुहुन्छ। त्यसैले सुशीलाले पढ्न पाउनुभयो। त्यतिमात्र होइन आमा बुबा छोराछोरीलाई पढाउनकै लागि ताप्लेजुङको फुङ्लिङ बजार पुग्नुभयो। त्यहीँको भानु पब्लिक हाइस्कुलबाट औपचारिक शिक्षा सुरू गर्नुभएकी उहाँले २०२९ सालमा एसएलसी उत्तिर्ण गर्नुभयो।

## परिवर्तनको चेत

जन्मिएर अलि ठूलो हुँदै जाँदा आफू छोरी भएर जन्मिएकै कारण बुबा बाँच्नु हुँदैन भन्ने धामीझाँक्री र त्यो कुरा पत्याएको देख्दा छोरीप्रति किन यस्तो फरक सोच राखिन्छ भन्ने मनन गर्न थालिसक्नु भएको थियो । त्यही चेतका कारण कक्षा नौमा पढ्दा स्कुलको वार्षिक उत्सवमा विद्रोही खालको 'म बाँच्ने रहर' शीर्षकको नाटक देखाउनु भयो । यो नाटक स्कूलमा मात्र प्रदर्शन भएन, केही परिवर्तनका गीत तथा नृत्य लिएर वामपन्थी शिक्षक नन्द कुमार प्रसाईंको नेतृत्वमा विभिन्न जिल्लाको शैक्षिक भ्रमण भयो । तेह्रथुम, भोजपुर, धनकुटा र संखुवासभामा करिब एक महिनाका लागि हिँडेको शैक्षिक भ्रमणको टोलीमा सुशीला पनि हुनुहुन्थ्यो । भोजपुर पुगेपछि जनवादी कलाकारहरू रामेश, मञ्जुल र रायन लगायतसँग पनि भेट भयो । उहाँहरूबाट प्रगतिशील विचारका साथै अत्याचारको विरूद्धमा लड्नुपर्छ भन्ने खालका गीतहरू सुन्नुभयो र ती गीतहरू रातभरी आफ्नो डायरीमा पनि सार्नु हुन्थ्यो ।

तर उहाँहरू पुगेको जिल्लाबाट प्रशासनले भ्रमण टोलीलाई जिल्ला निष्कासन गर्यो । यति घण्टा भित्रै जिल्ला छाड्नु भनेर प्रशासनको आदेश आउँथ्यो । यसरी दमन गरेको देखेर उहाँहरू प्रशासनको विरूद्धमा लाग्नुभयो । प्रशासनको यस्तो उर्दीले उहाँलाई लाग्यो जनताले दुःख पाएको यही प्रशासनले गर्दा नै हो । भ्रमणबाट फर्किदा झापा संघर्ष सुरू भैसकेको थियो । सुशीलाले झापा आन्दोलनको बारेमा आमाबुबाबाट थाहा पाउनु भएको थियो उहाँ झापा आन्दोलनप्रति प्रभावित हुनुभयो र अन्याय अत्याचार विरूद्ध लड्नु ठिक हो भन्ने कुरालाई आफ्नो लक्ष्य बनाउनुपर्छ भन्ने उहाँमा भइसकेको थियो भने शैक्षिक भ्रमणका बेलाका प्रगतिशिल गीत र नाटक नै क्रान्तिको बाटोमा अघि बढ्ने उर्जाशिल पाइला बन्न पुगेको उहाँलाई लाग्छ ।

## नयाँ शिक्षाविरूद्ध सुशीला

२०२८ सालमा पञ्चायतले सबै स्कुलमा नयाँ शिक्षा लागु गरेको थियो । तत्कालीन राजारानी र पञ्चायत सरकारको गुणगान गर्ने नयाँ शिक्षा विरूद्ध

आन्दोलन सुरू भयो । सुशीला पनि नयाँ शिक्षा विरूद्धमा अरु साथीहरूसँग लागेर आन्दोलनमा होमिनुभयो । आन्दोलनमाथि दमन भयो । प्रशासनले विद्यालयमा पढाइरहेका शिक्षकहरूलाई पक्रेर जिल्ला निष्कासन गर्ने, हिमाली भेग धुन्सामा लगेर नजरबन्दमा राख्ने गर्न थाल्यो । शिक्षकलाई पक्रिँदा सुशीलाको दाजु काजी श्रेष्ठ पनि पर्नुभयो । दाजुलाई पनि धुन्सा लगेर नजरबन्दमै राख्यो । सुशीला पढ्ने स्कूलकै शिक्षक नन्दकुमार प्रसाईं लगायत धेरैलाई पक्राउ गरेपछि पढ्न पाउनुपर्छ भनेर आन्दोलन झन् चर्कियो । “हाम्रो पढाइ चालु गर, हाम्रा शिक्षक रिहा गर” भनेर नारा जुलुस गर्दैगर्दा पक्राउ गरेर ताप्लेजुङको प्रहरी हिरासतमा राख्यो ।

## पँधेरो गएको बहानामा बैठक

राजनीति र परिवर्तनको चेतले सुशीलालाई राम्रैसँग छोइसकेको थियो । विभिन्न बैठक, छलफलमा उहाँ जानुहुन्थ्यो तर कहाँ गएको भनेर घरमा गाली खानुपर्थ्यो । त्यसको लागि एउटा बहाना हुन्थ्यो पानी पँधेरो । पँधेरो (धारा) टाढा थियो, ढिलो आयो भनेर आमाले गाली गर्दा धारामा लाइन थियो भनेर झुट बोल्नुहुन्थ्यो । कहिले घाँस काटेर डोको भरिसकेर बैठकमा सहभागी भएर घाँस बोकेर घर फर्किनुहुन्थ्यो । कहिले बैठक सकेर फर्किंदा रात पर्थ्यो । दाजुको गिरफ्तारी पछि त झन् घरमा अलि धेरै राजनीति गतिविधि बढेको थियो । दाजु छुटाउनलाई लागि परेको छ भन्ने आमाबुबालाई परेको थियो । त्यो भएर अलि स्वतन्त्र भएर बाहिर मिटिङ र छलफलमा हिँड्न अलि सजिलो भयो । दाजु ६ महिनाको नजरबन्द पछि छुटेर घर फर्किनु भयो ।

दाजु छुटेपछि उहाँका किताबहरू लुकीचोरी पढ्न थाल्नुभयो । जेनी मार्क्स र गुयनमानटवाईको जीवनी तथा रातो लालटिन अपेरा आदि पढ्ने मौका पाउनु भयो । ती किताबबाट एकातिर उर्जा प्राप्त भयो । अर्कोतिर अरू देशमा महिलाहरूले कति धेरै काम गरेका रहेछन् । हाम्रोमा चाहिँ किन त्यस्तो हुन सकेन भनेर तुलना गर्नु हुन्थ्यो । र, उहाँलाई लाग्थ्यो, हामीले सहेर बस्नु हुँदैन । घरबाट बाहिर निस्किएर परिवर्तनका लागि लड्नुपर्छ । तर दाजुले

केटीहरूले राजनीतीमा काम गर्न गाह्रो छ, भन्ने खालका कुराकानी गर्न थाल्नुभयो । त्यसपछि सुशीला दाजुसँग पनि कुराकानी गर्न छाड्नु भयो ।

एसएलसी उत्तिर्ण भइसकेकाले सुशीला आफैँ पढेको विद्यालयमा पढाउन थाल्नु भयो । विद्यालय पढाइरहँदा पनि उहाँलाई गाउँघरमा महिलामाथि भएका दमन, छोरी र छोराबिच आफ्नै आमाबुबाले गर्ने विभेद, सुत्केरी हुँदा ज्यान गुमाउनुपर्ने तथा अन्य महिलामाथि हुने दमन बारे सोचेर यो समस्या किन महिलाले मात्रै बेहोर्नु परिरहेको छ भन्ने लाग्थ्यो र यस्ता विषयमा के गर्न सकिन्छ भन्ने सोच्नुहुन्थ्यो । समाजमा महिलालाई यस किसिमको चेतना दिनुपर्छ । त्यसैले म शिक्षिका बनरे धेरै महिलालाई स्कुल पुग्ने वातावरण बनाउँछु भन्ने उहाँको सोचाइ थियो ।

विभेद आफ्नै घरमा पनि देख्नुभयो । दाजु र दिदीले एउटै स्कूलबाट एउटै सालमा एसएलसी पास गर्नुभयो । दाजुले अंश बेचेर भए पनि पढ्ने भन्नुभयो, बुबाले पढ्न काठमाडौँ पठाउनु भयो । तर दिदीलाई पढाइएन, दिदीले अंश नपाउने भएकोले दाइले जसरी मेरो अंश बेचेर पढ्छु भन्न सक्नुभएन । तर पढ्न पाउनुपर्छ भनेर सात दिनसम्म भात खानुभएन । तर पठाइएन । आमाबुबाले मेरो क्षमता यति नै हो, स्थानीय स्कुलभन्दा माथि पढाउने हाम्रो क्षमता छैन । छोरीहरूको लागि खर्च गर्न सकिदैँन भन्नुहुन्थ्यो । यो विभेदले सुशीलालाई नराम्ररी मनमा काँडा बिझ्यो । एकपटक युनिसेफले महिला शिक्षामा जोड दिन साक्षर र शिक्षित बनाउनका लागि शिक्षक महिलाहरूका लागि तालिम आयोजना गऱ्यो । त्यही मौकामा २०३१ सालमा उच्च शिक्षाका लागि धनकुटा क्याम्पसमा जाने मौका पाउनु भयो ।

## भूमिगत हुने निर्णय

स्नातक तह पढ्न २०३४ सालमा सुशीला काठमाडौँ आउनुभयो । काठमाडौँ आउँदा दाजुले उहाँ झापा आन्दोलनको समर्थक भएकाले 'मेरो साथीहरूसँग कुरा नगर्नु, उनीहरू झापा आन्दोलनको पक्षमा छैनन्'

भन्नुहुन्थ्यो । काठमाडौँ आइसकेपछि ताप्लेजुङबाट काठमाडौँ पढ्न आउनु भएका टंक कार्की, भरत श्रेष्ठ, माधव श्रेष्ठ लगायतसँग सुशीलाको भेट भयो । टंक र श्रेष्ठ एउटै कोठामा बस्नु हुन्थ्यो । वहाँहरू त्यतिखेर को-अर्डिनेसन केन्द्रको राजनीतिमा हुनुहुन्थ्यो । एक शनिबार सुशीला उहाँहरुको कोठामा जानुभएको थियो । त्यहाँ एक जना मान्छे आएर एउटा किताब दिए । त्यो किताब चाहिँ 'वर्ग संघर्ष' अर्थात् को-अर्डिनेसन केन्द्रको मुखपत्र थियो । २०३६ सालपछि टंक कार्की नेकपा (माले) सम्बद्ध अनेरास्ववियूको अध्यक्षमै हुनुभयो ।

त्यो किताब देख्दा सुशीलालाई यो कोठा सम्पर्क थलो रहेछ भन्ने लाग्यो र त्यो किताब पढ्न पाए हुन्थ्यो जस्तो लाग्यो । पछि कसैलाई नभनी किताब लिएर जानुभयो । अर्को हप्ता किताब त्यहीँ ल्याइदिएर फेरि कोठामै राख्दिनुभयो । अलि पछि थाहा पाउँदा त्यो किताब दिने व्यक्ति कमरेड अमर अर्थात् अशोककुमार राई हुनुहुँदोरहेछ । पछि राजनीतिमा चासो भइसकेपछि अशोककुमार राईसँग पनि सम्पर्क हुन थाल्यो ।

२०३४ सालमा सुशीलाको 'कोअर्डिनेसन केन्द्र' सँग सम्पर्क भयो र क्रान्तिकारी महिला संघमा संगठित हुनुभयो । यो सम्पर्क अशोककुमार राईबाटै भएको हो भने भरत र टंकले पनि सम्पर्कको लागि सहयोग गर्नु भयो । इश्वरी कन्या छात्रवास बसेर पढ्दै राजनीति गर्न गाह्रो भयो । र बुर्जुवा शिक्षा बहिष्कार गर्नुपर्छ, डिग्री लिएर के काम ? 'जनताको विश्वविद्यालय' जाऊँ भन्ने लागेर स्नातक तह पढ्दै गर्दा भूमिगत हुने निर्णय गर्नुभयो । साथी विद्या थापालाई छात्रवासमा पार्टीको सम्पर्क दिनुभयो । परिवारलाई जानकारी दिन चामलको टिनमा चिठी राख्दिनु भयो ।

२०३५ साल फागुन २ गते कमरेड अमृत बोहरामार्फत आफूसँग भएको सुनको मारवाडी गहना पार्टीलाई बुझाएर सुशीला भूमिगत हुनुभयो । श्याम अर्थात अमृत बोहरा त्यतिखेर नेकपा (माले) को यही क्षेत्रको प्रमुख हुनुहुन्थ्यो । उहाँलाई ताप्लेजुङ कार्यथलो तोकियो तर एक्लै नपठाउने निर्णय भयो र

उहाँको साथमा सुरेस कार्की (सुर्य) लाई पार्टीले पठायो। सम्पर्क इटहरी भएकाले दिउँसो ४ बजे त्यहाँ पुग्नु पर्ने थियो। तर गाडी बिग्रेको कारण राती ढिला मात्रै पुग्नु भयो र पार्टी सम्पर्क हुन सकेन। त्यो रात इटहरी नै बास बसेर भोलिपल्ट झापाको गौरादह कालीदास जीको घरमा पुग्नु भयो। सुशीलालाई कालीदासको घरमा छाडेर सुरेस कार्की काठमाडौँ फर्कनु भयो।

फागुन २१ गते शहिद दिवसको दिन पार्टी स्थापना भएको समाचार दिने भनेर देशभरि पर्चा बाँड्ने काम भयो। २०३५ साल पुसमा प्रथम सम्मेलन गरेर नेकपा (माले) स्थापना गरिएको थियो। झापामा हरेक घरघरमा पुगेर झ्याल ढोकाबाट राती पर्चा छिराउने, सार्वजनिक चौतारोमा पर्चा टाँस्ने जस्ता काम गरेर नेकपा (माले) २०३५ साल पुस ११ गते स्थापना भएको भनेर जानकारी दिने काम गर्नुभयो। फागुन २२ गते बिहानदेखि दमन सुरू भयो। झापाका चार जना नेताहरू नेत्र घिमिरे, कृष्ण कुइँकेल, रामनाथ दाहाल र विरेन्द्र राजवंशीको हत्या गरिसकेपछि अब कम्युनिस्टहरू छैनन्। यिनीहरूलाई निमिट्यान्न पारिसक्यौँ भनेर ढुक्क भएर बसेको प्रशासनले त्यो पर्चा भेटिसकेपछि उनीहरूको छातीमा ढ्याङ्गो बज्यो। फेरि प्रसाशनले दमन गर्न सुरू गर्यो। झापाका धेरै घरहरूमा खानतलासी गऱ्यो। कति स्थानीयलाई पक्राउ गर्यो। सुशीलाले पनि सेल्टर छाडेर जान पर्यो र मजदुर, किसानमा पनि भूमिहीन किसानहरूको घरमा सेल्टर लिएर बस्न थाल्नुभयो। आफ्ना लागि एक मुठी प्रतिछाकबाट निकालेर चामलहरू (मुठ्ठी संकलन) गर्नुहुन्थ्यो र सुशीला र उहाँका साथीहरू जाँदा खाना बनाएर दिने गर्नु हुन्थ्यो।

## रत्नकुमार बान्तवा हत्याको प्रत्यक्षदर्शी

अगम वान्तवासँग चैत्र १७ गते सुशीला झापाबाट इलाम पुग्नु भयो। इलाममा दमन व्यापक भएको छ भन्ने थाहा भएपछि गाउँघरबाट सुराकी लगाउने दलालमाथि पनि गोरिल्ला दस्ताले कारबाही गर्नुपर्छ भनेर एउटा दलालमाथि कारबाही गर्ने कुरा भयो। त्यसले गर्दा दमन पनि झन्झन् तिब्र बन्दै गयो। रत्नकुमार बान्तवा इलाममा काम गर्दा अर्ध भूमिगत हुनुहुन्थ्यो।

उहाँ सुशीलालाई एउटा सेल्टरमा राखेर किसानहरूको काममा डोका बुन्ने, खेतीपाती गर्ने कामहरूमा लाग्नु भयो । उहाँको व्यापक खोजी भइरहेको छ भन्ने थाहा हुँदाहुँदै पनि उहाँको सतर्कता कम भएको हो कि ? अथवा भूमिगत प्रणालीलाई पूर्ण पालना गर्नु भएन कि भन्ने सुशीलालाई अहिले पनि लाग्छ ।

इलाममा व्यापक रूपले प्रशासन परिचालन भएपछि हामी सेल्टर छाडेर हिड्यौं । सबैसँग लौरो थियो । तर अर्को साथी कल्पना (राममाया राई) सँग लौरो थिएन । रत्नकुमारले आफुसँग भएको लौरो कल्पनालाई दिनु भयो र आफूले अर्को लौरो बनाउनुभयो । तर हिँड्दै गर्दा लामालामा लौरो बोकेको मान्छेका ताँतीसँग जम्का भेट भयो । त्यही भिडबाट बुढी औँलाले एउटा मान्छेले रत्नकुमार बान्तवालाई देखायो । सुशीलाले त्यो कुरा रत्नकुमारलाई इसारा गर्नुभयो र तर एक पाइला सार्न नपाउँदै उनीहरूले सुशीला, रत्नकुमार र कल्पनालाई घेरामा पारे ।

घेरामा पारेपछि एउटा पुलिस आएर बान्तवाको हात पछाडि र सुशीलाको अगाडिबाट समात्यो । बान्तवाले हात खोल्न बल गर्नु भयो, सुशीलाले हातमा भएको लौरोले पुलिसको हातमा हिर्काएपछि हात फुस्कियो । हात फुस्किएपछि वान्तवा उछिट्टिए जस्तो भएर अलि तल पुग्नु भयो । त्यही बेलामा चारै तिरबाट गोली चल्यो । गोली लागेर रत्नकुमार वान्तवा ढल्नुभयो । सुशीलामाथि पनि कुटपिट भयो, घाइते भएर बेहोस हुनुभयो ।

सुशीलालाई हानेको गोली उहाँको पछाडि उभिएको पुलिसलाई लाग्यो । पुलिसहरूले नै घाइते पुलिसलाई तुरून्तै अस्पताल पुऱ्याए । होसमा आउँदा सुशीलाको हात बाँधिएको थियो । अगाडि रत्नकुमार बान्तवाको घाइते शरीर छटपटाइ रहेको थियो । अर्को साथी कल्पना चाहिँ घेराउ तोडेर भाग्न सफल हुनुभएछ । धेरै बेरसम्म बान्तवा छटपटाई रहेको दृश्य हेरेर बस्नुपर्ने बाध्यता सुशीलालाई भयो । अन्ततः उहाँको निधन भयो । यसरी इभाङको जंगलमा रत्नकुमार बान्तवाको हत्याको प्रत्यक्षदर्शी हुनुपर्ने अवस्थामा सुशीला हुनुभयो ।

पुलिसहरू सुशीला र उहाँका साथीका झोला खोजतलास गर्न थाले। सामान र चिठीपत्रहरू उनीहरूले कब्जामा लिइसकेका थिए। रत्नको झोलाबाट पुलिसले श्याम अर्थात अमृत बोहराले लेखेका पत्र भेट्टाए। त्यसपछि तिनीहरू धेरै गम्भीर भए । सुशीलालाई अनेकौं प्रश्न गर्न थाले। चुप लागेर बस्नु नै बेस भनेर केही बोल्नु भएन। बान्तवाको लास अघिअघि सुशीलालाई पछिपछि लगाएर हिँडायो। उहा नबोलेपछि अहिले तँ किन बोल्थिस् ? मङ्गलबारे चौकी पुगेर सिस्नो पानी लगाएपछि सबै बक्छेस भन्थे। त्यतिबेला साँच्चिकै बोल्छु कि ? नेताहरूको नाम पो भन्छु कि ? भन्ने सुशीलालाई डर लाग्थ्यो। त्यो भएर पनि भाग्ने उपाय खोजिरहनु भएको थियो।

चैत १७ गते, मङ्गलबारे वडा अध्यक्षको घरमा पुग्ने बाटोको चौतारामा रत्नकुमारको लास राखे। लास रूँग्न केही मानिस राखे। सुशीलालाई वडा अध्यक्षकोमा लगे। पुलिसहरू आराम गर्न लागे र जाँड पनि मागेर खान थाले। त्यही बेला सुशीला पिसाब फेर्ने निहुँ बनाएर भाग्नुभयो। पछिपछि पुलिस आउँदाआउँदै खोल्सातिर पस्नु भयो। खोल्सा पार गरेर माथिपट्टी निस्कनु भयो। पुलिसले भागी ! भागी !! भनेर कराउँदै गोली चलायो तर उहाँलाई लागेन। उहाँ कुदेर ओरालो झरेर जङ्गल भित्र पस्नु भयो।

कुटपिटले लागेको टाउकोको चोटबाट रगत धेरै बगेको र भोक र तिर्खाले खुट्टा काम्न थालेको हुँदा सुशीलालाई कुद्न गाह्रो भयो। जसले गर्दा जङ्गलमै लुक्ने निधो गर्नुभयो। ढुंगाको काप खोजेर कापभित्र पस्नुभयो। नजिकैको एउटा रूखको हाँगो आफूतिर नुगाएर आफुलाई छोप्नु भयो। हरियो रङकै सारी लगाएको भएर झलक्क टाढाबाट देख्न नसकिने थियो।

## लुकेको जङ्गलमा डढेलो

सुशीला ढुंगाकै कापभित्र बसिरहनु भयो, उहाँलाई नभेटेपछि होला पुलिसहरूले जङ्गलमै डढेलो लगाए। हेर्दा चारैतिरबाट धुवाँको मुस्लो आइरहेको थियो। एक ठाउँ डढेलो जोडिन नपाएको ठाउँ देख्नुभयो र

त्यहीँबाट खोलातिर जानुभयो । खोलाको छेउको एक ढुंगाको आडमा लुकेर रात नपरून्जेल बस्नुभयो । पुलिसहरू त्यो बाटोमा कुरा गर्दै ओहोरदोहोर गर्थे । मृग जस्तै उफिँदै कता भागी भनेर कसैले भन्थे, कसैले पक्कै डढेलोमा परि भोलि लास खोज्नुपर्छ भनेको सुन्नुहुन्थ्यो ।

रात पर्यो । त्यसपछि सुशीला निस्किनु भयो र सेल्टर खोज्न भौतारिनु भयो । रातभरि हिँड्दा हिँड्दा इलामको तोभाङ भन्ने ठाउँमा पुग्नु भयो । उज्यालो हुन आँट्यो । भूमिगत हिँड्दा दिनमा सुरक्षित हुनुपर्छ भन्ने सिक्नु भएको थियो । त्यसैले एउटा छाप्रो (सानो घर) को ढोका ढक्ढक्याउनु भयो र दिदी ! दिदी !! भनेर सानो स्वरले बोलाउँदै इभाङ जाने बाटो सोध्नुभयो । पानी माग्नुभयो तर ती दिदीले "तँ त्यही दिउँसो भागेको केटी होस् । यहाँबाट गैहाल् पल्लो घरमा पुलिस बसेको छ । नत्र पुलिस बोलाइदिन्छु" भनेपछि उहाँ फेरि जंगलैजंगल ओरालो लाग्नुभयो ।

रातभरि हिँडेर उज्यालो हुन लागेपछि ढुङ्गाकै कापमा लुकेर दिन बिताउनु भयो । फेरि इभाङ र मंगलबारे जाने देउमाई खोलाको पुलको खोजीमा भौतारिनु भयो । तर पुल भेटिएन । राती मात्रै हिँडेर सेल्टर नभेटिने निष्कर्ष निकाल्दै जे भए पनि होस् उज्यालोमै हिँड्नु भनेर उज्यालो भएपछि खेतबाट निस्केर हिँड्नु भयो । इभाङ त्यही हो रहेछ । २०३६ वैशाख १ गते बिहान उज्यालो हुनु अघि नै पुग्नु भयो । कमजोर स्वास्थ्य र शरीरभरि चोटैचोट भएकाले गाउँका किसान साथीहरूले मह, काँचो तेल, अन्डा खुवाउने र घाउ तातोपानीले सफा गर्दिनुभयो । तर कसैले पुलिसलाई सुराकी लगाइदिएछ । हिँड्ने तर्खर गरेकै बेला पुलिसहरू आएर सेल्टर घेराउ गरेछन् । सेल्टरको साथीले 'को रहेछ म टारेर पठाउँछु' भन्दै भुई तला झर्नु भयो । तर ती साथीलाई बाँधेर पिटे । त्यसपछि सुशीला र अरू साथीहरूलाई खोज्न पुलिसहरू भऱ्याङ् माथि उक्लिए । सुशीला र साथीहरू भने पुलिस आउने बित्तिकै आक्रमण गर्ने योजना बनाएर बस्नुभएको थियो । पुलिस आउने बित्तिकै सबैभन्दा पछाडि रहेको पुलिसलाई भालाले हान्नु भयो । 'मान्छे रहेछ' भन्दै पुलिस चिच्याउँदै झऱ्यो । पुलिसलाई आक्रमण

गरेकाले सेल्टरको दाजुलाई झन् यातना दिन थाल्यो । साथीहरूलाई जो गाउने, बचाउने र सुरक्षित गर्ने काममा अगम वान्तवाको ठूलो भूमिका थियो । वहाँ इलाममा रत्न पछिको अर्को भरपर्दा पार्टी नेता हुनुहुँदोरहेछ ।

## टाउकोको मूल्य तीन लाख

रत्न कुमार वान्तवाले नेकपा (माले) को पहलमा इलाममा संघर्षको धेरै यो जना बनाएको रहेछ । दुश्मनको आक्रमण हुँदा प्रतिरोध गर्न महिलाहरूलाई तालिम दिएको रहेछ । त्यही भएर सुशीलालगायतले सलाइको बारूद निकालेर भरूवा बन्दुक बनाएर फायरिङ गरे । प्रहरीलाई पनि गोली लाग्यो । घेराउ गरेर बसेको प्रहरीहरू घाइते प्रहरीलाई हेर्न आँगनतिर जम्मा भए । त्यही मौकामा सुशीला र साथीहरू जस्केलोबाट निस्किएर जंगलतिर भाग्नुभयो । इलामबाट ताप्लेजुङ जान धेरै पटक प्रयत्न गर्नुभयो । तर पुग्न सक्ने परिस्थिति भएन । त्यसैले पार्टी सम्पर्क गर्न झापा नै फर्किनु भयो । इलामको उक्त घटनापछि प्रशासनले सुशीलाको खोजी कार्य तिब्र बनाएको थियो । मान्छेहरू भन्थे सुशीलाको टाउको जिउँदो वा मरेको ल्याए तीन लाख मुल्य तोकेको थियो रे । सुशीला झापाबाट मोरङमा मदन भण्डारीको घरमा पार्टी सम्पर्कमा आउनु भयो र मोरङमा किसानहरूको बीचमा रहेर पुर्वउत्तर कमिटीको सचिव भएर पार्टी काम गर्नु भयो ।

मोरङमा पनि सेल्टरहरूमा बास बस्ने स्थिति बनेन । त्यसपछि सुशीलाको भोजपुर सरूवा भयो । २०३७ सालको भदौमा भोजपुरको जिल्ला कमिटीको सचिवको रूपमा काम गर्नुभयो । महिलाहरूलाई पार्टी काममा केन्द्रीत गर्न अखिल नेपाल महिला संघ पनि निर्माण गर्नुभयो । सुशीलालाई पार्टीले भोजपुर सरूवा गर्नुको अर्को कारण भनेको अशोककुमार राईसँग वैवाहिक सम्बन्ध गाँस्ने कुरा पनि थियो । काठमाडौबाट हिँड्नु अघि नै दुईजना बीच प्रेम सम्बन्ध रहेको पार्टीलाई थाहा थियो । त्यसैले पार्टीले एउटै इलाकामा पठाएको थियो । २०३८ साल साउन ३१ गते उहाँहरूबिच विवाह भयो । भूमिगत रूपमा सानो कार्यक्रम गरेर विवाहको समारोह सम्पन्न गरिएको सुशीला सम्झिनुहुन्छ ।

## गर्भवती अवस्थामा भूमिगत राजनीति

बिहेपछि सुशीला गर्भवती हुनु भयो । राति मात्र हिँड्नु पर्ने भएकाले गारो भयो तर जिम्मेवारी छोड्नु भएन । त्यस्तो अवस्थामा आफ्नो स्वास्थ्य त कमजोर भयो नै गर्भको बच्चालाई पनि असर पुग्यो भन्ने उहाँलाई लाग्यो । र, वास्तविक परिचय ढाँटेर विराटनगरको एक अस्पतालमा स्वास्थ्य परीक्षण गर्नुभयो । तर विराटनगरमा धेरै मानिसले उहाँलाई चिन्ने भएकाले सुत्केरी हुन काठमाडौँ जाने कुरा भयो । काठमाडौँमा जाँच गर्न जाँदा अस्पतालमा श्रीमान्को वास्तविक नाम राख्नु भएन ।

बच्चा जन्मिएपछि भने उदयपुर बसाहामा आफन्तको घरमा बस्न जानु भयो । त्यहाँ गएपछि अखिल नेपाल महिला संघलाई पुनर्गठन गर्न लाग्नु भएको थियो । राजनीति गरिरहनुभयो । तर उहाँलाई त्यतिले चित्त बुझेन र २०४० साल पुस १७ गते बच्चालाई उदयपुरको बसाहामा मीना दिदी (मीना राई) लाई जिम्मा दिएर फेरि भोजपुर फर्किनु भयो । डेढ वर्षिय सुशीलाको बच्चा हेरचाह गरिदिने मीनाको निधन भइसक्यो, तर उहाँ र उहाँ जस्ता कम्युनिस्ट पार्टीका लागि विभिन्न तवरले योगदान दिने महिलाहरूप्रति उहाँ सम्मान व्यक्त गर्न चाहनुहुन्छ ।

दुधे बालक छाडेर फेरि राजनीति र क्रान्ति गर्न भनेर हिँड्दा रूदैँ छोडेको बच्चाको झल्कोले उहाँलाई मानसिक रूपमा सताउन थाल्यो । पछि यो कुरा पार्टीमा राख्नु भयो । पार्टीले समय समयमा बच्चासँग भेट हुन्छ भनेर उदयपुरमै सरूवा गर्दियो । त्यसपछि उदयपुर आएर बच्चासँग भेट हुँदा आफूलाई आफ्नै छोराले नचिनेर आन्टी भनेको उहाँ सम्झिनुहुन्छ ।

सुशीला दोस्रो पटक गर्भवती हुनुभयो । उदयपुरमै आफ्नो परिचय लुकाएर अर्ध-भुमिगत रूपमा पार्टीको काम गर्न लाग्नु भयो । नजिकै रहेको महादेवेश्वर प्राथमिक स्कुल थियो । प्रधानाध्यापक दुःखि पासवानले ठूलो जोखिम मोलेर सुशीलालाई शिक्षक नियुक्ति गर्नुभयो । शिक्षक भएपछि उहाँले स्कुलमा मात्र होइन गाउँका महिलाहरूलाई पनि प्रौढ कक्षा पढाउनुभयो । राजनीति

गर्न पनि केही सहज हुने भयो। तर केही समयमै त्यो स्कूल पढाउन छोड्नुभयो। हाल उहाँका दुई छोराहरू उज्जवल र अनुराग हुनुहुन्छ।

स्कूल छोडेपछि पनि विभिन्न फरक फरक काम थाल्नुभयो। आम्दानीका लागि फलफूल रोप्ने, खेतीपातीको काम गर्ने, गाइवस्तु पाल्ने आदि। त्यस क्षेत्र सुख्खा भएकाले बिरूवा रोप्ने, भएका रूखबिरूवा जोगाउने, पानी टाढा भएकाले पानीको स्रोत खोज्ने तथा जोगाउने जस्ता काम गर्दै गाउँसमाजलाई सहभागी बनाउँदै विभिन्न विषयमा पनि चेतना फैलाउने काम गर्नुभयो।

केही समयपछि बेलटारस्थित एक नीजि विद्यालयमा पढाउन थाल्नु भयो। बेलाटारमा सङ्गठन निर्माण गर्न महिलाहरूको बीचमा जाने प्रौढ शिक्षा पनि सञ्चालन गर्नुभयो। आफ्नो सासु, ससुरा, काकी सासु तथा आमाजू दिदीहरूबाट पूर्ण रूपमा सहयोग पाउनु भयो। त्यही सहयोग आफ्नो लागि ठूलो शक्ति बनेको उहाँलाई लाग्छ।

### अष्टलक्ष्मी इलाममा पक्राउ

अखिल नेपाल महिला संघको प्रथम राष्ट्रिय सम्मेलन २०४६ सालमा किर्तिपुरमा हुँदै थियो। देशभरिबाट प्रतिनिधिहरू आएका थिएन। त्यतिबेला सुशीला कोशी र सगरमाथा अञ्चलको इन्चार्ज हुनुहुन्थ्यो। अष्टलक्ष्मी शाक्य मेची अञ्चलको इन्चार्ज। अखिल नेपाल महिला संघकै काममा झापाबाट इलाम जानुभएको थियो, त्यही बेला इलाममा पक्राउ पर्नुभयो। सुशीला भन्नुहुन्छ, "अष्टलक्ष्मी शाक्यलगायत तीन जनालाई पक्राउ गरेको थियो।" पक्राउ परेपछि सम्मेलनमा आउन सक्ने कुरै भएन।

सम्मेलनबाट सुशीला श्रेष्ठलाई अध्यक्ष र पूर्णशोभा चित्रकारलाई महासचिव बनाउन पार्टीको सोच थियो रे। सुशीला भन्नुहुन्छ, "अष्टलक्ष्मी शाक्य सम्मेलनमा प्रतिनिधिको रूपमा आउन सक्नुभएन, तर उहाँलाई अध्यक्ष बनाएर आफू उपाध्यक्ष बनेर पूर्णशोभालाई महासचिवको जिम्मेवारी

दिएर सम्मेलन सम्पन्न भयो।" भूमिगत रूपमै भएको सम्मेलनको बारेमा पञ्चायती पक्षधरहरूले थाहा पाएर भागाभाग गर्नुपरेको थियो। कार्यसमिति गठनको घोषणा कीर्तिपुरको पाँगामा बसेर गरेको सुशीला सम्झिनुहुन्छ।

## महिला संघ एकीकरण

२०४६ सालको जनआन्दोलनमा नेकपा (माले) को ठुलो भूमिका थियो। आन्दोलनले सफलता प्राप्त गरेपछि गाउँगाउँमा पुगेर सुशीलाले बहुदलको प्रचार गर्दै सम्बोधन गर्नुभयो। पछि नेकपा मार्क्सवादी र नेकपा माले एकीकृत भएर एकीकृत मार्क्सवादी लेनिनवादी पार्टी बन्न पुग्यो। पार्टी एकीकरणपछि दुई पार्टीको महिला संगठनहरू एकीकृत गराउने जिम्मेवारी सुशीलाको काँधमा आयो। प्रगतिशील महिला संघ र अखिल नेपाल महिला संघ एकता भयो।

२०४८ सालमा अखिल नेपाल महिला संघको दोस्रो सम्मेलन भयो। जसमा मार्क्सवादी समुहबाट आएका महिला र नेकपा मालेसँग आबद्ध भएका साथीहरूबिचमा एकताको राष्ट्रिय सम्मेलन गर्ने निर्णय भयो। कसरी सङ्गठन बनाउने भन्ने सवालमा अखिल नेपाल महिला संघको फ्याक्सन भित्र सहाना प्रधानलाई अध्यक्ष बनाउने प्रस्ताव गर्नुभयो। तर सबैको सहमति हुन सकेन। तर सहानालाई अध्यक्ष बनाएपछि मात्रै अखिल नेपाल महिला संघले महिला आन्दोलनलाई हाँक्न सक्छ भन्ने पार्टीले पनि निर्णय गर्‍यो।

सरकारले अन्तरिम संसदको चुनाव घोषणा गर्‍यो। चुनावी अभियानमा पार्टी नेताहरूसँगै महिलाहरू सक्रिय भएर लाग्नु भयो। सुशीला सप्तरी, उदयपुर र खोटाङमा चुनावी अभियानमा खटिनु भयो। उहाँका श्रीमान् अशोककुमार राई खोटाङ क्षेत्र नम्बर ३ मा नेकपा (एमाले) बाट लड्नु भएको थियो। चुनावको परिणाममा नेकपा एमालेले राम्रो सिट ल्यायो, अशोक राई पनि निर्वाचित हुनुभयो। उहाँ निर्वाचित भएर काठमाडौं

आएपछि सुशीलाले कहाँ, कसरी काम गर्ने भन्ने बारेमा छलफल भयो । अखिल नेपाल महिला संघको कार्यालय सचिवको रूपमा काम गर्ने र छोराहरूलाई पनि काठमाडौँ ल्याउने टुङ्गो लागेपछि दुई छोरा लिएर २०४८ साल माघको अन्त्यमा काठमाडौँ आउनु भयो ।

## अप्ठ्यारो काठमाडौँ बसाइ

सरकारले अन्तरिम सरकारको चुनावको घोषणा गर्‍यो । अशोककुमार राईले खोटाङ क्षेत्र नम्बर ३ बाट उम्मेदवारी पाउनु भएको थियो र जित्नुभयो । जितेपछि उहाँ काठमाडौँ आउनु भयो, सुशीलाले अब कहाँ कसरी गर्ने भन्ने बारेमा छलफल भयो । अखिल नेपाल महिला संघको कार्यालय सचिवको रूपमा काम गर्ने र छोराहरूलाई पनि काठमाडौँ ल्याउने गरी उहाँहरू २०४८ साल माघको अन्त्यमा काठमाडौँ आउनु भयो ।

पुरै जीवन कम्युनिस्ट राजनीतिका लागि समर्पित गरेर हिँड्नु भएका सुशीला श्रेष्ठ र अशोक राई दम्पत्तिलाई छोरासहित काठमाडौँमा पारिवारिक व्यवस्थापन गर्न आर्थिक रूपले निकै कठिन भयो । त्यो कुरा पार्टीमा राख्नुभयो तर पार्टीले गम्भीर रूपमा लिएन । आर्थिक समस्या एकातिर भयो, अर्को काठमाडौँ आएपछि सुशीलालाई पार्टीले ठोस राजनीतिक जिम्मेवारी पनि दिएन । तर त्यो समयलाई उहाँले बच्चाहरूको लालनपालन र पहिला बिचमा पढ्दापढ्दै छोडेको पढाइलाई अघि बढाउन काठमाडौँ शिक्षा क्याम्पसमा भर्ना हुनुभयो भने २०५४ सालमा पाटन क्याम्पसबाट स्नातकोत्तर तह उत्तिर्ण गर्नुभयो ।

पञ्चायती व्यवस्था विरूद्ध लड्नेहरूका लागि राज्यले 'राजनीति पीडित सहायता कोष' बाट सुशीला र उहाँका श्रीमान् अशोकलाई 'राजनीतिक पीडित राहत' भनेर जनही ५० हजार रूपैयाँ दिएको थियो । २०५० सालमा यो सम्मान आफूहरूको पहिलो सम्मान भएको सुशीलालाई लाग्छ । त्यही रकमबाट २०५० सालमै सुरू गर्नुभएको स्वप्न बाटिका (सपनाको बगैँचा) स्कूल अहिले स्नातकोत्तर तहसम्म अध्ययन हुने क्याम्पस बनेको छ । एकछिन

पनि खाली बस्न मन नलाग्ने सुशीला स्कूल र कलेज संचालनदेखि सामाजिक र राजनीतिक काममा आफूलाई व्यस्त बनाइरहनु हुन्छ। लेखनमा समेत सक्रिय उहाँले *'सहाना प्रधान स्मृतिका आँखिझ्यालबाट'* पुस्तक लेख्नुभएको छ भने महिला सुरक्षा दबाब समुहले २०७७ सालमा प्रकाशन गरेको *'नेपाली महिलाको ऐतिहासिक आन्दोलन : एक शताब्दी'* पुस्तकको सम्पादन मण्डलको सदस्य तथा च्याप्टर लेखक हुनुहुन्छ। त्यसका साथै महिला मुक्ति, महिला जागरण तथा संघीय महिला आवाज आदि महिला संघसंगठनका मुखपत्रहरुमा लेखन तथा सम्पादन गर्दै आउनुभएको छ। यसरी विभिन्न क्षेत्रमा काम गरेबापत् २०६६ सालमा नेपाल सरकारबाट 'शिक्षा दिवस पदक' सहित प्रमाणपत्र, २०६८ सालमा जागृति समाज नेपालद्वारा 'राष्ट्रिय नागरिक सेवा सम्मान' आदि बाट सम्मानित भइसक्नु भएको छ।

विगतदेखि विविध जिम्मेवारीसँगै उहाँ महिला सुरक्षा दबाब समूह, बियोण्ड बेइजिङ कमिटी जस्ता महिला अधिकारको क्षेत्रमा वकालत गर्ने संस्थाहरू स्थापना तथा संचालन गर्नेतिर लागेर ती संस्थामार्फत महिला अधिकारका क्षेत्रमा काम क्रियाशिल रहनुभयो। विभिन्न कारणले अशोक राई नेकपा (एमाले) बाट अलग भएपछि सुशीला पनि पार्टीबाट अलग हुनुभयो। राजनीति पनि छोड्नुभएन। हाल जनता समाजवादी पार्टी (जसपा) मा आबद्ध उहाँ समाजवादी महिला संघको प्रमुख हुनुहुन्छ। २०७९ सालको संसदीय निर्वाचनबाट उहाँ समानुपातिकमा प्रतिनिधिसभा सदस्य बन्नुभएको छ।

राजनीतिमा महिला लाग्नु हुँदैन, महिलाहरू घर भित्रको काम मात्रै सिमित हुनुपर्छ भन्ने बुझाइ भएको बेला घरै छोडेर भूमिगत राजनीति गर्नु धेरै कठिन थियो। छोरी राजनीतिमा लागोस् भन्ने इच्छा चाहना उहाँको आमाबुबाको पनि थिएन। आफु राजनीतिमा लागेका कारण आमा, बुबा, दाजु भाइ, दिदी बहिनी लगायतले प्रशासनको डर, धम्की, अपहेलना खेप्नु परेको घटनाले भने उहाँलाई दुःखी बनाउँछ।

●



हिरासतको यातनाले निलमलाई अझ स्पातिलो बनायो । जेलमा उहाँलाई आत्मसमर्पण गराउन प्रयास गरियो तर प्रतिक्रियावादीहरूको अगाडि उहाँ रत्तिभर झुक्नुभएन ।

# झापा आन्दोलनकी क्रान्तिकारी योद्धाः निलम केसी



● *ममता गिरी*

देशमा युगान्तकारी परिवर्तन ल्याउन एक दुई जनाको मात्र सङ्घर्षले सम्भव हुँदैन । इतिहासका अनेकौं काल खण्डमा देशका लागि कैयौं वीर वीराङ्गनाहरूले त्याग, समर्पण र बलिदान दिएका हुन्छन् । जेल, नेल र यातना सहेका हुन्छन् । सभ्य र सुसंस्कृत समाज निर्माणका लागि सङ्घर्षशील र अविरल राजनीतिक यात्रामा दृढ रूपमा अघि बढिरहेका हुन्छन् । आदर्शको मार्गमा हिँडेर नेपाली धर्तीलाई आलोकित बनाउने सङ्कल्पसाथ अघि बढिरहेका हुन्छन् । देशमा आमूल परिवर्तनका लागि आत्मविश्वाससाथ सङ्घर्षको बलिवेदीमा आफूलाई होमिरहेका हुन्छन् । त्यही क्रान्तिकारी योद्धा मध्येकी एक हुन्, कमरेड निलम केसी (सीता खड्का) ।

कठिन परिस्थितिका बावजुद अन्धकारमय सामन्ती युगलाई समाप्त बनाउँदै नेपाली जनताको मुहार फेर्न दृढ सङ्कल्पसाथ अघि बढ्ने उहाँले अठोट गर्नुभयो । परिवर्तनको निम्ति धेरैले सङ्घर्ष गरेका हुन्छन् तर इतिहास भने विशिष्ट योगदान गर्नेहरूको मात्र लेखिन्छ । चौध वर्षको कलिलो उमेरदेखि राजनीतिक यात्राको थालनी गर्दै, इतिहासका अनेकौं मोडमा चुनौतीको सामना गर्दै, लोकतन्त्रदेखि गणतन्त्रकालागि पनि अथक सङ्घर्ष गर्दै आजसम्म राजनीतिक यात्रामा नै क्रियाशील रहनु चानचुने कुरा होइन । समाज परिवर्तनका लागि सम्पूर्ण कुरा त्यागेर आन्दोलनमा होमिनु कम साहसको कुरा थिएन । उहाँले भोगेका जीवनका तितामीठा क्षणहरू भावी पुस्ताका लागि प्रेरणादायी बन्ने छन् ।

## बाल्यकाल र शिक्षा

आमा लक्ष्मुमाया खड्का र पिता भिमबहादुर खड्काकी माहिली छोरी निलम केसीको २०१५ साल पौष १५ गते झापा जिल्लाको गरामनी-८ नाडियाबारी गाउँमा जन्म भएको थियो । उहाँका दुईजना दाजुभाइ र पाँचजना दिदी बहिनीहरू हुनुहुन्छ । धनी किसान परिवारकी निलमका दुईजना आमा थिए । उहाँ जेठी आमाबाट र कान्छी आमापट्टी पाँचजना भाइहरू छन् । उहाँको बाल्यकालको हुकाइ सामान्य नै रह्यो । उहाँ दुर्गा

माध्यमिक विद्यालयमा भर्ना भई पढ्न थाल्नुभयो, जहाँ क. नेत्र घिमिरे पढाउनुहुन्थ्यो । उहाँले पाठशालाको ज्ञानसँगै साँझ बिहान निलमको बुबा र काकासँगै निलमलाई पनि बसाएर मार्क्सवादी ज्ञान दिने गर्नुहुन्थ्यो ।

निलम क्रमशः नेत्र घिमिरेका मार्क्सवादी विचारबाट प्रभावित हुँदै जान थाल्नुभयो । अन्याय र अत्याचारविरुद्ध लड्नुपर्छ, सहेर बस्नुहुँदैन भन्ने चेतना विस्तारै बाल मानसपटलले ग्रहण गर्दैगयो । त्यसपछि उहाँ बाल रेडगार्डमा सङ्गठित भएर काम गर्न थाल्नुभयो । त्यतिखेर बाल रेडगार्डको प्रमुख काम भनेको पार्टीका नेताहरूलाई र किसान आन्दोलनका अगुवाहरूलाई खाना र चिट्ठी आदान प्रदान गर्नु थियो । केटाकेटीहरूले यस्तो काम गर्लान् भनेर कसैको ध्यान जाँदैनथियो । उहाँले २०२७ सालमा झापा जिल्लाको विद्यार्थी आन्दोलनमा पनि सङ्गठित भएर सक्रिय भूमिका निर्वाह गर्नुभयो । जुझारु, क्रियाशील र कर्तव्यनिष्ठ भएर सङ्गठनले दिएका हरेक जिम्मेवारीलाई कमरेड निलमले कुशलतापूर्वक निर्वाह गर्दै आउनुभयो । यही क्रममा पार्टीले अखिल भारत नेपाली विद्यार्थी सङ्गठनको जिम्मेवारी दिएर २०४० सालमा उहाँलाई भारत प्रवासमा पठायो । अध्ययनको कामलाई पनि उहाँले त्यहीँ निरन्तरता दिनुभयो ।

उहाँले भारतमा नेपाली विद्यार्थीलाई सङ्गठित गर्ने र नेपालको तत्कालीन राजनीतिक परिवेशको बारेमा बुझाउँदै राजनीतिक रूपले सचेत बनाउने काममा सक्रिय भूमिका खेल्नुभयो । प्रमाणपत्र तह (आई.ए.)सम्म शिक्षा भारतमा पूरा गरिसकेपछि पुनः नेपाल फर्किएपछि स्नातक तहको शिक्षा पूरा गर्नुभयो । बाल्यकालदेखि नै शिक्षा र राजनीतिलाई सँगसँगै सक्रियतापूर्वक अघि बढाउनसक्नु उहाँमा निहित विशिष्ट क्षमता थियो ।

## वैवाहिक जीवन र सङ्घर्ष

क. सीता कम्युनिस्टहरूको उर्भर भूमि, आधार किल्ला र सङ्घर्षशील स्थलमा जन्मिएर हुर्कदैं चौध वर्षकै कलिलो उमेरमा राजनीतिमा लाग्नुभयो । सङ्घर्षकै दौरान तथा उहाँको भूमिगत कालमा २०३२

सालमा नेकपा कोअर्डिनेशन केन्द्रका महासचिव क. चन्द्रप्रकाश मैनाली (सि.पी. मैनाली)सँग जनवादी विवाह भएको थियो । पार्टीले नै उहाँहरूको विवाह गरिदिएको थियो । विवाहमं उहाँहरूले आफ्नो सम्पूर्ण जीवन देश र जनताका लागि समर्पित गर्ने अठोट गर्नुभएको थियो । दुवैजना पार्टीमा पूर्णकालिन भएर काम गरिरहनु भएको थियो । हाल उहाँ मिर्मिरे टोल, चावहिल-७ काठमाडौँमा बस्नुहुन्छ । छोरी प्रभा डाक्टर हुनुहुन्छ र उहाँको विवाह भइसकेको छ, छोरा सरोजको पनि विवाह भइसकेको छ ।

सीता र सि.पीको विवाहको भोलिपल्ट पार्टीले सीतालाई अर्को क्षेत्रमा पार्टीको काम गर्ने जिम्मेवारी दिएर जनकपुर खटायो । क.सि.पी.ले उहाँलाई जनकपुर छोडेर फर्कनुभयो । विवाहपश्चात् पनि उहाँहरू पार्टीले जिम्मा दिएको आ-आफ्नो क्षेत्रमा अनुशासनपूर्वक सक्रिय भूमिका निर्वाह गरिरहनुभएको थियो । भूमिगत कालमा कैयौँ पटक जङ्गलमा कहिले एक्लै र कहिले गौरा, शोभा लगायतका कमरेडहरूसँगै रात बिताउनु, अनिदो बस्नु र कैयौँ छाक भोकै बस्नु सामान्य दिनचर्या नै भइसकेको थियो । आफ्नो घर परिवारसँग बिताउनुपर्ने महत्त्वपूर्ण क्षणलाई त्यागेर गरिब किसानका खेतबारी र आँगनमा बिताउनुभएको थियो । त्यतिखेर उहाँको एउटै लक्ष्य थियो, पञ्चायती तानाशाही व्यवस्थाको अन्त्य र सुन्दर नेपालको स्थापना गर्ने ।

भूमिगत कालमा उहाँका दुई सन्तान जन्मिए । छोरी प्रभा मैनाली र छोरा सरोज मैनाली । त्यस्तो अफठ्यारो परिस्थितिमा बच्चा जन्माउन, हुर्काउन त्यति सहज थिएन । विभिन्न अफठ्यारालाई झेल्दै सानी छोरी प्रभालाई जन्मिएको ४ महिनापछि चन्द्रगढी, देउनिया निवासी आश्रयदाता हरिमाया कुँवरको जिम्मा लगाएर पार्टी काममा हिँड्नुभयो । आफूले जन्माएको सानो नानीलाई चटक्क छोडेर हिँड्नुपर्दा उहाँको मन कटक्क खायो । दुधे बालिकालाई छोडेर जाने उहाँको मन त थिएन तर 'देश र जनताको लागि मैले त्याग गर्नैपर्छ' भन्ने भावनाले उहाँको मनलाई जित्यो । पार्टीको फलामे अनुशासनलाई पालना गर्नु पार्टीको जिम्मेवार कार्यकर्ताको दायित्वलाई पनि उहाँले महसुस गर्नुभयो ।

घर, परिवार, सुख, वैभव सबै त्यागेर राजनीतिक सागरमा आँखा चिम्लिएर हामफाल्न सानोतिनो आँटले पुग्दैनथ्यो । त्यसका लागि उहाँले जीवनमा धेरै महत्वपूर्ण र कठोर निर्णय लिनुभएको थियो । उहाँको माइती र घरपतिरका पनि सबै परिवार वामपन्थी राजनीतिमा होमिएकाले यो सम्भव भएको थियो । तसर्थ परिवारबाट राजनीति गर्न कुनै रोकावट थिएन । अझ अघि बढ्न हौसला र प्रेरणा प्रदान गरिन्थ्यो ।

## कठीन राजनीतिक यात्रा

स्कुलमा सहिद कृष्ण कुईंकेल, सीता खड्का, गौरा प्रसाइँ, जीवन मगरको एउटा गोप्य रेडगार्ड सङ्गठन बन्यो । साथै क.सीताले गाउँमा पनि सीता, गौरा र यसोदा काफ्लेलगायत केटीहरूको बाल रेडगार्ड सङ्गठन गठन गर्नुभयो । यस प्रकार निलम पहिलो पटक राजनीतिक रूपले सङ्गठित हुनुभयो । यो नै उहाँको कम्युनिष्ट आन्दोलनको प्रारम्भ विन्दु थियो ।

अनेकौ टुटफुट र विखण्डनबाट नेपालको वाम आन्दोलनलाई एकिकृत बनाउँदै अघि बढाउनसाहसी र क्रान्तिकारी महिलाहरूले पुऱ्याएको योगदानलाई स्मरण नगर्ने हो भने नेपालको वामपन्थी आन्दोलनको इतिहास पूर्ण हुन सक्दैन । त्यतिखेर झापा आन्दोलनमा सीता खड्का, गौरा प्रसाईं, शोभा कुँवर, जीवन मगरलगायतका महिलाहरू सक्रिय रूपमा लाग्नुभएको थियो । क. सीताको जीवनको लामो राजनीतिक यात्रामा अनेकौँ उतारचढाव आए ।

जीवनका उज्याला-मीठा अनुभूतिहरूर अँध्यारा एवं अफठ्यारा क्षणहरू अनि दुःख भित्र सुख खोज्ने अभिलाशायुक्त ती पलहरू आज पनि उहाँका मानसपटलमा सल्बलाइरहेका छन् । आफूभित्र अङ्कुरित कम्युनिस्ट विचार र विश्वासको बिरुवालाई पतझड हुन नदिन उहाँले कठोर सङ्घर्ष गर्नुपऱ्यो । पीडा कै पोखरीमा डुबुल्की मारेर भएपनि एक दिन अवश्य उज्यालो हुनेछ भन्ने आशा र विश्वासमा सम्पूर्ण जीवनलाई राजनीतिमा समर्पित गर्नुभयो ।

झापामा किसान आन्दोलन चर्कंदै थियो, मजदुरहरू सङ्गठित हुँदैथिए। झापाका युवा युवतीहरू, किसान मजदुरहरू नौलो जनवादी गीत गाउँदै चारै तिरबाट सङ्गठित हुँदै थिए। सोही समयमा कम्युनिस्ट नेताहरूले सीतालाई विद्यार्थीको भूमिका र दायित्वको बारेमा बुझाउँदै जानुभयो। देशको अवस्था र जनताले भोगेको जिन्दगीको बारेमा बुझाउँदै लानुभयो।

चीनको राजनीतिक सत्ता परिवर्तन र छिमेकी मुलुक भारतमा मुक्तिका लागि भएको नक्सलवादी आन्दोलन, नेपालमा विभिन्न ठाउँमा भएको किसान आन्दोलन एवं महेशपुर र सुस्ता काण्डले गर्दा धेरै युवा युवतीहरू मार्क्सवाद लेनिनवादमा आस्था राख्दै स्कुल कलेज छाडेर गाउँ पस्दैथिए। यसको प्रभाव क.सीता लगायतका धेरै युवा-महिलाहरूमा पनि पर्दै गयो।

झापाका कम्युनिस्टहरूको गतिविधिमा सक्रियता बढ्दै गएपछि राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिक्रियावादीहरू बिच भुइँचालो नै गएको थियो। पञ्चायती व्यवस्थाका ठेकेदारहरू आङ्कित भएर कम्युनिस्टहरूमाथि दमन गर्न थाले। चारैतिर धरपकड सुरु भयो। क.निलमको ठुलोबाबा, काकाहरूलाई गिरफ्तार गरी लामो समय जेलमा राखियो। निलमले भूमिगत रूपमा पार्टीका सबै कामहरू गर्न थाल्नुभयो। रातिराति नेता कमरेडहरू आएर निर्देशन दिनुहुन्थ्यो। गौरा र उहाँले खुला परिवेशमा काम गर्न नसक्ने अवस्था र पुलिसले बारम्बार खोजी गर्न थालेपछि उहाँ चौध वर्षकै कलिलो उमेरमा भूमिगत हुनुभयो। २०२८ सालमा झापाको किसान विद्रोहमा पनि उहाँ संलग्न हुनुभयो।

## भूमिगत राजनीति गर्दाका अव्यक्त अनुभव

२०२९ साल कात्तिक २९ गतेबाट तत्कालीन पञ्चायती व्यवस्थाविरुद्ध झापा जिल्लाको विद्रोही कम्युनिष्ट पार्टीमा सामेल भई भूमिगत रूपमा काम गर्न थाल्नुभयो। विगतलाई स्मरण गर्दै सीता भन्नुहुन्छ, 'एक दिन गाउँमा हामी भूमिगत बसेको कुराको जानकारी सुराकीले पुलिसलाई दिएपछि २०३० साल साउन २० गते हतियारधारी प्रहरीहरूले चारैतिरबाट घेरा

हालिसकेका रहेछन् । नाडियाबारी गाउँलेले हामीलाई जोगाउन साहसिक प्रयत्न गरे । आखिर निहत्था जनताको केही चलेन । गोलीका पर्रा छुट्न थाल्यो । चन्द्र डाँगीको छातीमा गोली लाग्यो । कडा स्वरमा मुठ्ठी उठाएर 'नेपाली क्रान्ति जिन्दावाद !' भन्दै घुप्लुक्क जमिनमा ढल्नुभयो ।'

उहाँको गाउँ नाडियाबारी क्रान्तिकारी वीर योद्धाहरू बस्ने आश्रयस्थल थियो, एकैछिनमा रगतमा लतपतिएर मुर्छित बन्नुभयो । उक्त घटनामा क.सीता लगायतका अरूहरूलाई पनि गिरफ्तार गरियो । उहाँहरू सबैलाई एस.पी. कार्यालयमा लगेर तुरुङ्ग (जेलमा निर्मम यातना दिन खुट्टा काठभित्र पसालेर हलचल गर्न नहुनेगरी राखिने)मा हालेर राखियो । पछि, विभिन्न झुटा मुद्दा लगाएर उहाँहरूलाई जेल चलान गरियो । त्यसपछि सीतालगायत सबैलाई डेढ वर्षसम्म झापा चन्द्रगढी जेलको जेलबन्दी यातना गृहमा राखियो ।

भूमिगत कालमा नारद कमरेड र सीता कमरेड अक्सर राति हिँड्दा कम्मरमा खुकुरी भिरेर हिँड्ने गर्नुहुन्थ्यो । एक दिन पुलिसले उहाँहरूलाई समाएर पाता फर्काउँदै गर्दा नारद कमरेडको कम्मरबाट खुकुरी झुन्डिरहेको थियो । पुलिसको आँखा खुकुरीमा पर्न गयो । झन आक्रोशित हुँदै बन्दुकको कुन्दाले हान्दै आँगनमा ल्याएर लडाए । त्यसपछि उहाँहरूको जिउमा खान तलासी गरियो । गाउँलेहरूलाई एक एक गरी सोध्न थाले- 'यी वामेहरूले हतियार कहाँ लुकाएका छन् ?' अति भएपछि सीताले पनि जवाफ दिनुभयो । 'हामीले हाम्रा हतियारहरू सबै नेपाल प्रहरी र सेनालाई राख्न दिएका छौं, हामीलाई किन सोध्छौ ?' भन्दा प्रहरीहरू रिसले उहाँहरूमाथि अरिँगाल झैँ खनिए । बन्दुकको कुन्दाले नारद कमरेडलाई रगताम्मे हुनेगरि हिर्काए ।

सीताको आमाले त्यसको प्रतिवाद गर्दा उहाँलाई नै गाली बेइज्जती गर्न थाले । यो पीडा आमाले हेर्न सक्नुभएन र पछ्यौराले मुख छोप्दै, रुँदै भित्र पस्नुभयो । गाउँमा भागदौड मच्चिन थाल्यो । प्रहरीले घरघरै चहार्दै गाउँलेलाई समात्न थाले । एउटा घरमा बन्दुक तेर्स्याउँदै भित्र पस्न

लागेको देखेपछि बलबहादुर खड्का अचानक पुलिसमाथि जाइलाग्नुभयो र उनीहरूको एउटा राइफल खोस्न सफल हुनुभयो । स्थिति असामान्य बन्ला भनेर प्रहरीले सिट्ठी बजायो र गोली चल्यो । केही गाउँलेलाई पनि गिरफ्तार गरियो ।

यसैगरी एक दिन, सीता लगायत चार जनाले लालपानी भन्ने ठाउँ छोड्दै नरेश खरेल कमरेडको घरमा पुग्नुभयो । उहाँहरू दुई तीन दिन आसपासको इलाकामा छरिएर बस्नुभयो । त्यसपछि गुरु नेत्र घिमिरेको घरमा पुग्नुभयो । त्यहाँ उहाँका आमा बुवाहरूसँग भेट भयो । सीतालाई देखेर उहाँकी आमाले सीतालाई सुम्सुम्याउनु भयो । नेत्र लगायत सबैलाई लुकाएर राख्ने सरसल्लाह भयो । फेरि, प्रहरीले समात्यो भने के गर्ने भनि आमा सीतालाई देखेर रुन थाल्नुभयो । मजेत्रोभित्र पीडा लुकाउँदै सबैलाई संरक्षित गर्नुभयो ।

भूमिगत कालमा नै एक पटक सीता बिरामी पर्नुभयो । उहाँलाई जचाउन एक जना कमरेडले सिलिगुडी लिएर जानुभयो । खासै ठुलो बिरामी रहेनछ । उपचार पछि कमरेडले सीतालाई लाल सिपाही भएको गाउँमा पुऱ्याउनुभयो । त्यस अवधिमा उहाँले ती सिपाही साथीहरूबाट धेरै कुरा सिक्ने मौका पाउनुभयो । जनताको लागि लड्ने ती सिपाही साथीहरू धेरै असल र सहृदयी हुनुहुन्थ्यो । राष्ट्रिय मुक्ति मोर्चाको सपना बोक्ने भारतका ती छोरीहरू जनताका लागि लड्ने सिपाही मात्र थिएनन्, उनीहरू राजनीतिक कार्यकर्ता र केही कुशल सुचीकार, दक्ष नर्स र कोही बुनकर पनि थिए । उहाँले त्यहाँ बन्दुक चलाउन पनि सिक्नुभयो । केही दिनको बसाइले उहाँहरू बिच घनिष्ट सम्बन्ध बन्यो । उनीहरूले उहाँलाई अझै बस्न अनुरोध गर्दै थिए, सिताले भन्नुभयो 'मुझे अपना वतन लौट जाने दिजिए, मुझे वहाँ जाकर देशके लिये बहुत कुछ करना है । अगर हम अपनी अपनी जगह से दुनिँया के जालिमों के खिलाफ लड्ते रहेंगे तो हम अपनी लक्षको पूरा कर सकते हैं ।' यो कुरापछि कमरेड सीताले उहाँलाई अँगालो मार्नुभयो, हात मिलाएर उहाँलाई बिदा दिनुभयो । उहाँको भूमिगत नाम सावित्री पनि थियो ।

एक दिनको कुरा हो, उहाँ मकवानपुरको फाखेल भन्ने गाउँमा राती एक जना कमरेडसँगै उहाँको घरमा पुग्नुभयो। भित्र कोठामा पस्नुभयो र भोलीको योजना बारे छलफल गर्न थाल्नुभयो। यता कमरेडकी श्रीमती यति राति को केटी लिएर श्रीमान् आए भनेर खुकुरी लिई भऱ्याङ्मुनि आज यसलाई नछिनाई छोड्दिन भनेर कस्सिएर बस्नुभएछ। एकछिनपछि सीता बाहिर निस्कन खोज्दा अँध्यारोमा उहाँलाई देख्नुभएछ। किन यहाँ बस्नुभयो भनेर सोध्दा अक्मकाउनु भएछ। सीताले उहाँको हातको खुकुरी देखिहाल्नु भएछ। त्यसपछि उहाँको श्रीमान् र सीताले उहाँलाई सबै कुरा वृत्तान्त सुनाएपछि, भूमिगत कालमा राति काम गर्नुपर्ने कुराहरू बुझाएपछि ,कमरेड सीता पार्टीको कार्यकर्ता हुनुहुन्छ भनेपछि उहाँले सबै कुरा बुझ्नुभयो र हतार हतार खुकुरी लुकाउनु भएछ। कमरेड सिता भन्नुहुन्छ, ' झन्डै त्यो दिन ज्यान गएको थियो, बालबाल बचियो ।'

यस्ता कैंयौ यातना र पीडाहरू सहँदै कठीन भूमिगत जीवन बिताउँदा पनि रत्तिभर निराश र हतोत्साही नभई अझ बढी जुझारु र उर्जाशील भएर पार्टी काममा निरन्तर खटिरहनुभयो। हिरासतको यातनाले निलमलाई अझ स्पातिलो बनायो। जेलमा उहाँलाई आत्मसमर्पण गराउन प्रयास गरियो तर प्रतिक्रयावादीहरूको अगाडि उहाँ रत्तिभर झुक्नुभएन। डेढ वर्षपछि निलम जेलबाट रिहा हुनुभयो र पुनः पार्टी काममा भूमिगत भएर जुट्नुभयो।

**भूमिगत निलमसँग अष्टलक्ष्मीको भेट**

एक दिनको कुरा हो, पार्टीको एक जना कमरेडले अष्टलक्ष्मी शाक्य र सुलोचना मानन्धरलाई भूमिगत जानुभएको एक जना महिला कमरेडलाई भेटाउने कुरा गर्नुभयो। अष्टलक्ष्मी र सुलोचनाको मनमा खुल्दुली मच्चियो- कस्तो होला भूमिगत मान्छे ? सुलोचना मानन्धरको घरमा भेट्ने कुराकानी भएअनुसार अष्टलक्ष्मी र सुलोचनालाई भेटाउन कमरेडले सीता खड्का कमरेडलाई लिएर आउनुभयो।

उहाँहरूसँग भेटघाट र कुराकानी भयो । उहाँहरूले अखिल नेपाल महिला सङ्घ शान्ता मानवीको नेतृत्वमा बनाउने छलफल पनि गर्नुभयो । शोषित पीडित नेपाली महिलाको लागि लड्ने सङ्गठनको स्थापना गर्ने अत्यन्तै महत्त्वपूर्ण छलफल र निर्णय गर्नुभएकोले त्यो भेट उहाँहरूका लागि निकै महत्त्वपूर्ण रह्यो ।

यस्तै, कमरेड अष्टलक्ष्मी शाक्य कमला अमात्यको घरमा भूमिगत रूपमा रहनुभएको बेला कमरेड सिता भेट्न जानुभएको थियो । उहाँले कमरेड अष्टलाई 'राजनीति गर्नेले हामीले नाच्न, गाउँन पनि जान्नुपर्छ, जनतालाई गीतको माध्यमबाट सचेत गराउँदै लग्नुपर्छ' भन्नुभएको कुरा अष्टक्ष्मी शाक्य सम्झना गर्नुहुन्छ । उक्त भेटमा 'बसाइँ हिँड्नेको ताँतीले बस्नेको मन रुवाउँछ, लाखौंको लागि उजाड छ यो देश, मुठ्ठी भरलाई त स्वर्ग छ ।' भन्ने बोलको गीत पनि निलमले सिकाउनुभएको थियो ।

## पार्टी सदस्यता र जिम्मेवारी

२०३१ सालमा निलमले पार्टी सदस्यता प्राप्त गर्नुभयो । पार्टीको जिम्मेवारीलाई उहाँले अनुशासित भइ पूरा गर्दै जानुभयो । २०३२ सालमा धनुषा जिल्ला कोअर्डिनेशन कमिटीमा रहेर काम गर्नुभयो । २०३४/०३५ सालतिर पार्टीले उपत्यका कोअर्डिनेशन कमिटीको जिम्मेवारी दियो । त्यतिखेर उहाँले भक्तपुर, ललितपुर र काठमाडौँ मात्र होइन सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र मकवानपुरमा पनि भूमिगत रूपमा काम गर्नुभएको थियो । पार्टी काम कै सिलसिलामा २०३५/०३६ सालतिर रुपन्देही र नवलपरासीमा पार्टी जिल्ला सदस्य भई काम गर्नुभएको थियो ।

उहाँ भारत प्रवासको जिम्मेवारीबाट फर्किएपछि अखिल नेपाल महिला सङ्घ(अनेम सङ्घ)मा आबद्ध भएर काम गर्न थाल्नुभयो । २०३९ सालमा नेकपा (एमाले)को पाचौँ महाधिवेशनमा सामेल हुनुभयो । पार्टीले दिएको हरेक जिम्मेवारीलाई निलमले इमान्दारीपूर्वक पूरा गर्दै आउनुभयो । २०५४ सालमा पार्टीमा विवाद उत्पन्न भई पार्टी विभाजन भएपछि

उहाँले नेकपा(माले)को राष्ट्रिय पार्षद, अनेम सङ्घ स्थायी समिति सदस्य रही मध्यमाञ्चल ईन्चार्जका रूपमा काम गर्नुभयो । हाल नेकपा (माले)को स्थायी कमिटीको सदस्य भएर पार्टीमा क्रियाशील हुनुहुन्छ ।

यसबाहेक, अन्तर पार्टी महिला सञ्जालको संस्थापक केन्द्रीय सदस्य हुँदै अध्यक्षको जिम्मेवारी पनि सम्हालिसक्नुभएको छ । सङ्घर्षको मैदानबाट परिवर्तनको सपना बोकेर राजनीतिमा हामफाल्नुभएकी निलमको सपना पूर्ण रूपले अझै साकार भइसकेको छैन । नेपाली जनताको समृद्ध जीवन र नेपाली महिलाहरूले पूर्ण समानता प्राप्त गर्न अझै सकेका छैनन् भन्ने उहाँको बुझाइ छ ।

## झापाविद्रोहदेखि सिंहदरबारसम्मको यात्रा

झापाविद्रोहदेखि सिंहदरबारसम्मको यात्रामा उहाँले जीवनका अनेकौँ उकाली, ओराली पार गर्दै राजनीतिक यात्रालाई निरन्तरता दिइरहनुभएको छ । २०६४ सालमा संविधानसभा सदस्य भएर संविधान निर्माणमा पनि महत्त्वपूर्ण भूमिका खेल्नुभयो । २०७० सालमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्री भएर उहाँले राज्यको महत्त्वपूर्ण जिम्मेवारी



*महिला अधिकारका लागि निकालिएको जुलुशमा निलम केसी*

पनि सम्हाल्नुभयो । मन्त्री हुँदा उहाँले महिलाको हितमा थुप्रै कानुनहरू बनाउनुभएको थियो, जसले नेपाली महिलाहरूको जीवनमा दूरगामी प्रभाव पार्‍यो ।

लामो समयसम्म बन्न नसकेको बोक्सीसम्बन्धि कानुन, कार्यस्थलमा हुने यौनजन्य दुरव्र्यवहारसम्बन्धि कानुन उहाँको कार्यकालको उपलब्धि हो । नेपालमा अपाङ्ग भत्ता कार्ड पाँच जिल्लामा मात्र वितरण गरिएको थियो, त्यसलाई उहाँले ७५ जिल्लामा नै लागू गराउनुभयो । यसैगरी, बेचबिखनमा परेका महिलाहरूको पुनर्स्थापनाको लागि मंगला-साहना पुनर्स्थापना केन्द्र स्थापना गरी त्यसको कार्यान्वयनसम्बन्धि कानुन निर्माणलगायतका काम गर्नुभयो । क. निलमले सबै जिम्मेवारी र दायित्वहरूलाई कुशलतापूर्वक निर्वाह गर्दै आउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'हाम्रोजस्तो पिछडिएको समाजमा महिलालाई राजनीतिमा स्थापित हुन र निरन्तरता दिन एकदमै गाह्रो छ । हामीले लडेर गणतन्त्र त ल्यायौं तर समाजको पितृसत्तात्मक मानसिकतामा अझै पनि पूर्णरूपले परिवर्तन आईसकेको छैन । महिलाहरूलाई हेर्ने दृष्टिकोणमा अझै पनि सामन्तवादका अवशेषहरू बाँकी नै रहेको छ ।'

विभेदमुक्त समाज निर्माणमा महिलाहरू अझ सशक्त र एकजुट भएर अघि बढ्नुपर्दछ । नीति निर्माण गर्ने र निर्णय गर्ने ठाउँमा महिलाहरूको अर्थपूर्ण सहभागिता हुनुपर्दछ । आर्थिक, सामाजिक, सांस्कृतिकलगायत सम्पूर्ण क्षेत्रमा समान अधिकार पाउनुपर्दछ, तब मात्र उहाँले गरेको सङ्घर्ष र त्यागको सार्थकता हुनेमा उहाँ विश्वास गर्नुहुन्छ । कमरेड सीताले नेपालको राजनीतिक आन्दोलनमा गर्नुभएको त्याग, समर्पण तथा उहाँका जुझारु र सङ्घर्षशील जीवन यात्राले भोलिका पिँढीका लागि मात्र होइन वर्तमानमा पनि प्रेरणादायी भूमिका निर्वाह गरेको छ ।

•



कठयाङ्ग्रिदो जाडो थियो । गौरालाई लीला दिदीले आफ्नो फरियाको सप्को फुकाएर ओढाइदिनु भयो, कमरेड सि.पी.ले बिस्तारै आफूलाई पनि फरिया ओढी मागे, दिदीले ओढाइदिनु भयो ।

# प्रत्येक युगले आफ्नो हिसाबकिताब गर्छ : गौरा प्रसाईं



● उषाकिरण तिम्सेना

झापा आन्दोलन चर्किँदै थियो। तत्कालीन समयमा विद्यार्थी आन्दोलन पनि बिस्तारै सङ्गठित हुँदै थियो। विद्यालय पढाउने शिक्षकहरू जमिन्दारी प्रथाविरुद्ध थिए। भित्र-भित्रै सङ्गठित थिए, पार्टी काममा पनि लागेका थिए। थोरै सङ्गठित भएका, राजनीतिक चेतना भएका विद्यार्थीहरूलाई शिक्षकहरूले पनि सघाउने गर्दथे। भूमिगत कालमा पार्टी नेताहरू भेटिनु मुस्किल थियो तर जो भेटिन्थे तिनीहरू पूर्णरूपमा प्रतिबद्ध भएर लाग्थे, नेताहरूको आचरण, नैतिकताप्रति कुनै प्रश्न नै थिएन। थियो त केवल संसार बदल्ने सङ्कल्प, सपना र त्यो पूरा गर्ने अठोट। त्यो अठोट र विश्वासले तय भएको थियो- कमरेड गौरा प्रसाईंको साहसिक, क्रान्तिकारी, दारुण र टीठलाग्दो यात्रा। गौरा प्रसाईं आमा टीकादेवी प्रसाईं र बुबा लक्ष्मी नारायण प्रसाईंकी छोरीका रूपमा जन्मिएर निम्न माध्यमिक विद्यालय तहमा पढ्दा पढ्दै  राजनीतिमा होमिनुभएको थियो।

२०१५ साल चैत्र २१ गते झापामा जन्मिनुभएकी उहाँ २०७० सालमा नेकपा (एमाले)को तर्फबाट संविधानसभा सदस्य भएर संविधान निर्माणमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो।

गौराको आफ्नो परिवारभित्र छोराछोरी भनेर विभेद थिएन तर समाजमा भएको विभेदले उहाँलाई बिझाउँथ्यो। छोरीलाई पढायो भने नाक काट्छन् भनिन्थ्यो। सामाजिक रूपमा छोरीहरूको कुनै महत्त्व छैन जस्तो गरिन्थ्यो। जुन कुराले गौरालाई विद्रोही बनाउन मद्दत गरेको थियो। गीता पढ्यो भने महिला बहुलाउँछन् भन्ने समयमा गौराका बुबाले गीता पढाउनुहुन्थ्यो, रामायण, महाभारत, इन्द्रजाललगायतका ग्रन्थहरू पढाउनु भएको थियो। 'मेरी छोरीलाई मेट्रिक पास गराँउछु। धेरै पढेर देवीहरू जस्तो बन्नुपर्छ' भन्नुहुन्थ्यो बुबाले। परिवारको यस्तोखाले पृष्ठभूमिले उहाँलाई अगाडि बढ्न सहयोग गर्‍यो।

## गौराको भूमिगत जीवन

गौरा प्रसाईं भूमिगत हुँदा देशको परिस्थिति अत्यन्त जटिल थियो । खुनी पञ्चायती व्यवस्थाको रजगज थियो। कसैका छोरी चेलीका अस्मिता, सामाजिक सुरक्षा वा सार्वभौमिकताको कुनै सबाल थिएन। जनताको अधिकारको सबाल नै थिएन, न्यूनतम मानव अधिकारको रक्षाभन्ने कुरा धेरै टाढाको विषय थियो। त्यसैबेला चिनियाँ सांस्कृतिक क्रान्तिको प्रभाव भारतीय कम्युनिष्ट पार्टीमा परेको फलस्वरूप भारतमा सशस्त्र आन्दोलन सुरु भएको थियो। जुन नक्सलवाडी आन्दोलनको नामबाट परिचित थियो, त्यस आन्दोलनको झिल्काले झापालाई पनि भेटेको थियो। फलस्वरूप गौरा कमरेडले त्यस महासमरमा होमिएर आन्दोलनलाई आफ्नो जीवन बनाउनुभएको थियो। उमेर कच्चा थियो, समझ पनि कच्चा नै थियो होला। परिवर्तनप्रतिको चाहनाबाहेक अन्य कुराको चासो वा चाहना थिएन। साथै, महिला/छोरीहरूले स्वतन्त्रतापूर्वक हिँड्डुल गर्न पाउने, पढ्न पाउने, बोल्न पाउने ग्यारेन्टी आन्दोलनले गर्छ भन्ने कुरा उहाँलाई मन परेको थियो।

भूमिगत भएपछिको राजनीति सजिलो थिएन। गौराको राजनीतिक गुरु नेत्र घिमिरे हुनुहुन्थ्यो। दिनभरी विद्यालयमा पढाउँथे, साँझबिहान राजनीतिक किताब पढ्ने काम हुन्थ्यो। यसले कम्युनिष्ट आन्दोलन, मार्क्सवाद, लेनिनवाद बुझ्न सघायो। सामाजिक परिस्थिति कमजोर थियो। आम रूपमा मान्छेहरूको चेतना पनि कमजोर थियो। मान्छेहरू सचेत नभएकाले आन्दोलनमा मान्छेहरूको सहभागिता कम थियो। शिक्षा र चेतना अन्तरसम्बन्धित विषय रहेछ र त शिक्षकहरू आन्दोलनमा संलग्न थिए। दिनभर विद्यालयमा पढाउने शिक्षकहरू रातभर किसानहरूलाई सङ्गठित गर्न गाउँगाउँ जान्थे। तिनै शिक्षकहरूबाट सिक्दै गाउँले, किसान, महिला दिदीबहिनीहरूलाई क्रान्ति, कम्युनिस्ट पार्टी, जमिन्दारविरुद्ध सचेतना फैलाउने काम गर्दै हिँड्दाको आनन्द शब्दमा वर्णन गर्न कहाँ सकिन्छ र ?

काम पनि क्रान्तिका लागि, आराम पनि क्रान्तिका लागि गरिरहेको एउटा किशोरी उमेर सम्भन्दा लाग्छ, स्वार्थ र मोह भरिएको भए त्यस्तो आन्दोलनमा भाग लिन सकिने थिएन । सुस्ताउँदै, आफ्ना विगत सम्भँदा गौरा कमरेड क्रान्तिकारी कथाकारले कथा भनिरहेजस्तो लाग्छ ।

वामपन्थी भनेपछि प्रशासन र प्रहरीको ज्यादती बढी नै थियो । देशद्रोहीजस्तो व्यवहार गर्थे । अराष्ट्रिय तत्त्व (अत) भनिन्थ्यो । जमिनदारहरूकै कारण आन्दोलन अपरिहार्य भएको थियो । किसान, गाउँले सबैलाई परिवर्तनको, क्रान्तिको कुरा गर्दै गाउँगाउँ हिँड्दा एकदिन 'हामी जित्ने छौँ' जस्तो लाग्थ्यो । अहिले फर्किएर हेर्दा उहाँलाई'जित्न पर्ने र हराउन पर्ने संरचनाहरू त सधैँ हुने रहेछन्, जस विरुद्ध निरन्तर आन्दोलन भइरहनु पर्ने रहेछ' भन्ने लाग्छ ।

अहिले भनेजस्तो र सुनेजस्तो सजिलो थिएन-भूमिगत आन्दोलन । किसानका घरमा दिनभरी लुकेर बस्नुपर्थ्यो, कतै भकारीमा लुकेर बस्दा घुन पुत्लाले टोकेर दुःख दिन्थे । जमाना अहिलेजस्तो उदार पनि थिएन । कतिपय कमरेडहरूकै घरमा सेल्टर लिएर बस्दा उनका घरका महिलाहरूले शङ्का गर्थे तर आन्दोलनमा हिँडेका पुरुष कमरेडहरूले खुलस्त कुरा नबताँउदा अपमानजनक गालीहरू सुन्न परेको थियो उहाँले । यस्ता कुराहरूले उहाँलाई कहिले काहीँ दिक्क नलगाएको होइन तर भूमिगत हुनु बाघमा सवार हुनु जस्तो न थियो । रातभरि प्रशिक्षण, भेला हुन्थ्यो, बेलाबेलामा बैठक र छलफलहरू हुन्थ्यो । दिउँसो भने लुकेर बसेको समयमा जनताको मन कसरी जित्ने भन्ने हुन्थ्यो । घरभित्रका कामहरू सघाउँने गरिन्थ्यो । 'हामी अन्याय र अत्याचारको अन्त्य गर्न चाहन्छौँ' भन्दा मात्र पनि जनताको साथ सहयोग हुन्थ्यो । आफूलाई खान पकाएर राखेको खाना आन्दोलनकारीलाई खान दिएर भोकै हिँडेका किसान दिदीबहिनीहरूको अझ पनि उहाँसँग ताजा सम्भना छ ।

गौरा पढाइमा तगडा भएका कारण शिक्षकहरूले माया गर्थे । शिक्षकहरूले आन्दोलन, राजनीतिको कुरा गराइबाट प्रेरित भएर अगाडि बढेको उहाँको राजनीतिक जीवन भूमिगत आन्दोलनसम्म पुगेको थियो । धेरै पटक प्रहरीको धरपकडबाट बच्नुभयो, भाग्नुभयो । कतिपय ठाँउमा जनताहरूले अनेक बहाना गरेर, आफू कुटाई खाएर बचाएका थिए । कतै सिन्दुर र पोतेसमेत लगाएर हिँड्नु भयो जतिबेला सिन्दुर र पोते अविवाहित केटीले लगाउन मिल्दैन भनिन्थ्यो । ती दिन सम्झिँदा गौरालाई आज पनि ती तमाम जनताको औधी माया लागेर आँउछ ।

हिँउदको कुनै चिसो दिन थियो । भूमिगत आन्दोलनमा लाग्नु भएकी लीला कट्टेल दिदी हुनुहुन्थ्यो । उहाँ जमिनदार परिवारबाट विद्रोह गरेर आन्दोलनमा लाग्नुभएको थियो । खान बस्नको ठेगान थिएन, लगाउने गतिला कपडाहरू थिएनन्, भए पनि बोकेर हिँड्न असजिलो थियो । उहाँलाई फरिया/सारी लगाउँदा महिनावारीको समयमा गाह्रो हुन्थ्यो । एकदिन कमरेड सि.पी. मैनाली, लीला र गौरासँगै सुत्नु भएको थियो । कठयाङ्ग्रिँदो जाडो थियो । गौरालाई लीला दिदीले आफ्नो फरियाको सप्को फुकाएर ओढाइदिनु भयो, कमरेड सि.पी.ले बिस्तारै आफूलाई पनि फरिया ओढी मागे, दिदीले ओढाईदिनु भयो । भोलिपल्ट बिहान उज्यालो नहुँदै लिला दिदीले फरिया तान्नु भयो । महिनावारीका रगतका टाटाहरू फरियामा लागेको थियो, त्यो टाटो सि.पी. कमरेडले नदेखून् भनेर फरिया तान्नुभएको रहेछ । गौराका अनुसार लिला दिदी प्रतिबद्ध नेता हुनुहुन्थ्यो, आफूभन्दा कमजोर पृष्ठभूमिको केटासँग उहाँको बिहे भएको थियो । आन्दोलनमा लागेर दुःख पाउनु भएको थियो । पछि गुजाराका लागितरकारी बेच्नु हुन्थ्यो, 'मलाइ सहयोग गर्नू' भन्नुभएको थियो, केही समयपछि सडक दुर्घटनामा परेर बित्नु भयो ।

## हिंसा पीडित गौरा

२०३० सालतिर आन्दोलन चर्केको थियो तर आन्दोलनको गति कमजोर थियो । झापा आन्दोलन दबाएर सरकार झन उग्र भएको थियो । २०२९ साल फाल्गुन २१ गते नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुईंकेल, रामनाथ

दाहाल र नारायण श्रेष्ठलाई जेल सार्ने बहानामा हत्या गरिएको थियो। सबै सेल्टरहरू तहसनहस भएका थिए। त्यसैबेला कमरेड गौरालाई सन्चो थिएन। खुल्ला भएर उपचार गर्न सम्भव पनि थिएन। कमरेड सि.पी. पार्टी ईन्चार्ज हुनुहुन्थ्यो, बैठकमा उहाँले भन्नुभयो-'परिवारमा फर्किनूस् र उपचार गर्नूस्।' तर कमरेड गौराको पार्टी निर्णय मान्न सक्ने स्थिति थिएन। पार्टी निर्णय उहाँको पक्षमा भएन। बरु, सि.पी. कमरेड पनि साथै आउनुभयो तर घर बस्न सकिने अवस्था थिएन। बा र छोरी मिलेर त्यसै दिन घर छोडे। त्यसपछिको समय प्रहरी र प्रशासनसँग लुक्दै उपचार गर्नुपर्ने थियो। उपचार गराउन गएको डाक्टर, पार्टी काममा भेटिएका कमरेडहरूले समेत उहाँमाथि यौन हिंसाको प्रयत्न गरे। त्यो रणसङ्ग्राममा लागेको मान्छे स्वयं असुरक्षित महसुस गर्दै दिनहरू गुजार्नुपऱ्यो। भूमिगत आन्दोलनमा लाग्दा छलिएर भारतको कोठीमा पुग्नुभयो र त्यहाँबाट अनेक जुक्ति लगाएर फुत्किनुभयो। अनेक बाधा र व्यवधानहरूलाई चिर्दै पुनः पार्टी काममा जोडिनुभयो।

## कस्टडीमा प्रहरी यातना

नेपाल छिरेको केही समयपछि गौरा पक्राउ पर्नुभयो। कस्टडीको यात्रा नरक यात्रा जस्तो थियो। प्रक्राउ पर्दा कमरेड सिपी लगायत अन्य नेता कमरेडहरू पनि पक्राउ परेका रहेछन्। कमरेड सिपीले गौरा प्रसाईंलाई भरोसा दिन नआत्तिन आग्रह गर्नुभयो। प्रहरीले बुझेर मनपरी बोले। त्यतिबेला कमरेड सिपीको आँखामा बदलाको भाव देखिएको थियो। पुरुष बन्दीहरूलाई कता लग्यो थाहा भएन, उहाँलाई डिएसपी कार्यालयमा राखियो। कस्टडीमा रहँदा प्रहरीका भाषा, बिहान बेलुकाको खाना, प्रहरीका सोधपुछपछिको आश्वासनहरूले उहाँलाई झन्झट लाग्थ्यो। उहाँको सङ्कल्प, आस्था र विश्वास त्यति कमजोर थिएन। प्रहरीले मिठो भाषामा फकाएको देखेर, मिठो बोलेको देखेर अचम्म लाग्थ्यो। अझ आश्वासनहरू झन् अनौठा थिए-बाआमालाई घर जग्गा, उहाँलाई पढ्न चाहेजति पढाउने आदि। यस्ता आश्वासनले उहाँलाई गलाउन सक्ने कुरा भएन।

सबै कुराहरूले प्रभाव नपरेको देखेर केरकार गरिरहेका प्रहरीहरू एकाएक कुटपिटमा उत्रिए । कुटपिट कति भयो, त्यसको सीमा नै रहेन । नाकबाट रगत आउने गरी पिटे । बेहोस हुनेगरी पिटाई धेरैचोटि खानुभयो । यातनाका तरिकाहरू बदलिए । कुटपिटबाट अब औँलाका नङमा आल्पिनले घोच्ने गर्न थाले । 'प्राण नै जाला जस्तो हुने रहेछ,' उहाँ त्यो पीडा अझै सम्झनुहुन्छ । उनीहरूको चाहना भनेको आन्दोलनको सूचना हात पार्नु थियो तर गौरा कमरेडको अठोट डग्मगाएन ।

प्रहरीको अनेक किसिमका यातना, त्यहाँभित्र अन्य कैदीमाथि हुने व्यवहारले बन्दीगृह नर्क हो जस्तो लाग्थ्यो । बाहिर चिहाएर हेर्दा एक टुक्रा आकाश देखिन्थ्यो । गौराकै भाषामा उहाँलाई त्यो आकाश 'साथी' जस्तो लाग्थ्यो । अनेकौँ रोगहरूसँग लडिरहेको शरीर, प्रहरीको कुटाइ, यातना खपिसक्नु थिएन । एकदिन प्रहरीहरू आए र भने,'ए उठ ! अदालत हिँड ।' विश्वास लागेन तर त्यस दिन साँच्चै अदालत लगे । अदालतमा न्यायाधीश अग्लो कुर्सीमा बस्ने रहेछन् । प्रश्नहरू सोधियो- 'कुनकुन हत्याकाण्डसँग संलग्न हुनुहुन्छ?' उहाँले'कुनैमा छैन' भनेपछि पुलिसले लिएको बयानमा गौरा उमाकान्त राजवंशी काण्डमा संलग्न भनेर सही गराएको उहाँले जानकारी पाउनुभयो । 'कुटपिटबाट बेहोस हुँदा बनाएका होलान्' भन्ने जबाफ उहाँले दिनुभयो । उहाँका शरीरका नीलडाम र घाउले पनि त्यही बोल्थे । न्यायधीशले एकछिन नियालेर हेरे र फैसला सुनाए, "ल यसलाई राजकाज अपराधको मुद्दामा जेल चलान गर्नू" ।

## राजकाज अपराधको मुद्दामा जेल चलान

जेलजीवन सजिलो थिएन। त्यहाँभित्रका ज्यादतीहरू खपिनसक्नु थिए। प्रहरीहरूले ढोकामा पिसाब फरिदिन्थे। महिला बनिदहरू सुतेका बखत मध्यरातमा प्रहरीहरू आएर ढोका खोल्न आग्रह गर्थे। मध्य रातमा ढोका खोल्ने कुरा हुन्थेन। प्रहरीहरू त्यसको पनि पछि बदला लिन्थे। एकजना

ज्यान केसकी महिलालाई जेल भित्रै बलत्कार गरेर मारेको हल्ला उहाँले सुन्नुभएको थियो ।

एकदिन आमा बा जेलभित्र भेट्न आउनुभयो। बुबाले मायालाग्दो गरी हेर्नु भयो तर आमाको आँखामा ममता थिएन। आमालाई उहाँ जेल परेको मन परेको थिएन। सायद, बुझाइ कमजोर थियो आमाको। जेलभित्र पनि यातना दिइयो। उहाँलाई गाउँन मन पर्थ्यो, गाउँनुहुन्थ्यो। जेलभित्रै स-साना छलफलहरू हुन्थे। त्यसैलाई जेल प्रशासनले राजनीति भन्थ्यो। त्यसै, क्रममा जेलमा भेट्न भाइ आएको थियो। 'बाहिर कम्युनिस्ट जति सबैलाई जेलभित्रै मार्छन्' भन्ने हल्ला थियो, भाइलाई सम्झाउनुभयो तर उ मानेन। साँच्चै नामै किटेर 'गौरा प्रसाईंलाई मार्छन्' भन्ने हल्ला व्यापक रहेछ। त्यही क्रममा २०३३ साल असार १२ गते बिहान एक जना प्रहरी आयो र 'बाहिर निस्की' भन्यो। उसका कुरा सुन्ने बित्तिकै थुनुवा महिलाहरू रुन थाले। पुरुषहरूपट्टि पनि त्यस्तै वातावरण बन्यो।

'मान्छे मारेर क्रान्ति रोकिँदैन, तपाईंहरूसँग समयले साथ दियो भने भेटौँला', यती भनेर गौरा बाहिर निस्कनुभयो। प्रहरीले कमरेड सिपीलाई पनि समातेर ल्याएका रहेछन्। सिपी कमरेड र गौरालाई 'कता लग्छन्' भन्ने आशङ्का थियो। काठमाडौँ लग्ने रहेछन् भन्ने कुरा एयरपोर्टतिर लगेपछि थाहा पाइयो। जहाजमा हतकडी नखोली भित्र पस्न गाह्रो भएको थियो। सिपी कमरेडले प्रतिकार गरेपछि हतकडी खोलियो। काठमाडौँ ओर्लिने बित्तिकै प्रहरीको गाडीभित्र हालियो। सिधै अञ्चलाधीश कार्यालय पुऱ्याइयो। त्यहाँ पनि झापा प्रहरी कार्यालयमा जस्तै सोधपुछ र सबाल-जबाफ भयो। नपढीकन पानाभरि लेखेको कागजमा सही गर्न भने। उहाँले नपढीकन सही गर्दिन भन्नुभयो। उहाँले भन्नुभयो, 'झापाली हुँ, राजबन्दीले जता पायो त्यहीँ सही गर्छन् ?' उहाँलाई उक्त कागजमा सही नगराई महिला सदर जेल पुऱ्याए। जता लगे पनि स्त्रीजन्य छेडछाड, गालीगलौज भइहाल्थ्यो, त्यहाँ पनि भयो।

उहाँलाई 'जेलभित्र राजनीति नगर्नू, अरूसँग नबोल्नू' भनिएको थियो तर उहाँको हिमचिम बढ्न थाल्यो। यो देखेर नाइकेले आँखा तर्न थालिन्। चौकिदार मुर्मुरिन थालिन् र उहाँलाई अर्को चिसो कोठामा राखिदिए। कोठाभित्र शौचालय थिएन, सरसफाइ थिएन। उडुस, उपियाँ, किरा, हिँड्थे। लामखुट्टे, झिँगाको कुरा गरिसाध्य थिएन। जेलका सबै कैदीहरूले देख्नेगरी कुटाइ हुन्थ्यो, करेन्ट, सिस्नुपानी सबैको प्रयोग हुन्थ्यो। उहाँ कुटाइले बेहोस हुनुहुन्थ्यो। उहाँले जेलभित्र अस्मिता जोगाउन पटक-पटक लड्नुपरेको थियो।

## जेलभित्र शिक्षाको लागि आन्दोलन

बिस्तारै जेलभित्र आन्दोलन सुरु हुन थालेको थियो। उहाँहरूको केही मागहरू पूरा भए। ती मध्ये बन्दीहरूले पढ्न पाउने माग गरिएको थियो। पुरुष बन्दीहरूले पढेर जाँच दिने गरेका थिए तर महिलाहरूको हकमा त्यस्तो व्यवस्था थिएन। एकजना मन्जु भन्ने ज्यान मुद्दा लागेको उहाँको साथी हुनुहुन्थ्यो। उहाँहरूले आन्दोलन गरेर टेस्ट र एस.एल.सी. दिने व्यवस्था जेल प्रशासनले मिलायो। उहाँहरूले पढ्न पाउनुभयो। बाहिर विद्यार्थी आन्दोलन चर्केको थियो।

## जेलबाट रिहाइ

२०३७ साल वैशाख २ गते राति खाना खाइसकेर ढल्किनुभएको थियो, प्रहरीले बाहिर बोलाए। त्यो बोलावट आदेशसरह थियो। उहाँ बाहिर निस्कनुभयो। एकजना प्रहरीले 'बधाई तपाईं छुटने हुनुभयो' भन्यो। उहाँलाई एउटा कागजमा सही गर्न लगाइयो। उहाँले पढेर सही गरेपछि प्रहरीले कीर्तिपुर आफन्तकोमा पुऱ्याइदियो। काठमाडौँमा उहाँको जाने ठाँउ त्यही थियो। जेलबाट छुटेपछि स्वास्थ्य राम्रो थिएन। काठमाडौँमा डा. भरत प्रधानले उपचारको व्यवस्था मिलाउनुभयो। उपचार निको भएपछि उहाँ झापा फर्किनुभयो। उहाँ भन्नुहुन्छ, 'मलाई खुल्ला संसार नौलो र प्रिय लाग्यो।'

### प्रवास जाँदा

पार्टीको निर्णयनुसार उहाँ प्रवास जाने हुनुभयो, काम गर्न । उहाँलाई जान मन त थिएन तर पार्टीको निर्णय मान्छु भनेर प्रवास लाग्नुभयो । त्यता पनि मान्छेबाट जोगिन लड्नुपऱ्यो । यी सबै सम्झिएर उहाँ नटुटेकी होइन तर पार्टीले दिएको दायित्व सम्झिएर गीत गाउनुहुन्थ्यो, 'अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ ।'

### गौराको विवाह

दुई वर्ष प्रवासमा काम गरेपछि उहाँको सरुवा फेरि बाँके जिल्लामा भयो । यस बिचमा सिनियर कमरेडहरूले विवाहको बारेमा कुरा गर्नुभएको थियो । उहाँले ढीलो गरी जवाफ दिनुभएको थियो । कमरेड सबिन (गोविन्द कोईराला)सँग पनि उहाँले आफ्नो विगत खुल्ला रूपमा बताउनु भएको थियो- गुण्डाहरूबाट अपहरित भएर आफू बेचिएको कुरा, पाएको दुःखको कुरा । यसलाई कमरेड सबिनले परिस्थितिको उपजको रूपमा लिनुभयो । उहाँलाई पनि यी सबै परिस्थितिको उपज भएको मान्न आग्रह गर्दै सबै कुरा स्विकार्नुभयो र बिहे गर्ने निधो भयो । २०३९ साल साउन ३० गते भूमिगत रूपमा उहाँहरूको बिहे भयो । बिहेपछि अनेकौं अप्ठ्यारो परिस्थितिको सामना गर्नुपऱ्यो । पछि छोराछोरी भइसकेपछि पनि दुबै जना राजनीतिक कार्यकर्ता भएका हिसाबले धेरै अभाव र कष्टहरू बेहोर्नुभयो । जीवन गुजाराका लागि स-साना उद्योग व्यवसाय गर्नुभयो ।

### फेरि पनि आन्दोलनमा

२०४६ को आन्दोलनमा उहाँकी कान्छी छोरी चार महिनाकी थिइन्, उहाँ छोरीलाई पिठ्युँमा बोकेर आन्दोलनमा होमिनुभयो । मार्क्सवादी लेनिनवादी (माले)कालीन आन्दोलन नेपालको परिवर्तनको आन्दोलनमा यस्तो एउटा पानी ढलो हो जुन आन्दोलनले परिवर्तनको आन्दोलनमा निर्णायक तथा महत्त्वपूर्ण भूमिका खेल्यो । त्यही आन्दोलनको एउटा योद्धाको नाम हो,

गौरा प्रसाईं । आन्दोलनमा हामीले पढेको कुनै औपन्यासिक पात्रको जस्तो भूमिका निर्वाह गर्नुभएको एक जोधाहा क्रान्तिकारी योद्धा हुनुहुन्छ गौरा ।

आज झापा आन्दोलनपछिका झन्डै पाँच दशक बितेका छन । उक्त आन्दोलनमा कतिले बलिदानी गरे, कति पलायन भए, पलायन भएकाहरूको पनि योगदान थियो आन्दोलनमा । जीवनभरी अनेकौं चुनौती झेलेर हिँडेको मान्छेको जीवनको मुल्याङ्कन के हो ? हिजोदेखि आजसम्म लडेका कमरडेहरू के गर्दै छन् ? झापा आन्दोलनमा लागेका योद्धाहरू के कस्तो अवस्थामा छन् ? न आन्दोलनको चासोको विषय भएको छ, न राज्यको चासोको विषय नै । आन्दोलनमा लागेकाहरूको परिस्थिति त खराब छ भने सामान्य जनहरूको अवस्था कस्तो होला ? जनचासोका विषयहरू कसरी सम्बोधन होलान् ? जीवनभर आन्दोलनमा होमिनुभएकी गौराको नजरबाट आजको व्यवस्था कस्तो देखिन्छ भनेर कुरा गर्ने हो भने 'यतिसम्म भयो, अब मुलुकले यो बाटो समात्दै छ भनेर खुसी हुने परिस्थिति'उहाँ देख्नुहुन्न । त्यो विरासत, आन्दोलन र नेताहरूमाथि आज जस्ता खाले प्रश्नहरू उठेका छन्, यी प्रश्नहरू खासमा उहाँहरूले हिजोका शासकहरूमाथि उठाएका जस्तै प्रश्नहरू छन् ।

दुःख, बलिदान, हैरानी र ठुलो सामाजिक मूल्यमा प्राप्त गरिएको प्रजातन्त्र, गणतन्त्र हुने खानेकै पोल्टामा परेको देखेर कमरेड गौरा प्रसाईंलाई दुःख लाग्छ । अब उहाँलाई प्रश्न गर्न मन छैन । हिजोका दिनमा तमाम प्रश्नहरू गरेर, घर छोडेर राज्यलाई लल्कार्दै हिँडेको एउटा योद्धाको योग्यता के हुन्छ ? आफ्नै सहयोद्धा र सहकर्मीहरू राज्यको बागडोर सम्हालिरहेका बेला आलोचना कुन विचारलाई टेकेर गर्ने ? के भनेर गर्ने ? यस्ता कुराले उहाँलाई पिरोलिरहन्छ । तर 'प्रत्येक युगले आफ्नो हिसाबकिताब गर्छ' भन्ने विश्वास छ कमरेड गौरालाई ।

•



उहाँले ५१ रुपैयाँबाट संस्था सुरु गर्नुभयो । निरन्तर सङ्घर्षबाट उहाँले मिथिला चित्रकलाबाट वर्षमा दश लाखसम्म आम्दानी गर्नुहुन्थ्यो । उहाँले मिथिला कलाकारितासम्बन्धि तालिम लिइसकेका ४५ जना महिलासँगै आफैँले चित्रकलाका सामग्री संस्थागत रूपले उत्पादन गर्न थाल्नुभयो ।

# सीप र कलाले धनी मानिस कहिल्यै गरिब हुँदैन



● *दीपा नेपाली*

साँझ बिहान छाक टार्न देखेको सपनाले आफू राष्ट्रको सम्मानित स्थानमा पुगेको मिथिला यादवलाई पत्तै भएन । जीविकोपार्जन गर्न सिकेको मिथिला लोककलाबाट यादवले मिथिला संस्कृतिलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वको विषय बनाउनुभएको छ। लक्ष्यविहीन कलाको यात्रा गर्दागर्दै उहाँले सुनौलो गन्तव्य चुम्नुभएकोछ। मधेसी महिलाको लोककलालाई परिवर्तनको उत्सर्गमा पुऱ्याउनुभएको छ ।

मिथिलाले पितृसत्तात्मक व्यवस्थाले जकडिएको मैथली कट्टर समाजको घुम्टो फालेर आफूभित्रको क्षमता पहिल्याउन अघि बढ्ने चेष्टा गर्नुभयो । मधेसी समाजको कुसंस्कारको जन्जिर तोडेर बाहिर निस्किनुभयो। महिलालाई घर भित्रबाट बाहिर निस्कँदा नराम्रो सोच्ने मधेसी समाजलाई परिवर्तन गर्ने सङ्कल्प गर्नुभयो । कुसंस्कारको तुवाँलोमा अल्भिनु भएन । यादवले आफूभित्रको सम्भावना उजागर गर्न घरपरिवार र समाजमा निकै सङ्घर्ष गर्नुपऱ्यो । पुरुष प्रधान नेपाली समाजमा कुसंस्कारको सामना गर्दै अगाडि बढ्ने विषय सामान्य थिएन । यादवको प्रगतिशील क्षमतालाई कुनै अवरोधहरूले रोक्न सकेन ।

भौगोलिक, भाषिक र राष्ट्रिय पहिचानका रूपमा राज्यको पिँधमा रहेको मधेसको सांस्कृतिक पहिचानलाई लोककलाबाट राष्ट्रको उचाइमा पुऱ्याउनुभएको छ। मिथिला संस्कृतिको प्रतिविम्बका रूपमा परिचित यादव आम नेपाली महिलाहरूका लागि प्रेरणास्रोत हुनुहुन्छ र राष्ट्रको गहनाका रूपका चिनिनुभएको छ ।

झा र कर्ण जातिले मात्र गर्ने मिथिला आर्टलाई चार दशकअघि यादवले सबैको पहुँचमा पुऱ्याउने आँट गर्नुभयो । परिणामस्वरूप आज मिथिला लोककला बारे धेरैले बुझ्न र जान्न पाएका छन् ।

मिथिला यादव आमा सीतादेवी यादव र बुबा तपेश्वर यादवको दोस्रो सन्तानका रूपमा २०१८ साल साउन १८ गते धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका १० देवी चोकमा जन्मिनुभएको हो। यादव हाल डल्लु -१५, स्वर्णिम बस्ती काठमाडौंमा बस्दै आउनुभएको छ। उहाँको जन्म मध्यम वर्गीय किसान परिवारमा भएको थियो। उहाँको परिवारको आर्थिक स्रोत भनेकै कृषि पेसा थियो। परिवारमा एकजना दिदी र एक जना भाई, आमाबुबा र मिथिलालगायत पाँच हुनुहुन्थ्यो।

## बाल्यकाल र पारिवारिक अवस्था

मिथिला बाल्य अवस्थामा निकै चञ्चल र निर्भीक स्वभावको हुनुहुन्थ्यो। उहाँ साथीहरूमाझ सुरो र जिद्दीखालको हुनुहुन्थ्यो। साथी समूहमा आफूलाई केटा साथीसरह क्षमतावान्, सक्षम र साहसी रूपमा प्रस्तुत गर्न रुचाउनुहुन्थ्यो। परिवारमा पढ्ने वातावरण नभए पनि मिथिला पढाइमा रुचि राख्नुहुन्थ्यो। मिथिलाका बुबा भारतको पटनामा मजदुरीको काम गर्नुहुन्थ्यो। बुबा हुँदासम्म मिथिलाको परिवारले कुनै दुःखको महसुस गर्नुपरेन। जब बुबालाई जन्डिस रोगले समात्यो। त्यसपछि बुबाको शारीरिक अवस्था नाजुक हुँदै गयो। मिथिला पाँच वर्षको हुँदा बुबाको मृत्यु भयो। उहाँको सुखी परिवारमा शोक छायो।

जेनतेन कमाएर परिवार पाल्दै आउनुभएको बुबाको निधनले मिथिलाको पारिवारिक अवस्था जीर्ण भयो। बुबाको काखमा रमाउने उहाँको उमेर दुःखमा गुज्रियो। श्रीमान् गुमाएकी उहाँकी आमालाई समाजले हेर्ने दृष्टिकोण निकै सङ्कीर्ण थियो। एकल महिलालाई पारिवारिक सहयोग भन्ने कतैबाट थिएन। आमालाई बालबच्चा पाल्न परिवारबाटै सङ्कट सिर्जना भयो। आमालाई श्रीमान् गुमाएको पीडा त छँदै थियो, परिवारले आफ्नै घरसम्पत्तिमा बसेर बालबच्चा पाल्ने अधिकारबाट समेत वञ्चित गऱ्यो। मिथिलाका बुबाको नाममा रहेको घरजग्गा सगोत्री काकाले

आमालाई औँठाछाप गर्न लगाएर आफ्नो नाममा बनाए। त्यसपछि मिथिलाको परिवार सडकमा आयो, गरिबीको चपेटामा पर्‍यो।

बस्ने घरबास काकाले हडपेपछि मिथिलाका परिवारलाई बस्ने घरसमेत आफ्नो भएन। आर्थिक स्रोतकै रूपमा रहेको जग्गा गुमेपछि परिवारको आर्थिक अवस्था निकै नाजुक हुनपुग्यो। दिनहरू एकपछि अर्को हुँदै आर्थिक सङ्कटको चङ्गलमा फस्यो। बुबाको निधनले अविभावकको अभाव मात्र सिर्जना भएन, आफन्तकै हस्तक्षेप रदबाब पनि सुरु भयो। परिवारमा अरू कमाउने कोही थिएन। सहयोग गर्ने मावली घरपट्टिका दुईजना मामाको पनिमृत्यु भएको थियो। त्यतिमात्र होइन उता ठुलीआमाका श्रीमान्को पनि निधन भएको थियो। जताततै शोकको वातावरण थियो। उहाँको परिवारलाई चारैतिरबाट दुःखका पहाडले घेराबन्दी गर्‍यो। मिथिला भन्नुहुन्छ, "बुबाको निधनले हामीलाई आकाश धर्तीले एक्कैचोटि चेपे झैं भयो। आफ्नो घरभित्र र आफन्तहरूमा एउटै खालको दुःख पर्दा दुःख साट्ने ठाउँ नै थिएन।" मिथिलाको परिवारमा एक छाक टार्न पनि हम्मेहम्मे पर्‍यो। पेट पाल्ने उपायका लागि आमा सीता देवी यादवले मिथिला र उनको भाइलाई आफ्नै दिदीको घरमा राखेर तुलसी गिरीको घरमा बच्चा हेर्ने काम गर्न थाल्नुभयो। मिथिलालाई आमाको काखमा बसेर रमाउने, खाने बेला आफन्तको घरमा बस्नु पर्ने बाध्यता आइलाग्यो।

## शैक्षिक यात्रा र वैवाहिक जीवन

मिथिलाको शैक्षिक यात्रा पाँच वर्षको उमेरबाट सुरु भएको थियो। भनिन्छ, जीवनमा अवसरको एउटा ढोका बन्द भएपनि अर्को ढोका खुल्छ। पढ्ने अभिलाषा बोकेकी मिथिलाका लागि पढने अवसरको ढोका पनि खुल्यो। छिमेकी उमाशङ्कर अग्रवालले मिथिलालाई आफ्नै छोरी बनाएर पढाउनु भयो र मिथिलाको पढाइको यात्रा अघि बढ्यो। पढाइमा रुचि राख्ने मिथिलाले कक्षा सातसम्मको औपचारिक अध्ययनश्री सीताराम राष्ट्रिय

प्राथमिक विद्यालय जनकपुरबाट पूरा गर्नुभयो। १३ वर्षको उमेरमा सात कक्षा पास गर्नुभयो ।

मिथिलाको उमेर १३ वर्ष पुगेपछि आमा सीताको मनमा जौं-तील पाक्न थाल्यो । छोरीलाई कसरी पढाउने भन्ने भन्दापनि कसरी छिटो बिहे गरिदिने भन्ने चिन्ता लाग्न थाल्यो । मिथिलाको बिहेको कुरा चल्यो, महोत्तरी जिल्लाका शिवराज यादवसँग २०३१ सालमा बिहे भयो । बिहे हुँदा मिथिला १३ वर्षको मात्र हुनुहुन्थ्यो भने उहाँको श्रीमान् भने उमेर पुगेको, अशिक्षित हुनुहुन्थ्यो । दुवैपट्टि परिवारको आर्थिक अवस्था दयनीय थियो । मिथिलालाई आगोबाट निस्केर भुङ्ग्रोमा परेजस्तै भयो । बिहे अघि श्रीमान् जनकपुरकै एउटा घरमा खाना बनाउने र भाँडा माझ्ने काम गर्नुहुन्थ्यो । शिवराजको परिवार पनि मजदुरी गरेर जीविकोपार्जन गर्दै आउनुभएको थियो । मानसिक र शारीरिक रूपले अपरिपक्व मिथिलाका लागि वैवाहिक यात्रा कठीन नै थियो । साथीहरूसँग रमाउने र विद्यालय जाने उमेरमा पारिवारिक समस्याका चाङसँग कुईनो जोर्न पुग्नुभयो । त्यसकारण उहाँलाई बिहेपछि घरजम गरिखान निकै सकस नै भयो ।

परिवारका अन्य सदस्यले राम्रो व्यवहार गरे पनि मिथिलाले सासुबाट शारीरिक र मानसिक यातना दैनिक जसो खेप्नुपर्थ्यो । सासुले सधैँ आधा पेट खाना दिने कुरा उहाँ भन्नहुन्छ । बिहे भएको एक वर्षमै मिथिलाको पहिलो सन्तान सरोजकुमार यादवको जन्म भयो । अर्को वर्षमा दोस्रो सन्तान सन्तोषकुमार यादवको जन्म भयो । लगातार दुईओटा सन्तानको जन्मले मिथिला शारीरिक रूपले कमजोर हुनुभयो । शैक्षिक यात्रा त बिहेपछि नै छुटेको थियो । उहाँलाई खेतीपातीको काम आउँदैनथ्यो । दुईओटा सन्तान जन्मिएपछि उहाँलाई पारिवारिक जिम्मेवारीले झक्झक्याउन थाल्यो । साँझ बिहानको छाक कसरी टार्ने भन्ने उहाँमा दैनिक चिन्ता बढ्यो । एक छाक टार्न सपना देख्न सुरु गर्नुभयो । खानलाउन हम्मे हम्मे पर्ने घरपरिवारको अवस्थाले मिथिलालाई केही गर्नुपर्छ भनेर भित्र भित्रै चिमोट्न थाल्यो ।

महोत्तरीमा जीविकोपार्जनको कुनै उपाए नदेखेपछि मिथिलाले जनकपुर जाने निधो गर्नुभयो। २०३६ सालमा महोत्तरीबाट जनकपुर माइतीको घरमा बस्ने गरी जानुभयो। जनकपुर बसेको केही दिनमै तुलसी गिरीका भाईले आमा सीता र मिथिलालाई जनकपुर चुरोट कारखानामा काममा लगाइदिनु भयो। चुरोट कारखानाले हप्तामा पाँच सय रुपैयाँ दिन्थ्यो। त्यसैबाट मिथिला आफ्नो परिवारको दैनिकी चलाउनुहुन्थ्यो। चुरोट कारखानामा काम गर्दागर्दै तेस्रो सन्तान रीमा यादवको पनि जन्म भयो। श्रीमान् तीन जना सन्तान र आफू गरी मिथिलाको पाँच जनाको सानो परिवार भए पनि मिथिला आफैँले सबैको पालनपोषण गर्नुपर्थ्यो। मिथिलाका श्रीमान् पनि श्रीमतीमा पूर्ण निर्भर थिए। उहाँका श्रीमान् एक दिन काम गरे दश दिन काम नगरी बस्नुहुन्थ्यो। सबै परिवारका सदस्य आफैँले मजदुरी गरेर पाल्नुपर्ने भएको हुँदा उहाँमा पारिवारिक रूपमा धेरै जिम्मेवारी खप्टिँदै गयो।

एकातिर आफ्नो अध्ययन अघि बढाउनपर्ने थियो भने अर्को तिर बालबच्चा र श्रीमान्को पालनपोषण गर्नुपर्ने। तैपनि रिमा पेटमा हुँदा नै मिथिलाले श्रीकन्या माध्यामिक विद्यालय जनकपुरबाट कक्षा आठ पास गर्नुभयो। सङ्घर्षबाट पछि नहट्ने उहाँको सुन्दर पक्ष थियो। परिवारको जीविकोपार्जनकै लागि मिथिलाले १३ वर्ष जनकपुर चुरोट कारखानामा मजदुरी गर्नुभयो। काम गरेको आधारमा चुरोट कारखानाले स्थायी जागिर दिने आश्वासन दिएको थियो। विडम्बना हडताल भएकै कारण चुरोट कारखानाको काम रोकियो। मिथिला बेरोजगार हुनुभयो। दुःख पर्दा नआत्तिने र अभावमा पनि कसैको दबाबमा नपरी अघि बढ्ने मिथिलाको आश्चर्य लाग्दो कला छ। अरूले गरिदेला भन्ने आशा पटक्कै राख्नुभएन। मिथिलाले आफैं भित्रको क्षमतामा धेरै सम्भवना देख्नुभयो।

## मिथिलाको लोककला यात्रा

दैनिकी चलाउन कठिन सङ्घर्ष गरिरहनुभएको मिथिलालाई परिस्थितिले अर्कोबाटोतिर डोऱ्यायो । अमेरिकाबाट क्लियरा ब्रेकेट नामकी महिला मिथिला आर्टसम्बन्धि अनुसन्धान गर्न मिथिला क्षेत्र, जनकपुर पुग्नुभयो । साहित्यकार डा. राजेन्द्र विमलको स्थानीय सहयोगमा क्लियराले त्यहाँका विपन्न परिवारका गरिब, विपन्न र दलित परिवारका महिलालाई मिथिला लोककला चित्रकलासम्बन्धि रोजगार दिने उद्देश्यले नारी विकास केन्द्र



नामक संस्थाखोल्न (२०४४ सालमा) सहयोग गर्नुभयो। त्यही संस्थामा रहेर मिथिला लोककला आर्टसम्बन्धी काम गर्नको लागि क्लियराले मिथिलालाई पनि अवसर दिनुभयो। तर क्लियराले दिएको अवसरलाई उहाँले सहजै इन्कार गर्नुभयो। रोजगार विहीन हुन पुगेकी मिथिलाले विदेशी नागरिकले दिएको रोजगारलाई स्विकार्नु भएन। मिथिलामा आफ्नो संस्कृतिको उजागर आफैँले गर्नुपर्छ भन्ने भाव जाग्यो। यसो हुनुमा राष्ट्र, राष्ट्रियता र मैथिली संस्कृतिप्रतिको उहाँको सद्भावर आत्मीयता थियो। 'विदेशी नागरिक नेपालमा आएर मिथिला क्षेत्रको लोककलाको अनुसन्धान गर्न सक्छन् र विपन्न, गरिब र दलित महिलाहरूलाई रोजगारको सिर्जना गर्न सक्छन् भने मैले किन त्यो काम गर्न नसक्ने ?' भन्ने प्रश्न उहाँको मनमा उब्जियो।

क्लियराले दिएको अवसरको प्रयोग नगरी मिथिलाले आफूभित्रको सम्भावना खोतल्न थाल्नुभयो। बरु, निमुखा, गरिब र अवसरबाट बञ्चित भएका महिलाहरूलाई आफैँले अवसर प्रदान गर्नुपर्छ भन्ने जिम्मेवारी बोध गर्नुभयो। आफ्नै क्षमतामा सम्भावना देख्ने मिथिलाले पुरुषमै निर्भर रहनुपर्ने मान्यतालाई तोडनुभयो।

पारिवारिक र सामाजिक रूपमा उहाँ आफूलाई सधैं जिम्मेवार व्यक्तिको रूपमा लिनुहुन्छ। उहाँले लोककलालाई नयाँ आयामबाट बाहिर ल्याउने आँट गर्नुभयो। लोककलासम्बन्धि संस्था खोलेर गाउँघरका महिलालाई रोजगारमुखी बनाउने सपना देख्नुभयो। भनिन्छ, मानिसले चाहेपछि सबै कुरा सम्भव छ। ठ्याक्कै त्यस्तै सम्भावनाका अङ्कुर मिथिलाको दृढ सङ्घर्षमा पलाइरहेकोथियो। जहाँ समस्या त्यहाँ उपाय हुन्छ भने झैँ पारिवारिक आर्थिक समस्यामा अल्झिरहनुभएकी मिथिलाको जीवनमा कोहिनूर श्रेष्ठ अवसरको रूपमा काठमाडौँबाट २०५० सालमा आउनु भयो। कोहिनूर श्रेष्ठ मिथिला क्षेत्रमा लोककलासम्बन्धि अनुसन्धान गर्न जाँदा मिथिलासँग भेट भयो। घरका भित्ता र भुइँमा मिथिला लोककला बनाउँदै आउनुभएको उहाँलाई कोहिनूरले मिथिला लोककलासम्बन्धि

परीक्षा लिन पहिलो पटक लोक्ता कागज, बनिसकेको विभिन्न किसिमका रङ्ग र ब्रस दिनुभयो । ती बनिबनाउ चित्रकारिताका सामाग्रीहरू मिथिलाको हातमा पहिलो पटक पर्‍यो । उहाँको खुशीको सीमाना नै थिएन ।

त्यतिबेलासम्म मिथिलाले घरेलु चित्रकारिताका सामाग्रीहरू प्रयोग गर्दै आउनुभएको थियो । जस्तै : सिन्कामा कपास बेरेर ब्रस, बेसारको पहेँलो रङ्ग , पारिजातको फुलको टुप्पोमा रहेको सुन्तला रङ्गको फुलको सुन्तला रङ्ग, सिमीको पातको हरियो रङ्ग, चामलको पिठोको सेतो रङ्ग, चुनको सेतो रङ्ग, रातो माटोको रातो रङ्ग, पहँलो सर्स्यूंको फूल, गाईको दुध मिसाएर बनाएको झोलसबै रङ्गमा मिसाउने, टुकीको बत्ती बालेर छोपेर निस्केको ध्वाँसोको कालो बनाउनुहुन्थ्यो । यसरी घरेलु पेन्टिङका सामग्रीहरू बनाएर ती रङले दसैं, तिहार, छठ र विवाह आदिमा घरका भित्ताहरू रङ्गाउने गर्नुहुन्थ्यो । लोक्ताको कागजमा मिथिला आर्ट बनाएर बनिबनाउ रङले रङ्गाउने कुरा मिथिलाले कल्पना गरेभन्दा परकै विषय थियो । त्यसरी कोहिनूरको आग्रहमा लोक्ता कागजमा चित्र बनाएर रङ्ग लगाउने उहाँको मिथिला लोककलासम्बन्धि पेसागत पहिलो कार्य नै थियो । कोहिनूरले भनेअनुसार मिथिला आर्ट बनाएर बुझाउनुभयो । मिथिलाको आर्कषक चित्र देखेर कोहिनूर मात्र होइन, भाइबुहारी रेश्मा पनि प्रभावित हुनुभयो ।

कोहिनूर र मिथिलाको लामो समयसम्म मिथिला लोककलासम्बन्धि कारोबार हुन सकेन । कोहिनूर केही समयपछि काठमाडौँ फर्किनुभयो । तर रेश्मा मिथिला क्षेत्रमै बस्नुहुन्थ्यो । मिथिलाको लोककलाबाट प्रभावित भइसक्नु भएको रेश्माले मिथिलालाई आफ्नै घरमा बोलाएर लोककलासम्बन्धि काम दिएर भन्नुभयो-‘यस आर्टमा तपाईंको भविष्य छ ।’ रेश्माले मिथिलालाई दैनिक पाँच सय रूपैयाँ दिने पनि निश्चित गर्नुभयो । रेश्माको वाक्यले मिथिलाको आत्मबल बढ्यो । गरीबीले निचोरिएको अवस्थामा न्यानो घामको राप लाग्यो । मिथिलाले पनि एकपछि अर्को आर्टमा आफ्नो कला देखाउने अवसर प्राप्त गर्नुभयो । मिथिला आर्टको चारैतिर चर्चा र मागपनि बढ्यो । काम भ्याइनभ्याइ हुन थाल्यो । मिथिलाले बनाएका आर्ट मधेसमा

मात्र नभई काठमाडौँका होटेलहरूले पनि खरिद गर्न थाले । मिथिलाले १८ महिनासम्म रेश्माको घरमा काम गर्नुभयो । त्यतिबेलासम्म मिथिलालाई उहाँका श्रीमान्को नैतिक सहयोग र समर्थन थियो । मिथिला लोककलाको कमाइबाट मिथिलाको परिवार राम्ररी पालिएको थियो ।

अब रेश्माको परिवार जनकपुर नबस्ने भएपछि मिथिला रोजगारविहीन हुनुभयो । मिथिला आर्टका सामग्रीको पनि बजारीकरण हुन सकेन । काम छुटेपछि मिथिलाको दैनिकी उही पुरानै अवस्थामा पुग्यो । जसले गर्दा परिवार पाल्न उहाँले एक जना मारवाडीको घरमा भाँडा माझ्ने काम एक वर्षसम्म गर्नुभयो । फुर्सदको समयमा घरमा मिथिला आर्टको काम गरिरहनुहुन्थ्यो । क्लियरा भने मिथिला क्षेत्रमा आउने जाने गर्नुहुन्थ्यो । क्लियराले मिथिलालाई मिथिला आर्टको काम गर्न पटक पटक अनुरोध गरिरहनुहुन्थ्यो । तर मिथिलाले क्लियराको अनुरोधलाई सधैँ अस्वीकार गर्दै आउनुभयो । एउटा अवसर नकारे पनि मिथिलालाई अरू अवसरले पछ्याइरहेका थिए ।

२०३६ सालदेखि १३ वर्ष काम गर्नु भएको जनकपुर चुरोट कारखानाले अन्तर्राष्ट्रिय आर्ट तालिमका लागि मिथिलालाई २०४९ सालमा मिथिला लोककलाको लागि छनोट गरिसकेको थियो । सोही अनुसार सिङ्गापुर र नेपालका कलाकार बिच आदानप्रदान हुने कलासम्बन्धि पाँच दिने तालिममा मिथिला कलाकारका रूपमा सहभागी हुनुभएको थियो । सो तालिम स्टाफ कलेज जाउलाखेल, ललितपुरमा भएको थियो । तालिममा आउँदा मिथिलाले उत्पादन गरेका मिथिला लोककलाका सामग्रीहरू सँगै लिएर आउनुभएको थियो । ती सबै चित्रकलाका सामान ठमेलमा बिक्री गर्ने मौका पाउनुभयो । त्यतिखेर ७० हजारको हस्तकलाका सामग्री बिक्री गर्न उहाँ सफल हुनुभयो ।

तालिममा सहभागी हुन मिथिलाका श्रीमान्श्रीमती दुवै जना आउनु भएको थियो । तालिममा सहभागी सबै महिला पुरुषले एउटै बेन्चमा बसेर खाना

खानुभयो । मिथिलाले पनि त्यही बेन्चमा बसेर खाना खानुभयो । त्यसरी महिला पुरुषले एउटै बेन्चमा बसेर खाना खाएको कुरा उहाँका श्रीमान् लाई पटक्कै मन परेन । झन श्रीमतीले अन्य पुरुषसँगै बसेर खाना खाएको विषय अपाच्य नै भयो । त्यसैलाई निहु बनाएर मिथिलालाई श्रीमान्ले राम्रो व्यवहार गर्नुभएन । त्यसपछि मिथिलालाई उहाँका श्रीमान्ले दैनिक शारीरिक र मानसिक यातना दिन थाल्नुभयो । उहाँहरू बिचको सम्बन्ध बिग्रँदै गयो । त्यही दिनबाट श्रीमान्ले मिथिलालाई श्रीमतीका रूपमा स्विकार्न मान्नुभएन । यतिसम्म कि मिथिलालाई श्रीमान्ले तालिमबाट घर फर्किएपछि घरभित्रसमेत पस्न दिनुभएन । पछि गाउँछिमेकीले उहाँका श्रीमान्लाई सम्झाई बुझाई गरी मिलापत्र गराइदिएका थिए । मिथिला र उहाँका श्रीमान् बाहिरी रूपमा मिलेपनि भित्री सम्बन्धमा दरार आइसकेको थियो ।

कहिले मजदुरी त कहिले मिथिला आर्टका सामाग्री उत्पादन गरेर दैनिक गुजारा चलाउनुपर्ने मिथिलाकै जिम्मा थियो । श्रीमान्ले उहाँलाई अब साथ दिन पनि छोड्नुभयो । घरबाहिर निस्केर मिथिला चित्रकलाका सामग्री बिक्री गर्न जान श्रीमान्को अनुमति भएन न त उहाँका श्रीमानले परिवार पाल्ने कुनै निधो गर्नुभयो । मिथिलालाई घरमै बसेर न साँझ बिहान छाक टार्न कुनै उपाय नै थियो । परिवार पाल्नकै लागि लोककलाका सामग्री बनाउनैपर्ने मिथिलाको बाध्यता नै थियो । त्यो कुरा उहाँका श्रीमान्ले कहिल्यै बुझ्नु भएन ।

श्रीमान्को दैनिक मानसिक र शारीरिक यातनाले मिथिला कमजोर भएर बस्नु भएन । बरु गाउँघरका महिला दिदीबहिनीका लागि केही गर्नुपर्छ भन्ने उहाँको आत्मबल चुलियो । परिस्थितिले उहाँलाई कमजोर बनाउने चेष्टा गरे पनि आफूलाई कहिल्यै कमजोर बनाउनुभएन । मिथिला आर्टको सामग्रीहरू उत्पादन गरेर कसरी रोजगारमुखी बन्ने भन्नेतिर उहाँको चासो बढ्यो ।

मिथिलाले समाजमा रहेका आफू जस्तै गरिब, निमुखा र विपन्न ४५ जना महिलालाई निःशुल्क रूपमा तीन महिनाको मिथिला आर्टसम्बन्धि तालिम दिनुभयो । तालिम प्राप्त महिलालाई मिथिला चित्रकलाका सामग्री बनाउन प्रोत्साहित गर्नुभयो । बनाएका चित्रकलाका सामग्री जनकपुरदेखि बसमा काठमाडौँ पठाउनु भयो । बिडम्बना ! ती बनाइएका मिथिला चित्रकलाका सामग्री थानकोट काठमाडौँ प्रहरी चेकपोष्टले रोकिदियो । व्यापारिक रूपमा बिक्री गर्न उहाँले मिथिला आर्टको लाईसेन्स तथा हस्तकलासम्बन्धि दर्ता प्रमाणपत्र लिनुभएको थिएन । २०५१ सालमा मिथिलाले घरेलु उद्योगबाट मिथिला हस्तकला पेन्टिङ्ग उद्योग दर्ता गर्नुभयो । उहाँले ५१ रुपैयाँबाट संस्था सुरु गर्नुभयो । निरन्तर सङ्घर्षबाट उहाँले मिथिला चित्रकलाबाट वर्षमा दश लाखसम्म आम्दानी गर्नुहुन्थ्यो । उहाँले मिथिला कलाकारितासम्बन्धि तालिम लिइसकेका ४५ जना महिलासँगै आफैँले चित्रकलाका सामग्री संस्थागत रूपले उत्पादन गर्न थाल्नुभयो । जताततै मिथिला चित्रकलाका सामग्रीहरूको माग बढ्न थाल्यो । त्यसको बजारीकरण गर्न मिथिला आफैँ लागिपर्नुभयो । आम्दानी पनि बढ्दै गयो । सबै महिला दिदीबहिनीहरूमा पनि मिथिला चित्रकलाको काम गर्न झन हौसला थपियो ।

आम्दानीको स्रोत बढेपछि मिथिलाले एक बैंकमा आफ्नो नाममा खाता खोल्नुभयो । आफ्नै बैंक खातामा पैसा जम्मा गर्न थालेपछि उहाँको श्रीमान् लाई भित्रभित्रै रिस उठ्न थाल्यो । बिस्तारै उहाँका श्रीमान्ले आफ्नो बैंक खातामा पैसा जम्मा गर्न दबाब दिन थाल्नुभयो । त्यही कुरामा मिथिला श्रीमान्बाट दैनिक मानसिक यातना खेप्न बाध्य हुनुभयो । उहाँले श्रीमान् को बैंक खातामा पैसा जम्मा नगरेपछि उहाँहरू बिचको सम्बन्धमा अझ फाटो आउन थाल्यो । पछि, सम्बन्ध राम्ररी अघि बढ्न सकेन । उहाँका श्रीमान् परिवारलाई छोडेर अन्यत्र जानुभयो । पारिवारिक जिम्मेवारीबाट पन्छिनुभयो । मिथिला श्रीमानबाट एक्लिनुभयो । गर्दै आएको काम केही समय चल्न सकेन । आफ्ना बालबच्चालाई कसरी पाल्ने भन्ने चिन्ता झन बढ्दै गयो । आफ्नो बालबच्चाका पालनपोषणका लागि २०५२ सालमा दुई छोरा र साँढे दुई वर्षकी छोरी काखमा च्यापेर मिथिला जनकपुरबाट

काठमाडौँ आउनुभयो । काठमाडौँमा मिथिलाले चित्रकलाको काम गरेर बालबच्चा पाल्नुभयो ।

मिथिला दुई वर्षपछि केही दिनका लागि जनकपुर गाउँमा फर्किनुभयो । जनकपुर घरमा फर्किंदा श्रीमान्ले समाजमा मिथिलाले अर्को बिहे गरेर बसेको आरोप लगाउदै झुटो हल्ला फैलाएको जानकारी पाउनुभयो । मिथिलाप्रति समाजले हेर्ने दृष्टिकोण बदलिएको थियो । उहाँ काठमाडौँ फर्किनुभयो । आफ्ना बालबच्चालाई पाल्न काठमाडौँ बस्नुभएको मिथिलालाई नखाएको विष लाग्यो । श्रीमान्ले लगाएको मिथ्या आरोप मिथिलाको दृष्टिकोणबाट कुनै क्षम्य थिएन । त्यसपछि उहाँ छोराछोरीका लागि एक्लो अभिभावक बन्नुभयो, एक्लै सङ्घर्ष गर्नुभयो । उहाँले मिथिला लोककलाबाट छोराछोरी मात्र पाल्नु भएन, मिथिला लोककलाको पहिचानलाई पनि विभिन्न कार्यक्रममा प्रदर्शन गर्दै आउनुभयो । सोहीअनुसार २०५५ सालमा राष्ट्रिय सभागृहमा विभिन्न कलाकृतिको प्रदर्शनी भएको बेला उहाँले आफ्नो चित्रकला प्रस्तुत गर्नुभयो र सबैले मिथिलाको कलाको प्रशंसा गरे । उहाँले लोककलासम्बन्धि धेरै कार्यक्रममा सहभागी हुने अवसर पाउनुभयो । काठमाडौँ बसेपछि मिथिलाले आफ्ना छोराछोरी मात्र होइन, नाति नातिनीका लागि पनि पालनपोषणदेखि उच्च शिक्षामा खर्च गर्दै आउनुभएको छ ।

## राजनीतिक यात्रा र लोककला कार्यशाला

मिथिला लोककला कलाकारको रूपमा मिथिलाले राजनीतिमा प्रवेश गर्नुभयो । २०६२ सालमा पहिलो पटक मिथिला आर्ट क्षेत्रबाट राष्ट्रिय ललितकला सङ्घ नेपालको सदस्यमा नेकपा (एमाले) पार्टीबाट राजनीतिक नियुक्ति लिनुभयो । २०७१ सालमा प्रज्ञासभा सदस्यमा नियुक्त हुनुभयो । झन्डै पाँच वर्ष प्रज्ञासभा सदस्य भएर आफ्नो कार्यकाल पूरा गर्नुभयो । २०७५ सालमा ललितकला प्रज्ञा प्रतिष्ठानको परिषद सदस्य लोककला विभाग प्रमुखमा छनोट हुनुभयो । यसरी मिथिला तराई प्रदेशको प्रथम

महिला नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानको लोककला विभाग प्रमुख र प्रथम प्रज्ञा सदस्य हुनुभयो । लोककला विभाग प्रमुख भइसकेपछि लोपोन्मुख लोककलालाई संरक्षण, संवर्द्धन र अवलम्बन गर्न मिथिलाले देशभरि लोककला कार्यशाला सञ्चालन गर्नुभयो । लोपोन्मुख, सिमान्तीकृत लोककलालाई कलाको मूलधारमा ल्याउन देशको पूर्वदेखि पश्चिमसम्म लोककला जागरण कार्यक्रमहरू गर्नुभयो । नेपालमा रहेका नेवार, राई, लिम्बु, तामाङ, मिथिला, थारु आदि समुदायको लोककलाको प्रवर्द्धन गर्न लोककला कार्यशाला देशका विभिन्न ठाउँमा गर्नुभयो । नेपालका लोककला उत्थान, पुस्ता हस्तान्तरणसँगै लोककला मार्फत जीवनस्तर उकास्ने हेतुले स्थानीय निकाय, जिल्ला र प्रदेश स्तरका लोककला कार्यशाला सञ्चालन गर्नुभयो । विभिन्न जातजाति तथा समुदायका लोककला संस्कार, धर्म, परम्परा, संस्कृति भेषभूषालाई कागज र क्यानभासमा उतार्न मिथिला लोककला प्रशिक्षण पनि गराउनुभयो ।

समाज रूपान्तरणसँगै धर्म भित्र रहेका कुसंस्कारविरुद्ध काम गर्ने लोककला कार्यशालाको प्रमुख उद्देश्य रहेको छ । बहुकला, संस्कृति, भाषा, धर्म र जातजाति भएको देशमा बहुलोककला रहेका छन । कतिपय हराएका पनि छन्, ती बहुलोककलाको उत्खनन गर्न मिथिलाले देशभर लोककला अभियान सञ्चालन गर्नुभयो ।

## समाज परिवर्तनका लागि लोककला

हिन्दु धर्मका रामायण र महाभारत जस्ता पौराणिक ग्रन्थहरूका कहानीलाई घरका ढोका, भित्ता, भान्सा र भुईंमा सीमित मिथिला लोककलालाई कागज र क्यानभासमा प्रतिस्थापन गर्न मिथिला सफल हुनुभएको छ । हिन्दु पौराणिक कहानीलाई रूपान्तरण गर्दै वर्तमान नेपाली समाजको यथार्थ अवस्थालाई चित्रण गर्दै मिथिला लोककला उत्कीर्ण हुन थालेको छ । उहाँले चित्रकलामा दाईजो प्रथा, घरेलु हिंसा, जातीय छुवाछुत, छोरा

र छोरीबीच हुने लैङ्गिक भेदभावजस्ता विभिन्न सामाजिक कुसंस्कार, कुरीति, अन्याय अत्याचारका घटनालाई समावेश गर्दै आउनुभएको छ ।

कुसंस्कारलाई संस्कार मान्ने समाजलाई त्यसले समाज रूपान्तरणमा पारेको असरबारे मिथिलाले मिथिला आर्टबाट छर्लङ्ग पार्नुभएको छ । समाजमा दैनिक हुँदैआएका बलत्कारका घटना र महिलामाथि हुँदै आएका हिंसाचित्रण गर्दै थुप्रै मिथिला लोकचित्र बनाउदै आउनुभएको छ । मिथिलाको लोक कलामा सबै धर्म र संस्कृतिको कलाकारिता पनि पाइन्छ ।

## छोरा वियोग

घरपरिवार र श्रीमान्बाट एक्लिएकी मिथिलाको जीवनमा एकपछि अर्को समस्याले पछ्याउँदै गयो । आफ्नै सङ्घर्षमा रमाउदै अघि बढ्नु भएकी मिथिलाको खुशीमा एकाएक पीडाको कालो बादल मडारियो । जनवरी १ तारीख सन् २००० मा जेष्ठ छोराको असामयिक निधन भयो । जस्तो सुकै परिस्थतिमा हार नखाने मिथिला२१ वर्षीय जवान छोराको असामयिक निधनले लामो समयसम्म विक्षिप्त अवस्थामा पुग्नुभयो । छोरा गुमाएको घाउ निको नहुँदै नाति गुमाउनुभयो । त्यतिमात्र होइन, त्यहीबेला आफूलाई जन्म दिने आमा पनि गुमाउनुभयो । एक पछि अर्को लगातारको वियोगले उहाँको सङ्घर्षमा असह्य पीडा थपिदियो  जसले गर्दा केही समय मिथिलाले हस्तकलाको काममा निरन्तरता दिन सक्नुभएन ।

## सम्मान र पुरस्कार

मिथिला क्षेत्रको कला संस्कृतिलाई देश विदेशमा चिनाउन यादवले अहोरात्र योगदान पुऱ्याउनु भएको छ । मिथिलाको कामलाई कदर गर्दै विभिन्न संघसंस्थाले सम्मान गरेका छन् । उहाँले मिथिला क्षेत्रको संस्कृतिलाई बाहिर ल्याउन गर्नु भएको उल्लेखनीय योगदानको सम्मानस्वरूप नेपाल सरकारद्वारा २०७५ सालमा सुप्रबल जनसेवा श्रीद्वारा उहाँलाई विभूषित

गरिएको छ। यस्तै, भद्रकुमारी घले सेवासदनबाट २०६९ सालमा ललितकला पुरस्कारबाट पुरस्कृत हुनुभएको छ। नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय ललितकला प्रदर्शनी २०६८ सालमा लोककलातर्फ ललितकला विशेष पुरस्कारबाट पुरस्कृत हुनुभएको छ। यस्तै, श्रीसरस्वती राजनारायण एकेडेमी ब्रम्हापुरी सर्लाहीबाट २०७५ सालमा र मोतीदेवी स्मृति केन्द्रबाट २०७८ सालमा सम्मान प्राप्त गर्नुभएको छ।

नेपाल सरकारले मिथिला हस्तकलाका उत्पादनलाई व्यावसायिक रूपले अगाडि बढाउन तथा आर्थिक उपार्जनसँग जोड्न सहयोग गर्ने हो भने मिथिला क्षेत्रमा राष्ट्रिय अन्तराष्ट्रिय पर्यटक भित्र्याउन सकिने अधिक सम्भावना देखिन्छ।

●



चित्रकला गर्ने निलम घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत रहँदा सिप र उद्यमशिलता विकासका लागि त्यतिबेलाको ७५ वटै जिल्ला पुग्नुभएको छ ।

# कलाकार तथा उद्यमशिलताको पर्याय निलम



● *गीता चिमोरिया*

आमा पद्मादेवी र बुबा मोतीरत्न ताम्राकारको पाँचौ सन्तानको रूपमा २०१९ सालमा काठमाडौँको गणेशस्थानमा निलम ताम्राकारको जन्म भयो । दुई दाजु र दुई दिदीपछि जन्मिनु भएकी निलमपछि पनि दुई बहिनी र दुई भाइ जन्मिए । बाल्यकालको स्मरण गर्दा निलमसँग धेरै दुःख, अप्ठ्याराका क्षण छैनन् । शिक्षित परिवार भएका कारण पढ्न पाउनुभयो । छ वर्षको उमेरमा नवआदर्श विद्यालय वसन्तपुरमा भर्ना भएपछि औपचारिक शिक्षा सुरू भयो । स्कुले जीवन निकै सुखद् र रमाइलो थियो ।

**चित्रकलामा रूचि**

सानैदेखि चित्रहरू कोर्नुहुन्थ्यो । ठ्याक्कै मिति त याद छैन, तर आफू बुझ्ने भएदेखि नै चित्रकला गर्ने गरेको सम्झनुहुन्छ, निलम । बुबा दरबारमा जागिरे हुनुहुन्थ्यो । गहनाको डिजाइन गर्नुहुन्थ्यो उहाँले । सायद बुबाकै केही गुण सरेको हुनसक्छ, निलम पनि सानैदेखि चित्रकला र डिजाइनमा रूचि राख्नुहुन्थ्यो ।

निलम आठ वर्षको उमेरमा बालमन्दिरमा चित्रकला अध्ययनका लागि छानिनुभयो । त्यतिबेला बालमन्दिरमा बच्चाहरूलाई हरेक शुक्रबार चित्रकला सिकाइन्थ्यो । एक पटक विदेशीहरूको एक टोली नेपाल आएको थियो । उहाँ भन्नुहुन्छ, “त्यो टोलीले परीक्षा लियो, मैले विभिन्न किसिमको चित्रहरू कोरेँ । त्यो हेरेपछि उहाँहरूले मलाई छान्नुभयो र मैले बालमन्दिरमा छात्रवृत्तिमा चित्रकला पढ्न/सिक्न पाएँ ।

बालमन्दिर जान उहाँ घर (काठमाडौँको गणेशस्थान) देखि हिँड्दै जानुहुन्थ्यो । साथीहरूसँग खेल्दै हिंड्दा झन्डै आधा घण्टामा पुग्नुहुन्थ्यो । त्यसरी हिँड्दै जाँदा यति सानो बच्चा किन जानु, भनेर आमाबुबाले

गाली गर्नुहुन्थ्यो । त्यो भएर उहाँ दुईजना साथी लिएर जानुहुन्थ्यो । बालमन्दिरमा विदेशीहरूले दुई घण्टा कक्षा लिन्थे । कक्षामा विभिन्न चित्र बनाउन लगाइन्थ्यो । निलम मन्दिरहरूको चित्र धेरै बनाउनुहुन्थ्यो । विदेशी प्रशिक्षकहरूले मन्दिरका चित्रहरू धेरै मन पराउने गरेको निलम स्मरण गर्नुहुन्छ । सामानहरू निःशुल्क पाइन्थ्यो ।

निलमले २०३६ सालमा एसएलसी पास गर्नुभयो । त्यतिबेलासम्म आइपुग्दा निलमको रूचि पढाइमा भन्दा कलाकारितामा धेरै थियो । एसएलसीपछि निलमको जिन्दगीमा अप्ठ्याराहरू सुरू भयो । आफ्नो चाहना कलाकार बन्ने, तर घर परिवारको चाहना विज्ञान पढाउने । विशेषतः जेठो दाजुले विज्ञान पढाउन चाहनुहुन्थ्यो । विज्ञान पढ्न प्रवेश परीक्षा दिनुपर्ने रहेछ । अमृत साइन्स क्याम्पसमा पढ्ने भनेर परीक्षा दिन भनियो, प्रवेश परीक्षामा नाम निस्कियो । घरपरिवारका लागि पढ्दिनुपर्ने विषय एकातिर आफ्नो रूचि अर्कोतिर । तर निलमले आफ्नो रूचि मार्न सक्नुभएन । निलम भन्नुहुन्छ, “जानी जानी विज्ञान विषयको परीक्षामा फेल हुने गरी लेखेँ किनकी मलाई विज्ञान पढ्न मनै थिएन ।” फेल भएपछि दाजु लगायत परिवारबाट गाली त खानुभयो । तर आफूलाई चित्रकला/कलाकारिता विषय पढ्न पठाउँछन् कि भन्ने भयो । नभन्दै ठूलो बुबाको छोराले ललितकला क्याम्पसमा भर्ना गरिदिनुभयो । प्रवेश परीक्षा दिनुपर्ने रहेछ, पहिलो नम्बरमै नाम निस्कियो । आफूले चाहेको विषय पढ्न पाएपछि खुशीको सीमा नै रहेन, निलम भन्नुहुन्छ ।

ललितकलामा नाम निस्किएपछि ‘तिमी अब चित्र कोरेरै बस्ने भयौ’ भन्दै निलमको दाजु रिसाउनुभयो । दाजु रिसाए पनि दाजुको कुराले निलम रिसाउनु भएन । बरू आफूले रोजेको विषय पढ्न पाएपछि असाध्यै मेहनत गरेर पढ्नु भयो । कलेजका हरेक प्रतियोगिताहरूमा भाग लिनुहुन्थ्यो । पुरस्कार जित्नुहुन्थ्यो । आफूले इच्छाएको विषय पढ्न पाएपछि जिन्दगीलाई कहिल्यै पछाडि फर्केर हेर्नु नपरेको निलम बताउनुहुन्छ ।

चित्रकलासँगै नृत्यमा पनि सानैदेखि रूचि भएकाले निलम प्रतियोगिताहरूमा भाग लिइरहनुहुन्थ्यो । एकपटक अन्तर क्याम्पस नृत्य प्रतियोगितामा भाग लिएर पुरस्कार जित्नुभयो तर घरमा पुग्दा आमाको गाली खानुपर्‍यो । त्यतिबेला 'छोरी मान्छे नाच्नु हुँदैन' भन्ने गरिन्थ्यो । तर उहाँ भने चित्रकला, नृत्य गर्नुका साथै नाटक र कविता प्रतियोगिताहरूमा पनि भाग लिनुहुन्थ्यो ।

## सरकारी जागिर सुरू

ललितकला क्याम्पसमा 'फाइन आर्ट' मा स्नातक तहसम्मको अध्ययन पूरा गरिसकेपछि निलमको बाटो सरकारी जागिरतर्फ मोडियो । घरेलु तथा साना उद्योग विकास समितिमा  आवेदन खुलेको थियो । लोकसेवा आयोगले लिने परीक्षामा सहभागी हुनुभयो । अधिकृतमा नाम निस्कियो । गोरखापत्रमा आफ्नो नाम देखेपछि सुरूमा त निलम झसङ्ग हुनुभयो । आफ्नो कलाकारिताको यात्रा यहीँ टुङ्गिने हो कि भनेर डराउनु पनि भयो ।

तर अधिकृत तहको नियुक्ति लिएर २०४० सालदेखि जागिर सुरू गर्नुभयो । त्यो समयमा महिलाहरूले लोकसेवाको परीक्षा दिएर जागिर खाने चलन कमै थियो । त्यो थोरै मध्येमा उहाँ पर्नुभयो । संयोग के भयो भने अधिकृत भएपछिको काम पनि आफूले पढेको विषयसँगै सम्बन्धित वस्तुको नमुना डिजाइन गर्ने अर्थात् (प्रोडक्ट डिजाइन) को काम उहाँको जिम्मेवारीमा पर्‍यो । सरकारी जागिरमा पनि आफूले भनेको जस्तै पाएपछि निलम यसमै मेहनत गर्छु र राम्रो नतिजा निकाल्छु भन्ने अठोट लिएर काम गर्न थाल्नुभयो ।

घरेलुका कार्यकारी निर्देशक गोविन्द देव पाण्डे हुनुहुन्थ्यो । 'कलाकारले जे पनि गर्न सक्छ, तिमी प्रयास गर' भनेर निलमलाई हौसला दिनुभयो । जागिरे जीवन सम्झिँदै निलमले भन्नुभयो, "२५ वर्ष डिजाइनमा काम गरेँ, त्यतिबेलाको ७५ वटै जिल्लामा मैले गरेको डिजाइन पुर्‍याउन पाएँ ।" उद्यमीहरूलाई नयाँ नयाँ उत्पादनहरू कसरी बनाउने भनेर डिजाइन

आवश्यक हुन्छ। स्थानीय स्तरमा पाइने सामानहरूबाट पनि के के बनाउन सकिन्छ भनेर निलमले डिजाइन दिनुहुन्थ्यो। जस्तै अल्लोबाट कपडाहरू बनाउने, कार्पेट, बाँसको सामानहरू, माटोबाट मूर्ति, गहना, भाडाको सजावटको सामान, काठको फर्निचरको सामानहरू बनाउने आदि ।

## पुरूष सहकर्मीबाट हतोत्साहित

जीवनमा सफलता र खुसीसँगै कहिलेकाहीँ निरूत्साहित हुनुपर्ने अवस्था पनि आउँछ। यस्तो अनुभव निलमसँग पनि छ। उपसचिव तहमा बढुवा हुने समयमा उहाँलाई केही साथीहरूले अप्ठ्यारोमा पारे। निलम सम्झिनुहुन्छ, "केही साथी/सहकर्मीहरूले निलम कलाकार मात्रै हो, स्नातक तह नै पनि पास गरेको छैन भनिदिएछन्। यस कुराले केही समय उहाँको बढुवामा केही समय रोक लाग्यो। प्रश्न उठेका कारण उहाँले आफ्नो अध्ययन र अनुभवका बारेमा ठाउँठाउँमा गएर स्पष्टीकरण दिनुपर्ने अवस्था आयो। यसले निलमलाई दुःखी पनि बनायो।

नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गत घरेलु तथा साना उद्योग विकास समितिबाट जागिर सुरू गरेर उहाँ कार्यकारी निर्देशकसम्म बन्नुभयो। ३४ वर्ष सरकारी सेवाबाट निलम २०७४ सालमा सेवा निवृत्त हुनुभएको हो।

सरकारी सेवामा हुँदा पनि निलमले आफ्नो कला त्यसै छोड्नुभएन, कार्यालय समयबाहेक बिहान बेलुका चित्रकला सिकाउने पनि गरिरहनु भयो। यसबाट उहाँको चित्रकला र कामप्रतिको लगाव देखिन्छ। पढाइको कुरा होस् अथवा, सीप सिक्ने वा अन्य काम, सधैं निलमको एउटै अठोट हुन्थ्यो, म जे काम गर्छु र त्यसमा सफल भएरै छोड्छु। उहाँको कामप्रतिको लगाव, अठोट र मेहनत प्रेरणादायी छ।

### ३३ वर्षमा बिहे

आफ्नो दिदीहरू र साथीहरूको तुलनामा निलमले बिहे अलि ढिलो गर्नुभयो । बिहेपछि आफ्नो काममा बाधा होला, अथवा काम र परिवार दुईतिर समय व्यवस्थापन गर्न नसकिने हो कि भन्ने चिन्ता उहाँलाई लाग्थ्यो । उहाँ भन्नुहुन्छ, "त्यो समयमा ३३ वर्ष भनेको ढिलै हो, दिदीहरूको २५/२६ वर्षमा भयो । म भने पढाइ सकेर, आफ्नो काममा स्थापित भएपछि बिहे गर्छु भनेर ढिला गरेँ ।"

हिजोआज त २२/२३ वर्ष नपुग्दै विवाहको लागि दबाब दिइन्छ, त्यो समयमा ३३ वर्षसम्म बिहे नगर्दा कसैले केही भनेनन् ? भन्ने प्रश्नमा निलमको जवाफ छ, "मलाई केही भनेनन्, छोरीको बिहे गर्न ढिला भयो भनेर आमाबुबालाई अरूले भने होला, तर आमाबुबाले मलाई सुनाउनु भएन । बिहे गर्न दबाब पनि दिनुभएन ।" अहिले सम्झिँदा उहाँलाई लाग्छ, अरूभन्दा अवसर र स्वतन्त्रता अलि बढी नै पाएको रहेछु ।

### भाषण सिकाउने श्रीमान्

बिहेपछि कामसँगै परिवारको जिम्मेवारी त थपियो तर उहाँले समय व्यवस्थापन गर्नुभयो । बिहेलाई सुखद् संयोग मान्दै निलम भन्नुहुन्छ, "श्रीमान् र परिवारको माया, सहयोग र झन् धेरै हौसला पाएँ र सजिलो भयो । मेरो कामप्रति सासु र जेठानीले पनि निकै सहयोग गर्नुभयो ।" अफिस र बाहिरको काम अलि बढी छ, त्यसैले घरको काम गर्नुपर्दैन भन्थे परिवारका सदस्यहरू, त्यसैले उहाँको जीवनमा बिहे, घर वा सानो बच्चा कहिल्यै बाधक बनेन ।

निलमका २७ वर्षिय एक छोरा हुनुहुन्छ । छोरा जन्मिँदा तीन महिना बिदा बस्नुभयो । त्यसपछि परिवारको सहयोगकै कारण उहाँले आफ्नो काम र कार्यालयको कामलाई पहिले जस्तै निरन्तरता दिन थालिहाल्नुभयो । "मैले पनि परिवारका सदस्यहरू सबैलाई गर्नुपर्ने माया, सहयोग र सम्मान गर्थें,

आफूले गरेपछि अरूबाट झन् दोब्बर पाइने रहेछ," निलम भन्नुहुन्छ। छोरा पनि नेपालमै बसेर केही गर्छु भनेर लागिरहेकाले निलम खुसी हुनुहुन्छ। श्रीमान्बाट पाएको साथसहयोगको खुलेर प्रशंसा गर्ने निलम भन्नुहुन्छ, "उहाँको साथ सहयोग नभएको भए, आज म यो ठाउँमा हुने थिइनँ।"

कार्यालयमा बढुवा हुँदै जाँदा काम मात्रै गरेर पुग्दैन थियो, विभिन्न ठाउँमा बोल्नुपर्थ्यो, भाषण गर्नुपर्थ्यो। आफूलाई ठूलो समुह (मास) मा बोल्न डर लाग्ने कुरा श्रीमान्सँग बताउनुभयो, त्यसपछि श्रीमान्ले 'भाषण कला' सिकाएको निलम बिर्सिनुहुन्न। निलमलाई लाग्छ, हरेक महिलाको सफलताको पछाडि पुरूषको हात हुन्छ भने पुरूषको सफलताको पछाडि महिलाको। गोरखापत्र संस्थानमा जागिरे निलमका श्रीमान् पूर्णरत्न बज्राचार्य पनि सेवा निवृत्त भएपछि दुवै मिलेर 'सिर्जना कलेज अफ फाइन आर्ट' भन्ने कलेज चलाउनु भएको छ। झन्डै छ सय विद्यार्थी रहेको कलेजमा चित्रकला, सङ्गीत, नृत्य लगायतका विषय पढाइ हुन्छ। निलम आफ्नो उद्यमसँगै कलेजतिर पनि समय दिनुहुन्छ भने उहाँको श्रीमान् अझ बढी समय दिएर कलेज अघि बढिरहेको छ।

**उद्यम र उद्यमीसँगको सम्बन्ध**

घरेलु तथा साना उद्योग विकास समितिको कामै उद्यमी बनाउने हो। निलमले त्यो बेला उद्यम विकास तालिम र सीप विकास सम्बन्धी तालिम दिनुहुन्थ्यो। त्यसका लागि उहाँ त्यतिबेलाको ७५ वटै जिल्ला पुग्नु भएको छ। त्यसका साथै उद्यमी भइसकेकाहरूको सामानको बजारीकरणका लागि पनि सहयोग गर्नुहुन्थ्यो।

साथै यस कार्यालयले विभिन्न ठाउँमा उद्यमीहरूले उत्पादन गरेका सामानहरूको प्रदर्शनी पनि आयोजना गर्थ्यो। २०४२/०४३ सालतिर प्रदर्शनी सुरू गरिएको हो। त्यतिबेला ५/७ जना उद्यमी जुटाउन पनि मुस्किल पर्थ्यो। एउटा सानो कोठाबाट ७५ वटै जिल्लाका उद्यमीका

उत्पादन राख्नुपर्ने अवस्था पनि थियो तर प्रदर्शनीलाई अभियानको रूपमा निरन्तरता दिँदै जाँदा भृकुटीमण्डपजस्ता ठुला ठाउँमा प्रदर्शनी हुन थाल्यो । प्रदर्शनीलाई यसरी व्यापक बनाउने निलमले २७ वर्षसम्म संयोजक भएर काम गर्नुभयो । त्यसैले निलमलाई हिजोआज प्रदर्शनी भन्ने बित्तिकै आफ्नै पर्यायवाची जस्तो लाग्छ ।

## फोहोरबाट सजाउने सामान

हजारौँलाई उद्यमी बन्न र बनाउन सहयोग गर्नुभएकी निलम आफैँ सीप र सिर्जनाले धनी  हुनुहुन्छ । त्यही भएर सेवा निवृत्त भएपछि 'बुद्ध ह्यान्डिक्राफ्ट' भनेर आफ्नै उद्योग दर्ता गर्नुभयो र केही दिनबाटै काम पनि थाल्नुभयो । अरूले गरेको भन्दा केही फरक र नयाँ काम गर्नुपर्छ भन्ने निलमले फोहोरमैलाको पनि व्यवस्थापन हुने गरी फोहोरबाट सामानहरू उत्पादन गर्न थाल्नुभयो । सुरूमा आफ्नै घरमा भएका पुराना कपडा बटुलेर त्यसबाट सानादेखि ठूलासम्म  सजावटका सामग्री बनाउनु भयो । ती सजावटका सामग्रीले उहाँ घर र कोठा पनि सजिएका छन् भने बिक्री गरेर आम्दानी पनि गर्नुहुन्छ । कच्चा पदार्थका लागि धेरै खर्च नलाग्ने र घरको फोहोर पनि व्यवस्थापन हुने भएकाले निलमको यो काम हरेक घर र व्यक्ति सबैले सिक्नुपर्ने देखिन्छ । घरबाट निस्केको पुराना कपडाबाट फूल राख्ने फूलदानी तथा ढक्कीहरू बनाउने, कपडाका पनि विभिन्न डिजाइनहरू गर्ने तथा सिकाउने पनि गर्दै आउनु भएको छ ।

## स्वतन्त्रताको अभ्यास

आजभन्दा करिब ४५/५० वर्ष अघि, जति बेला उहाँ बाल्यकालमा हुनुहुन्थ्यो, त्यो समयमा एक त छोरीहरूले पनि पढ्नुपर्छ भन्ने थिएन र स्कूल जानै पाउँदैनथे । पढ्न जान पाइहाले पनि आफूले भनेको नयाँनयाँ विषय पढ्न पाईंदैनथ्यो । स्कुल जानेहरूले पनि एसएलसीसम्म पढेपछि परिवारले बिहे गरेर पठाइदिने चलन थियो । तर यी सबै निलमको जीवनमा लागू भएन । केही अप्ठ्यारा त निलमलाई पनि नपरेको होइन

तर अठोट लिएर आफ्नै पहलमा पुरा गर्न सक्नुभयो । निलमलाई लाग्छ, आफ्नो समयका अन्य महिलाभन्दा अलि भिन्न र स्वतन्त्रताको अभ्यास आफूले गर्न पाएको रहेछु ।

**पिपलको पातको कला प्रदर्शनी**

यो २०३६ सालको कुरा हो । नेपाल भारत साँस्कृतिक केन्द्रमा पहिलो पटक आफ्नो एकल एकल चित्रकला प्रदर्शनी गर्नुभएको थियो । त्यो पहिलो प्रदर्शनीको कथा निलमले धेरै ठाउँमा सुनाउनु भएको छ । जसबाट धेरै दिदीबहिनी प्रोत्साहित हुन्छन् । उहाँले आफ्नो कला प्रदर्शनी पिपलको पातमा गरेको कलाबाट सुरू गर्नुभयो, उहाँ स्मरण गर्नुहुन्छ, “एक झोला पिपलको पात बटुलेर ल्याएँ । त्यसलाई कुहाएपछि जाली मात्रै बाँकी रहन्छ । ती जालीमा थोरै केमिकल प्रयोग गरेर त्यसमा बुद्धको चित्रहरू बनाएँ र प्रदर्शनी गरेँ ।” काठमाडौँमा गरेको त्यो प्रदर्शनीमा राखिएका सबै चित्रहरू एकदुई दिनमै बिक्री भएको निलम बताउनुहुन्छ । त्यसपछि २०३८ सालमा अर्को प्रदर्शनी भयो भने २०३९ सालमा तीन जना महिला मिलेर गरिएको प्रदर्शनी पनि उहाँको स्मरणयोग्य मध्येको प्रदर्शनी हो ।

मनमा कयौं रह, चाहना र सपनाहरू हुँदाहुँदै पनि केही गर्न नपाएका महिलाहरूलाई निलमको सुझाव छ, “काम गर्नलाई कहिले पनि ढिला हुँदैन, उमेरले फरक पार्दैन, स्वास्थ्यले साथ दिएसम्म जुन उमेरमा जे काम सुरू गरे पनि हुन्छ । मेरो लक्ष्य यो पनि हो, घरमा बसेका महिला र लुकेका सीपलाई बाहिर ल्याउनु हो ।” उमेरले पाको भइसकेर पनि निलमबाट तालिम लिएका धेरै महिला अहिले ठुलाठूला उद्यमी बनेको उहाँ गर्वका साथ भन्नुहुन्छ ।

जो कोही महिलासँग पनि कुनै न कुनै सिप हुन्छ, आफैसँग भएको सिपलाई थोरै मेहनत गरेर व्यावसायिक बनाउन उहाँको आग्रह छ । अहिलेका युवा विशेष गरी युवा महिलाहरूलाई पनि निलमको आग्रह छ, “तपाईंहरू काम

छैन भनेर विदेश जानुपर्दैन, नेपालमा पाइलै पिच्छे काम र अवसर छ। तर मेहनत गर्नुपर्छ। नयाँ तरिकाले काम गर्नुपर्छ।”

कलाकार तथा ‘प्रोटक्ट डिजाइनर’ को रूपमा आफूलाई चिनाउने निलम २०७८ सालमा बागमती प्रदेशको नीति तथा योजना आयोगको सदस्य हुनुभएको थियो। विभिन्न अध्ययन तथा तालिमका लागि उहाँ जापान, दक्षिण कोरिया, श्रीलङ्का, चिन, बङ्गलादेश, पाकिस्तान, भुटान, मलेसिया, सिङ्गापुर लगायत डेढ दर्जनभन्दा बढी देश पुगिसक्नु भएको छ। जर्मनीबाट त उहाँले ‘प्रोडक्ट डिजाइन’ को १५ महिने कोर्ष नै पुरा गर्नुभएको छ। स्कुल र कलेज हुँदादेखि नै आफ्नो विभिन्न प्रतिभाबाट पुरस्कृत हुँदै आउनुभएकी निलमले आफ्नो कार्यालयको काम र चित्रकलाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका पुरस्कार र सम्मान पनि प्राप्त गरिसक्नु भएको छ।

●



पर्वतारोहण, हिमाली जीवन र पर्यटनका क्षेत्रमा एउटा स्थापित नाम भैसकेको छ, लाक्पा फुटी शेर्पा । यहाँसम्म आउन उहाँले गरेको सङ्घर्ष जोसुकैका लागि प्रेरणादायी छ, अझ महिलाहरूका लागि त अनुकरणीय छ ।

# पर्वतारोही लाक्पा फुटी शेर्पा



● माया भण्डारी

लाक्पाको कथा एउटा गरिब नेपाली ग्रामिण जनजाती परिवारमा जन्मेकी छोरीको कथा हो । हाम्रो समाजमा छोरीमान्छेले आफ्नो स्वतन्त्र व्यक्तित्वका साथ बाँच्नका लागि ब्यहोर्नु परेका घटनाहरूको विवरण हो । कैयौं महान् व्यक्तिहरू कुनै एउटा घटनामा ठुलो वीरता वा विवेक देखाएर नामी भएका छन्, कतिले जीवनभर कुनै खास क्षेत्रमा साधना गरेका छन् र सफलता पाएका छन् । तिनीहरूबाट समाजले ठूल्ठाला उपलब्धी पाएको छ । त्यस्तै कैयन् मानिसहरू मानवीय मर्यादाका साथ बाँच्नका लागि सङ्घर्ष गरेका छन्, व्यक्तिले आफ्नो जीवनलाई बदल्न सक्छ भन्ने उदाहरण पेश गरेर समाजका अरू लाखौंलाई प्रेरित गरेका छन् । लाक्पा फुटी शेर्पा मर्यादापूर्ण जीवनको लागि सधैं सङ्घर्षरत रहेर दुनियाँसामु उदाहरण बनेको त्यस्तै व्यक्तित्व हो ।

जीवनका उकाली ओरालीहरूले लाक्पा फुटी शेर्पालाई बाँच्ने आफ्नै कला सिकाएका छन् । स्वदेश र विदेशका धेरै ठाउँहरूको भ्रमण, धेरै मानिसहरूसँग चिनजान र अन्तरक्रियाले उहाँलाई धेरै कुरा सिकाएका छन् । एउटा पछौटे हिमाली गरिब कृषक परिवार, त्यस परिवारमा जन्मेकी छोरीमान्छेका दुःखदेखि स्वीट्जरल्याण्डमा स्की खेलाडीका रोमाञ्चक तथा साहसिक अनुभवहरूले मानिसलाई जस्तो बनाउन सक्थ्यो, फुटी त्यस्तै बन्नुभयो । मिजासिली, हिम्मतिली, उदार, सहिष्णु, गम्भीर र फरासिली महिलाका रूपमा उहाँलाई चिन्न सकिन्छ । जीवनका विविध आयाम हेर्दा उहाँलाई विभिन्नरूपमा बुझ्न सकिन्छ- सानैदेखि सङ्घर्षपूर्ण जीवन बाँचेको एकजना महिलाका रूपमा, एकजना गरिब नेपालीले देखेका सपना, भोगेका सुख दुःख र आफ्नो मुलुकप्रति अटुट समर्पणको कथाका रूपमा, शेर्पा जातिमा जन्मेकी एकजना महिलाले हिँडेको जीवनको लामो र प्रेरणादायी यात्राको सन्देशका रुपमा । उतार चढावका ती अनुभवले उहाँले एउटा संस्कार बनाउनुभएको छ । उहाँ भन्नुहुन्छ, 'म हरेक बिहान

उठेर विश्वमा शान्ति होस्, प्राकृतिक विपत्ति कसैले भोग्न नपरोस्, आफ्नो जीवन नेपाल आमाको समृद्धिको लागि काम लागोस् भनेर धर्तीलाइ प्रणाम गर्छु र दिन चर्या शुरू गर्छु ।'

## अभाव र संघर्ष

२०२० सालतिरको नेपाली समाज । काठमाडौं वा त्यस्तै नगर वा नगरउन्मुख बस्तीहरूमा, औँलामा गन्न सकिने हुने खाने परिवारका पुरुषहरूमा दुनियाँमा भएका परिवर्तनको सन्देश पुग्न थालेको थियो । तर ग्रामीण बस्तीहरू त्यसमध्ये पनि हिमाली बस्तीहरू, गरिब किसान परिवार र छोरी मान्छेका लागि हाम्रो समाज मध्य युगमै थियो । त्यहि समयमा, सन् १९६४ फरवरी ५ तदनुसार २०२० माघ २२ मा लाक्पा फुटी शेर्पा सोलुखुम्बुको मुशे गाउँमा जन्मिनुभयो । आमा दावा ल्हामु र बुबा फुर्वा ग्याल्जेनको ७ सन्तानमध्ये जेठी छोरी हुनुहुन्छ उहाँ । दिनरात श्रम गरेर पनि जीवन चलाउन गाह्रो हुने आम ग्रामीण परिवारजस्तै गरिब थियो लाक्पाको । जन्मका हिसाबले त उहाँको भाईबहिनीहरू ९ जना थिए, तर दुई जना सानैमा बितेका थिए । खुट्टाले टेकेर ठमठम हिँड्न सक्ने भएपछि आमाको पछि लागेर घरधन्दा सिक्दै जानु सबैजसो बालिकाको कर्म मानिन्छ, लाक्पाको पनि हुर्काई त्यस्तै थियो । अझ सबैभन्दा जेठी सन्तान भएको हुँदा भाईबहिनीको धरालो पनि उहाँकै हुने भयो । अलिअलि जान्ने भएपछि उहाँ गाईवस्तु चराउन, घाँसदाउरा खोज्न जङ्गल जान थाल्नु, गोठको गोबरसोत्तर सोहोर्नु, सबै बालिका झैँ घरमा खाना बनाउनु अर्थात हाम्रो समाजको छोरीमान्छे बन्ने प्रक्रियामा लाग्नुभयो ।

सोलुको समाज मध्य युगीन अन्धकारमा थियो । गरिबी थियो, खान पुग्दैनथ्यो । त्यस भेकमा नूनको आपूर्ति तिब्बतबाट हुन्थ्यो । आयोडिनको कमिको कारणले धेरै जनामा सानो वा ठूलो गलगाँड हुन्थ्यो । दादुराको प्रकोप पनि उस्तै थियो, धेरैको अनुहारमा छ्याके दाग देखिन्थ्यो । त्यहाँका पुरुषहरू पर्यटकको भारी बोक्न जाने र केही पारिश्रमिक ल्याउने चलन शुरु भएको थियो । लाक्पाका बुबा पनि बेलाबखत काम पाउँदा भारी बोक्न

जान्थे । त्यसरी घर बाहिर जाँदा कैयन् हप्ता समेत लाग्थ्यो । खासगरी एडमन्ड हिलारी र तेन्जीङ् शेर्पाले सगरमाथा आरोहण गरेको समाचार संसारभरी फैलिएपछि यो हिमाली जिल्लाको लुक्लामा पश्चिमी देशका पर्यटकहरू आउन थालेका थिए । पर्यटकको एउटा समूह आउँदा तिनका सामान बोक्नेहरू धेरै हुन्थे । यसरी लुक्लामा बाहिरका मानिसहरूको ओइरो लाग्न थालेको थियो । लुक्ला नजिकैको भएको हुँदा मुशे गाउँमा विदेशी पर्यटकहरूको ओहोरदोहोर भैरहन्थ्यो । सबैभन्दा ठूलो कुरा त के थियो भने त्यसरी आउने मानिसहरू अनौठा थिए । गोरो छाला ! खैरो कपाल ! अग्लो शरीर ! खानेकुरा पनि कस्ता कस्ता ! कति राम्रा कपडा ! कति सुकिला मानिस ! अर्कै भाषामा बोल्ने ! साँच्चैका अनौठा ! अरू केटाकेटीले झैँ लाक्पाको बालापन बाटोको डिल वा अलिपरको ढिस्कोमा च्यातिएर, टालिएर, मैलिएर थाङ्ना भएका कपडा लगाएर लिखा–जुम्रा कन्याउँदै ती रहस्यमय पर्यटकहरूलाई हेरेरै हुर्किँदै थियो । वर्षमा बढीमा दुई पटक एकै खालका कपडा फेर्ने लाक्पाहरूले पर्यटकका कपडा देखेरै लामोलामो सास फेर्थे । त्यसमाथि महिला पर्यटकहरू उनीहरूका लागि झन् ठूला रहस्य हुने नै भए ।

पर्यटकहरूसँग इसारामा कुरा गर्नु पर्थ्यो । लाक्पालाई क्यामरा हेर्न मन पर्थ्यो । कतिले उदारतापूर्वक देखाउँथे भने कतिले गाली गर्थे, कतिले माया गर्थे । उनीहरूलाई छुन वा मुसार्न पाउँदा लाक्पालाई औधी खुसी हुन्थ्यो । उनीहरूको गोरो छालाले उहाँलाई आकर्षित गर्थ्यो नै एकप्रकारको डाहा पनि लाग्थ्यो । आफ्नो छाला पनि त्यस्तै सेतो नभएकोमा दुःख लाग्थ्यो । उनीहरू हाँस्दै, हातमालो गर्दै, गफिँदै हिँडेको कुराले लाक्पालाई कम्ति लोभ्याउँदैनथ्यो । अझ अनौठो त कतिबेला हुन्थ्यो भने बिहे गरेका जोडीहरूले समेत कैयन् वर्षसम्म अरूले देख्नेगरी बोलाचाल गर्न नसक्ने मुशे गाउँमा यी पर्यटकहरूमध्ये कतिजनाले त सबैले देख्ने गरी बाटैमा चुम्बनसमेत गर्थे । सबैभन्दा महत्वपूर्ण कुरा के थियो भने उनीहरू निस्फिक्री र खुसी देखिन्थे । यस्ता हरेक घटनाले लाक्पाको आश्चर्यलाई बढाउँदै र मोहित पार्दै लगे । तिनले जन्माएका भावनाहरूले तान्दै,

डोऱ्याउँदै लाक्पालाई मुशे गाउँमा घिस्रिरहेको दैनिकीबाट बाहिर धकेल्न थाले । उहाँले मुशे गाउँ बाहिरका अनेक कल्पना गर्न थाल्नुभयो, उतै जान, ती ठाउँहरू देख्न मन लाग्दै गयो ।

यसैबीच उहाँ बाह्रतेह्र वर्षकी हुँदा बुबा पर्यटकहरूको गाइड बनेर श्याङ्बोचे जाने कुरा चल्यो । लाक्पा आफू पनि जानका लागि बुबालाई भन्नुभयो । बुबाले नजान सम्झाए पनि उहाँले मान्नुभएन । यो यात्रा सात दिनको थियो । भरियाको रूपमा त्यति लामो यात्रा पूरा गरेपछि लाक्पाको आत्मविश्वास बढ्यो । त्यसको केही महिनामै उहाँकै उमेरको साथीले लाक्पालाई १५ दिनको अर्को यात्रामा जानका लागि कुरा गरे । के चाहिन्थ्यो लाक्पालाई, हिँड्नुभयो । यो यात्रामा उहाँ बुबासँग जाँदाभन्दा स्वतन्त्र हुनुहुन्थ्यो । यस यात्राका क्रममा उहाँले पुरुष भरियाहरूले कसरी महिलाहरूलाई हेप्छन्, ठग्छन् भन्ने कुरा बुझ्नुभयो । पर्यटकहरूको आनीबानीबारे धेरै कुरा थाहा पाउनुभयो, अझ बढी दुःख खेप्नुभयो । यात्राका रमाइला नरमाइला अझ धेरै थाहा पाउनुभयो । यात्राको अन्त्यमा ज्यालामा केही पैसा र उपहारका रुपमा केही कपडा प्राप्त गर्नुभयो । कैयन् नयाँ भरिया साथीहरूसँग चिनजान गर्नुभयो । थाहै नपाइकन उहाँले आफूलाई आफ्नो खुट्टामा उभ्याउन थाल्नुभयो । अब त उहाँका लागि जीवनमा गर्न नसकिने कुनै काम छैन, जस्तो सुकै गाह्रो काम पनि गर्न सकिन्छ जस्तो लाग्न थाल्यो ।

## मुशेदेखि काठमाडौंको यात्रा

उहाँलाई बुबाले गाउँ नजिकको विद्यालयमा भर्ना गरिदिनु भएको थियो । पढाइएको कुरा चाँडो टिप्नुहुन्थ्यो तर पढाईको वातावरण नै थिएन । मकै र आलुको बाजी राखेर तास खेल्थे केटाकेटीहरू । लाक्पा चलाख भएकोले तासको जुटपत्ति खेलमा अरु धेरै केटाहरूलाई हराउँनुहुन्थ्यो । केटी स्कूल जान थालेपछि 'पोइला' जान्छन् भन्ने चर्चा हुन्थ्यो गाउँमा । त्यसैले स्कूल भर्ना भएको ३/४ महिनादेखि नै आमाले पढाई छोड्नु पर्ने कुरा गर्न थाल्नु भएको थियो । जेनतेन लाक्पाले पढ्नुभयो । यसैबीच १५ वर्षकी हुँदानहुँदा

उहाँको बिहेको कुरा शुरु भयो । बिहे गरेपछि गाउँघरमा सडिन्छ भन्ने कुरा लाक्पाको दिमागमा बेस्सरी बसेको थियो । त्यसैले विवाहबाट मुक्त हुने अनेक उपाय सोच्न थाल्नुभयो । अन्त्यतः घरबाट भागेर एकजना आफन्तको साथ लागेर उहाँ काठमाडौं जाने निधो गर्नुभयो ।

मानिसको जीवनमा परिवर्तन तब मात्रै शुरु हुन्छ जब उसले यथास्थितिका तगाराहरूलाइ नाघ्ने आँट गर्दछ । रैथाने समाजका संस्कार र रितिरिवाजले बाँधेर राखेर खुट्टाका बन्धन चुँडाउने साहसी कदम थियो लाक्पाको काठमाडौं यात्रा । सानै उमेरमा गाउँमै बिहे गरेर आफ्ना सपनाहरू मर्न नदिने बरु देशविदेश घुम्ने र केही गर्ने ठूलो सङ्कल्पले उठाएको विद्रोही कदम थियो त्यो । मुशेबाट लगातार हिँडेर ११ औं दिन लाक्पा काठमाडौं पुग्नुभयो । काठमाडौं बसाईले उहाँमा शहरी जीवनका बारेमा धेरै कुरा सिकायो । लामै समय काठमाडौं बसेर लाक्पा फेरि गाउँ फर्किनुभयो । अब उहाँ भरिया, भान्से हुँदै र पछि गाइडसमेत बनेर देशका विभिन्न ठाउँहरूमा हिँड्नुभयो । जहाँ गए पनि अनेक अपमान, पीडा र समस्यासँग लड्नै पर्थ्यो । त्यस लडाईंले उहाँलाई अझ दह्रो, पाको बनाइरहेको थियो ।

## सफलताको सिँढी

औपचारिक शिक्षाका नाममा सोलुखुम्बुको गाउँको स्कूलमा प्राथमिक कक्षाहरू हाजिर हुनुभएकी, गरिबी र अभावका बीच हुर्केकी लाक्पा युरोप पुग्नुभयो र त्यहीं बिहे पनि गर्नुभयो । ३/४ वर्षमै स्वीट्जरल्याण्ड, फ्रान्स, इटालीलगायत युरोपेली मुलुकमा स्की खेलेर नाम कमाउनुभयो । फ्रान्सको 'मोण्ट ब्लँ' को चुचुरोमा स्की खेल्ने पहिलो नेपाली महिला बन्नुभयो । हिमाल आरोहणका कथा, चर्चा, दन्त्यकथा, तयारी, समाचार र आरोहीहरूका वीरताका गाथा सुन्दै र उनीहरूको पछिपछि भरिया, भान्से र गाइड बनेर हुर्केकी लाक्पा पहिलो सगरमाथा आरोही नेपाली महिला पासाङ् ल्हामु शेर्पाको समूहमा सगरमाथा चढ्न जाने ३ जनामध्ये एक हुनुहुन्थ्यो । पासाङ् त्यसको टोली नेता हुनुहुन्थ्यो भने अन्य दुई जनामा लाक्पा फुटी र नन्दा राई थिए । लाक्पा फुटी उपनेता हुनुहुन्थ्यो । हिमाल

आरोहण एकै पटक गर्न सकिन्न । लेक लाग्ने कारणले गर्दा माथि चढ्दै र तल ओर्लिंदै, फेरि माथि चढ्दै आफुलाई अभ्यस्त बनाउँदै जानुपर्छ । पासाङ् ल्हामुको नेतृत्वमा ३ जना महिलाको यो समूह तेश्रो शिविरसम्म पुग्दै दोश्रो शिविरमा फर्किंदै गरिरहेको थियो । दोश्रो शिविरमा नन्दा राई अचानक बिरामी हुनुभयो । र, लाक्पा फुटीले उहाँलाई आधार शिविरमा ल्याउनु पर्ने भयो । यसैबीच पासाङ् ल्हामु र अरु शेर्पाहरू सगरमाथा चुचुरो आरोहण गर्न अगाडि बढ्नुभयो । पासाङ् सगरमाथाको चुचुरोमा पुग्नुभयो तर मौसम नराम्ररी बिग्रँदै गयो । उहाँको अक्सिजन सकियो । त्यसै क्रममा उहाँको मृत्यु भयो । यस घटनालाई लाक्पा फुटीले यसरी स्मरण गर्नुहुन्छ, 'हामी सँगै गएको भए या त दुबैजना बाँच्थ्यौँ या म पनि उहाँको अनन्त यात्रामा सरिक हुन्थेँ, कहिल्यै नफर्किने गरी' । सगरमाथाको ८ हजार मिटरसम्म पुग्नुभएकी लाक्पा त्यसभन्दा अगाडि नै नेपालका मीरा लेक, अम्फु लाप्चा, आइल्याण्ड लेक र गोक्यो लेकजस्ता हिमालहरूको आरोहण गरिसक्नुभएको थियो ।

लाक्पाले युरोपका एक से एक नामी व्यक्तिहरू स्कीका लागि जाने स्वीट्जरल्याण्डमा पुग्नुभयो । शेर्पा र नेपालीबाहेक फ्रेञ्च, अङ्ग्रेजी, तिब्बती, हिन्दी भाषामा पनि उहाँको दख्खल छ । भाषा सिक्ने उहाँको क्षमता बेजोड छ । उहाँले स्वीट्जरल्याण्डमा स्की खेल्न सिक्दै गर्दाका ८ महिनामै अङ्ग्रेजी र फ्रेञ्च भाषा सिकिसक्नुभएको थियो । नेदरल्याण्डको वैगनिनगेन विश्व विद्यालयअन्तरगत माश्ट्रिच कलेजबाट 'सस्टेनेवल टुरिज्म एण्ड मार्केट लिङ्केज' विषयको अध्ययन गर्नुभयो । यो पनि कम्तिको महत्वपूर्ण कुरा थिएन । संयुक्त राज्य अमेरिका, फ्रान्स, इटाली, नेदरल्याण्ड, चीन, भारत, स्वीट्जरल्याण्ड, जापान, सिंगापुर, भारत, अष्ट्रेलिया, बेल्जियम आदि मुलुकहरूको भ्रमण गरेकी लाक्पा भ्रमणले मानिसलाई उदार, फराकिलो, सहनशीलजस्ता गुणहरूबाट ओतप्रोत गर्छ भन्ने ठान्नुहुन्छ ।

केही दिन नेपाल बसेर नेपालको बारेमा किताब लेख्ने विदेशीहरूलाई देखेपछि लाक्पा फुटीका मनमा 'केहि दिन नेपालमा बसेर हाम्राबारेमा

किताब लेख्न सकिन्छ भने हामीले आफ्नै जीवनका भोगाइहरूका बारेमा किन केही लेख्न सकिन्न ? हाम्रो देशका बारेमा अरुले लेखेको चर्चा हुने तर हामीले नलेख्ने किन होला ?' जस्ता प्रश्न उठिरहन्थे । युरोपका विभिन्न ठाउँमा जाँदा र उहाँको जीवन कथा सुन्नेहरूले उहाँका बारेमा किताब लेख्नेसमेत इच्छा व्यक्त गर्थे । वास्तवमा उहाँलाई लाग्थ्यो 'मैले भोगेको जीवन, गरेको संघर्ष र काम, मेरो भाषा र जात, मेरो भूमि, मेरो आफ्नै हिमाल र राष्ट्रका बारेमा हृदयको पिँधबाट म आफैंले भन्दा कसले राम्रो लेख्न सक्ला ?' वास्तवमा लाक्पा फुटी जहाँबाट आउनुभयो र जति सङ्घर्ष गर्नुभयो त्यो सबै नयाँ आउने पिँढीले पनि बुझोस् भन्ने उहाँलाई हुटहुटी लागिरहन्थ्यो । सबैजसो पर्यटकहरूले आफ्नो दैनिकी लेख्ने गरेको देखेरै हुर्केकी फुटीले पनि दैनिकी लेख्ने गर्नुभएको थियो । शिक्षाका बारेमा उहाँको भनाई छ, 'औपचारिक शिक्षामा वर्षको एकपटक परीक्षा हुन्छ, तर व्यवहारिक जीवनमा हामीले क्षणक्षणमै परीक्षा दिईरहनु पर्छ' । हाम्रोजस्तो समाजमा जीवनको एउटा असाध्यै उर्जाशील समय अर्काको भरिया भएर बिताएको एउटी किशोरी वा युवतीसँग भन्नका लागि के के कुरा होलान्, सहजै अनुमान गर्न सकिन्छ । आफ्ना कुरा दुनियाँलाई बताउनका लागि उहाँले 'हिमालमा चालीस बर्ष' र 'हिमालकी छोरी' नामक दुइ कृति लेख्नुभएको छ, जुन अंग्रेजी भाषामा समेत प्रकाशित छन् र ती पर्यटन सम्बन्धी पाठचक्रममा समेत समावेश गरिएका छन् । यस्तो लेखनले लाक्पा फुटीलाई शेर्पा जातिकी प्रथम लेखिका र 'हिमालकी छोरी' शेर्पाको पहिलो उपन्यासका रुपमा 'शेर्पा खबर' ले सम्मानित गरेको थियो ।

सानो छँदा आफूले पढ्न नपाएको गहिरो महसुस भएकी लाक्पा आफुले पढ्ने/लेख्ने कुनै पनि अवसर गुमाउन चाहानु हुन्न । जे गरे पनि उहाँका लागि पर्वतीय वा हिमाली विषय नै प्राथमिकतामा पर्छ । पत्रपत्रिकामा लेखहरू लेखेर, अन्तरवार्ता दिएर, प्रवचनहरूमा सहभागी भएर उहाँले हिमाल, पहाड र पर्यटनको प्रचारप्रसारमा योगदान गर्नुभएको छ । त्यसैले 'भ्वाइस अफ नेपाल' र 'पासाङ् प्रतिष्ठा'का प्रधान सम्पादक भएर योगदान गर्नुभएको छ ।

## नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानसँगको आवद्धता

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानसँग आवद्ध रहेको समय लाक्पा फुटीका लागि जीवनको एउटा अविस्मरणीय समय हो । नेपाल हिमाल र पहाडका हिसाबले संसारभरी परिचित छ तर पर्वतीय अध्ययनका लागि कुनै विशिष्ट निकाय छैन भन्ने कुरा लाक्पालाई लागिरहन्थ्यो । संयोगवश उहाँ नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको सदस्य मनोनित हुनुभयो । आफ्नो कर्म र परिचयले नै हिमालकी छोरी लाक्पा फुटी पर्वतीय प्रतिष्ठानमा मनोनित भएदेखि नै त्यसको विकासमा सक्रिय हुनुभयो । त्यस प्रतिष्ठानका लागि उच्च माध्यमिक र स्नातक तहको पाठ्यक्रम बनाउने कामदेखि नै सक्रिय रहनुभयो । यस क्रममा पनि कर्मचारीतन्त्र र अरु प्रक्रियागत सरकारी झमेलाले उहाँलाई बेलाबेलामा निराश पार्थ्यो । तर हिमालसम्बन्धी अध्ययनको एकिकृत अध्ययन संस्थाको दीर्घकालीन महत्व उहाँलाई थाहा थियो । त्यसैले उहाँ थाक्नुभएन ।

सन् २००९ मा उहाँ त्यस प्रतिष्ठानको कार्यकारी निर्देशक हुनुभयो । यसै बेला त्यस संस्थाको विकासका लागि उहाँले गरेको काम र उहाँले देखाएको समर्पणका कारणले उहाँलाई दोश्रो कार्यकाल पनि त्यही जिम्मेवारी दिइयो । खासगरी चार वर्षे स्नातक तहको पर्वतीय अध्ययन र साहसिक पर्यटनसम्बन्धी स्नातकोत्तर अध्ययनको लागि आफूले योगदान गर्न पाएको कुरा सम्झेर उहाँ भावुक बन्नुहुन्छ । पर्वतीय अध्ययनको स्नातक अध्ययन संसारमै पहिलो हो । त्यसपछि (२०१९–२०२२) त्यसै प्रतिष्ठानको अध्यक्षका रुपमा उहाँले योगदान गर्नुभएको छ । उहाँ सानै छँदा प्रथम सगरमाथा आरोही एडमन्ड हिलारी स्वयंले लाक्पाको गाउँको विद्यालय बनाउन श्रम गरेको देख्नुभएको थियो । त्यो सम्झनाले उहाँलाई शिक्षाप्रति, अझ पर्वतीय शिक्षाका लागि निरन्तर प्रेरित गरिरहन्छ ।

## सामाजिक कृयाकलाप

सानैदेखि दृढ निश्चयी लाक्पा सामाजिक कर्तव्य र दायित्वप्रति पनि उत्तिकै सचेत हुनुहुन्छ । पत्रपत्रिकामा जेलका कैदी/बन्दीका बच्चाबच्चीहरूले

पढ्न नपाएको कुरा छापिएको पढेपछि उहाँहको मन पोल्न थाल्यो। उहाँ आफै सेन्ट्रल जेलमा पुग्नुभयो र त्यस्ता बालबालिकाको लालन–पालन र शिक्षादिक्षाको परोपकारी काम थाल्नुभयो। त्यसका लागि 'आशा अनाथालय' को स्थापना गर्नुभयो। यो कामले पनि उहाँलाई औधी सन्तोष दिन्छ। महिला पर्वतारोहण सङ्घको अध्यक्ष, बाबुछिरी स्मृति प्रतिष्ठानको सदस्य, ट्रेकिङ् एजेण्टस् एसोसिएशन अफ नेपालको सदस्य, नेपाल शेर्पा सङ्घको सदस्य, पासाङ् ल्हामु प्रतिष्ठानको उपाध्यक्ष, नेपाल उद्योग सङ्घको सदस्यलगायत कैयन् सङ्घ/संस्थामा संलग्न रहेर उहाँले सक्रियतापूर्वक योगदान गर्नुभएको छ।

**अन्त्यमा,**

पर्वतारोहण, हिमाली जीवन र पर्यटनका क्षेत्रमा एउटा स्थापित नाम भैसकेको छ, लाक्पा फुटी शेर्पा। यहाँसम्म आउन उहाँले गरेको सङ्र्ष जोसुकैका लागि प्रेरणादायी छ, अझ महिलाहरूका लागि त अनुकरणीय छ। खासगरी समस्यासँग भाग्ने होइन बरु सामना गर्ने, आफ्नो लक्ष्यमा निरन्तर सक्रिय रहने, हरेक नयाँ कुरा सिक्न सधैं जिज्ञासु रहनेजस्ता गुणहरूले गर्दा लाक्पा फुटीले आफ्नो जीवनमा ठूलो छलाङ् लगाउनुभयो। एक्लै भए पनि सङ्घर्ष गरिरहेपछि जीवन बदल्न सकिन्छ भन्ने कुरा उहाँको मुख्य कुरा हो। उहाँ जन्मेको ठाउँ र समयबाट आज उहाँ जहाँ पुग्नुभएको छ, यो दुरी मध्ययुग र आधुनिक युगजत्तिकै लामो छ। निकै कम महिला सहभागिता रहेको पर्वतारोहण क्षेत्रमा निरन्तर संघर्षका दृढ पाइलाका साहारामा शिखर चुम्न सफल अगुवा महिलाहरूबाट प्रेरणा लिन सकिन्छ। लाक्पाले परिवारबाट, खासगरी बुबाबाट सिकेको महत्वपूर्ण पाठ भनेको, 'कसैको पनि हानि नोक्सानी हुने काम गर्नु हुँदैन' भन्ने थियो। फेरि, बुबा असाध्यै मेहनती, साधारण रहनसहन तथा धार्मिक मनोवृत्तीको भएकोले लाक्पामा उहाँको प्रभाव परेको थियो। उहाँले परिवारबाट ती कुराहरू सिक्नुभयो जसले उहाँलाई बाँच्न र अगाडि बढ्न सिकायो र ती सबै कुरालाई इन्कार गर्नुभयो, जसले उहाँलाई परम्पराको जडतामा बाँच्न सिकाउँथे।

●



सिन्धुपाल्चोक पिस्करकी मसली अर्थात मीरा थामी पञ्चायतकालमा पञ्चेहरूलाई कारबाही गर्ने टोलीको नेता हुनुभएको थियो ।

# गुमनाम तर सङ्घर्षशील मसली अर्थात् मीरा थामी



● रञ्जना श्रेष्ठ

हालको त्रिपुरासुन्दरी गाउँपालिकामा अवस्थित पिस्कर गाउँ सिन्धुपाल्चोक जिल्लालाई चिनाउने एउटा नाम पनि हो । यही गाउँको थामी बस्तीको एक घरमा दुई दिनदेखि एक चौधपन्ध्र वर्षकी किशोरी मसली थामी पेट फुल्ने व्यथाले छटपटाइरहेकी थिइन् । न त खानेकुरा खान्थिन्, न त दिसापिसाब नै हुन्थ्यो । पेट फुलेको दुखाइले छटपटिन्थिन् मात्र । उनको यो अवस्थादेखि परिवार सबै चिन्तित थिए । के गर्ने कसो गर्ने उपाय सुझिरहेको थिएन । फेरि यस्तै बिमारीले केही दिन पहिले गाउँमा मृत्यु समेत भएको थियो । उसो त गाउँमा उ बेला कोही पनि बिमार भएमा औषधी गर्ने चलन नै कहाँ थियो र ? स्वास्थ्य चौकी र औषधी पसल पनि त नजिक थिएन । धामी झाँक्रीकै भर थियो ।

यही समयमा केही दिनदेखि त्यस घरमा एकजना पाहुना आएर बसेका थिए । ती पाहुनासँग घरकी आमाले आफ्नी छोरीको समस्या बताइन् । ती पाहुनासँग पनि तत्काल गर्न सक्ने कुनै जादु त थिएन, तर वचन दिए । साँझ घर फर्कंदा औषधी बोकेर फर्के र खान दिनु भनेर बिरामीकी आमालाई अह्राए । तर खुवाउनु भनेर दिएको औषधी घरको पछाडि खुर्सानीको झ्याङमा पो भेटियो । त्यसपछि पाहुनाले अलि आदेशात्मक स्वरमा भने औषधी नखुवाउने हो भने मर्छिन् । त्यसपछि औषधी खुवाइयो । घरमा सुत्ने स्थान नभएकाले पाहुना सुत्नका लागि घरको अलि माथि ओढार थियो, त्यहाँ जान्थे । भोलिपल्ट ती पाहुना भएका ठाउँमा उक्त घरकी आमा आइन् र गाली गर्न थालिन् । के के औषधी खुवाएर मेरी छोरीलाई झनै गारो भयो, मेरी छोरीलाई मार्ने औषधी दियौ भन्न थालिन् । अनि ती पाहुना पनि निकै डराए र आमाको पछि पछि घर पुगे । घरमा पुग्दा मसली अरू सकसका साथ छटपटाइरहेकी थिइन् र रगतमासी सहितको दिसा गरी त्यही रगत र दिसाले लतपतिइरहेकी थिइन् । पाहुना पनि डराए अब मलाई यो गाउँमा नराख्ने भए भन्ने भयो ।

परिवारहरू पनि निकै आत्तिए । एकछिन छटपटाउँदै रगत र दिसा गरेपछि मसलीले आफूलाई सहज अनुभव भएको भन्दै अब घाँस काट्न जान सक्ने बताइन् । त्यसपछि बल्ल पाहुनाले पनि सञ्चोको सास फेरे । घरका परिवारको अनुहारमा पनि खुसी देखियो ।

यस घटनापछि पाहुनाको कुरोमा विश्वास नगर्ने मसली विश्वास मात्र गर्न थालिनन् कि अबको जीवन पार्टी र देशको निम्ति दिने प्रण समेत गरिन् । आफूले पाएको नयाँ जीवन पार्टीका लागि समर्पित गर्ने वचनबद्धता पाहुना समक्ष व्यक्त गरिन् । तीनै मसली थामी पछिल्लो समय पिस्कर मात्र होइन, थामी समुदाय र देशकै नेता बनेर निस्किइन् र सङ्घर्षशील नेता मीरा थामी भनेर चिनिइन् ।

## राजनीतिक सङ्घर्षको 'भट्टी' बाट खारिएकी मीरा

२०२० साल चैत्र २२ गते बुबा धनबहादुर थामी र आमा चिनीमाया थामीको कोखबाट दुई भाइहरू जगतबहादुर र मिनबहादुर सहित पिस्करको गरिब परिवारमा मीराको जन्म भएको हो । उहाँको घरमा आफ्नो बारीको उब्जनीले मुस्किलले ६ महिना खान पुग्थ्यो । गाउँमा खेती किसानीमा बुबा आमालाई सघाउँदै र दुःखसँग हातेमालो गर्दै उहाँको बाल्यकाल बित्यो । जब बिरामीपछिको नयाँ जीवन पाउनुभयो त्यसपछि दुःखको कारण यही सामान्तवादी शोषण हो भन्ने लाग्यो र निरंकुश पञ्चायती व्यवस्थाको विरूद्ध भइरहेको आन्दोलनमा आफूलाई दरोसँग उभ्याउनुभयो । आफूहरूमाथि भएको शोषण उत्पीडन र कम्युनिष्ट पार्टीका सङ्गठकहरूको व्यवहारबाट प्रभावित भएर उहाँ कम्युनिष्ट पार्टीमा भर्ती हुनुभयो ।

२०३४ साल पुसमा उहाँ तत्कालीन 'अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेसन केन्द्र' को सम्पर्कमा आउनुभयो । २०३५ साल वैशाखबाट पूर्णकालीन कार्यकर्ता हुनुभयो र मसली थामीका नाममा वारेन्ट जारी भएपछि पार्टीले उहाँको नाम मीरा राखिदियो र त्यसयता मीरा थामी भनेर चिनिनुभयो । पछि नागरिकता पनि उहाँले यही नाम राखेर बनाउनुभयो ।

हुन त यसअघि पनि उहाँको घरपरिवारमा राजनीतिक गफ हुन्थ्यो । उहाँका दाजु जगतबहादुर पार्टीमा सामेल भइसक्नुभएको थियो । जगतबहादुर उहाँको घरमा बस्ने पाहुना माधव पौडेलको सम्पर्क व्यक्ति हुनुहुन्थ्यो । माधव पौडेल सिन्धुपाल्चोकमा पार्टी सङ्गठन विस्तार गर्न र पञ्चायती व्यवस्थाको विरोधमा जनतालाई जागरूक गरी गोलबद्ध गर्न पार्टीले खटाएर त्यहाँ जानुभएको थियो । घरमा राजनीतिक गफ हुँदा मीरालाई विश्वास लाग्दैनथ्यो । शोषक सामन्तका कारण गाउँका सोझासीधा मानिस गरिब भएको, सामन्तको लुटेर खाने काम बन्द गर्नुपर्ने जस्ता कुरा हुँदा उहाँलाई यस्तो पनि हुन्छ र ? भन्ने लाग्थ्यो । उहाँ बिरामी हुँदा धामी झाँक्रीमाथि विश्वास गर्नुहुनथ्यो र 'देउता' नै ठूलो भन्ने ठान्नुहुन्थ्यो । तर पछि उहाँ आफैँ सामन्त विरोधी आन्दोलनको नेतृत्व गर्न पुग्नुभयो ।

## 'बत्याहा प्रथा' को मार

२०३५ साल वैशाखमा गाउँमा 'बत्याहा प्रथा' का कारण गरिब किसानहरू त्यसको मारमा परेका थिए । बत्याहा प्रथा अन्तर्गत किसानहरूसँग गाउँको साहुहरू (जोसँग प्रशस्त जग्गाजमिन र गाईवस्तु हुन्थ्यो) ले अन्न (कोदो) को ब्याज लगाउने गर्थे । चैतवैशाख महिनामा गरिब किसानको घरमा खानेकुरा सकिन्थ्यो र त्यतिबेला किसानहरू साहुसँग चार पाथी कोदो लिन्थे । फेरि अन्न फल्ने समय अर्थात मङ्सिर पुस महिनामा पाँच पाथी साहुलाई बुझाउँथे । यसबाहेक कोसेली भनेर थुन्से, डोको जस्ता सामानहरू पनि बुझाउनुपर्थ्यो । कुनै समय खडेरी परेर वा रोग लागेर कोदो फल्दैनथ्यो । यस्तो बेला साहुसँग अर्को वर्ष तिर्ने भाखा हुन्थ्यो र अर्को वर्ष थप ब्याज लाग्थ्यो । एवं रितले वर्षहरू बढ्दै जाँदा किसानहरू ब्याजको भारले थिचिँदै जान्थे । भएको थोरै जमिन पनि साहुकोमा बन्धकी राख्न बाध्य हुन्थे । यसरी धेरै किसानहरूको बारी साहुले कब्जा गरेका थिए । यता किसानहरूको घरमा खाने अन्न थिएन उता साहुको भकारीमा टन्नै अन्न थियो । पार्टीले यस्तो किसानमारा बत्याहा प्रथाका विरोधमा भकारी फोर अभियान चलायो । पार्टीको निर्देशनमा किसान गाउँलेहरू

सहित सहभागी भएर तत्कालीन सामन्त देवीजंगको भकारी कब्जा गरियो र किसानलाई बाँडियो । किसानसँग साहुले गरेका तमसुकका कागजपत्र पनि जलाइयो । यसबाट गाउँलेहरू निकै उत्साहित भए । यसको नेतृत्व माधव पौडेलले गर्नुभएको थियो भने मीरा थामी पनि सहभागी हुनुहुन्थ्यो ।

यही साल मङ्सिरमा पार्टीको निर्देशनमा तत्कालीन सामन्त देवीजङ पाण्डेको कुन्यूबाट धान कब्जा गरेर ओढारमा लुकाइएको थियो । उक्त कुरा सामन्तीहरूले थाहा पाए धान फिर्ता गर्न समूह बनाएर आए । यसरी आएकाहरूलाई गाउँलेहरूले रूखमा बाँध्ने, हप्काउने र तर्साउने गरेर पठाए । यसरी गाउँलेहरूले गाउँको सत्ता आफ्नो हातमा लिए । तर त्यसको केही समयपछि उनीहरू ४० जना जति हतियार सहितका प्रहरी लिएर गाउँमा आए । प्रहरीहरूले किसान अगुवालाई पक्रन खोजेपछि करिब तीनसय जना गाउँलेहरूले आफूहरू सबै नेता भएको भन्दै सामुहिक गिरफ्तारी दिए । त्यतिबेला मोटरबाटो थिएन । गाउँलेहरूलाई हिँडाएरै धुस्कुनसम्म लगियो । तीमध्ये छानेर ६ जनालाई जेल हालियो । जसमा मीराका बुबा धनबहादुर र भाइ जगतबहादुर पनि पर्नुभयो । प्रहरी प्रशासनले उहाँको बुबालाई पार्टीको गोप्य कुरा खोल्न धेरै दुःख र यातना दियो । तर धनबहादुरले कुनै कुरा खोल्नु भएन । यस घटनाले मीरालाई झनै विद्रोही बनायो । यसपछि मीरा धुस्कुन, फापरचौर, तौथली, टेकनपुर, चौकटी लगायतका गाउँमा संगठन विस्तारमा थप डटेर लाग्नुभयो । तत्कालीन प्रशासनले यस घटनामा माधव र मीरा सहित ७० जनालाई वारेन्ट जारी गर्‍यो । वारेन्ट जारी गरिएकाहरूलाई खोज्न गाउँमा प्रहरीको टोली आयो । एक महिनासम्म उहाँहरू अन्य वारेन्ट जारी भएका किसान गाउँलेसँगै जङ्गलमा लुक्नुभयो । सबै जना एकएक मुठा परालका भरमा रात बिताउनु हुन्थ्यो । गाउँमा ठूलो दमन भयो । जनताहरू सबै आतङ्कित भए, डराए । यसपछि पार्टी सङ्गठनमा कोही नलाग्ने भए । राजनीतिक कुरा सुन्न कोही तयार भएनन् ।

सुर्तीको साटो मट्टितेल ल्याउने चलन राजनीतिक कुरा कसैले नसुनेपछि माधव-मीराले जनवादी गीत संगीतको सहारा लिनुभयो। जनवादी गीतसंगीतले राजनीति र संगठनको काममा उत्साह थपियो। पिस्कर, धुस्कुन, सुनकोशी, बाह्रबिसे, टौथली, टेकनपुर, लामोसाँघु, मेलम्ची आदि गाउँमा सांस्कृतिक कार्यक्रमहरूमार्फत जनतालाई गोलबद्ध गर्न थाल्नुभयो। जसमा जनवादी गीत सङ्गीतहरू बजाइन्थ्यो, गाइन्थ्यो। 'गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन', 'नउठी भएन नेपालका दिदी र बहिनी हो', 'गाउँ गाउँबाट उठ', 'बसाइ हिँड्नेको ताँतीले' जस्ता गीतहरू गाइन्थ्यो। यस्ता कार्यक्रमहरू जनताले मन पराउन थाले र ६-७ महिनामा जनताहरू फेरि सङ्गठित हुन थाले। त्यतिबेलाका गतिविधिहरू पार्टीको तर्फबाट माधव पौडेलले नेतृत्व गर्नुभएको थियो भने मीरा पार्टीको इलाका सचिव हुनुहुन्थ्यो। यतिबेला त्यस क्षेत्रमा २४ वटा पार्टी कमिटी र लालसेना समेत बनाइएको माधव पौडेल बताउनुहुन्छ। यही कमिटीमार्फत गाउँमा जाँडरक्सी, सुर्ती नखाने अभियान चलाइएको थियो। गाउँमा पढेलेखेका व्यक्ति निकै कम थिए। यही कमिटीमार्फत प्रौढ कक्षा सञ्चालन गरिएको थियो। कहिल्यै औपचारिक शिक्षा लिन नपाएकी मीरा पनि यहीँबाट आफ्नो नाम लेख्न सक्ने हुनुभएको हो। महिलाहरूलाई कपडा बुन्ने घरेलु तालिम पनि दिइयो। पुरुषहरू कामबाट फर्किंदा घरकी श्रीमतीका लागि भन्दै सुर्ती ल्याइदिने चलन थियो। मीराहरूले यसलाई बदलेर सुर्तीको साटो मट्टितेल ल्याउने चलन चलाउनुभयो। यस्ता समाज सुधारका काममा मीराको विशेष रूचि थियो।

२०३६ सालमा बाह्रबिसेको सुनकोशीमा उहाँहरूले तीजको अवसर पारेर एक साङ्गीतिक कार्यक्रम राख्नुभएको थियो। तत्कालीन पञ्चायत पक्षधर ललित भण्डारीले उक्त कार्यक्रम भाड्न खोजेपछि मीरा लगायतका महिलाहरूको समूहले निजलाई थाममा बाँधेर लट्ठी र मुट्कीले कुटेर छाडेका थिए।

टौथली र पिस्कर गाउँबिचको भीरमा भीरमौरीको मह हुन्थ्यो । त्यो मह काढ्न गरिब थामी किसानलाई लगाइन्थ्यो तर खान भने उनीहरूले पाउँदैनथे । यस कामबाट किसानहरू खुसी थिएनन् । एकपटक पार्टीको निर्देशनमा मीरा थामी सहित सहभागी भएर मह काढियो र त्यो साहुको घरमा नलगी रातभरी बोकेर लामसाँघुसम्म ल्याइयो र काठमाडौँको सम्पर्कमा पठाइयो । झलनाथ खनालका साला (श्रीमतीको भाइ) विष्णु चित्रकारले उक्त मह बेचेर क्यासेट प्लेयर किनेर पठाइदिनुभयो । क्यासेट निकै काम लाग्यो । कसैको घरमा वा रेडियो नभएको गाउँमा माधव-मीराले सोही क्यासेटबाट तत्कालीन संसदको भाषण, जनवादी गीतहरू किसानलाई सुनाउनु हुन्थ्यो र मह बेचेर किनेको क्यासेटबाट उहाँहरूले जनता जागृत गर्ने काम गर्नुभयो ।

२०३७ सालमा बाह्रबिसेबाट पार्टीलाई एउटा निवेदन आयो । त्यस क्षेत्रमा दुई जना पुरुषहरूले जनतालाई दुःख दिने र महिलामाथि अभद्र व्यवहार गर्ने गरेको छ भनेर । त्यसउपर कारबाही गर्न मीराको अध्यक्षतामा एउटा स्क्वाड बनाएर पठाइयो र सुनकोशीको स्कुल नजिक २ जनालाई फेला पारेर आक्रमण गर्ने क्रममा एकजना फुत्केर भागे भने एकजनालाई आइन्दा यस्तो क्रियाकलाप नगर्ने सर्तमा खुट्टा भाँचेर छोडियो ।

यसपछि २०३६ साल माघमा क. प्रभात (माधव पौडेल) क. ज्योति (अष्टलक्ष्मी शाक्य) लाई लिएर पिस्कर आउनुभयो । अष्टलक्ष्मी पार्टीको पूर्णकालीन भएपछि पिस्कर उहाँले नै जिम्मा लिनुभयो । उहाँको नेतृत्वमा मीराले काम गर्नुभयो । गाउँगाउँमा संगठन निर्माण गर्दा त्यसैले माधवले पार्टीमा धेरै सहयोग गर्नुभयो । करिब एक वर्ष त्यस क्षेत्र पिस्कर, टेकनपुर, टौथली, चोकटी, राम्चे लगायत गाउँहरूको एउटा क्षेत्र थियो । गाउँगाउँमा सांस्कृतिक टोलीहरू गठन गरियो ।

२०४० साल वैशाखमा सिन्धुपाल्चोकको अनेरास्ववियूको जिल्ला सम्मेलनका लागि केन्द्रबाट अध्यक्ष टंक कार्की, केन्द्रीय सदस्य गौरी प्रधान

सहितको टोली आउँदै थियो । यस सम्मेलनको सुरक्षा र व्यवस्थापनको जिम्मा जिल्ला पार्टीले लिएको थियो । सम्मेलन तयारीका क्रममा प्रहरीले निगरानी गरिरहेको थाहा भयो । पार्टीले सकेजति किसानहरूलाई भेला पाऱ्यो । प्रहरीले कार्यक्रम बिथोल्न खोजेपछि किसानहरूले कडा प्रतिवाद गरे । प्रहरीले गोली चलायो । यस क्रममा लालबहादुर थामी र भुँडे साईंला थामीलाई गोलीको छर्राले लागेर घाइते भए । भोला बोहोरा, सावित्री बोहरा लगायतका विद्यार्थी नेताहरूलाई वारेन्ट जारी गर्‍यो । विद्यार्थी सम्मेलन सफल बनाउने मीराको सक्रिय भूमिका रहेको थियो ।

## चर्चित 'पिस्कर हत्याकाण्ड' मा मीरा

जताततै सांस्कृतिक टोलीको चर्चा भईरहेको थियो । यसैक्रममा २०४० सालको पिस्करको महादेवस्थानमा लाग्ने माघे सङ्क्रान्तिको अवसरमा पिस्करमा साङ्गितिक कार्यक्रमको आयोजना गरियो । मीरा लगायतका टोली कार्यक्रमका साथ सहभागी भए । पिस्करका किसानले पनि कार्यक्रम ल्याउने भए । वरपरका गाउँबाट पनि सांस्कृतिक कार्यक्रमहरू आउने भयो । यसरी माघे सङ्क्रातिको अघिल्लो रात पिस्करमा साँझ ८ बजेदेखि रातीको २ बजेसम्म सांस्कृतिक कार्यक्रम चल्यो । इलाका इन्चार्ज मीरा हुनुहुन्थ्यो । त्यतिबेला ७ जनाको इलाका कमिटी थियो । जसमा लालबहादुर थामी, मेघनाथ पौडेल, पूर्ण थामी, पूर्णमाया थामी, राम कार्की, जगतबहादुर बोहरा हुनुहुन्थ्यो । रातको करिव २ बजे औपचारिक सांस्कृतिक कार्यक्रम सकिए पनि धित नमरेकाहरू नाचगान गरिरहेकै थिए ।

पेट्रोलम्याक्स बलेर डाँडा उज्यालो भएको थियो । घर फर्कनेहरू फर्किँदै थिए । त्यही समयमा  दुईसय जनाको प्रहरी टोली हतियारसहित आइपुग्यो । गाउँ फर्कने क्रममा माधव पौडेल सहित केही नेताहरू समातिए । बाटो देखाउँदै जाने क्रममा पौडेल प्रहरीको कब्जाबाट फुत्कन सफल हुनुभयो तर त्यही बीचमा कार्यक्रममा सहभागीहरूलाई लक्षित गरेर गोली चलायो प्रहरीले । त्यसको प्रतिवादमा सहभागी किसानहरूले ढुङ्गा, लठ्ठी, भालाले

आक्रमण गरे । करिब आधा घण्टासम्म दोहोरो भिडन्त भयो । त्यसक्रममा गोली लागेर बिरबहादुर थामीको घटनास्थलमै मृत्यु भयो भने इले थामी गम्भिर घाइते भएका थिए । इले थामीलाई मर्यो भनेर स्याउलाले छोपेर छोडेका थिए तर उहाँको पछि निधन भयो । यस घटनामा करिब एक दर्जन किसान घाइते भए ।

पिस्कर हत्याकाण्डपछि करिब ६ महिनासम्म तत्कालीन मंगलादेवी प्राथमिक विद्यालय बन्द गरेर प्रहरीहरू बसे । गाउँमा ठूलो आतंक सिर्जना भयो । नेताहरू पनि सबै तितरबितर भएर छरिए । नेताहरू धेरै पक्राउ परे ।

पिस्कर हत्याकाण्डको विरोधमा पार्टीले देशव्यापी आन्दोलनको घोषणा गऱ्यो । यसबारे अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराउने पार्टी केन्द्रले निर्णय गऱ्यो । यसका लागि अनेरास्ववियूको अन्तर्राष्ट्रिय नेटवर्क एशियाली स्टुडेन्ट एशोसियसन मार्फत् गौरी प्रधानले ठूलो भूमिका खेल्नुभयो । सिंगापुर, हङकङ, भारत, फिलिपिन्स, सिंगापुर, बर्मा, लाओसबाट प्रतिनिधिहरू ल्याएर पिस्करको वास्तविकताबारे त्यहाँकै किसानका मुखबाट सुनाउने काम भए । विदेशी पाहुनाहरूलाई रातिराति प्रशासनको आँखा छलेर गाउँमा ल्याइन्थ्यो र उज्यालो नहुँदै पठाइन्थ्यो । यसक्रममा विदेशी पाहुनाहरूले पिस्करका किसानहरूको दैनिकी अध्ययन गरे । त्यहाँको अन्याय अत्याचारलाई किसानकै मुखबाट सुने । पिस्करको पक्षमा विदेशबाट समेत समर्थन आएपछि पञ्चायती शासकहरूलाई थप दबाब बढ्यो । २०४० सालको चरम दमनमा पनि गाउँ नछोडी पार्टी कमिटीलाई चलायमान बनाउने काममा लागेको अहिले पनि सम्झना भइरहन्छ मीरालाई । दमनकाबिच परिवारमा भाइ जगतबहादुरलाई दोस्रो पटक जेलमा थुनिनु, बुबालाई पहिलो पटक पक्रिनु, निगरानीका कारण जंगलको बास हुनु, घरमा आएर आमालाई पुलिस र दलालहरू आएर हप्कीदप्की गर्ने, भाडाँकुडा फालिदिने, छोरी कहाँ पठाइस् भनेर केरकार

गर्ने गाउँका धेरै साथीहरू जेल परेकाले रूवाबासी चलेपनि मीरामा कहिल्यै विचलन आएन ।

### पञ्चेलाई कारबाही गर्ने टोली नेता

यसको केही समयपछि पार्टीका नेताहरू राम कार्की र पूर्ण थामीलाई पञ्चायतका  देवीजंगका मान्छेले आक्रमण गरेर घाइते बनाएर छोडे । यसको विरोधमा पार्टीले देवीजंगलाई पनि सोही प्रकृतिको कारवाही गर्ने योजना बनायो । यसका लागि मीराको नेतृत्वमा सात जनाको टोली बनाइयो । उहाँहरूको टोली सुनसान बाटोमा देवीजंगलाई कुरेर बस्यो । जब देवीजंग आइपुगे अनि त ढुङ्गा, लट्ठी लिएर बसेकाहरूले हमला गर्न थाले । कुटपिटका कारण देवीजंग घाइते भए । जब कारबाही सकियो मीराको टोली बाटो लाग्यो । यसपछि एक वर्षसम्म गाउँमा देवीजंग देखिएनन् । तर गाउँमा मीरा लगायतका टोलीलाई खोज्न भन्दै देवीजंगका मान्छेहरूले गाउँलेलाई तर्साउन थाले । उनीहरू दशैंको दिन टौथली जात्रामा आएका बेला मीरा लगायतलाई आक्रमण गर्ने योजनाका साथ नवमीको दिन खसी काटेर खाँदै थिए । त्यो थाहा पाएपछि मीरा लगायतका करिब चार सय किसानले उनीहरूलाई उल्टो त्यहीँ घेरा हाले । अकस्मात आएको हुल देखेर ज्यान बचाउन कोही कुखुराको खोरमा लुके । कोही शौचालयमा लुके । मीराहरूको उद्देश्य तर्साउनु मात्र थियो । तर्साइसकेपछि अलि तल आएर पार्टीको पक्षमा नारा लगाए र उनीहरूलाई भाग्न दिए । किनकी त्यतिबेला पार्टीको मार्ने नीति थिएन ।

एकपटक भूमिगत अवस्थामै सिन्धुपाल्चोकको लाटु भन्ने गाउँमा बसेका बेला राति धेरै जाडो भएपछि ओढ्ने नहुँदा अँगेनोको छेउमा ठूलो मुढा बालेर गुन्द्री ओढेर सुतेको र राती निन्द्रामा नै ओढेको लुगा पोलिसकेपछि बल्ल थाहा पाएको मीरा बताउनुहुन्छ । तर बेलैमा थाहा भएकाले दुर्घटना हुनबाट बचेको उहाँ सम्झनुहुन्छ ।

## विवाह र पारिवारिक जिम्मेवारी

सँगसँगै पार्टी काम गर्ने क्रममा मीराले आफूलाई मृत्युको मुखबाट बचाउने माधव पौडेललाई भित्रभित्रै मन पराउन थाल्नुभएको थियो । तर प्रेमका रूपमा विकास गर्न सक्नुभएको थिएन । किनकि व्यक्तिगत जीवनभन्दा पार्टी काम नै त्यतिबेला प्रमुख थियो । उता माधव पौडेलले पनि आफू सामान्य किसान परिवारकै केटीसँग विवाह गर्ने मनस्थिति बनाउनु भएको थियो । तर मीरा नै भावी जीवनसाथी हुनेछिन् भन्ने सोच भने बनाउनु भएको थिएन । अष्टलक्ष्मी शाक्य सिन्धुपाल्चोक पुग्नुभएको थियो । उहाँले दुवैजनाबिच विवाहको प्रस्ताव राख्नुभयो । प्रस्तावमा दुवैजना सहमत हुनुभयो । २०४१ साल पुस २० गते पार्टीका त्यस क्षेत्रका इन्चार्ज इश्वर पोखरेल, अमृत कुमार बोहरा, अष्टलक्ष्मी शाक्य, केशव बडाल, युवराज कार्की, सुरेश कार्की, तारा पन्त, रीता श्रेष्ठ, पूर्ण थामी, माधव पौडेल र मीरा थामी सहित ११ जनाको सहभागितामा विवाह सम्पन्न भयो । विवाह खर्च एकसय ४५ रूपैयाँ भएको भनेर इश्वर पोखरेलले पार्टीकै बैठकमा पेश गर्नुभएको मीराका श्रीमान् माधव स्मरण गर्नुहुन्छ । विवाहपछि मात्र उहाँहरूले आ-आफ्नो घरपरिवारलाई जानकारी गराउनुभयो । उहाँहरूको एक छोरा, एक छोरी र एक नातिनी हुनुहुन्छ ।

## दोलखामा जिम्मेवारी

मीरा नाम सिन्धुपाल्चोकको सामन्तदेखि प्रहरी प्रशासनको टाउको दुखाइ भइरहेको थियो । उहाँलाई पक्रन प्रशासन र सामन्तहरू व्यापक खोजीमा थिए । उहाँको सुरक्षा चुनौती बढ्दै गएपछि तत्कालीन इन्चार्ज इश्वर पोखरेलले उहाँलाई दोलखा सरुवा गर्नुभयो । कहिल्यै सिन्धुपाल्चोक बाहिर नगएकी मीराका लागि यो अर्को चुनौती थियो । पार्टीकै नेता जितविर लामाले मीरालाई २०४१ साल कार्तिकमा दोलखाको तत्कालीन कालिञ्चोक गाउँ पञ्चायतको थामी बस्तीस्थित एक घरमा मितिनी छोरीको साइनो लगाएर बस्ने व्यवस्था मिलाइ दिनुभयो । प्रशासनले चाल नपाओस् भनेर उहाँ घरमा घाँस काट्नेदेखि दाउरा सङ्कलन गर्ने,

खेतबारीमा काम गर्ने जस्ता सबै किसिमका काम गर्नुहुन्थ्यो । रातिराति भने सङ्गठन विस्तारको काममा लाग्नुहुन्थ्यो । धेरैलाई त उहाँले मेलापात गर्दै गर्दा गोलबद्ध गर्नुभयो । ती दिनहरू मीराका लागि निकै कठिन थिए । नयाँ ठाउँ, नयाँ परिवेश, नयाँ भूगोल तर जुनकुनै परिस्थितिमा पनि नआत्तिने र जिम्मेवारीलाई इमानदारीपूर्वक निर्वाह गर्ने स्वभावकी मीराले त्यो समयलाई पार्टीको महत्वपूर्ण जिम्मेवारीका रूपमा लिनुभयो । खोपाचागु, बाबरे, लापिलाङ, सुनखानी, चरिकोट लगायतका क्षेत्रमा सङ्गठन बनाउनु भयो ।

दोलखामा उहाँले २०४१ सालदेखि २०४५ सालसम्म अनेमसंघको जिल्ला अध्यक्ष भएर काम गर्नुभयो भने पार्टी काम पनि गर्नुहुन्थ्यो । त्यतिबेला उहाँले संगठित गर्नुभएका लापिलाङका चुनबहादुर थामी माओवादी पार्टीबाट २०६४ सालमा संविधानसभा सदस्य बनेको उहाँ सम्झनुहुन्छ । मीराले कम्युनिष्ट पार्टीको जग हाल्नु भएको दोलखाको यो क्षेत्रमा अहिले पनि कम्युनिष्ट पार्टीको किल्लाका रूपमा परिचित छ ।

### थामी समुदायलाई संगठित

मीरा थामी पार्टीको काम गर्दै गर्दा आफ्नो थामी समुदायलाई पनि संगठित गर्न थाल्नुभयो । दोलखा र सिन्धुपाल्चोकका थामी समुदायलाई सङ्गठित गरी 'निको थामी सेवा समिति' नामक राष्ट्रिय संघ बनाउनुभयो । संघको संस्थापक अध्यक्ष मीरा आफैँ बन्नुभयो । त्यस्तै उहाँ २०४२ सालमा स्थापना भएको राष्ट्रिय आदिवासी जनजाति महासंघमा थामी जातिको तर्फबाट संस्थापक सदस्य बन्नुभयो ।

२०४५ सालमा छोरा जन्मियो । घरमा बिरामी सासूससूराको स्याहारसुसार गर्ने कोही भएन । त्यसपछि भने उहाँको सक्रियता राजनीतिमा भन्दा पारिवारिक जिम्मेवारी निर्वाह गर्नमा बढी हुनुपर्ने भयो । अन्तरजातीय विवाह गर्नुभएकी मीराका ससुरा ठाँटी ब्राम्हाण हुनुहुन्थ्यो । त्यही भएर धेरै वर्षसम्म मीराले पकाएको ससुराले खानुभएन । तर जीवनको उत्तरार्धतिर

जब उहाँलाई बिमारीले कस्दै लग्यो र मीराको स्याहारसुसारबाट हुनुभयो अनि उहाँका लागि मीरा नै प्यारी बुहारी बन्नुभयो ।

यसरी आफ्नो इमान्दारिता र निस्वार्थ भावनाले सबैको मन जित्न सफल हुनुहुन्थ्यो मीरा । बच्चा हुर्काउँदै गर्दा र घरव्यवहारले थिचिँदा पनि उहाँले कम्युनिष्ट पार्टीसँगको सम्बन्ध कायमै राख्नुभयो । २०५० सालदेखि मीरा ललितपुर जिल्ला पार्टी कमिटी सदस्य, अखिल नेपाल महिला संघको जिल्ला सदस्य हुनुभयो । २०५१ सालदेखि २०५४ सालसम्म उहाँ अखिल नेपाल किसान संघको खाद्यबाली समितिको केन्द्रीय सदस्य हुनुभयो । २०७४ सालमा भएको स्थानीय निर्वाचनमा उहाँ महालक्ष्मी नगरपालिका ९ को  कार्यपालिका सदस्य हुनुभयो । २०७२ सालमा नेपाल कम्युनिष्ट पार्टीको प्रदेश सल्लाहकार हुनुभयो भने २०७६ सालमा अखिल नेपाल महिला संघको केन्द्रीय सदस्य हुनुभयो । हाल नेपाल कम्युनिष्ट पार्टी समाजवादीको केन्द्रीय सल्लाहकार हुनुहुन्छ ।

●



राधा वाग्लेले नेपालको वन तथा वातावरणको क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशी रणनीति तथा कार्ययोजनाको पुनर्लेखनमा सक्रियतासाथ योगदान गर्नुभयो, जुन अहिले मन्त्रालयमा स्वीकृतिका लागि पठाइएको छ ।

# चुनौती चिर्दै, अघि बढ्दै : डा. राधा वाग्ले



● शोभा मानन्धर

डा. राधा वाग्ले, वन तथा वातावरण मन्त्रालयअन्तर्गत वनस्पति विभागका महानिर्देशक हुनुहुन्छ। जलवायु परिवर्तन व्यवस्थापन महाशाखाको प्रमुख, वन तथा वातावरण मन्त्रालयको सहसचिवको पदमा पुग्ने पहिलो महिला, वन सेवाकी पहिलो महिला सहसचिव, पहिलो महिला वार्डेन आदिजस्ता नेपालमा उहाँका अनेकन परिचय छन्। अन्तर्राष्ट्रिय रूपमा उहाँको बेग्लै परिचय छ- नेपालकी ‘क्लाइमेट चेन्ज नेगोसिएटर’ अनि जलवायु परिवर्तन तथा वनमा लैङ्गिक समानताका कुरामा बुझ्ने, बोल्न सक्ने थोरै विज्ञ मध्ये एक। धेरैजसो प्राविधिक तर्फका कर्मचारी रहने वन मन्त्रालयको नीति निर्माण तहमा ८ वर्षदेखि सहसचिवका रूपमा कार्यरत हुनुहुन्छ- डा.राधा वाग्ले। २०५४ सालमा रेन्जर पदबाट उहाँको निजामती यात्रा सुरु भएको हो।

डिसेम्बर ११, २०२२ मा उहाँलाई भारतको आसाममा रहेको वालिपारा फाउण्डेशनले ‘ईस्टर्न ए रिजनल अर्वाड’बाट सम्मानित गरेको थियो। वन क्षेत्रमा महिला सशक्तीकरण तथा लैङ्गिक समानताका लागि स्थानीय तहदेखि माथिल्लो नीति निर्माणतहसम्म कार्यान्वयन गर्न काम गरेबापत उहाँ सम्मानित हुनुभएको थियो।

**वन विषय अध्ययनको रोचक कथा**

राधा वाग्लेको जन्म धनकुटा जिल्लाको, धनकुटा नगरपालिकामा आमा लक्ष्मी वाग्ले अनि बुबा खेमराज वाग्लेका तेस्रो सन्तानका रूपमा भएको हो। राधाका बुबा शिक्षक हुनुहुन्थ्यो भने उहाँकी हजुरआमा अनि आमा दुबै जना लेखपढ गर्नुहुन्थ्यो। मध्यमवर्गीय परिवारमा जन्मेकी राधा पढाइ सकिएपछि एउटा जागिर खान सक्ने होस् भन्ने चाहना परिवारको थियो। बुबाले पनि छोरीलाई पढाएर धेरै गर्न नसके पनि नर्स बनाउनेसम्म सोच्नुभएको थियो। त्यसो त राधा सानोमा पढाइमा निकै तेज हुनुहुन्थ्यो।

कक्षामा सधैँ प्रथम हुने छोरीलाई डाक्टर वा इन्जिनियर नै बनाउनुपर्छ भन्ने सोच भने परिवारमा थिएन ।

२०४७ सालमा एस.एल.सी दिएर बसेका बेलामा उहाँको जीवनमा एउटा नयाँ मोड आयो । धनकुटा जिल्लामा सञ्चालित 'नेपाल युके कम्युनिटी फोरेष्ट्री प्रोजेक्ट'ले वन विषय अध्ययनका लागि छात्रवृत्ति दिने जानकारी उहाँले विद्यालयमार्फत पाउनुभयो । सामुदायिक वनको क्षेत्रमा काम गर्ने प्रोजेक्टले धनकुटा, तेह्रथुम, सङ्खुवासभा र भोजपुर गरेर चारवटा जिल्लामा काम गर्थ्यो । विशेषतः वनमा महिला सहभागिता बढाउन स्थानीय जनशक्ति उत्पादन गर्ने हेतुले चारजना राम्रो अङ्क ल्याउने विद्यार्थीलाई वन विषय पढ्न पठाउने कार्यक्रम ल्याएको थियो । त्यतिबेला वन विषय पढेर के हुन्छ भन्ने बारेमा राधा अनभिज्ञ हुनुहुन्थ्यो । तर उहाँका बुबालाई भने राम्रो जानकारी थियो । बुबाकै हौसलाले उहाँले वन विषय पढ्ने निधो गर्नुभयो ।

राधाको वन विषय अध्ययन यात्रा सजिलो भने पक्कै थिएन । त्यतिबेला धनकुटा जिल्लाबाट मात्रै करिब १८ जनाले निवेदन दिएका थिए । प्रतिस्पर्धीहरू धेरै भएपछि वन कार्यालयले परीक्षा लिने भयो । परीक्षामा सोधिने प्रश्नका बारेमा उहाँलाई ज्ञान थिएन । उहाँका बुबाले नै नजिकै रहेको वन कार्यालयका रेन्जरलाई भेटेर के कस्तो ज्ञान आवश्यक छ भन्ने बारेमा बुझेर छोरीलाई तयारी गर्न सघाउनुभयो । निवेदन दिने १८ जनामा उहाँको नाम निस्कियो ।

चारवटा जिल्लाबाट चारजना छानिइसकेपछि फेरि प्रवेश परीक्षा दिनुपर्ने थियो । परीक्षाका लागि आवश्यक फाराम भर्ने लगायतका चारैजनाको सम्पूर्ण काम उहाँका बुबाले नै गरिदिनुभयो । यदि बुबाको हौसला र सक्रिय सहयोग नभएको भए वन विषय अध्ययनको यात्रा अझ कठिन हुने वा यो क्षेत्रमै नहुन सक्ने राधा बताउनुहुन्छ ।

## महिला सशक्तीकरणमा झुकाव र सङ्घर्ष

पोखरास्थित वनविज्ञान अध्ययन संस्थानबाट आइएससी उत्तीर्ण हुने बित्तिकै राधाले नेपाल बेलायत सामुदायिक वन परियोजनामा जागिर पाउनुभयो । त्यहाँ काम गर्दा जेन्डर (लैङ्गिकता)सम्बन्धि धेरै तालिमहरू दिइएको थियो । जसले गर्दा उहाँको झुकाब महिला सशक्तीकरणमा बढी भएको हो ।

त्यतिबेला सहभागितामूलक सामुदायिक वन कार्यक्रमको भर्खर सुरुवात भएकाले पनि महिला सहभागिता बढाउनुपर्छ भन्ने थियो । महिलाहरू नै बढी वनबाट घाँस, दाउरा गर्ने अनि सामुदायिक वनको नियमहरू उल्लङ्घन गर्नेमा पनि महिलाहरू नै धेरै पर्ने गरेका थिए । स्थानीय तहमा गएर बुझाउनका लागि पनि महिला चाहिएको थियो । फेरि, त्यही समयमा ऐन नियमावलीहरूको संशोधन पनि भइरहेको र सामुदायिक वनलाई अङ्गीकार गरेको ऐन नियमावली आएको तथा उहाँहरूले पनि स्नातक गरेर आएको अनुकूल समय थियो । त्यतिबेला प्राविधिकभन्दा पनि समुदायलाई सामुदायिक वनका सबालमा सहजीकरणको भूमिका निर्वाह गर्ने लगायतका कामहरू बढी उहाँहरूलाई लगाइएको थियो । त्यतिखेर अध्यक्ष-सचिवजस्तो महत्त्वपूर्ण पदमा महिला हुनुपर्छभन्दा पनि कसरी धेरै सङ्ख्यामा महिलाहरूको सहभागिता बढाउने भन्न्नेमा लक्षित थियो ।

महिलाहरूलाई सिकाउन जोड नै गर्नुपर्छ भन्ने हिसाबले घरको काम गर्दागर्दै पनि समय मिलाएर आइदिनुपऱ्यो भनेर जोड दिइयो  तर यसले सामाजिक, साँस्कृतिक, प्राकृतिक तथा थप भूमिका निर्वाह गर्ने महिलाहरूलाई बढी भार पर्छ । घरको काम गरेर बाहिरको काममा समय निकालेर आउन सजिलो छैन । भन्ने कुरा चाहिँ बुझ्ने क्षमता नभएकामा उहाँलाई नराम्रो लागेको थियो ।

## महिला भएकै कारणले भोग्नु परेका समस्या र चुनौती

राधाको अनुभवमा महिलाले सोचेजस्तो अघि बढ्न नसक्नुमा धेरै अवरोधहरू छन् । उहाँ भन्नुहुन्छ-'अहिले पनि महिलाहरू फिल्डमा गएर काम गर्न नचाहने, भरसक काठमाडौँ वा सदरमुकाममै बसेर काम गर्नेमा बढी रुचि राख्छन् । पुरुष साथीहरूले पनि महिलाहरू फिल्डमा नगएको मात्र देख्छन्, कारण चाहिँ बुझ्दैनन् । महिला भएर अधिकार चाहिँ चाहियो भन्छन् तर गरिखाने बेला चाहिँ गर्दैनन् भन्छन् । किन चाहिँ गर्न जाँदा रहेनछन् त भन्ने बुझ्दा समस्या त कति हो कति ।' उहाँ अगाडि भन्नुहुन्छ, 'सबैभन्दा पहिला त सुरक्षाको कुरा छ । कसले जोखिम मोलेर बाहिर जान चाहन्छ ? भोलि केही छिसिक्क भयो भने त त्यो दोष महिलालाई जीवनभर लागिरहन्छ । त्यो जानी जानी च्यालेन्ज गर्दै किन जान्छन् त ? दुनियाँलाई देखाउनलाई ? आफनो सुरक्षा, घरबाट सबैकुरा धानिदिने प्रतिबद्धता भएमा महिला जान सक्छन्  तर त्यो भएन भने जान सक्दैनन्, भन्ने कुरा सबैले बुझ्नुपर्छ ।'

राधाका विचारमा यो पितृसतात्मक समाजले महिला र वातावरण दुबैलाई उस्तै किसिमले दोहन गरेको छ। महिलाको कामलाई आर्थिक मूल्य दिइएको छैन, वातावरणको पनि त्यही नियति छ। महिलाको काम बच्चा जन्माउने हुर्काउनेदेखि लिएर सबै घरायसी जिम्मेबारी महिलाले लिएका छन् । यदि महिलालाई सशक्त बनायौँ र समान अवस्थामा लिएर आउन सक्यौँ भने महिला र प्रकृति दुबैको दोहन कम हुन्छ ।

उहाँले नेपाल यूके फरेस्ट्री परियोजनामा २०५१ सालमा रेन्जरमा काम पाउनुभयो । वन क्षेत्रमा उहाँ र अर्का एकजना साथी परियोजनामा रेन्जर भएर पहिलो पटक तेह्रथुम जिल्लामा जाँदा महिला रेन्जरको खासै उपस्थिति नै थिएन । त्यसैले उहाँहरू रेन्जर बनेर जाँदा स्थानीय सबै छक्क परेका थिए । कतिले त उहाँहरूले आफूलाई रेन्जरका रूपमा परिचय गराउँदा पत्याएनन् । कतिले अनौठो मानेर हेर्ने र कतिले जिस्काउने पनि गर्थे ।

कोही कोहीले त ‘अविवाहित केटी भएर पनि यसरी वन क्षेत्रको काममा केटाहरूसँग हिँड्ने’ भनेर पछाडिबाट आलोचना पनि गर्थे । केटी रेन्जर भनेको प्राविधिकभन्दा पनि बढी सामाजिक स्तरमा मात्र काम गर्नेहोला भन्ने खालको बुझाइ थियो ।

राधाको दोस्रो पोष्टिङ्ग ओखलढुङ्गामा भएको थियो । त्यहाँको अनुभव पहिलेको भन्दा फरक थिएन । त्यतिखेर कामगर्दा महिला रेन्जर भएकै कारणले मानिसहरूले जे मनलाग्यो त्यही भनेर उडाउने गर्थे । नराम्रो बोलीवचन गर्दा पनि चुप लागेर सहने, हामी त यहाँ काम गर्न पो आएका हौँ त, कहाँ झगडा गरिरहने भन्ने मानसिकता थियो । कतिपय कुराहरूमा आफूहरूलाई पेलिराखेको, लैङ्गिक विभेद गरिरहेको भन्ने महसुस हुँदाहुँदै पनि त्यो कुरा भन्न सक्ने वातावरण थिएन । घरमा सुनाउने अवस्था पनि थिएन । सुनायो भने ‘तिमीहरू किन यसरी दुःख पाईपाई काम गर्नुपर्‍यो त ? घरै आएर बस वा बिहे गरेर पठाइदिउँ’ भन्लान् भन्ने डर थियो । त्यतिखेर आफूलाई चित्त नबुझेका कुराहरू, आफूलाई दमन गरेको हेपिएको महसुस भए पनि कुनै कानुनी प्रक्रियाद्वारा, अविभावक वा कार्यालय प्रमुखमार्फत समाधान गर्ने तर्फ जानुभएन ।

उहाँले त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थानबाट स्नातक तह पास गरिसकेपछि ललितपुर जिल्ला वन कार्यालयमा रेन्जरका रूपमा काम गर्नुभयो । त्यहीँ काम गर्दागर्दै उहाँले अधिकृतको परीक्षा पास गरिसकेपछि राष्ट्रियनि कुञ्जतिरको सहायक अधिकृतमा नाम निक्लियो । त्यतिखेर पनि अनौठो संयोग के थियो भने निकुञ्जमा अधिकृत महिला थिएनन् । पहिलो महिला अधिकृतमा निकुञ्जमा नाम निस्किएपछि केही महिला साथीहरूले नै उहाँलाई काम गर्न गाह्रो हुन्छ भनेर अन्तर्वार्ता नदिन सुझाएका थिए । त्यसको कारण थियो, महिलालाई हेर्ने दृष्टिकोण । कोसिस नै नगरी बिचमा छोड्नुहुन्न भन्ने लागेर उहाँले अन्तर्वार्ता दिनुभयो । अन्तर्वार्ताका क्रममा उहाँलाई विषयभन्दा बाहिरका असहज प्रश्नहरू सोधिएका थिए । जस्तैः महिला भएकैले निकुञ्जमा गएर काम

गर्न सक्छौ कि सक्दैनौ ? निकुञ्ज त भिरपाखा, कता कता हुन्छ, त्यस्तो ठाउँमा कर्मचारी महिला पनि हुँदैनन् । एक्लै गएर कसरी काम गर्ने ? तपाईंको बच्चा पनि रहेछ, बच्चा लिएर त्यस्तो ठाउँमा कसरी काम गर्नुहुन्छ भन्ने खालका प्रश्नहरू थिए ।

एकैपटक ७ जना निकुञ्ज तर्फको अधिकृत भएर आएका थिए । त्यस समूहमा उहाँ एकजना मात्र महिला हुनुहुन्थ्यो, बाँकी सबै पुरुषहरू । मन्त्रालयमा चारओटा दरबन्दी खाली थियो । बाँकीलाई फिल्डमा निकुञ्जमा पठाउनुपर्ने थियो । त्यतिबेला पुरुष साथीहरूले राधाको सानो बच्चा साथमा भएको कारण मन्त्रालयमै बस्नुहुन्छ, अरू चाहिँ फिल्डमा गएर काम गर्ने भन्ने खालको एक किसिमको मौखिक सहमति गरेका थिए तर पछाडि भने धेरैले सुगम (मन्त्रालय)ठाउँमा काम गर्ने इच्छा मन्त्रालयमा जाहेर गरेका रहेछन् । राधाले मौखिक मात्र अनुरोध गर्नुभएको, लिखित निवेदन दिनुभएको थिएन । उहाँ एक मात्र महिला, उहाँको बच्चा मात्र डेढ बर्षको थियो भने अर्को द्वन्दकाल भएका कारण मन्त्रालयमै ठाउँ मिल्छ भन्ने कुरामा उहाँ ढुक्क हुनुहुन्थ्यो । तर बर्दिया राष्ट्रिय निकुञ्जको चिठी थमाइयो । द्वन्द्वकाल, अनि सानो बच्चा भएको मान्छेले कसरी त्यहाँ बसेर काम गर्न सक्छ र ? कार्यालयमा यस बारेमा कुरा गर्न घर परिवारले सुझाएका थिए तर उहाँले त्यस्तो गर्नुभएन । उहाँ बर्दिया राष्ट्रिय निकुञ्जमा काम गर्न जानुभयो । निकुञ्जका कर्मचारीहरूबाट निकै धेरै सहयोग पाउनुभयो । कार्यक्षेत्रको अवस्था भने राम्रो थिएन । एक त द्वन्द्वकाल, त्यसमाथि सैनिकहरू बस्ने ठाउँमा बेलाबेलामा 'टेस्टिङ् फायरिङ्' भइरहने । कुनै कुनै बेला त सानो बच्चा बोकेर आफू सुतेको कोठाबाट अर्कोतिर दौडिनु पर्ने अवस्था हुन्थ्यो ।

निकुञ्जमा काम गरेको २ वर्षपछि तत्कालीन वन मन्त्री गोपाल राई फिल्डमा आउनुभएका बेलामा उहाँले राधालाई अलि ठाडो बोलीमा, 'ए तिमीलाई यस्तो बाघ, हात्ती भएको ठाउँमा यत्रो सानो बच्चा लिएर बस्न डर लाग्दैन ? आफैँ मागेर आएको कि पठाएर आएको ?' भनेर

ठाउँ सोध्नुभएछ। उहाँले, 'मागेर आएको हैन, पठाएर आएको। मलाई काठमाडौं जान मन छ। मलाई अहिले नै सरुवा गरिदिनोस्, म अहिले नै हिँड्छु' भनेपछि वनमन्त्रीकै पहलमा २०६३ सालमा राधा सरुवा भएर फेरि काठमाडौँ फर्किनुभयो। उहाँ एकजना पुरुष भएर पनि महिला त्यसमाथि सानो बच्चा लिएर त्यस्तो ठाउँमा काम गर्न गाह्रो हुन्छ भनेर बुझिदिनु भएकोमा राधालाई निकै खुसी लागेको थियो। लैङ्गिक संवेदनशीलता सबै पुरुषमा भएमा महिलालाई अघि बढ्न सजिलो हुने उहाँ बताउनुहुन्छ।

## क्षमता र अवरोधहरू

राधाले स्विडेनबाट वातावरण विज्ञानमा स्नातकोत्तर गर्नुभएको छ भने अष्ट्रेलियाबाट 'वन प्रशासनमा महिला सहभागिता' विषयमा विद्यावारिधि गर्नुभएको छ साथै उहाँले आफ्नो अनुसन्धानमा आधारित भएर 'फेमिनिष्ट इन्स्टिट्युसन्सलिज्म एण्ड जेन्डर्ड ब्युरोक्रेसिज्' नामक किताब लेख्नुभएको छ।

स्नातकोत्तरपछि उहाँले उपसचिवमा पाँच पटकसम्म लिखितमा नाम निकाल्नुभयो तर अन्तर्वार्तामा सफल हुनुभएन। उहाँले स्नातकोत्तरमा पढेको एउटा विषय वन विषयलाई काम लाग्ने विषय होइन भनेर अन्तर्वार्तामा सहभागिताबाट वञ्चित गरिएको थियो। त्यस घटनाले उहाँलाई नराम्रो महसुस भयो। आखिर मिल्ने विषय भएपनि त्यसबेला उहाँमाथि अन्याय भएको उहाँलाई लागेको थियो र पछि त्यो विषयले सम्बन्धित हो भन्ने मान्यता पायो।

राधा तृतीय श्रेणीको अधिकृतमा काम गर्दागर्दै अष्ट्रेलियन सरकारको छात्रवृत्तिमा विद्यावारिधिका लागि छनौट भएर अष्ट्रेलियाको मोनास युनिभर्सिटीमा पढ्न जानुभयो। आफैँले पनि थुप्रै अप्ठयाराहरू भोगेका कारणले यसलाई हटाउन र सुधारका उपायहरू अवलम्बन गर्न विद्यावारिधिका लागि 'वन प्रशासनमा महिला सहभागिता' विषय छान्नुभएको थियो। यस विषयको निवेदन दिएकै बेलामा फेरि लोकसेवाको

राजपत्राङ्कित पहिलो श्रेणी अधिकृत (सह सचिव)को परीक्षा खुल्यो । उहाँले परीक्षा दिनुभयो । नेपालमै विद्यावारिधिको क्षेत्रगत कार्य (फिल्ड वर्क) सकेर अष्ट्रेलिया फर्किने अघिल्लो दिन लोकसेवाको प्रथम श्रेणीको परीक्षाको नतिजा आयो । युनिभर्सिटीले पनि बोलाउने, अनि पहिलो श्रेणीमा नाम पनि निस्किनु एकै पटक भयो । एकै समयमा उहाँको फिल्ड वर्क पनि सकिएको र युनिभर्सिटीमा पनि रिपोर्टिङका लागि जानुपर्थ्यो । अब अन्तर्वार्ता दिन बस्नुपर्ने भयो ।

राधाले अष्ट्रेलिया फर्किएर युनिभर्सिटीमा रिपोर्टिङ्गलगायत सबै कुराहरू मिलाउनुभयो र प्रोफेसरसँग बिदा मागेर नेपाल फर्किनुभयो । नेपाल आएर अन्तर्वार्तामा पास पनि हुनुभयो । उहाँ तेस्रो श्रेणीको अधिकृतबाट एकैपटक प्रथम श्रेणीको अधिकृत हुनुभएको थियो । तेस्रो श्रेणीको अधिकृत हुँदा बिदा स्वीकृत गराएकाले प्रथम श्रेणीको अधिकृत भैसकेपछि बिदाका लागि पुनः आवेदन दिनुपर्ने भयो । पास भएर भोलिपल्ट नियुक्तिका लागि चिठी लिएर जाँदा सचिवले 'ओहो ! युवा उमेरमैं तपाई सहसचिव हुनुभयो, बधाई !' भनेर एकदम खुशी व्यक्त गर्नुभएको थियो । हाजिर हुनलाई वन मन्त्रालयमा जाँदा उही सचिवले एकाएक 'तपाईं त हाजिर हुनै मिल्दैन । तपाई त नेपाल सरकारबाट बिदा लिएर पढ्न जान्छु भनेर जाने अनि बिदामा लोकसेवा दिएर पास गर्न मिल्छ ?' भन्नुभयो । अनि राधाले ' कहाँनिर मिल्दैन लेख्या'छ कानुनमा ?' भनेर प्रश्न गर्दा तत्कालीन सचिव शरदचन्द्र पौडेलले 'पाइँदैन, तपाइँलाई त कारबाही हुन्छ' भन्नुभयो । उहाँले 'कारबाही हुने विषयवस्तु भए त त्यो ऐनमा लेखेको हुनुपर्छ, कहाँ लेख्या'छ बिदामा बसेका बेला लोकसेवा दिन पाइँदैन, देखाइदिनु' भन्दा सचिवले देखाउन सक्नुभएन ।

'कर्मचारी भनेको जहिले पनि कर्मचारी हुन्छ, त्यसकारणले पाउँछ' भन्ने राधाको बुझाइ थियो । त्यति नै बेला कृष्णप्रसाद आचार्य भन्ने सहसचिवले पनि 'त्यस्तो पाइँदैन त कहीँ पनि लेखेको छैन' भन्नुभएछ । त्यो एउटा वाक्य पनि ढाडस नै थियो उहाँका लागि । माघ ११ गते नियुक्ति पाएको

उहाँ माघ २८ गतेसम्म लगातार जाँदा पनि हाजिर गर्न दिइएन । आजित भैसकेपछि उहाँले सचिवलाई 'हाजिर हुन नमिल्ने भन्ने कुरा तपाइँले लिखितमै मलाई दिनू, त्यसपछाडि म अदालत जान्छु' भनेपछि अलिक हेपाहा पाराले 'तपाइँ अझै हाजिर हुनु भा'को छैन ?' भने । 'तपाइँले आदेश नदिइकन हाजिर गर्न मिल्छ त ?' भनेर राधाले जवाफ फर्काउनुभयो । सचिवको आदेशमा बल्ल प्रशासनको कर्मचारीले हाजिर गराए । बल्लतल्ल हाजिर त भइयो । बिदाको प्रक्रिया गर्दा सचिवले बिदा नदिएर आलटाल गर्दा उहाँको पिएचडी नै झन्डै ल्याप्स भएर जाने स्थिति आएको थियो । प्रशासनको सहसचिवले बिदाको टिप्पणी उठाएर लानुपर्नेमा उहाँको पनि सहयोग भएन । सुरुमा जाँदा उहाँको तारिफ गर्ने मन्त्रालयका धरैजसो कर्मचारीहरूबाट नकारात्मक र तर्किने खालको व्यवहार पाउँदा उहाँलाई अचम्म लागेको थियो ।

'एक त म महिला, अर्को कम उमेर, अनि तृतीय श्रेणीको अधिकृतबाट एकैचाटी पहिलो श्रेणीमा जानु चाहिँ उहाँहरूले स्वीकार गर्न नसकेको जस्तो लाग्यो मलाई' राधा भन्नुहुन्छ । पछि उहाँलाई बिदा दिन आनाकानी गर्ने सचिव एउटा केसमा निलम्बनमा पर्नुभयो । त्यसपछि अर्को सचिव आउनु भयो । तर बिदा उठाउने त सहसचिवले नै हो र उहाँले फेरि समस्या दिने भएपछि खपिनसक्नु भएर राधाले 'म बिरालोलाई ढोका बन्द गरेर पिट्दा जस्तो भा'छु । अब म जे पनि गर्न सक्छु यहाँ' भनेर हिड्नुभयो । सहसचिवसम्म त्यो कुरा पुग्यो । 'अब यो आजित भैसकेकी छे, यसले जे पनि गर्न सक्छे' भनेर हुनसक्छ- उहाँको बिदा स्वीकृत भयो र विद्यावारिधि (पिएचडी) गर्ने तर्फ लाग्नुभएको थियो ।

राधाकाअनुसार विशेषत: नेपालमा पुरुषहरू सहसचिव भैसकेपछि आफूले चाहेको ठाउँमा सरुवा हुन पाउने, कुनै छेकबार नहुने खालको वातावरण छ तर उहाँलाई भने एकपछि अर्को गर्दै साना हैसियतदेखि ठुला हैसियतका कार्यालयमा ठाउँ दिँदै लगेको छ । पहिला केन्द्रीय वन तालिम केन्द्र,

त्यसपछि 'रेड कार्यान्वयन केन्द्र' र त्यसपछि प्रदेश नं ५ को उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, बुटवलको सहसचिव भएर काम गर्नुभयो ।

**महत्त्वपूर्ण कामहरू**

राधा वाग्लेले नेपालको वन तथा वातावरणको क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशी रणनीति तथा कार्ययोजनाको पुर्नलेखनमा सक्रियतासाथ योगदान गर्नुभयो, जुन अहिले मन्त्रालयमा स्वीकृतिका लागि पठाइएको छ । केन्द्रीय वन तालिम केन्द्रमा काम गर्दाताका हरेक तालिम कार्यक्रममा लैङ्गिकताको विषय नभइनहुने विषयका रूपमा परिचित गराएर पाठ्यक्रम नै बनाउने काम भयो । यस्तै, वनकर्मी महिलाहरूको प्रारूप निर्माणको अगुवाका रूपमा काम गर्दा १५ सयभन्दा बढी वनकर्मीहरूलाई लैङ्गिक समानता, कार्यस्थलमा हुने यौनजन्य हिंसा कसरी निर्मूल गर्ने भन्ने विषयमा तालिम दिनुभयो ।

राष्ट्रिय योगदान निर्धारण (एन.डी.सी) बनाउँदा उहाँले 'जेन्डर एण्डसोसल ईन्क्लुजन' को विषयलाई समावेश गर्न खोज्दा तत्कालीन सचिवले त्यो हटाएर पठाउन धेरै जोड गर्नुभयो । तर उहाँको अडान र केही मन्त्रालयका सहकर्मीका कारण नेपालको राष्ट्रिय योगदान निर्धारण,२०२०मा उक्त विषय समावेश गरियो । यही कारण नेपालको एनडीसीले 'लैङ्गिक र सामाजिक समावेशीकरण'का दृष्टिकोणले 'रोल मोडल एनडीसी' भनेर अन्तर्राष्ट्रिय रूपमा पहिचान गरिएको छ । उहाँकै नेतृत्वमा लैंगिक तथा जलवायु परिवर्तन रणनीति र कार्ययोजना २०७७-८९ तयार पारिएको छ भने राष्ट्रिय अनुकूलन योजना २०२१ निर्माणमा समेतनेतृत्व गर्नुभयो ।

उहाँकै सक्रियतामा 'युनाइटेड नेसन्स फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज' (युएनएफसीसी)लाई तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन तयार पारेर बुझाइएको थियो । त्यसैगरी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लागि दुईवटा प्राविधिक परिक्षण प्रतिवेदनसमेत उहाँकै नेतृत्वमा तयार परिएका थिए । वन क्षेत्रका लागि जलवायु परिवर्तन

बजेट मार्गनिर्देशिका, २०७७ तयार पारिएको थियो। यस्तै, संयुक्त राष्ट्र जलवायु परिवर्तन सम्मेलन (क्लाइमेट चेन्जको नेगोसियसन)माजाँदा युवा र महिलाहरूको सहभागितालाई प्राथमिकता दिएर उहाँकै नेतृत्वमा युवाहरूलाई अन्तर्राष्ट्रिय स्तरको वार्ता प्रक्रियामा सहभागी गराएको उहाँ बताउनुहुन्छ।

सामुदायिक वन महासङ्घलगायतका सङ्घसंस्थासँगको सहकार्यमा सञ्जाल बनाएर वन तथा वातावरण क्षेत्रमा काम गर्ने महिलाहरूलाई तालिममार्फत सचेत गराउँदै सङ्गठित बनाउने काम गरेको तथा महिलाहरूको सहभागिता बढाउनुपर्छ भनेर कुनै पनि सेक्टरमा काम गर्ने समितिहरू बनाउँदा ५० प्रतिशत महिला सहभागिता, वन क्षेत्रमा हुने लैङ्गिक दुर्व्यवहार न्यूनीकरणका लागि लैङ्गिक आचारसंहिता हुनुपर्छ भन्ने कुरामा पनि उहाँले वकालत गर्दै आउनुभएको छ। साथै, बैङ्कककको रिकोफ्ट भन्ने संस्थासँग मिलेर सचेतना ल्याउने र लैङ्गिक असमानताविरुद्ध बोल्न आवाज उठाउने काम गर्दै आउनुभएको छ। केही नराम्रो गर्नेहरूलाई कारबाही गराउन पनि सफल हुनु भएको छ।

## नयाँ पुस्ताले सिक्नुपर्ने कुरा

स्नातक तह अध्ययनका क्रममा राधाको विवाह उहाँकै कलेजमा वन विषय अध्ययनरत सहपाठीसँग २०५५ सालको मङ्सिर महिनामा भएको हो। २०५८ सालमा छोरो जन्मियो। पोखरामा पढ्दै गर्दा दुबै जना विद्यार्थी अनि सरकारी सेवामा थिए। पढ्नका लागि दुबै जनाले बिदा लिएर बसेकाले दुबै जनाकै तलब आउँदैनथ्यो। सासुससुरा र बच्चा पनि डेरामा सँगै थिए। राधाको मात्रै छात्रवृत्तिको थोरै रकम आउँथ्यो। त्यही रकमबाट सबैजनाको खर्च पुऱ्याउनु पर्थ्यो। उहाँले 'रेन्जरको जागिर छँदैछ' भनेर त्यहीँ बसिराखेको भए पनि हुन्थ्यो तर केही हुनुपर्छ भन्ने अठोट थियो उहाँमा। अहिलेको पुस्तामा कतिपय महिलाहरू 'मैले बिहे गरेँ, अब करिअर मेरो श्रीमान्को मात्रै हो' भनेर लत्तो छोडिदिने प्रवृत्ति

उहाँलाई पटक्कै मन पर्दैन। उहाँ भन्नुहुन्छ, 'जे गर्न सकिन्छ, त्यस कामलाई निरन्तरता दिऊँ। हात उठाएर केही न केही बहानामा घरमा नबसौँ। हुन त सबैका सासु ससुराले हेरिदिने अवस्था पनि नहोला। बाध्यता पनि होला तर पनि एकअर्कालाई सहयोग गर्दै व्यवस्थापन गर्न सकिन्छ। पुरुषहरूले पनि मेरो श्रीमतीको पनि करिअर हो भनेर उनीहरूलाई पनि सहयोग गर्नुपर्छ।'

## वन संरक्षण र जलवायु परिवर्तन अनुकूलनमा महिला सहभागिता

महिलाहरूलाई जतिखेर पनि वन चाहिन्छ। महिलाहरूको सामाजिक श्रम विभाजन हेर्ने हो भने धेरै कुरासँग वन जोडिएको हुन्छ। पात, दाउरा, घाँस, स्याउला, जडिबुटी, कन्दमूल, खानेकुराहरू सबैसँग वन जोडिएको हुन्छ। दाउरा खोजेर ल्याएर एउटा सानोखाले आर्थिक संरचनालाई अगाडि बढाउने महिलाहरू गाउँमा बढी हुन्छन् तर पुरुषहरू काठका लागि हलो, जुवाका लागि कहिलेकाहीँ मात्र वन जान्छन्। पुरुषहरूलाई फरक तरिकाले अनि महिलाहरूलाई फरक तरिकाले वन चाहिन्छ। महिलाहरूले घर लिपपोत गर्न माटो, माटो मुनिको कन्दमूल, विरुवा, झरेको पातहरू, घरमा पात गाँस्न रुखको पात-हाँगा, दाउरासम्म प्रयोग गरिरहेका हुन्छन। त्यसकारण महिलाहरू नै वनका संरक्षक हुन्। यही कारणले गर्दा वनसञ्चालनमा महिलाहरूको नेतृत्वमा उहाँ जोड दिनुहुन्छ।

समानताका हिसाबले पनि घाँस दाउरा मात्र नभएर आर्थिक संरचनासँग जोडिएको काठको व्यवसायमा पनि महिलाहरूलाई सहभागी गराइनुपर्ने उहाँको भनाइ छ। आर्थिक सशक्तीकरणको हिसाबले पनि महिलाहरूका लागि वन एउटा त्यस्तो अवसर हो, जहाँबाट व्यवसाय लगायतका क्रियाकलाप गरेर आर्थिक अवसरहरू प्राप्त गर्न सकिन्छ। वन सुरक्षाको दृष्टिकोणले महिलाहरू चाहिन्छ भन्ने हिसाबले मात्र होइन-नेतृत्व, समानता र आर्थिक सबलता यी तिनओटै कुराहरूको सेरोफेरोमा रहेर महिला सशक्तीकरणको कुरा गर्नुपर्ने उहाँ बताउनुहुन्छ।

पछिल्लो चरणमा जलवायु परिवर्तनको कुरा आइरहेको छ। जलवायु परिवर्तनको मार प्राकृतिक स्रोतहरूमा निर्भर महिलाहरूमा नै बढी पर्ने भयो। जलवायु परिवर्तनका कारणले स्रोतको अभाव जस्तैः पानी, दाउरा, घाँसजस्ता कुराहरूको कृषि क्षेत्रमा ठुलो प्रभाव छ। नेपालमा कृषि क्षेत्र धान्ने नै महिलाहरू हुन्। कृषिको कुरा गर्दा वनक्षेत्र र कृषिको अन्योन्याश्रित सम्बन्ध छ। वन नभए कृषि रहन्न। त्यसैमा जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरणमा महिलाहरूको भूमिका हुन्छ। यसले प्राकृतिक स्रोत साधनमा निर्भर महिला, आदिवासी जनजाति आदिमा फरक फरक तरिकाले असर परिरहेको हुन्छ। त्यसको सामना गर्नका लागि पनि महिलाहरूको सहभागिता तथा सशक्तीकरण जरुरी हुन्छ।

**महिला सशक्तीकरणमा घर समाजको भूमिका**

राधा आफ्नो सफलताको श्रेय घरपरिवारलाई दिनुहुन्छ। गाउँमा खेती उब्जनी राम्रो भएको आर्थिक हिसाबले सबल, संयुक्त परिवार थियो। परिवारमा सबैभन्दा सानो भएर नै होला बुबाले जे कुरामा पनि उहाँको पक्ष लिनुहुन्थ्यो। उहाँकै गाउँमा अन्य परिवारका छोरीहरूलाई त्यो किसिमको सुविधा थिएन। प्रायः महिलाको सम्बन्धमा नकारात्मक विभेद हुन्छ तर उहाँका बुवा चाहिँ सकारात्मक लैङ्गिक विभेद गर्ने हुनुहुन्थ्यो। कहिलेकाहीँ आमाले उहाँलाई इङ्गित गर्दै 'यसलाई धेरै छुट दिँदा मात लाग्छ' भन्नुहुन्थ्यो। तर उहाँले बुबाको छुटको कहिल्यै फाइदा उठाउनुभएन। आमालाई घरको काममा पनि खुसीखुसी सघाउनुहुन्थ्यो। दुनाटपरी गाँस्ने, घाँस काट्ने, गाईभैँसीलाई कुँडो पकाउने, बाख्रा चराउनेलगायतका अन्य घरायसी काममा सघाउने अनि कक्षामा पनि पहिलो हुने भनेर गाउँमा उहाँको उदाहरण दिन्थे। गाउँलेहरूले'राधा जस्तै हुनुपर्छ' भन्थे। अन्य छोरी चेलीहरूको जस्तो विभेद उहाँले भोल्नुपरेको थिएन। यति हुँदाहुँदै पनि कतिपय कुरामा घरपरिवार समाजको विभेदबाट मुक्त हुन नसकेको उहाँको अनुभव छ।

धेरैजसो आमाबुबालाई छोराछोरीलाई हुर्काउदा कस्तो व्यवहार गर्नुपर्छ। कस्तो कुरा केटाकेटीहरूको अगाडि गर्दा मनोबल गिराउँछ भन्ने चेत अविभावकमा नभएको उहाँ बताउनुहुन्छ। जस्तो : यो त काली, हाम्री छोरी भएर पो हामीलाई राम्रो लागेको हो। यो अर्काको छोरी भए त कति नराम्री हो भन्ने गर्थे। आमा, ठुली आमाहरूले पनि जिस्किएर 'काली छ, खोई, यसको बिहे त हुने हो की नहुने हो' पनि भन्थे। त्यस्ले उहाँलाई 'आफू त एकदम नराम्री रहेछु' भन्ने हीनताबोध हुन्थ्यो।

उहाँ आईएससी गरेर जागिर खान थालेदेखि बिहेको निकै धेरै कुराहरू आउँथे। मान्छेहरू हेर्न आउने, अब पढाइ पुग्यो बिहे गर भन्ने खालको दबाबको वातावरण थियो। अनि छिमेकी दिदीहरूले पनि 'तँलाई फलानो मान्छे हेर्न आउँदै छ, बिहे गरे हुन्छ' भन्ने खालका कुरा गर्थे। यस्तो कुरा सुन्दा उहाँलाई सबैले महिलालाई बिहे गर्ने उम्मेदवार मात्र किन देखेका होलान्, किन क्षमता-योग्यताको कसैले कुरा नगर्ने भन्ने लाग्थ्यो।

महिलाले घरपरिवारबाट मात्र नभएर समाजबाट पनि त्यतिनै हिंसा सहनुपर्ने उहाँको अनुभव छ। पत्रपत्रिका पढ्न उहाँलाई निकै मनपर्ने। त्यसैले उहाँ वन कार्यालयमा जागिर खाँदा कार्यालय समयभन्दा अगाडि नै अफिस बाहिरको पत्रिका पसल पुग्नुहुन्थ्यो। सामान्यतया महिलाहरू पत्रिका पसलमा पत्रिका पढेर बस्दैनथे। तर त्यहाँ पनि 'तिमीलाई फलानोले मनपर्छ भनेको छ' लगायतका कुराहरू आएपछि उहाँ पत्रिका पसल जानै छोड्नुभयो। 'त्यो एक प्रकारको समाजले गरेको दुर्व्यवहार नै हो' भन्नुहुन्छ उहाँ।

यदि घरपरिवारको सहयोग हुने हो भने महिलाले सफलताको खुड्किलो चढ्न सजिलो हुने सुखद अनुभव पनि छ उहाँसँग। उहाँको श्रीमान्‌को परिवारमा एकजना मात्रै छोरा। बच्चा हुर्काउन सासु ससुराले पूर्ण सहयोग गरेका कारण पढ्न र करिअर अगाडि बढाउन उहाँलाई सजिलो भयो। सासुससुराका तर्फबाट उहाँलाई कहिल्यै रोकतोक भएन। उहाँ

स्नातकोत्तर तह पढ्न विदेश जाँदा घरमा सासु ससुराले नै उहाँको बच्चा हुर्काएर सहयोग गर्नुभयो। उहाँले स्वीडेनको स्वेडिस युनिभर्सिटी अफ एग्रिकल्चर साइन्स (एसएलयू)बाट स्नातकोत्तर गर्नुभएको हो।

## नीति निर्माण तहमा महिला सङ्ख्या बढाउनुपर्ने

उच्च ओहोदामा धेरै महिलाहरू पुगेका छन्। ती सबै महिलाहरूले आफ्नो क्षेत्रमा असमानताको कुराहरू बुझेर समानता ल्याउनका लागि सशक्तीकरणयुक्त काम गरेको भए धेरै परिवर्तन आइसक्थ्यो। लैङ्गिक संवेदनशीलताको सचेतना नभएर महिला सशक्तीकरण हुन नसकेको उहाँको ठम्याइ छ। पुरुषहरूमा पनि संवेदनशीलता विकास हुनुपर्छ। साँच्चिकै भन्ने हो भने महिलाहरूलाई पितृसतात्मक सोचको जालोबाट बाहिर निकाल्नुपर्छ। आजकल महिला पुरुष समान भन्ने तर आरक्षण खोज्ने ? भन्ने खालको भ्रम युवाहरूमै पनि पाइन्छ। समानुपातिक तथा अर्थपूर्ण महिला सहभागिताका लागि आरक्षणको कुरालाई हटाउने होईन बढाउनु पर्ने उहाँको राय छ। त्यसमा पछाडि परेका तथा पारिएका जातजाति, अन्तरर्विच्छेदन(इन्टरसेक्स्नालिटी)को पनि कुरो गर्नुपर्छ।

अहिलेको आरक्षणले बसौँदेखि सुविधा भोग गर्दै आएको(प्रिभिलेज्ड) परिवारमा हुर्किन पाएकाहरूले नै अवसर प्राप्त गरेका छन्। उहाँका अनुसार वन लगायत हरेक क्षेत्रमा छुट्याएरै ५० प्रतिशत महिला अनि ५० प्रतिशत पुरुषको सिट राख्नुपर्छ। महिलाका सिटमा महिला बिचमा प्रतिस्पर्धा गराएर महिलालाई ल्याउने र पुरुषको सिटमा पुरुषलाई नै ल्याउने गरिनुपर्छ।

●



रूप, धन दौलतले पूर्ण रेविका कुनै फिल्मकी नायिकाभन्दा कम हुनुहुन्न । रूप र आत्मविश्वासमा उहाँ अब्बल कलाकार देखिनुहुन्छ तर उहाँको जीवनको कहानी चलचित्रको कहानीभन्दा कम छैन ।

# जीवन फूल र काँडा दुबै हो– हिम्मत हार्नुहुँदैनः रेविका



● पूजा ढकाल

साधारण जीवन त जो कोहीले बाँचेकै हुन्छ तर, दुःख र पीडाको आगोमा दन्केर पुनः बाँच्ने प्रयत्न थोरै मात्र मानिसले गर्न सक्छन् । ती थोरै मध्येकी एक हुनुहुन्छ-रेविका थापाश्रेष्ठ । कहाली लाग्दो जीवनलाई आफ्नै पौरखले चिर्दैअघि बढेकी रेविकाले १७ वर्षको छोरासमेत गुमाउनुपर्‍यो । ४४ वर्षीया रेविका अहिले ३० जना बेसहरा बालबालिकाकी मायालु आमा बन्नुभएको छ । उहाँको परिचय यतिमा मात्र सीमित छैन । उहाँ ठुला गाडी चलाउने साहसी सबारी चालक पनि हुनुहुन्छ । उहाँले यही पेसाबाट नाम र दाम दुबै कमाउनुभयो । 'यदि मेरो जीवनको कुनै अर्थ छ भने, म आफैँले बाँच्नुपर्छ' रिक रियोर्डनको यो भनाई जस्तै वास्तवमा जीवनको अर्थ 'बाँच्नु'मा नै छ ।

### रेविकाका दुःखका दिन

रूप, धन दौलतले पूर्ण रेविका कुनै फिल्मकी नायिकाभन्दा कम हुनुहुन्न । रूप र आत्मविश्वासमा उहाँ अब्बल कलाकार देखिनुहुन्छ तर उहाँको जीवनको कहानी चलचित्रको कहानीभन्दा कम छैन । सानै उमेरमा आमा गुमाएपछि रेविकाको कहाली लाग्दो जीवनको सुरु हुन्छ ।

बुटवलको खैरेनी भन्ने ठाउँमा जन्मिनु भएकी रेविका आमा गुमाउँदा मात्र १२/१३ वर्षकी हुनुहुन्थ्यो । उहाँ बाबुकी कान्छी श्रीमतीबाट जन्मिएकी कान्छी छोरी हुनुहुन्छ । जेठी आमाको देहान्तपछि बाबुले उहाँकी आमा ल्याउनुभएको थियो ।

आमा बितेपछि उहाँको घरमा बुबा र सौतेनी दाजुदिदी थिए, जो उहाँभन्दा उमेरमा धेरै ठूला वैवाहिक जीवनमा बाँधिइसकेका थिए । आमा खसेपछि उहाँको न परिवार रह्यो न घर नै । नितान्त एक्लो बन्नुभयो । उहाँ आफ्नो विगत सम्झँदै भन्नुहुन्छ-'घरमा दिदी, दाजु, बुबा सबै हुनुहुन्थ्यो- एउटा

पूर्ण परिवार । तर, खै के कुराले हो, म एक्लै बन्न पुगें । आमा बितेपछि मलाई दाई दिदीले देख्नै सक्नुभएन । देख्न नसक्ने मात्र होइन मलाई मार्ने प्रयत्नसमेत गर्नुभयो । आमा खस्दा म कक्षा ३ मा थिएँ । आमा बिरामी भएदेखि नै म स्कुल जान सकिनँ । त्यसपछि पढाइ टुट्यो ।'

आमाको देहान्तपछि उहाँलाई दाजुदिदीले दैनिक कुट्न थाले । कुटाइ समान्य थिएन- जगल्ट्याउने, चिथोर्ने र उमेरभन्दा ठुल्ठुला काम लगाउने । उहाँ बिलकुलै बेसहरा बन्नुभयो, साथ थियो त केवल छिमेकीको तर यो भरथेगको साहराले उहाँको जीवनलाई मारिनबाट मात्र बचाउँथ्यो अरू सम्पूर्ण सङ्घर्ष उहाँ एक्लैले भोग्नुपर्थ्यो । उहाँ सम्झनुहुन्छ-'एकपटक कान्छो दाईले घरमा बोलाउनु भयो । राति ९/१० बजेतिर । जान त मन थिएन तर, मन नलागी नलागी पनि गएँ । घर पुगेको मात्र थिएँ, मलाई झ्याप्प समातेर कोठाको चुकुल लगाउनु भयो र मेरो घाँटी थिच्नुभयो । मेरो नाकमा भएको सानो सुनको फुली लुछ्नुभयो । अनुहारमा चिथोर, चाथर पार्नुभयो । बाँच्ने लेखेको रहेछ,'गुहार' भन्दै चिच्याएँ, पल्लो घरको बुबाले सुन्नु भएछ । आएर लात्ताले ढोका फुटाएर भित्र पस्नुभयो र मलाई बचाउनु भयो ।' यस्तो निरन्तर भइरहन्थ्यो । उहाँ अगाडि भन्नुहुन्छ,- 'लगाएको लुगा समेत लगे । आङ्मा लगाएको फ्रक र सर्टबाहेक मेरा सबै कपडा दिदीले लग्नुभयो । कहिलेकाहीँ त लाग्थ्यो मर्नपाए पनि हुन्थ्यो तर मर्न पनि कठिन नै रहेछ । काल कहाँ आइज भन्दा आउँछ र !'

दैनिक मरणासन्न हुनेगरी कुट्ने, पिट्ने हुनथालेपछि एकदिन छिमेकीले यो केटीलाई परिवारले बाँच्नै दिएन भनेर कान्छो दाइको नाममा पुलिसमा उजुरी दिए । पुलिसले दाइलाई तीन दिन थुनामा राख्यो । आइन्दा नकुट्ने सर्तमा पुलिसले दाइलाई थुना मुक्त गर्‍यो । दाइ थुनामुक्त भएर घर आएपछि रेविका बेघर हुनुभयो । कहिलेकाहीँका साहरा बन्ने बुबाले नै उहाँलाई घर पस्न दिएनन् ।

**ज्यामी काम**

घरबाहिरैबाट उहाँ बुटवल गएर ज्यामी काम गर्न थाल्नुभयो । '१४/१५ वर्षको उमेरमा ढुङ्गा पनि बोकेँ । सिद्धबाबाको मन्दिर बनाउँदा मैले पनि ढुङ्गा बोकेकी छु' भन्दै गर्दा उहाँका आँखा रसाए । ढुङ्गा बोकिरहँदा उहाँको बालमस्तिष्कले परिवार खोजिरहन्थ्यो तर उहाँलाई लिन कोही आएनन् । कापीकलम हातमा बोकेर हिँड्ने उमेरमा उहाँको हातमा ढुङ्गा थियो । साहराविनाको जीवनमा उहाँको साहरा चर्च बनेको थियो । कामबाट फुर्सद पाउनसाथ चर्च जानुहुन्थ्यो । 'चर्च गइरहने, भजनमा सहभागी भैरहनाले होला त्यो कलिलो किशोरी मस्तिष्कमा मलाई अनैतिक बाटो रोज्ने वा कसैसँग लसपस गर्नेतर्फ मन गएन । माथि हेर्दा आकाश, तल भुईंबाहेक कोही नभएको एक्लो संसारमा भगवान्को दृष्टि पक्कै पर्छ भन्ने लागिरहन्थ्यो ।' उहाँ अड्कल काट्नुहुन्छ ।

ढुङ्गा बोकेर जीवन गुजरा गरिरहेका बेलाबुबा उहाँलाई खोज्दै आउनुभयो । उहाँलाई भेटेपछि बुबा छोरीसितै बस्नुभयो । बाबुछोरी दुबैले ढुङ्गा बोक्ने काम गरे तर केही दिनमा उहाँका जेठा दाजु आएर बुबालाई सुटुक्क लिएर जानुभयो । उहाँले बुबालाई मात्र लग्नुभएन कि उहाँको कोठामा भएको चामलको बोरा, सुत्ने डसना पनि साथै लिएर जानुभयो ।

बेलुका रेविका घर फर्कंदा कोठा रित्तो थियो । सुत्ने के मा ? खाने के ? उहाँ अलमल्ल पर्नुभयो । दौडेर चर्चमा जानुभयो । चर्चका पास्टरले 'तिमीले धेरै दुःख पायौ । दुईजना केरलाका सर, मेडम हुनुहुन्छ, उहाँहरूलाई खाना बनाइदिनेकाम गर' भन्नुभयो । उहाँलाई त्यो काम ढुङ्गा खोज्दा देवता मिलेसहर भयो । उहाँ काम गर्दै हुनुहुन्थ्यो, केही महिनापछि फेरि बुबा उहाँलाई खोज्दै आउनुभयो । फकाइफुलाई सरमेडमलाई धम्काएर उहाँलाई त्यहाँबाट घर लग्नुभयो । घरमा जाँदैगर्दा थाहापाउनुभयो, बाबुले भलामतिले उहाँलाई लग्नुभएको होइन रहेछ । उहाँको विवाह गरिदिने भन्दै लगिएको रहेछ । उहाँ भन्नुहुन्छ, 'न मलाई बाहिर काम गर्न दिन्थे, न मलाई घरमा चैनले बस्न दिन्थे ।'

## विवाहले सुख भएन

उहाँ 'अहिले मेरो विवाह गर्ने उमेर भएको छैन' भनेर पुनः चर्चमा फर्किनुभयो। चर्चले उहाँलाई काठमाडौँको अर्को चर्चमा पठायो। पहिलो पटक उहाँ काठमाडौँ आउनुभयो। मज्जाले चर्चमा काम गर्न थाल्नुभयो। दसैँको बेला पारेर उहाँ पुनः गाउँ जानुभयो। त्यसैबेला चर्चका पादरीलगायत अन्य उहाँका शुभचिन्तकले विवाह गर्न सुझाए। ती पुरुष पनि चर्च आउने गर्थे। 'विवाह गर्ने मेरो सोच थिएन तर चर्चका पादरी तथा अन्य विश्वासीले मलाई विश्वास दिलाउनुभयो- विवाहपछि सुख मिल्छ विवाह गर भनेर।'

विवाहको अर्थ बुझ्नै नपाउँदै उहाँको एक विश्वासीसँग विवाह भयो  तर उहाँको भाग्यमा सहजै सुख लेखेको थिएन। उहाँका श्रीमान् मानसिक रोगी किसिमका रहेछन्। विवाह गरेको दोस्रो दिनबाट नमज्जाले कुट्न थाले। श्रीमान्ले विना कारण दैनिक जसो कुट्न थाले। पहिला कुट्ने अनि एकैछिनमा सरी भन्ने। उहाँ आजित हुनुभयो। फेरी लाग्यो- विवाह भै गयो, अब कहाँ जाने !'एउटी महिला बाँच्न निकै गाह्रो रहेछ,' उहाँले लामो सास फेर्नुभयो।

श्रीमान्को कुटाइ सहँदै उहाँ बसिरहनुभएको थियो। उहाँलाई लाग्यो, सन्तान भयो भने श्रीमान्ले नकुट्लान्। उहाँले सन्तान जन्माउने र परिवार नबिगार्ने बाटो रोज्नुभयो। छोरा जन्मियो तर, श्रीमान्को रबैया परिवर्तन भएन। छोरो जन्मिएपछि उहाँ बस्नै नसक्ने हुनुभयो। उहाँले श्रीमान्लाई छोड्ने निणर्य गर्नुभयो र एकदिन तीन वर्षीय छोरो च्यापेर घरबाट निस्किनुभयो।

## वैदेशिक रोजगार

छोरोलाई भैरहवाको एक बाल आश्रममा राखेर उहाँ साउदी अरब जानुभयो। उहाँका साहु साउदी अरबबाट मलेसिया जाने भएकोले राम्रो रकम प्राप्त गरेर छ महिनामा नै उहाँ नेपाल फर्किनुभयो। तीन वर्षको छोराले छ महिनापछि आउनुभएकी  आमालाई चिनेन, बिर्सिसकेछ।

उहाँको मनमा केही गर्ने अठोट र हुटहुटी जागिसकेको थियो। देश विदेश पनि देखिसक्नु भएको थियो। काँधको जिम्मेवारीमा छोरा थियो। उहाँले आफैँ केही सीप सिकेर जीविकोपार्जन गर्ने र छोरो आफूसँगै राखेर हुर्काउने सोच गर्नुभयो।

## आफ्नै पौरख

सात दिन छोरासँगै बसेपछि उहाँ पुनः काठमाडौं आउनुभयो-छोरालाई आश्रममै छाडेर। काठमाडौँमा आएर एकजना टेम्पो चालक महिलासँग बस्नुभयो। तिनै टेम्पो चालक महिलाको रेविकालाई टेम्पो चलाउने सुझावअनुसार पुतलीसडकमा टेम्पो सिक्न जानुभयो तर यो पेसा आफ्ना लागि बनेको होइन जस्तो लाग्यो। टेम्पो चालक पुरुषै पुरुषका बिचमा आफू रहनु पर्ने, राम्री युवती देखेपछि पुरुष नजिकिन खोज्ने, 'कस्ती राम्री' भनेर जिस्क्याउने जस्ता कारणले उहाँले २५ सय तिरी सिकेको टेम्पो दुईदिनमा नै छोड्नुभयो। त्यसपछि टेम्पोभन्दा ठुलो गाडी सिक्छु भनेर उहाँ कार चलाउन अर्कै ड्राइभिङ सेन्टर जानुभयो। ड्राइभिङ सेन्टरमा कार सिके पनि उहाँले साथीभाइको सहयोगमा सडकमा नै टेम्पो पनि सिक्नुभयो। केही महिनामा नै उहाँले कार र टेम्पो दुबैको लाइसेन्स लिनुभयो।

उहाँले आफ्नो पौरखमा पुनः एकपटक बाँच्ने आँट गर्नुभयो र फेरि टेम्पो चलाउन थाल्नुभयो। रेविकाले भैरहवा अनाथालयमा छोडेको छोरालाई ल्याउनुभयो र आफैँसँग राखेर पढाउन थाल्नुभयो। उहाँ सम्झनुहुन्छ,'म बिहान ५ बजेबाट टेम्पो लिएर हिँड्थे। समयसमयमा घर पनि आउँथे। बाबुको हेरविचार गर्थें। समय बचाएर खाना पकाएर खुवाउँथे। बाहिरबाट साँचो लगाएर बाबुलाई कोठाभित्रै राखेर टेम्पो कुदाउन हिँड्थेँ ताकि बाबु बाहिर निस्केर नहराओस्। सडकबाटै कोठा देखिन्थ्यो, बाबु झ्यालमा समातेर बाहिरका मानिससँग गफ गरिरहन्थ्यो। त्यो दृश्य म टेम्पोबाट दैनिक देख्थेँ।'

रेविका टेम्पो चालकबाट कार चालक बन्नुभयो। उहाँले विभिन्न संस्था,मन्त्रालय हुँदै संयुक्त राष्ट्र सङ्घीय निकायमा समेत कार चलाउनुभयो। विभिन्न ठाउँमा चालकको भूमिका निर्वाह गर्दागर्दै २०७० सालमा साझा यातायात पुनः आयो। रेविकाले साझा यातायात कुदाउने हिम्मत गर्नुभयो। साझा यातायात कुदाउनका लागि आवेदन दिनुभयो। उहाँ महिला भएकै कारण हुनुपर्छ, साझा कुदाउन निकै मिहिनेत गर्नुपर्‍यो तर उहाँले हिम्मत हार्नुभएन। व्यस्त सडकमा साझा कुदाउने आफ्नो रहरलाई पूरा गर्नुभयो। साझा यातायातले दिएका सबै ट्रायल पास गर्दै सयौँ यात्रु राखेर उहाँले सरररर साझा कुदाउनुभयो।

## छोराको विरह

सानैदेखि पाएको दुःखलाई चिर्दै आफ्नो सीप, क्षमता र लगनशीलताले रेविकाले आमा छोराको सम्राज्यलाई झन दरिलो बनाउँदै लग्नुभयो। अब पहिलाकी 'बिचरा' रेविका होइन, आफ्नो पौरखमा खाने अब्बल, समाजलाई चुनौती दिँदै अघि बढ्दै गर्नुभएकी रेविका हुनुभयो। उहाँको सपना थियो, छोरालाई इन्जिनियर बनाउने। पढ्नमा निकै तेज उहाँका छोरा विवेकले १७ वर्षको उमेरमा साइन्स विषय लिएर १२ कक्षा उत्तीर्ण गरिसकेका थिए। दिन कसले देखेको हुन्छर ? एकदिन उहाँका छोरा निक्कै बिरामी परे। लगातार बान्ता गरिरहे। तुरुन्त छोरालाई पाटन अस्पताल पुर्‍याइयो। सात दिन छोरालाई पाटन अस्पतालमा राख्दा पनि छोराको रोग कम हुने छाँटकाँट देखिएन। कुन रोग लागेको समेत पत्ता लागेन।

त्यसबेला रेविका विदेशीको पनि गाडी चलाउनुहुन्थ्यो। उहाँहरू रेविकाको छोरा हेर्न आउनुभयो, नाजुक अवस्था देखेपछि लाजिम्पाटस्थित अर्कै अस्पतालमा विवेकलाई भर्ना गरियो। विवेक एकै दिनमा त्यस अस्पतालमा केही ठीक भए र रातमा उनलाई डिस्चार्ज दिइयो। घरमा आएका विवेकको न्यून रक्तचाप भएको डाक्टरले बताएका थिए। त्यसभन्दा अन्य रोग पत्ता लागेको थिएन। भोलिपल्ट रेविकाले विवेकलाई उठाउँदा उनी

आमा तथा संसारबाट विदा भइसकेका थिए । कठिन परिस्थितिलाई सहजै आफ्नो पौरखले चिरेकी रेविकाको पैताला दबिएका थिए, आकाश फाटेको थियो । छोराको वियोगले उहाँ पटक पटक मुर्छित हुनुभयो । बिस्तारै उहाँ मर्नुभन्दा छोराकै नाममा केही गर्न पाए हुन्थ्यो भन्नेतर्फ लाग्नुभयो ।

## अर्को विवाह

उहाँले २०७४ सालमा अर्को विवाह गर्नुभयो, एक अधिकृतसँग । 'वास्तवमा मैले जीवनभर एक्लै सङ्घर्ष गरिरहेँ । मलाई मेरो छोरा विवेक सानो छँदै विवाह गर भन्ने धेरै थिए । तर, छोरालाई अन्याय पो होला कि भनेर मैले कहिल्यै त्यसो गरिन । तर, मसँग अब विकल्प थिएन । एक्लै कति रुने ? कति अत्तिने ? कति जीवनसँग जुध्ने ? मैले अन्तिम निर्णय लिएँ र पुनः विवाह गरें,' उहाँ भन्नुहुन्छ ।

बाबु खसेपछि उहाँले पुनः साझा यातायात हाँक्ने आँट गर्नुभयो तर, अर्को बाबु पेटमा आएपछि अहिले रेविका बबरमहलको विजुली बजार किनार छेउमा विवेक स्वच्छ केन्द्र खोलेर ३० जना बेसहरा बालबालिकाकी आमा भएर बस्नुभएको छ । अहिले उहाँसँग ५ वर्षका छोरासमेत छन् । रेविकाले अहिले आश्रम बनाउनु भएपनि २०६० सालबाट नै विभिन्न सडक बालबालिकालाई उठाएर विभिन्न स्कुलमा भनसुन गरी बच्चा पढाउँदै आउनुभएको थियो । त्यसैको फलस्वरूप उहाँ अहिले बालबालिकाको भविष्य कोर्नमा व्यस्त हुनुहुन्छ ।

जीवनको आधा उमेर सबारी चालक भएर बिताउनुभएकी रेविकाको धोको अझै नेपाल–भारत मैत्री बस चलाउने छ । यसका लागि उहाँले प्रयास पनि गर्नुभएको छ । कहाली लाग्दो जीवनबाट अहिले स्वर्णीम जीवन बिताइरहनुभएकी रेविका भन्नुहुन्छ 'जीवन फूल, काँडा दुबै हो- हिम्मत हार्नु हुँदैन ।'

●



कम्प्युटरमा आवाजयुक्त सफ्टवेयर वा प्रोग्रामिङ् राखेर अब्बल तरिकाले कार्यालयको काम आफैँ गर्नुहुन्छ । सेतो छडीको सहाराले एक पटक पुगेको जुन सुकै ठाउँमा पनि एक्लै यात्रा गर्न सक्नुहुन्छ । उहाँ तीव्र ईच्छा शक्ति भएको, काममा निपूण, क्षमतावान् र त्यति नै प्रतिभाशाली व्यक्तित्व पनि हुनुहुन्छ ।

# आँखाले हैन, चेतनाले संसार देख्ने नीरा



● निर्मला घिताल

नीरा अधिकारी ७ वर्षको हुँदासम्म आँखा देख्नुहुन्थ्यो। २०४२ सालमा ज्वरो आएर सिकिस्त बिरामी पर्नुभयो। चिकित्सकको भनाइअनुसार उहाँलाई टाईफाइड भएको थियो। त्यही टाईफाइडको कारणले उहाँको आँखाको दृष्टि गयो। उहाँ ३ कक्षामा पढ्दै हुनुहुन्थ्यो। २२ दिनसम्म आँखा उपचारको लागि अस्पताल बस्नुपऱ्यो। डा.राम प्रसाद पोखरेलले उहाँको त्रिपुरेश्वरको आँखा अस्पतालमा दुबै आँखाको अपरेसन एकैचोटी गरेका थिए। उहाँलाई बच्चा बेलाको सबै त याद छैन तर बेला बेलामा आफैले आफैलाई प्रश्न गर्नु हुन्छ- दुवै आँखाको अप्रेसन डाक्टरले किन एकैचोटी गरेको होला ?

बुझ्ने भएदेखि नीरालाई लाग्न थालेको छ, 'सुरुमा एउटा आँखाको मात्र अप्रेसन गरेर जाँच गरेको भए ठीक हुने नहुने कुरा थाहा हुन्थ्यो। एउटा आँखा बिग्रे पनि अर्कोले त अलिअलि भए पनि देख्न त सक्थें होला।' उहाँले अपरेसन गर्नुअगाडि बरु अँध्यारो उज्यालो छुट्याउन सक्नुहुन्थ्यो तर अपरेसनपश्चात ठप्पै भयो। आँखा उपचार गर्दागर्दै लगभग दुई वर्ष बितेको थियो। जति उपचार गरे पनि उहाँको आँखाको दृष्टि फिर्ता आएन।

यद्यपि आँखाको दृष्टि उहाँको शिक्षा, जीवन, रोजगार कतै पनि अभाव भएको देखिंदैन। खाने मुखलाई जुंगाले छेक्दैन भनेजस्तै दृष्टिविहीन भएर पनि उहाँ उदाहरणीय हुनुहुन्छ। निजामती सेवामा उहाँ उपसचिव तहमा हुनुहुन्छ। उहाँले जनप्रशासन विषयमा स्नातकोत्तर गर्नुभएको छ भने समाजशास्त्रमा विद्यावारिधिको लागि तेस्रो सेमेस्टरमा अध्ययनरत हुनुहुन्छ। शिक्षाशास्त्र तर्फ अंग्रेजी विषयमा स्नातक र समाजशास्त्रमा पोस्ट ग्राजुएशन सेन्ट जेभियर्स कलेज काठमाडौंबाट गर्नुभएको हो।

उहाँले २०५३ सालमा एसएलसी पास गर्नु भयो भने हालसम्म एक पटक पनि असफल भएको रेकर्ड छैन ।

नीरा अधिकारी नामै काफी छ, अपाङ्गता क्षेत्रका लागि मात्र नभएर राष्ट्रकै लागि पनि । नीरा अधिकारी दृष्टिसम्बन्धि अपाङ्गता वा दुवै आँखा पूर्ण रुपमा नदेख्ने महिला भएर पनि उहाँको दैनिकी र प्रगति अरू उच्च ओहोदामा पुगिसकेका मानिसको भन्दा कुनै कुरामा कम छैन । उहाँ हाल निजामती कर्मचारीको रूपमा महिला तथा बालबालिका विभाग, पुल्चोक, ललितपुरमा उप-सचिवको पदमा रहेर जनताको सेवा गरिरहनु भएको छ । उहाँ ईज्जत गर्न लायक, सम्मानित र सबैले गौरव गर्न योग्य उदाहरणीय व्यक्तित्व हुनुहुन्छ ।

## जन्म र परिवारको सहयोग

नीरा अधिकारीको जन्म २०३५ साल भाद्र २० गते गोटीखेल गाविस-४, धामीखोला टोल, ललितपुर जिल्लामा भएको हो । उहाँको स्थायी घर महाङ्काल गाउँपालिका-३, ललितपुर हो भने हाल गोदावरी नगरपालिका-३ मा अस्थाई बसोबास गर्दै आउनु भएको छ । आमा अरिमाया अधिकारी र बुबा यज्ञबहादुर अधिकारीकि काईंली सन्तानको रूपमा जन्मिएकी निरा अधिकारीका उहाँसमेत गरेर छ जना दिदीबहिनीहरू, एक जना दाजु हुनुहुन्छ । उहाँ अहिले पनि संयुक्त परिवारमा नै बस्दै आउनु भएको छ । उहाँको बुबा शिक्षक हुनुहुन्थ्यो । बुबा जागिरे भएकोले दुइ चार मिठो मसिनु खान र राम्रो लाउन दशैँ वा चाडवाड नै पर्खिनु पर्दैनथ्यो । अविभावक शिक्षित भएकोले पनि होला छोरी भए पनि सानै उमेरमा नै स्कूल जान पाउनु भएको थियो ।

उहाँको परिवारले यहाँसम्म आइपुग्नको लागि माया, साथ र सहयोग धेरै गर्नुभयो । उहाँलाई हजुरआमा हजुरबाले अझ धेरै माया गर्नु हुन्थ्यो । अचेल नीरालाई लाग्दो रहेछ, ‘आँखा नदेख्नु मेरो लागि अवसर पनि भयो । परिवारले अरूलाई भन्दा बढी माया गरे । यदि मैले आँखा देख्ने नै हुन्थें

भने सबै अरू दिदी बहिनीहरूको जस्तै चाँडो विवाह हुन्थ्यो होला । जसले गर्दा मेरो प्रगतिमा अवरोध पुग्थ्यो होला ।अहिले भएको जति प्रगति गर्न सक्ने थिएन होला ।'

## शिक्षामा बाधक बनेन आँखाबाट हराएको दृष्टि

उहाँलाई दृष्टि हुँदा र दृष्टि नहुँदाको दुवै अनुभव भएकाले ती अवस्थाहरूको तुलना गर्दा आकास पातालको फरक लाग्छ । दृष्टि गुम्नासाथ एक्लै हुँदा धेरै डराउनु हुन्थ्यो । आँखाको कारणले उहाँको पढाईमा दुई वर्ष पूर्ण विराम नै लागेको थियो । तथापि, आँखाको ज्योति गुमाएपछि पनि फेरि अध्ययनलाई निरन्तरता दिनु भयो ।

उहाँको तीक्ष्ण बुद्धिका कारण सानैदेखि पढाई राम्रो थियो । बुबा शिक्षक हुनु भएकोले पुनः नमुना मच्छिन्द्र आवासीय माध्यामिक विद्यालय, लगनखेलमा विद्यालयकै छात्रावासमा बस्न मिल्ने गरी उहाँलाई भर्ना गरिदिनु भयो । ४ कक्षाबाट फेरि पढन सुरू गर्नु भयो । विद्यालयमा नयाँ साथीहरूसँग खेल्ने, पढ्ने र कथा, कविता भन्ने र सुन्ने गरेको अहिले पनि याद ताजै छ ।

कक्षामा शिक्षकले बोलेर पढाएको भरमा उहाँले सुनेर पढ्नु पर्दथ्यो । ब्रेल लिपि जान्ने शिक्षकहरू पनि जम्मा दुई जना मात्र हुनुहुन्थ्यो । छात्रावासमा देख्ने विद्यार्थीहरू भएकाले उनीहरूको सहयोगले गृहकार्य गर्नु हुन्थ्यो । कक्षागत कार्य पनि कक्षाका साथीकै सहयोगमा गर्नु हुन्थ्यो । विद्यालयमा ब्रेल लिपिमा पढने किताब थिएनन् । पछि ब्रेल लिपि सिक्न थाल्नु भयो, शिक्षकको आवाज सुनेर पढन सिक्न थाल्नु भयो । बिस्तारै एक्लै हुँदा पनि डर लाग्न छोड्यो । दृष्टि गुमेपछि पनि उहाँले पढाइमा राम्रो प्रगति गर्दै जानुभयो । परिवारको, विद्यालयमा शिक्षकहरूको र साथीहरू सबैको माया, प्रेरणा र हौसला पाउन थाल्नु भयो । राम्रो पढ्ने विद्यार्थी भएको हुँदा साथीहरूले पनि सहयोग गर्ने गरेका थिए । सबैले माया गर्ने भएकाले विद्यालयमा भने कहिले पनि आत्माग्लानी र हीनताबोध भएको महसुस गर्नु परेन ।

२०५३ सालमा एसएलसी पास गर्नु भएकी नीरा हालसम्म एक पटक पनि असफल हुनु भएको रेकर्ड छैन । जनप्रशासन विषयमा स्नातकोत्तर उहाँ समाजशास्त्रमा विद्यावारिधिको लागि तेस्रो सेमेस्टरमा अध्ययनरत हुनुहुन्छ । उहाँको लोभलाग्दो शैक्षिक योग्यताले आँखामा ज्योति भएर पनि विभिन्न बहानामा नपढ्नेलाई गिज्याएको महसुस हुन्छ ।

## हिंड्न अप्ठ्यारो

घर काठमाडौंसँगैको जिल्ला ललितपुरमा भएपनि त्यतिबेला गाडीको सुविधा नभएकाले बिदामा घर जाँदा ८-९ घण्टा हिंडेर जानुपर्दथ्यो । बिदामा बुबा सधैं लिन आउनुहुन्थ्यो । कहिलेकाहीँ आमा र दाइदिदी पनि लिन आउनु हुन्थ्यो । त्यति लामो बाटोमा हिंड्न त्यति सहज हुदैनथ्यो । घर जाने क्रममा कति बेला घर पुगिएला र मिठामिठा खाने कुराहरू खान पाइन्छ, हजुरआमा र हजुर बुबाको माया, राति आमाले खुट्टा मिचिदिनु हुन्छ भन्ने आशा लाग्थ्यो । तर विद्यालय फर्की सकेपछि भने धेरै दिनसम्म त्यो थकाइ मर्ने थिएन । दृष्टिविहीन हुनुका साथै उहाँको खुट्टाहरू पनि अलिक कमजोर छन्, मेजर अपरेसन भएको छ । अहिले पनि समय समयमा खुट्टामा समस्या हुने हुँदा डाक्टरकहाँ जाने गरिरहनुपर्छ ।

## सरकारी रोजगारीको रहर

नीरा विभिन्न नेत्रहीनसम्बन्धि संघ संस्थाका विभिन्न पदहरूमा रहेर नेतृत्वदायी भूमिकामा हुनुहुन्छ भने सरकारी तर्फ उपसचिव तहमा हुनुहुन्छ । उहाँको सानैदेखिको सरकारी कार्यालयमा स्थायी जागिर खाने रहर थियो । उहाँको रहर, मिहेनत र परिवारको सहयोगले सफल भएरै छोड्नु भयो । जागिर खाने सुरुवाती दिनमा केही समयका लागि अस्थायी राहत कोटामा माध्यमिक विद्यालय शिक्षकको भूमिकामा पनि काम गर्नु भयो ।

शैक्षिक योग्यता पनि बढाउदै, लोकसेवाको तयारी पनि गर्दै पछि लोकसेवाको परीक्षामा भिडेर स्थायी जागिर खान धेरै मेहेनत गर्नु भयो। आखिर, मेहनतको फल मिठो हुन्छ भने जस्तै २०६६ साल भाद्र महिनामा प्रशासन तर्फ शाखा अधिकृतमा नाम निकालेर सरकारी स्थायी जागिर खाने धोकोको पहिलो खुड्किलो टेक्नुभयो। बढुवा हुँदै उहाँले उपसचिव जस्तो गरिमामय पदमा रहेर जनताको सेवा गर्ने मौका पाउनु भएको छ।

## दृष्टिसम्बन्धी अपाङ्गताका चुनौती

उहाँले दृष्टिसम्बन्धि अपाङ्गता भएकै कारण धेरै नै समस्या र चुनौतीहरूको सामना गर्नुभएको छ। सँगसँगै, तितामिठा अनुभव पनि सगाल्नु भएको छ। उहाँको परिवारमा छोरा छोरी भनेर विभेद हुँदैनथ्यो र अपाङ्गताका कारणले पनि खासै विभेद भोग्नु परेन। बरु, अझ बढी माया, संरक्षण, प्रेरणा र हौसला पाउनु भयो। कहिले काहीं भने घरमा सबै आ-आफ्नो काममा ब्यस्त भएको बेलामा कतै जान मन लागेको ठाउँमा लगि दिने मान्छे हुँदैनथ्यो र जान नपाउँदा मन खिन्न हुन्थ्यो।

कतिपय योजना र कार्यक्रममा भाग लिन पाउनु हुन्नथ्यो भने सामाजिक रूपमा छिमेकी आफन्तहरूसँग भने केही तिता वचन वाण, घृणा, तिरस्कार, विचराको पात्र बन्नु पर्ने हुन्थ्यो। सामाजिक कार्यमा नबोलाउने, नकारात्मक कुरा गर्ने- अब यसले के गरी खान्छे, कसले पाल्छ, बिहे पनि हुँदैन, पढ्न पनि सक्दिन, पढाएर पनि काम छैन, काम गर्न सक्दिन, कमाउन सक्दिन भन्नेजस्ता कुरा सुन्दा चाहिँ भने उहाँलाई आफ्नो स्वाभिमान गुमेको जस्तो हुन्थ्यो। अपाङ्गताको अधिकारको आन्दोलनमा जोडिएपछि भने उहाँलाई कसैले केही नराम्रो भने पनि सजिलै पचाई दिन सक्ने हुनुभयो, यसलाई उहाँ अभियानको प्रभाव मान्नुहुन्छ।

**संस्थागत संलग्नता**

नीरा अपाङ्गता वर्गभित्र पनि दृष्टिविहीनको लागि अधिकारको पक्षमा वकालत गर्ने सस्थासँग जोडिएर अपाङ्गता अधिकारको आन्दोलनमा लाग्नु भयो । २०५३ सालमा नेपाल नेत्रहीन संघमा १६ वर्षको उमेरमा प्रवेश गर्दै गर्दा साधारण सदस्यता प्राप्त गर्नुभयो । नेपाल नेत्रहीन संघ नै उहाँको लागि सामाजिक क्षेत्रमा काम गर्ने पहिलो सिंढी बन्यो । कामप्रतिको रुची, निरन्तरता देखेर नै होला २०५३ सालमा नै नेपाल नेत्रहीन संघको तेस्रो शाखा, ललितपुर जिल्लाको नेत्रहीन संघमा अध्यक्षको भूमिका पाउनु भयो । त्यसैगरी २०५४ सालमा नेत्रहीन संघको केन्द्रीय समितिले महिला समिति बनायो, त्यहाँ उहाँ सदस्य बन्नुभयो । २०५५ सालमा नेपाल नेत्रहीन संघको कार्यसमितिको सदस्यमा रहेर अझ धेरै योगदान गर्नु भयो र संस्थाको महिला समितिमा २०६० सालमा अध्यक्ष भएर काम गर्नु भयो ।

नेपाल नेत्रहीन संघ, ललितपुर शाखाको स्थापना कालदेखि लगातार तीन पटक अध्यक्ष भएर कार्यकाल सम्हाल्ने मौका पाउनुभयो । उहाँको अपाङ्गता अधिकारको आन्दोलनमा रहेर काम गर्ने विशेष ईच्छा भएकै कारणले आज आफूजस्ता कयौं दृष्टिविहीन दिदीबहिनीलाई संघ संस्थाहरूमा संगठित गर्दै हक अधिकार दिलाउने कार्यमा सहयोग गर्न सफल हुनु भएको छ । नेपाल नेत्रहीन संघले उहाँको सामाजिक अभियन्ताको भूमिकामा अपाङ्गता क्षेत्रमा काम गर्दै अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा, अधिकारको पक्षमा वकालत, परिवार, समाज र राज्यलाई योगदान गर्ने धोको पूरा गरेको छ ।

यसैगरी २०६७ सालमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालमा कार्यसमितिको सदस्य र महिला विभागको संयोजक भएर समग्र अपाङ्गता भएका व्यक्ति तथा महिलाको हक, हित र अधिकारको लागि पनि काम गर्नु भयो । २०६७ सालमा नै नेत्रहीन महिला संघ नेपालको संस्थापक अध्यक्षको रुपमा रहेर विधिवत संस्था स्थापना गर्न पनि सफल हुनुभयो । आज

पनि यो संस्थामा देशभरका धेरै दृष्टिविहीन दिदीबहिनीहरू आवद्ध भएर विभिन्न गतिविधिहरू संचालन गर्दै आइरहेका छन । हाल यस संस्थाको देशव्यापि रुपमा शाखाहरू बिस्तार हुने क्रममा छन् र हाल उहाँको भूमिका उक्त सस्थामा सल्लाहाकारको रुपमा रहेको छ ।

उहाँ भन्नुहुन्छ, "सबैलाई आत्मनिर्भर बन्न प्रेरित गर्ने सहयोग गर्ने र जागिरबाट बचेको समयलाई अझै पनि अपाङ्गता क्षेत्रको सामाजिक कार्यमा खर्चिने गरेको छु ।'' समाजमा सबैको लागि प्रेरणादायी कार्य गरेर उदाहरणीय बन्नु पर्छ भन्ने उहाँको सानैदेखिको चाहाना थियो ।

**नीतिगत काममा संलग्नता**

उहाँले दृष्टिविहीन महिलाको हक अधिकारको लागि हरेक तहमा बसेर कहीँ नीति निर्माणमा काम गर्नुभयो भने र कहीँ नीति कार्यान्वयन गर्ने काम गर्नुभयो । अपाङ्गता अधिकारसम्बन्धि ऐन बनाउने क्रममा आन्तरिक रुपमा कर्मचारीको भूमिकामा रहेर पनि धेरै सुझाव दिनु भएको थियो । महिला तथा बालबालिका विभागमा सामाजिक सुरक्षा शाखामा बसेर काम गर्दा अपाङ्गता भएका महिलाहरूको सवाल पहिचानका लागि तत्कालीन ७५ जिल्लाहरूलाई समावेश गरी कार्यक्रम बनाउन प्रेरित गर्नुभयो । अपाङ्गतामैत्री शौचालय बनाउन बजेट विनियोजन गराउन पहल, विभागको आफ्नै भावनमा अपाङ्गतामैत्री शौचालय बनाउने काम उहाँकै नेतृत्वमा भएको थियो । समुदायमा आधारित पुनर्स्थापना (सि.बि.आर) र ज्येष्ठ नागरिक सेवा केन्द्रको अध्ययन गरी नयाँ कार्यक्रम बनाउँदा बनाउदै देश संघीयतामा गयो र धेरै काम अधुरो रह्यो । निजामती सेवा ऐन संशोधन हुँदा अपाङ्गता भएका कर्मचारीलाई गर्नुपर्ने व्यवस्था तथा प्रोत्साहनका लागि सल्लाह र सुझाव दिई रहनु भएको छ ।

उहाँ भन्नुहुन्छ- "स्थायी सरकारी जागिरमा माथिल्लो पदसम्म पदोन्नती भई जानसक्ने प्रणाली भएर पनि मलाइ मन परेको हो, त्यसमा पनि अलिकति नीतिगत काम पनि गर्न सकिन्छ कि भन्ने थियो । तर सोचे

जस्तो त्यति सजिलो रहेनछ । भनसुन गर्ने मान्छे, कोही नहुनेले भनेको ठाउँ नपाउने र मेरो क्षमता, आवाजलाई कसैले बुझ्ने कोसिस पनि नगरेको महसुस हुन्छ ।''

**बहुपक्षीय विभेदका कुरा**

नीराका अनुसार महिला भएकै कारणले लैंगिक विभेद भोग्नु पर्ने अवस्था छ, अझ अपाङ्गता र दृष्टिविहीन हुनुको पीडा झन् धेरै र बेग्लै फरक छ । अपाङ्गता भित्र पनि गरिबीको कारण र हिंसाको जोखिममा पर्नु परेको अवस्थाले गर्दा अपाङ्गता भएका महिलाहरू बहुपक्षीय विभेदको शिकार भएर बाँच्न विवश छन् ।

विवाहका सम्बन्धमा उहाँ, 'विवाह गर्ने अधिकार त सबैलाई छ भनिन्छ तर नेपाली समाजमा विवाहको मामलामा अलिक विभेद नै छ' भन्नुहुन्छ । उहाँ अगाडि भन्नुहुन्छ, 'आफ्नो जोडी आफैं छान्न पाउनु, कोसँग कहिले बिहे गर्ने भन्ने निर्णय गर्न पाउने अधिकार त हुनुपर्छ तर अपाङ्गता भएकै कारणले अरु सबै नागरिकको जस्तो विवाह मर्यादित छैन । मलाई पनि प्रस्तावहरू त नआएका होइनन् तर मेरा धेरै दिदीबहिनीहरूको विवाहपछि तत्काल सुख कसैलाई भएन । आमाको चाहना पनि मैले विवाह नगरी बसे हुने थियो भन्ने थियो । विवाह गर्नलाई झट्ट आँट पनि गरिँन ।' अर्को, स्नातक सकेपछि उहाँको खुट्टामा समस्या आएर मेजर अपरेसन नै गर्नु परेपछि विवाहको सोचाइलाई अझ पर पुर्‍यायो । यद्यपि उहाँ आफू 'विवाह बन्धनमा बाँधिनुभन्दा एकल जीवन नै स्वतन्त्र लाग्छ' भन्नुहुन्छ ।

सबै महिलाहरूले आफू आर्थिक रुपमा सक्षम हुने बाटो खोज्नुपर्ने नीराको धारणा छ । उहाँका अनुसार आर्थिक परनिर्भरतासँगै स्वतन्त्रता हराउने गर्छ । शिक्षा रोजगार र मर्यादित जीवन बाँच्नको लागि आधारशीला हो । केही प्राप्ति गर्नुछ भने मेहनत गरौं, समय खेर नफालौं । हिजोआज परिवार र समाजले महिलालाई, अपाङ्गता भएका व्यक्तिलाई त्यसभित्र पनि अपाङ्गता भएका महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन त आएको

छ तर सबै ठाउँमा भने समानस्थिति छैन, यो पनि ठाउँ विशेष र चेतना विशेषमा फरक छ ।

तराईमा आज पनि अपाङ्गता भएका महिलाहरूले सरकारले उपलब्ध गराएको सेवा सुबिधा लिन सकेका छैनन् । साथै शिक्षाको अधिकार पाउन सकेका छैनन् । कति घरमा बढेकी छोरीलाई एक्लै बाहिर पठाउँदैनन् । एक्लै हिंडेको देखेमा समाजले परिवारलाई गाली गर्छ । तर सहरी क्षेत्रमा अपांगता भएका व्यक्ति बाटोमा हिँड्दा प्राप्त गर्ने सहयोगमा भने राम्रो परिवर्तन आएको छ ।

**अपाङ्गता र आन्दोलन**

नेपाल नेत्रहीन संघद्वारा २०५३ सालमा सरकार समक्ष रोजगारको माग राखेर आन्दोलन गरेका थियो, सफल पनि भयो । धेरै दृष्टिविहीनहरूले त्यही बेलामा राहत र सट्टा कोटामा शिक्षकको जागिर पाएका थिए । २०६२-६३ सालको जन-आन्दोलनको समयमा उहाँकै महिला साथी प्रहरीले उहाँहरूलाई पक्रन आइन् । प्रहरीले 'तिमी पनि यो आन्दोलनमा ? भनेर सोधिन ।' उहाँहरूलाई पक्रेपछि उनी कता गइन् थाहा पाउनुभएन ।

अपाङ्गता क्षेत्रमा पहिला जस्तो ऐक्यवद्ध भई अधिकारका लागि वकालत गर्ने आन्दोलन हुन छोडेको उहाँलाई महसुस हुन्छ । अपाङ्गताभित्र पनि तेरा मान्छे र मेरा मान्छे भन्ने, एउटाले गरेको प्रगतिमा अर्कोले खुट्टा तान्ने, गुट, उपगुट, जातिगत र वर्ग विभेद छ । यस्तो कुराले मुद्दा तथा सवालहरू कमजोर हुँदै जान्छन्, एउटा अपाङ्गताको नेताले अर्को अपाङ्गताको नेतालाई नस्वीकार्ने प्रवृत्तिले अपाङ्गता क्षेत्रमा पनि 'सिन्डिकेट'ले प्रवेश पाउन थालेको हो कि जस्तो लाग्छ उहाँलाई । भन्नुहुन्छ, 'यो राम्रो होइन ।'

## पदीय जिम्मेवारी

उहाँले सामान्य मानिसभन्दा पनि माथि उठेर आफ्नो पदीय जिम्मेवारी उच्च र उत्कृष्ट तरिकाले सम्हाल्दै आउनुभएको छ । उहाँको बारेमा नसुन्ने सामान्य मानिसले उहाँलाई झट्ट हेर्दा-सुन्दा अचम्म मान्छन् । उहाँमा आँखाको दृष्टि नभएर पनि संसार नियाल्ने तागत छ । भित्री आँखाले देख्नु हुन्छ, जुन तागत सामान्य मानिसमा छैन । उहाँमा यो प्रगति, क्षमता कसरी सम्भव भयो होला वाह...! भनेर एकछिन त मानिसहरू जिल्ल पर्छन ।

कम्प्युटरमा आवाजयुक्त सफ्टवेयर वा प्रोग्रामिङ् राखेर अब्बल तरिकाले कार्यालयको काम आफैं गर्नुहुन्छ । सेतो छडीको सहाराले एक पटक पुगेको जुन सुकै ठाउँमा पनि एक्लै यात्रा गर्न सक्नुहुन्छ । उहाँ तिब्र ईच्छा शक्ति भएको, काममा निपूर्ण, क्षमतावान र त्यति नै प्रतिभाशाली व्यक्तित्व पनि हुनुहुन्छ । उहाँले अरूको सहयोगविना नै आफ्नो व्यक्तिगत दैनिकी र कार्यालयको काम आफैंले गर्नु हुन्छ ।

## विदेश भ्रमण तथा पुरस्कार

नीराले काम गर्दै जाने क्रममा विभिन्न समयमा अन्तर्राष्ट्रिय स्तरको भ्रमण पनि गर्नुभएको छ । उहाँले भारतमा तीन महिने कार्यालय नेतृत्व विकाससम्बन्धि तालिम लिनुभयो भने वर्ल्ड ब्लाइन्ड युनियनको कार्यक्रममा अमेरिका तथा एशियन ब्लाइन्ड युनियनको कार्यक्रममा जापान, थाइल्याण्ड र युरोपका विभिन्न देशहरूको भ्रमण गर्नुभएको छ ।

उहाँले २०७३ सालमा निजामती सेवा उत्कृष्ठ पुरस्कार पाउनुभएको थियो ।

अन्त्यमा,

नीरा प्रखर-प्रेरणादायी वक्ता, तालिम प्रशिक्षक, स्रस्टा पनि हुनुहुन्छ। समसामयिक बिषयमा गीत, कविता, गजल, लेख र रचनाहरू सिर्जना गर्न मन पराउनु हुन्छ। उहाँ पाककलामा पनि निपूर्ण हुनुहुन्छ। सामान्यतया चिया, चाउचाउ, दालभात, तरकारी, अचार बनाउनु हुन्छ। कहिले काहीं फुर्सदमा आफूलाई मन परेको खानेकुरा आफैं बनाएर परिवारको सदस्यहरूलाई पनि खुवाउने गर्नुहुन्छ। उहाँको जीवन उच्च सम्मानसाथ अर्थपूर्ण र उत्कृष्ट तरीकाले चलिरहेको छ। नीरा अधिकारी दृष्टिसम्बन्धि अपाङ्गता भएको महिला भएर पनि उहाँ समाजमा सबैको लागि प्रेरणाको श्रोत र उदाहरणीय व्यक्तित्व हुनुहुन्छ।

●



**अरू कसैले ले जे भने पनि अरूको कुरा बेवास्ता गर्दै आफ्नो लक्ष्यमा हिंड्ने उर्मिला अरूको भर पर्ने होइन आफ्नो खुट्टामा उभिनुपर्छ भन्ने मान्यता राख्नुहुन्छ । आर्थिक रूपमा सक्षम भए कसैको अगाडि झुक्नु पर्दैन ।**

# उर्मिला प्रजा : भोकमरीमा हुर्केर समुदायको अगुवा



● *शुभलक्ष्मी विक*

मकवानपुर राक्सीराङकी एक हिम्मदार महिलाको नाम हो, उर्मिला प्रजा। आफ्नै पौरख खाएर फ्नै सिपमा सम्मानपूर्ण जीवन बाँचिरहनु भएकी चेपाङ समुदायकी अगुवा हुनुहुन्छ, उर्मिला। सिपमूलक काम, शिक्षण, प्रशिक्षण, कृषि तथा पशुपालन उहाँका दैनिकी हुन्। समय अनुसार हरेक काम गर्ने र तिनै कामबाट नाम र दाम दुवै कमाउन सफल हुँदै जानुभएको छ। उहाँ आफू मात्रै बाँच्नु भएको छैन, आफ्नो समुदाय र आफू जस्तै धेरै महिलालाई आत्मनिर्भरताको बाटो पनि देखाउँदै हिँडिरहनु भएको छ।

दुर्गम गाउँको एक कुनामा अभाव, भोकमरी र गरिबीसँग लड्दै हुर्किनुभएकी उर्मिलाका लागि दुःख पाउनु वा दुःख गर्नु सामान्य हुन्थ्यो। त्यही भएर उहाँले एकातिर होइन, धेरैतिर हात हाल्नुभएको छ, सँगसँगै सफलता पनि पाउँदै जानुभएको छ। मेहनत र परिश्रममा विश्वास गर्ने उर्मिला विभिन्न खालका काम गरेर अहिले मासिक ३०-४० हजार आम्दानी गर्ने बताउनुहुन्छ।

## प्रौढ कक्षादेखि शिक्षकसम्म

हुन त नेपालमा २००२/०३ सालमै पहिलो पटक नेपाली महिलाले एसएलसी दिएको इतिहास छ। तर २०३७ सालमा जन्मिनु भएकी उर्मिलाले पढ्न पाउनु भएन। यो उहाँ जन्मे हुर्केको समाजका कारण हो पढ्न पाउनु भएन। विद्यालयमा पाइलै टेक्न पाउनुभएन। छोरीलाई पढाएर काम छैन भन्ने समाजमा आमाबुबा पनि त्योभन्दा अगाडि गएनन्। सानो छँदा आफू छोरी भएकै कारण विभेद भोग्नुभयो। फ्नै घरबाट दाइ र छिमेकका दाइहरू स्कूल जान्थे तर उहाँलाई पठाइदैनथ्यो। आफैँ जाने आँट पनि नआएको महसुस अहिले गर्नुहुन्छ। यो गुनासो आमाबुबासँग पछिसम्म पनि गर्नुहुन्थ्यो। उर्मिला भन्नुहुन्छ, “आमाबुबालाई मैले पछिसम्म पनि

आफूलाई नपढाएको बारे सोध्थेँ, यस्तो कुरा गर्दा रून्थेँ पनि । त्यतिबेला छोरीले पनि पढ्छन् भन्ने थाहा नपाएर हो भन्ने आमाबुबाको जवाफ हुन्थ्यो ।" पछि बुझ्दै जाँदा त्यतिबेलाको समाजलाई मानेर आमाबुबाले गल्ती गर्नुभएको रहेछ भन्ने महसुस गर्न थालेँ । र, जे भयो भैगयो अब आफैँ सिक्दै अघि बढ्नुपर्छ भन्ने सोच उहाँमा आयो । बाल्यकालमा पढ्न नपाएको हुटहुटी पछि बुझ्ने भएपछि पौढ शिक्षा पढेर पुरा गर्नुभयो ।

तर सिक्ने रहरले उहाँलाई निरन्तर आकर्षित गरिरह्यो । त्यही भएर विद्यालय जाने भनेर मानिने उमेर कटे पनि प्रौढ कक्षा पढ्नु भयो । प्रौढ कक्षाबाट चिनेको अक्षर र सिकाइलाई स्वअध्ययनमा लगाइरहनु भयो । त्यही निरन्तरता र मेहनतले उहाँलाई बालकक्षा शिक्षक बन्ने अवसर दिलायो । स्थानीय देवीटार आधारभूत विद्यालयमा छ वर्ष बालकक्षा शिक्षक हुनुभयो ।

## सिलाइ प्रशिक्षक

सानैदेखि केही गर्नुपर्छ सोच भएकी उर्मिला किशोरी अवस्थाको छँदा नै काठमाडौँमा सिलाइ तालिमा बारे थाहा पाउनुभयो । गाउँका किशोरी (केटी) हरूलाई एउटा संस्थाले काठमाडौँमा लगेर खानेबस्ने सुविधासहित सिलाइ सिकाउँछ भन्ने थाहा पाएपछि आफू जसरी पनि जाने निधो गर्नुभयो । अन्ततः जान पनि पाउनुभयो । यो अवसर जीवनकै ठूलो अवसरको रूपमा रहेको उहाँ सम्झिनुहुन्छ । उहाँले त्यो अवसरलाई भरपुर सदुपयोग गर्नुभयो । सिलाइमा अब्बल बन्नुभयो, गाउँ फर्किएर काम थाल्नुभयो । अहिले गाउँमा सिलाइ प्रशिक्षक पनि हुनुभएको छ । सिलाइ प्रशिक्षणबाट हालसम्म आधारभूत र एडभान्स गरी एकसय जनाभन्दा बढीलाई सिलाई तालिम दिइसक्नु भएको छ । स्थानीय स्तरमा विभिन्न संस्थाहरूमा बसेर सामाजिक काम गर्न पनि समय निकाल्नु हुन्छ भने कृषि र पशुपालन उहाँको आयस्रोत मुख्य बाटो हो । गाउँमै बसेर सामाजिक

काम गरेर आयआर्जन गर्दै नाम र दाम कमाउन सफल उर्मिला अहिले समाजको एक उदाहरणीय व्यक्ति बन्नुभएको छ ।

**सहयोगी श्रीमान्**

विवाह गर्ने उमेर भएपछि उर्मिलाले राक्सीराङ, ८ देवीटारका रामकृष्ण प्रजासँग उर्मिलाले प्रेम (भागी) विवाह गर्नुभयो । बिहे गर्दासम्म उहाँ फनै खुट्टामा उभिने भइसक्नु भएको थियो । चेपाङ समुदायमा बाल विवाहको चलन भएका बेला उहाँले परिपक्व भएपछि स्वेच्छाले बिहे गर्नुभयो । उर्मिला भन्नुहुन्छ, "परिवर्तनको सुरू आफैँबाट गर्नुपर्छ भन्ने भने जस्तै मैले परिवार र समाजले भन्नेभन्दा निकै ढिला र फनै इच्छाले बिहे गरेँ ।" राजनीति गर्ने श्रीमान्ले उहाँको कामलाई अझै हौसला र साथ सहयोग गर्नुभयो । श्रीमान् र घरपरिवारको सहयोगले आफूले थालेको काम तथा व्यवसायलाई निरन्तर अगाडि बढाउँदै लैजान सकिएको उहाँको अनुभव छ ।

श्रीमान र घर परिवार सबैले बुझिदिए, आफ्नो मेहनत पनि छोडिनँ, त्यही भएर सफलता पाउँदै गएँ । मेरो सफलता देखेर पहिले पहिले कुरा काट्ने छरछिमेक पनि विस्तारै मत्थर हुँदै गए । बरू यस्तै सिको गर्दै मेरो प्रशंसा गर्न थाले । परिवारको पूर्ण सहयोगले महिलालाई अघि बढ्न धेरै सजिलो हुनेरहेछ । सिप जानेपछि बिहे भएकाले होला, आफूले चाहेको काम गर्न घरबाट बन्देज गरिएन । बिहेपछिको जीवन पनि उस्तै स्वतन्त्र भयो । घर बाहिर र घरभित्र काम गर्दै उहाँका तीन छोरी र एक छोरा जन्मिए । त्यसो त तीन छोरी हुन्जेल छोरा नभएको भन्दै कुरा काट्नेहरू धेरै थिए । श्रीमान्ले केही नभने पनि सासूससूराले छोरा जन्माइन भन्थे, समाजका मान्छेले झन् धेरै कुरा काटेको तीतो अनुभव पनि उहाँले बिर्सिनु भएको छैन । यस्ता कुराले मानसिक रूपमा निकै तनाव व्यहोर्नु पर्नेरहेछ भन्ने उर्मिलाको नमिठो भोगाइ छ ।

आफ्नै पौरखले आफ्नो जीवन र परिवार हराभरा बनाउनु भएकी उहाँलाई छोराछोरी सबैलाई पढाउन सकेकोमा गर्व ठान्नुहुन्छ । उर्मिला भन्नुहुन्छ, "आफूले पढ्न नपाए पनि हामीले छोराछोरी सबैलाई पढाएका छौँ । सबै सन्तानलाई बराबर अवसर दिन्छौँ ।"

**जन्म र बाल्यकाल**

मकवानपुर जिल्लाको राक्सीराङ चेपाङ समुदायको बसोबास रहेको ठाउँ हो । राक्सीराङ गाउँपालिका वडा नम्बर ५ बोटबारीमा २०३७ साल असोज १० गते उहाँको जन्म भयो । उहाँको आमाको नाम सन्चमाया र बुबाको नाम बुद्धबहादुर प्रजा हो । उहाँको हालको ठेगाना राक्सीराङ गाउँपालिका ८ देवीटार हो । खाद्यन्न अभाव, भोकमरी, गिट्ठा भ्याकुर खोजेर खाने, मेलापात, घाँस दाउरा, गोठाला जाने, गरिबी, ज्यालादारी कामदार, छोरा र छोरीमा भेदभाव भोग्नुपरेको बाल्कालका स्मरण बिर्सिन सक्नुभएको छैन ।

घरका छोराहरू स्कूल जाँदा छोरीहरू घरायसी काम र ज्यालादारीमा जान्थे । गोठाला, दाउरा घाँस, मेलापात गर्दैमा बाल्यकाल बित्यो । परिवारमा गरिबी थियो । जग्गा प्रशस्त थियो तर खान पुग्ने उब्जाउ हुँदैनथ्यो । कहिले अर्काको काम गर्ने त कहिले गिट्ठा भ्याकुर खोजेर खाने गर्थ्यो उहाँको परिवार पनि । सामान्य परिवारमा, ग्रामीण परिवेशमा, अशिक्षा र गरिबीकै बीचमा हुर्किनुभयो ।

बरू समाजले हरेक कुरामा शंकाको दृष्टिले हेरियो । पाइला पाइलामा जाँच भयो । कुनै पनि काम गरेर सफलता प्राप्त गरेपछि मात्रै विश्वास गरियो । परीक्षण नै परीक्षण हुन्थ्यो, मुखले नभने पनि व्यवहारबाट धेरै भेदभाव सहेको उहाँको दु:खद अनुभव छ ।

अनिकाल र अभावकाबिच बाल्यकाल बिताउनु भएकी उहाँ सानो छँदा त्यहाँका चेपाङ समुदायका सबैजना अरूको खेतबारीमा काम गर्न

जानुपर्थ्यो । झनै खेती र पशुपालन भए पनि चेपाङ समुदायमा वर्षेनी भोकमरी हुन्थ्यो । झनै उब्जनीले कहिल्यै वर्षभरि खान पुग्दैनथ्यो । त्यही हुनाले ज्यालादारीमा काम गर्ने र त्यसपछिका बाँकी समय जंगलमा गिट्ठा भ्याकुर खोज्न जाने उनीहरूको दैनिकी हुन्थ्यो । कतिसम्म भने ज्यालादारीमा काम लगाउनेहरूको सिजनभरि काम गर्दिनुपर्थ्यो, उर्मिला अहिले सम्झिनुहुन्छ, "ज्यालादारीमा काम लगाउनेहरू सबैको काम सकिएपछि मात्र हाम्रो समुदायले आफ्नो खेतबारीमा बाली लगाउने गर्थे । त्यही भएरै उब्जनी नहुनेरहेछ ।"

बाली लगाउने मौसममा अरूको बाली लगाउनुपर्थ्यो, समय घर्केपछि आफ्नो बाली लगाइन्थ्यो । समयमा बाली नलगाएरै उत्पादन कम भएको जस्तो लाग्छ, हामी चेपाङ समुदाय सबैको त्यही हालत हुन्थ्यो । उर्मिलाको विश्लेषण छ, 'त्यही जग्गा हो, अहिले त्यहाँ मनग्य आम्दानी हुन्छ', त्यतिबेला हामीले खेती गर्न नजानेर अथवा समयमा बाली नलगाएर अनिकाल लागेको रहेछ ।'

## कम हुँदै विभेद

आमाबुबाको काखमा, दाजुभाइ दिदीबहिनीको साथमा हुर्किने अवसर पाइन् । तर एकै आमाबुबाका छोरा र छोरीबिच फरक व्यवहार हुन्थ्यो, तब उनलाई नमिठो लाग्थ्यो । तैपनि प्रश्न उठाउने हिम्मत उनमा आइसकेको थिएन । समयसँगै यस्तो विभेद कम हुँदै गयो । उबेला जस्तो छोराछोरीमा भेदभाव देख्नुहुन्न उर्मिला । भेदभाव भए पनि छोरीहरू आवाज उठाउने भएका छन् तर अझै विभेद अन्त्य हुन नसकेको उहाँको ठम्याइ छ ।

## परिवर्तन आफैँबाट

'परिवर्तन आफैबाट सुरू गर्नुपर्छ' भन्ने भनाइलाई उहाँ झनै जीवनमा उतार्नुहुन्छ । त्यही भएर आफैँ केही गर्नुपर्छ भन्ने बाटो रोज्नुभयो । आयआर्जनका कामसँगै उर्मिला सामाजिक काममा पनि आबद्ध हुनभयो ।

जसले गर्दा उर्मिला समुदाय पनि चिनिन थाल्नुभयो । 'पौढ शिक्षाबाट पढेर पनि अरूलाई पढाउन सक्ने रहेछन्, भन्ने उदाहरण पनि हुनुहुन्छ, उहाँ । उहाँलाई चिन्ने मानिसहरू उहाँको विगत र वर्तमान देखेर अचम्ममा पनि पर्थे । अरूका प्रतिक्रिया सम्झिँदै भन्नुभयो, "स्कूलमा ४-५ कक्षा पढ्नेलाई जति त तपाइँलाई सबै विषय आउँछ । कति त ५-६ कक्षा पढ्नेलाई पनि तपाईंलाई जति अङ्ग्रेजी आउँदैन भन्नुहुन्थ्यो ।"

श्रीमान् र परिवारको सहयोगले उनलाई चार जना बच्चाहरू जन्माएर हुर्काउँदा पनि आफ्नो काम रोक्नु परेन । आत्मनिर्भर हुन चाहने आफ्नो कदमलाई परिवारले साथ दिएपछि उनले पनि निरन्तर आफ्नो रफ्तार कायम राख्न सफल भइन् । अहिले छोराछोरी उनीहरू उर्मिलाका सहयोगी बनिरहेका छन् । ठूली छोरी अध्ययनसँगै जागिरे छिन्, भने अरू तीन जनाले अध्ययनलाई अगाडि बढाइरहेका छन् । विद्यालय समय बाहेकको खाली समय उनीहरू आमाको व्यवसायमा सहयोग गर्छन् । आफैँले केही गर्नुपर्छ भन्ने सोचले नै आफूलाई यहाँसम्म ल्याएको उर्मिला बताउहुन्छ । अरूको भर पर्न नपरे हुन्थ्यो भनेर सानैदेखि मनमा लिने उर्मिला भन्नुहुन्छ, "आफ्नो इच्छाले हिँड्न र काम गर्न त आफैँले कमाउनुपर्छ कमाउन केही काम त गर्न परिहाल्यो ।" जागिरभन्दा पनि आफैँ सिप सिकेर सिपमूलक काम नै उपयुक्त विकल्प हुने उहाँको सुझाव छ ।

प्राप्त अवसरको सदुपयोग, मेहनतपूर्वक कर्म गरेर र परिश्रम गर्दै जीवन रङ्गीन बनाउने एक उदाहरण हुनुहुन्छ उर्मिला । उहाँसँगै सिप सिकेका कति साथीहरूले सिपलाई पेशा बनाउन सकेनन् र बीचमै हराए । तर उर्मिलाले भने व्यवसायिक रूपमा विकास गर्दै जीवन गुजाराको प्रमुख माध्यम बनाउनु भएको छ । यसमा उहाँ आफैँप्रति गर्व गर्नुहुन्छ ।

सानैदेखि घरसमाजमा रहेको विभेद, असमानता र कुरिती हटाउनुपर्छ भनेर सोच्ने उहाँका लागि त्यतिबेला कुनै उपाय थिएन । समय बित्दै जाँदा अवस्था परिवर्तन भयो र उर्मिलाले सोचे झैँ हुँदै गयो ।

बाल्यकालमा भोकमरी, अभाव र अनिकालमा बिताएका गाउँबेँसीमै उहाँ अहिले सम्मानपूर्वक जीवन बिताइरहनु भएको छ । फ्नै पौरखमा बाँच्नु नै गौरवको जीवन हो भनेर धेरैलाई सिकाउनुहुन्छ, उहाँलाई नजिकबाट चिन्नेहरू आफैँले पनि त्यो सिक्छन् ।

आर्थिक रूपमा परनिर्भर हुनुपरेकै कारण महिलाहरू हिंसामा परेको बताउने उहाँ हरेक दिदीबहिनीले हिम्मतका साथ बोल्ने र आफू आत्मनिर्भर हुने अठोट लिनुपर्ने सुझाव दिनुहुन्छ । समय फेरिए पनि गाउँसमाजको चेतना र सोच फेरिन बाँकी छ । जसका कारण अहिले पनि महिलाहरूलाई घर, परिवार र समाजले असक्षम देख्छ । सबैले केही गर्न सक्दैन भनेपछि महिलाहरू म केही गर्न सक्दिनँ भन्ने अवस्थामा पुग्ने उहाँको बुझाइ छ ।

घर परिवार र समाजले महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन हरेक व्यक्ति खासगरी घरका पुरूष सदस्यहरूको भूमिका अझ महत्वपूर्ण हुने उर्मिलाको बुझाइ छ । साथै महिला स्वयंले पनि आफ्नो काम, व्यवहार र अधिकारको आवाज उठाउँदै परिवर्तनका लागि आफैँले सुरू गर्नुपर्छ ।

अरू कसैले ले जे भने पनि अरूको कुरा बेवास्ता गर्दै आफ्नो लक्ष्यमा हिँड्ने उर्मिला अरूको भर पर्ने होइन आफ्नो खुट्टामा उभिनु पर्छ भन्ने मान्यता राख्नुहुन्छ । आर्थिक रूपमा सक्षम भए कसैको अगाडि झुक्नु पर्दैन । मेहनत भन्दा ठूलो केही होइन, मेहनत र परिश्रमको फल एकदिन अवश्य हात पर्छ । कुनै पनि काम सिक्दै, गर्दै र गर्दै सिक्दै जाँदा जानिनेरहेछ भन्ने उहाँको बुझाइ छ । शिक्षा लिन कहिल्यै पछि पर्नुहुँदैन र हिम्मत हार्नु हुँदैन भन्ने सन्देश पनि उहाँ आम नेपाली महिलालाई दिन चाहनुहुन्छ ।

**फेरिँदै समाजको सोच**

उहाँको दृष्टिकोणमा पहिले र अहिले महिलाहरूलाई घर, परिवार र समाजले हेर्ने दृष्टिकोणमा धेरै परिवर्तन आएको छ तर पूर्ण भएको छैन । विभेद अझै पनि छ । अहिले समाज पनि महिलाप्रति सकारात्मक हुँदैछ ।

कम्तीमा पहिले जस्तो खुलेर विभेद गर्न र हेपिहाल्न सक्दैन । कानून छ, सरकार छ । महिलाको लागि राम्रा नीतिनियम पनि छन् । तैपनि ग्रामीण क्षेत्रमा अहिले पनि मान्छेहरू छोरी र छोराबिच भेदभाव गर्छन् । सोचबाट विभेद अझै हटेको छैन । छोरा नै चाहिने जोडीहरू, सासुससुरा र समाज अनि आफन्तहरू अझै पनि धेरै छन् ।

छोरीलाई अझै पनि व्यवहारमा वंश मानिएको छैन । महिलाले पनि केही गर्न सक्छन् भन्ने त छ तै पनि महिलालाई पूर्ण रूपमा स्वीकार गरिएको छैन । महिलाको क्षमता र स्वतन्त्रता अझै समाजको नियन्त्रणमा छ । महिलाहरू अझै पनि समाजको परीक्षामै छन् । उनीहरूमाथि परीक्षण हुन्छ । एउटाले गल्ती गर्‍यो भने सबै महिलाहरूलाई गाली गरिन्छ । अहिलेको अवस्थामा महिलाहरूलाई घर, परिवार र समाजले हेर्ने दृष्टिकोणमा केही परिवर्तन आएको तर पूर्ण भएको छैन । त्यसैले हामी सबै महिला आ-आफू आत्मनिर्भर हुँदै यो समाजको सोच बदल्न सक्नुपर्छ ।

●



सुनमायाले अल्ट्रा म्याराथनमा अन्तर्राष्ट्रिय परिचय बनाइसक्नुभएको छ । यो सानो उमेरमा अल्ट्रा म्याराथनमा यत्तिको उपलब्धि हाँसिल गर्ने कमै छन् । द नर्थ फेस एडभेञ्चर टिमजस्तो अन्तर्राष्ट्रिय ब्रान्डले अनुबन्धन गरेको छ ।

# आदिम अल्ट्रा धावकको बाटोमा सुनमाया



*भक्तकुमारी लामा*

कर्णालीलाई विकटताको विम्बको रूपमा लिइन्छ । कर्णाली भित्रको अर्को कर्णाली हो जुम्ला जिल्ला । नेपाली भाषा र संस्कृतिको उद्गम थलो जुम्ला भौगोलिक र आधुनिक विकासको हिसाबले निक्कै पछाडि छ । हाँसिरहेका हिमालको छायाँमा त्यहाँका अशिक्षा, गरिबी, अन्धविश्वास, भेदभाव र अभावका कथाहरू लुकेका छन् ।

'ढुङ्गाको काप फोरेर पनि पिपल उम्रिन्छ' भनिए झैँ तीला नदीभन्दा गहिरो दुःख र अभावहरू पन्छाउँदै अल्ट्रा म्याराथनको दुँनियामा उदाएको नाम हो- सुनमाया बुढा । उहाँले अल्ट्रा म्याराथनको माध्यमबाट देशकै पहिचानलाई दौडाइरहनु भएको छ । वीरहरूको देश, सगरमाथा र बुद्धको देश भनेर विश्वमा नेपालको पहिचान छ । देशमा थपिँदै गरेको पहिचान मध्ये अर्को एउटा क्षेत्र हो- अल्ट्रा म्याराथन । जहाँ सुनमाया बुढाहरूले अथक योगदान गरिरहेका छन् ।

## जन्म र जीवनको दौड

चर्चित नेपाली अल्ट्रा धाविका सुनमाया बुढाको जन्म जुम्लाको पातारासी गाउँपालिका-१, पेरेमा भएको हो । आमा मनकाली बुढा र बुबा गोराबहादुर बुढाको कोखबाट २०५५ असार १५ गते सुनमाया जन्मिनुभएको हो । उहाँले  नेपालमा हुने अधिकांश दौड प्रतियोगिता जित्नुभएको छ । हङ्कङ, ओमन, चीन, थाइल्याण्ड, फ्रान्सजस्ता देशहरूमा ट्रफी उचाल्नुभएको छ ।

अभावहरू कहिलेकाही कसरी शक्ति बन्छ भनेर इरानी लेखक/फिल्म मेकर माजिद माजिदीले सन् १९९७मा बनाएको विश्वविख्यात फिल्म "चिल्ड्रेन अफ हेभेन" मा जीवन्त देखाइएको छ । दाजु बहिनी दुवैको एक जोर मात्र जुत्ता भएकाले पालैपालो लगाएर विद्यालय जानु पर्ने । बहिनीको छुट्टी भएपछि त्यही जुत्ता दाजुले लगाएर जानुपर्ने । बहिनीको छुट्टी हुने

समय र दाजुको विद्यालय लाग्ने बिचको छोटो समयमा जुत्ता साट्नु पर्ने । त्यस बिचको दौडधुप । अभाव छोप्न दौडिँदा दौडिँदै दाजु त यति दौडिने भएकी म्याराथनमा पहिलो पटक भाग लिँदा नै राष्ट्रिय च्याम्पियन बने । यो कहानीभन्दा कम छैन पातारासी हिमालको चिसो स्याँठमा घाँस दाउरा, मेलापात र उकाली ओराली गर्दै बाल्यकाल बिताएकी अल्ट्रा च्याम्पियन सुनमायाको कथा ।

## बाल्यकालमै जीवन मरणको सङ्घर्ष

सङ्घर्ष, अभाव, दुःख पीडा, कथा व्यथा के हो ? बुझ्ने नहुँदै सुनमायाले जीवन मरणकै कठिन सङघर्ष गर्नु परेको थियो । एक छोरा, सात बहिनीमध्ये पाचौँ सन्तान सुनमाया एक वर्षकी नहुँदै अर्को बहिनी जन्मिइन् । स्याहार सुसारको अभाव हुँदै गयो । आमाको दुधबाट वञ्चित कलिलो बच्चा पोषिलो खानाको अभावमा दुब्लाउँदै दुब्लाउँदै किक्रिक्क भइन् । हलचल गर्नै छोडिन् । घाँस दाउरा गोठ, घरका ठुला मान्छेहरू सबै व्यस्त । आमा गोठमै बस्ने । घरमा सबैले छोरीलाई माया मारिसकेको थाहा पाएपछि आमा आउनुभयो । साउन भदौको महिना थियो । आमाको मन न हो नियालेर काखमा लिनुभयो । शरीर नचले पनि बच्चाको आँखा चम्किलो थियो । काखमा लिएर आमा हतारहतार गोठतर्फ दौडिनुभयो । गोठमा लगेर घरेलु उपचार गर्नुभयो । थोर बहुत खाना खुवाउनुभयो । जङ्गली जडिबुटी, घरेलु उपचार गरेर आमाले सुनमायालाई बचाउनुभयो । चार-पाँच महिनापछि सुनमाया तङ्ग्रिनुभयो । 'आमाले घरबाट लग्दा बुवाले देखेको भए गोठमा लग्न पनि दिनुहुन्नथ्यो । माया नै मारिसकेका थिए ।' यो वाक्य बोल्नुपर्दा आज पनि सुनमायाको आँखामा आँसु रसाइहाल्छ ।

जुम्ला सदरमुकाम खलङ्गाबाट घन्टौँको दुरीमा रहेको किसान परिवार अस्पतालको अभाव, त्यसमाथि अशिक्षा । गाउँमा राहु रोग समेत भनिने कुपोषणबाट मृत्युको मुखैमा पुगेकी बच्चालाई गाउँलेहरू'कहिले मर्छौ सुनमाया ?' भनेर जिस्क्याउँदा तोते भाकामा सङ्क्रान्तिपछि भन्नुहुन्थ्यो ।

थोरै भएपनि मिठो मसिलो खानपाइने सङ्क्रान्ति त्यो बाल मस्तिष्कका लागि प्रिय थिए । त्यही भएर त उहाँ मर्ने भाका पनि सङ्क्रान्तिपछि राख्नुहुन्थ्यो ।

**खेलको राजमार्गमा सुनमाया**

सुनमायालाई दौडिने पनि खेल हुन्छ भने थाहा नै थिएन । कक्षा सातमा पढ्दा स्कुलस्तरीय प्रतियोगिताको आयोजना भयो। साथीहरूको उक्साहटमा भाग लिनुभयो । उहाँलाई टक्कर दिने कोही निस्किएन, प्रथम हुनुभयो । जिल्लास्तरीय प्रतियोगितामा भाग लिन विद्यालयका प्रधानाध्यापकले भन्नुभयो । तीन हजार मिटरको उचाईमा दौडिने सुनमायालाई बजारमा दौडिन आँटै आएन । 'कम उचाईमा दौडिन सक्दिन होला' भन्ने लाग्थ्यो उहाँलाई । 'साथीहरू पनि जान्छन्, नजिते पनि प्रयास गरौँ' भनेर प्रधानाध्यापकले सम्झाएपछि उहाँ राजी हुनुभयो। यो जिल्लास्तरीय प्रतियोगितामा पनि प्रथम हुनुभयो । त्यसपछि क्षत्रीय प्रतियोगिताका लागि नेपालगन्ज जानुपर्ने भयो । पहिलो पटक नेपालगन्ज झरेकी सुनमायालाई त्यहाँको गर्मीले सातो लियो। नुहाउँदा नुहाउँदै रात बित्थ्यो। त्यति प्रतिकूल मौसममा पनि उहाँ प्रथम हुनुभयो । यो जीतसँगै उहाँका लागि काठमाडौँको ढोका खुल्यो । जुम्लाको विकट गाउँमा कुपोषणसँग पौठेजोरी खेल्दै हुर्किएकी सुनमायालाई काठमाडौँ अर्कै संसार लाग्यो ।

फेडिप्पाइड्स जसलाई आदिम अल्ट्रा धावक मानिन्छ। इसापूर्व ५०० मा एथेन्सदेखि प्रस्थान गरेको भोलिपल्ट स्पार्टा (स्पार्टाथलोन-२४६ किलोमिटरको दूरी) पुगेका थिए। सुनमायाका लागि काठमाडौँसम्मको यात्रा यस्तै ऐतिहासिक थियो । जुम्लादेखिको लामो बसयात्रा बान्ता गर्दैगर्दै काठमाडौँ आइपुग्नुभएको थियो । खाना नखाई सुत्नुभयो । भोलि बिहानै दौड सुरु भयो । मनमा दौडिन सक्दिनँ कि भन्ने लागिरहेको थियो तर मैदानमा उत्रिएपछि बेग्लै ऊर्जा आयो । च्याम्पियन बन्नुभयो । यो खबर बिजुली गतिमा गाउँसम्म पुग्यो । हिजो कुरा काट्नेहरू प्रशंसक बने ।

काठमाडौँको रानी पोखरी, घण्टाघर, धरहरा सबैसबै उहाँलाई अनौठो लागिरहेको थियो । धरहरा चढेर काठमाडौँ नियाल्ने कम्ता इच्छा थिएन तर मनको चाहना कसैलाई भन्न सक्नुभएन । गाउँ फर्किएपछि विद्यालयले नगद पुरस्कार दियो । पैसाकै मालाले झपक्कै हुनुभयो । गाउँमा भोज आयोजना गरियो ।

**बालविवाहको म्याराथनबाट उम्किँदा**

गाउँघरमा छोरा र छोरीलाई गर्ने व्यवहार निक्कै फरक थियो । छोरालाई पढाउने छोरी पराईको घर जाने जात भनेर छोरा र छोरी बिचको विभेद अझै कायम छ। सुनमाया पनि यो पुरातन सोचको सिकार बन्नुभयो । उहाँले १६ बर्षको उमेरमा एसएलसी पास गर्नुभयो । प्लस टु पढ्न सरदमुकाम जान्छु भनेर अभिभावकलाई सुनाउनुभयो । उहाँको कुरा घरमा सुन्नै मानेन् । घरबाट विवाह गर्नुपर्ने थेगिनसक्नुको दबाब सुरु भयो । पढाउने खर्चको जोहो गर्नु हम्मेहम्मे थियो । सुनमायालाई पढाइमा अघि बढ्न नदिने पढ्न लाग्ने खर्चभन्दा ठुलो पर्खाल पूँजीवादी पितृसतात्मक सोच नै थियो । पछि केटा पाउँदैन, बच्चा हुँदैन भनेर पनि दबाब आयो । केही गरी घरबाट पढ्न नदिने बुझेपछि सुनमायाले मनमनै योजना बनाउनुभयो-'सरदमुकाम खलङ्गा जाने, कलेज पढ्न सुरु गर्ने अनि तालिम पनि गर्ने । खेलबाटै अघि बढ्ने । अलि राम्रो गरे भने कोही न कोही सहयोगी हात निस्किएला ।' यति योजना बुनेर एक जना साथीसहित सुनमाया खलङ्गा आउनुभयो । छोरी खलङ्गा आएपछि अभिभावकले रेखदेख गर्न करै लाग्यो । बुबा आएर डेरामा बसेको छोरीको बाहल तिर्ने र सामानहरू किनिदिनुभयो । सुनमाया खलङ्गामा बसेर तालिम लिन जुट्नुभयो । आर्थिक अभावका कारण ११ कक्षाको फर्मसमेत साथीसँग ४ हजार ऋण गरेर भर्नुभयो । पछि दौड जितेर पाएको पुरस्कारले साथीको ऋण चुक्ता गर्नुभयो ।

सुनमायाले खेलखेल्न थालेको एक वर्षपछि मात्रै घरका मान्छेहरूले थाहा पाएका थिए । कडा तालिमका कारण दुब्लो हुनुभयो । कतिसम्म भने उहाँको त्यो पातलो शरीर देखेर गाउँका मान्छेहरूले कुरा काटे-'कसैको मायामा परेर यसरी दुब्लाएकी' भनेर । केले दुब्लाएको, किन छरितो ज्यान भएको त्यो सुनमायालाई मात्र थाहा थियो । यो अप्ठ्रो परिस्थितिमा गुरु हरि रोकायाको साथ अविस्मरणीय रह्यो । गुरुले नियमित परामर्श दिइरहनुभयो ।

सन् २०१५देखि दौड करियर सुरु गर्नुभएकी सुनमायाले सुरुवाती दिनहरूमा जुम्लादेखि पूर्वी धरानसम्म दौडिन पुग्नुभयो । सन २०१६ मा भएको ' गोदावरी ट्रेल रेस च्याम्पियन' बन्नुभयो ।  त्यो प्रतियोगिता बेलायतका नागरिक रिचार्ड बुललगायतले आयोजना गरेका थिए । गोदावरी च्याम्पियन भएपछि मनास्लु ट्रेलमा निम्तो भयो । त्यहाँ पनि उहाँ विजेता हुनुभयो ।

## सुनौलो ढोकाका लागि बोर्डिङ पास

राष्ट्रपति रनिङ् सिल्ड, गोदावरी, मनास्लु ट्रेलजस्ता नेपालको अधिकांश प्रतियोगिताहरूमा विजेता बनेपछि अन्तर्राष्ट्रिय अवसरको सुनौलो ढोका खुल्यो । हङ्कङमा हुने एमएसआइजी लङटाउमा सहभागी हुन पाउने खबरले खुसीको सीमा रहेन । सानोमा पातारासी हिमाल कटिजाने कर्याङकुरुङको ताँती झैं मन रोमाञ्चित भएर नाच्यो । नीलो आकाशमा बोइङमा सरर । विदेश जाने दाजुहरूको गफ सुन्दै उडौं उडौं लाग्ने गर्थ्यो । अब आफैं त्यो ठुलो जहाजमा सवार हुने कुराले झनै रोमाञ्चकता थप्यो । सँगै एउटा सानो चिन्ताको सियोले च्वास्सच्वास्स घोचिरह्यो- भाषाको पिरलो ।

आफूलाई अङ्ग्रेजी आउँदैन त्यहाँ कसले सहयोग गर्ला ? खाना कस्तो होला ? त्यहाँ पुगेपछि साँच्चै समस्या पनि भयो । टेबलभरीको सि फुड उहाँले छुनै सक्नुभएन । केरामात्र खाएर रात काट्नुभयो । अर्को दिनदेखि आयोजकले सहयोग गरे । १८ वर्षमुनिको प्रतिस्पर्धामा एसियातर्फ

च्याम्पियन बन्नुभयो । पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता नै अविस्मरणीय भयो । आयोजकले भने-'सुनमायालाई दौडिनबाहेक केही आउँदैन ।' समयक्रममा उहाँ अहिले अङ्ग्रेजी बोल्न जान्ने हुनुभएको छ । सिफुडको स्वाद जिब्रोले थाहा पायो तर उहाँलाई अझै पनि दौडिनबाहेक केही आउँदैन । हो, सुनमाया दौडिएरै इतिहास बनाइरहनुभएको छ । २०१७ मा हङकङमै भएको एमएसआई महिला तर्फ विजेता बन्नुभयो ।

विश्वकै अग्लो स्थानमा हुने एभरेष्ट म्याराथन, जुम्ला रारा अल्ट्रा म्याराथन, पाथीभरा म्याराथन, हेलम्बू ट्रेल रेस, स्तुपा टु स्तुपालगायत प्रतियोगितामा विजेता हुनुभयो । त्यस्तै, ओमनमा भएको ओमन बाई यूटिएमबी ५० किलोमिटरमा प्रथम, त्यस्तै चीनमा भएको गाओलिगोङ बाई यूटिएमबी ५४ किलोमिटरमा प्रथम हुनुभयो ।

## द नर्थ फेस एडभेन्चर टिमको बलियो साथ

२०१९ डिसेम्बर चीनबाट सुरु भएको कोभिड-१९ले विश्वलाई प्रभावित बनायो । खेलक्षेत्र पनि नराम्ररी प्रभावित भयो । विश्वका कुनै पनि खेलकुद प्रतियोगिताहरू हुन सकेन । सुनमायाको उक्लिँदो करियरको ग्राफ पनि एकाएक रोकियो तर पनि उहाँले आफ्नै धुनमा अभ्यासलाई जारी राख्नुभयो । कोभिड-१९ महामारीको प्रभाव विश्वभरी यस्तरी फैलियो कि मानव सभ्यता निरन्तरताकै प्रश्न उठ्यो । यही महामारीका कारण लाखौँले ज्यान गुमाए ।

दुई वर्षपछि कोरोनाको प्रभाव अलि कम हुन थाल्यो । बिस्तारै सबै क्षेत्र जुर्मुराए । खेलकुद गतिविधिहरू पनि सुरु भयो । यही बिच सुनमायाका लागि पनि एउटा शुभ खबर हामफाल्दै आइपुग्यो । विश्वकै चर्चित ब्राण्ड "द नर्थ फेस एडभेन्चर" टिमले २०२१ मार्चमा सुनमायालाई आफ्नो टिममा आबद्ध गऱ्यो ।

यो आबद्धताले उहाँको अल्ट्रा करियरलाई थप अघि बढाउन सजिलो भएको छ। उहाँले विश्वस्तरका प्रशिक्षक पाउनुभएको छ। नर्थफेसमा आबद्ध भएपछि नियमित अभ्यास, पौष्टिक आहार, खेलरणनीति र विदेश यात्राको प्रायोजन पाउनुहुन्छ। कुनै पनि प्रतियोगिताअघि विशेष प्रशिक्षणको समेत व्यवस्था हुन्छ। नर्थफेस टिमले सुनमायाको खेल जीवनमा ठुलो आत्मविश्वास र भरोसा दिएको छ। नर्थफेसमा आबद्ध भएको छोटो समयमै उहाँले विश्वकै ठुलोमध्ये थाइल्याण्ड बाई युटिएमबी ११० किलोमिटर महिलातर्फ प्रथम हुनुभयो । थाइल्याण्डको चाङ हमाईमा भएको उक्त प्रतियोगितामा उहाँले १४ घण्टा ५४ मिनेट १ सेकेण्डमा पूरा गर्नुभएको थियो । यो अल्ट्रा म्याराथनमा पुरुष खेलाडीहरूलाई समेत टक्कर दिनुभएको थियो । पुरुषहरूसहित तेस्रो स्थानका लागि दौडिनुभएकी उहाँ दोस्रो भएको फ्रान्सका सेडिक गोलियाभन्दा चार सेकेण्ड मात्रपछि पर्नुभएको थियो ।

**सुनमाया, जागिर कहिले खान्छौ** ?

नेपाल जस्तो विकासोन्मुख देशमा सरकारी जागिरलाई सुरक्षित भविष्यका रूपमा हेरिन्छ। अनौपचारिक क्षेत्रमा बनाएका कतिपय करियरलाई दीर्घकालीन हुन्न भन्ने धारणा पाइन्छ। सुनमायाले अल्ट्रा म्याराथनमा अन्तर्राष्ट्रिय परिचय बनाइ सक्नुभएको छ। यो सानो उमेरमा अल्ट्रा म्याराथनमा यत्तिको उपलब्धि हाँसिल गर्ने कमै छन् । द नर्थ फेस एडभेञ्चर टिमजस्तो अन्तर्राष्ट्रिय ब्रान्डले अनुबन्धन गरेको छ तर पनि घरबाट सरकारी जागिरको दबाब चर्को छ। परिवारका सदस्यहरू‘छोरीले यति पढिहालिन्, अब सानै भएपनि सरकारी जागिर खाओस्’ भन्ने चाहन्छन्। सुनमायाको सपना भने बेग्लै छ। उहाँ परिवारका सदस्यहरूको ठाडै कुरा काट्नुहुन्न। ‘म जागिर बिस्तारै खान्छु’ भन्दै आउनु भएको छ। एउटा समय थियो, प्रशिक्षकले ‘मिलाएर डाइटिङ गर्नू, माछा, मासु, अण्डा, दुध र चना मिलाएर खानू’ भन्दा ‘हस्’ भन्ने तर दाल र भात खान पनि पुग्दैनथ्यो। कहिलेकाहीँ जुत्ता फाटेर त्यसै बोकेर हिँड्नुपर्थ्यो। दुईचार

सयको जुत्ता किनेर काम चलाउनुपर्थ्यो । त्यो कठिन बाटो हिँडेर यहाँ आइपुगेपछि यहीँ राजमार्ग बनाउने सुनमायाको सपना छ । अरू त अरू आमा पनि अझै भनिरहनुभएको छ,'सुनमाया, जागिर कहिले खान्छौ ?'

## सुनमायाको बाँकी सपना

तीन बर्षदेखि द नर्थ फेस एडभेन्चर टिममा आबद्ध सुनमायाको सपना अब फ्रान्समा हुन लागेको युटिएमबी मध्ये सबै भन्दा ठुलो अल्ट्रा म्याराथन जित्ने छ । त्यसपछि आफूजस्तै सपना भएको तर अभावका कारण अघि बढ्न नसकेका स्वप्नदर्शीहरूलाई सहयोग गर्ने उहाँको इच्छा छ । आफ्नो अनुभवहरू बाँड्ने इच्छा छ । उहाँ चाहनुहुन्छ- 'केही गर्छु भन्नेहरूको यात्रा आर्थिक अभावकै कारण नरोकियोस्' । उहाँ अभावमा बाँचेकाहरूले सपना देख्नु अपराध होइन भन्ने प्रमाणित गर्न चाहनुहुन्छ ।

अल्ट्रा म्याराथनमा उकाली ओराली आउँछन् । झरना, खोला, कन्दरा, मैदान, आउँछ । कतै चट्टानी पहाड त कतै राजमार्ग र फुटपाथहरू । यी सबै छिचोल्दै दौडिनुपर्छ । हो, सुनमायालाई आजभोलि जीवन पनि अल्ट्रा म्याराथन जस्तै लाग्छ । झरना, खोला, कन्दरा, मैदान, चट्टानी पहाड, राजमार्ग र फुटपाथहरू सबैसबै छिचोल्दै दौडिरहनुपर्ने ।

●